# काठेखोला गाउँपालिका पाँच वर्षे शैक्षिक योजना

# २०७९ देखि २०८४




**काठेखोला गाउँपालिका**

**शिक्षा शाखा**

**बिहुँकोट, बागलुङ**

**गण्डकी प्रदेश, नेपाल**

**काठेखोला गाउँपालिका**
**शिक्षा युवा तथा खेलकुद शाखा**
**बिहुँकोट बागलुङ**

## पाँच वर्षे शैक्षिक योजना प्रकाशन समिति

**मुख्य संरक्षक**

**गाउँपालिका अध्यक्ष**

राजु थापा

**संरक्षक**

**गाउँपालिका उपाध्यक्ष**

तिलक बहादुर थापा

**प्रमुख प्रशासकिय अधिकृत**

चुर्ण बहादुर कार्की

**सम्पादन समिति**

**खड्क थापा** (संयोजक सामाजिक विकास समिति)
**विद्यापति शर्मा** (पुर्व संयोजक सामाजिक विकास समिति)
सदस्य **टिकाराम सापकोटा** (शिक्षा समिति सदस्य)
सदस्य **रामानन्द कँडेल** (स्रोतव्यक्ति)
सदस्य **उत्तम पौडेल** (योजना अधिकृत काठेखोला गाउँपालिका)
सदस्य **भिष्म कँडेल** (प्र.अ. अमर मा.वि.)
सदस्य **गोविन्द बहादुर भण्डारी** (प्र.अ. लक्ष्मी मा.वि.)
सदस्य **चन्द्र बहादुर खड्का** (शिक्षक लक्ष्मी मा.वि.)
सदस्य **शंकर कँडेल** (शिक्षक अमर मा.वि.)
सदस्य **मनोज कार्की** (सुचना अधिकारी काठेखोला गाउँपालिका)
सदस्य **मनुदेवी शर्मा** (प्रा.स. काठेखोला गाउँपालिका)

**सदस्य सचिव**

रमा उचै (शिक्षा अधिकृत काठेखोला गाउँपालिका)

**प्रकाशन सहयोगी**

प्रारम्भिक पढाई विकास कार्यक्रम जिल्ला संयोजक
बुद्धिबल थापा

**प्रकाशकः-** काठेखोला गाउँपालिका
शिक्षा युवा तथा खेलकुद शाखा, बिहुँकोट, बाग्लुङ
**ईमेलः-** kathekholagahunpalika123@gmail.com
**वेवसाईटः**- kathekholamun.gov.np
**प्रकाशन वर्षः-** २०७९
**प्रकाशन प्रतिः-**
**सर्वाधिकारः-** काठेखोला गाउँपालिका
शिक्षा युवा तथा खेलकुद शाखा, बिहुँकोट, बागलुङ
**कम्प्युटर सेटिङ्गः-**
**मुद्रणः- आदर्श अफ्सेट प्रिन्टर्स, पोखरा, ९८५६०४६९८५**

# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बिहुँकोट, बागलुङ

पत्र संख्याः- २०७८/७९ गण्डकी प्रदेश, नेपाल।

चलानी नं.-



## शुभकामना

काठेखोला गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले गाउँपालिकाको शैक्षिक योजना पुस्तकका रुपमा प्रकाशन गर्न लागेको खबरले ज्यादै हर्षित भएको छु। जिल्ला सदरमुकामको नजिकको पालिका यस काठेखोला गाउँपालिकाको समग्र रुपमा शिक्षा क्षेत्रमा पाँच वर्षको शैक्षिक मार्गदर्शन गर्नका लागि यो पुस्तक एउटा कोशेढुङ्गा सावित हुनेमा विश्वस्त छु।

सिंगो मानव जगतलाई हिजोको जंगली युगबाट आजको आधुनिक युगमा रुपान्तरण गर्ने माध्यम शिक्षा नै हो भन्दा अत्युक्ति नहोला। शिक्षाको विकासबाट नै काठेखोलाको समृद्धिको यात्रामा अगाडि वढ्ने मार्ग प्रशस्त हुनेछ। काठेखोला गाउँपालिकाको शिक्षा क्षेत्रलाई हेर्दा प्रा. वि, आ. वि, मा. वि र क्याम्पस गरी ५६ वटा शिक्षण संस्थाहरु रहेको छन् भने ४२ वटा बालविकास केन्द्रहरु रहेका छन्। यसका साथसाथै ४ वटा सामुदायिक सिकाई केन्द्रहरु रहेका छन। यी संस्थाहरुको समुचित परिचालनवाट यहाँका नागरिकहरुको शिक्षा प्रतिको चाहना र आवश्यकताको परिपूर्ती गर्दै गुणस्तरीय, व्यवहारिक, प्रविधिमैत्री र अन्तराष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्ने खालको जनशक्ति उत्पादन गर्नु हाम्रो दायित्व हो। भनिन्छ, एउटा उत्कृष्ट योजना आधा कामको समाप्ती हो। काठेखोला गाउँपालिकाको शैक्षिक योजना पनि यही भनाइलाई सार्थक बनाउने खालको बनेर सिंगो गाउँपालिकाको शैक्षिक मार्गदर्शन गर्न सकोस भन्ने शुभेच्छा प्रकट गर्दछु भने वार्षिक रुपमा बजेटको व्यवस्था गरी यो शैक्षिक योजनाहरुको सफलीभूत कार्यान्वयनका लागि दत्तचित्त हुने समेत विश्वास दिलाउन चाहन्छु।

यो पुस्तक प्रकाशनको क्रममा मेहनतका साथ कार्य गर्ने सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, लेखन समिति सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यो प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। धन्यवाद।

..............................

**राजु थापा**

**अध्यक्ष**

काठेखोला गाउँपालिका

# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बिहुँकोट, बागलुङ

पत्र संख्याः- २०७८/७९ गण्डकी प्रदेश, नेपाल।

चलानी नं.-

## शुभकामना



काठेखोला गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा काठेखोला गाउँपालिकाको पाँच बर्षे शैक्षिक योजना प्रकाशन गर्न लागेको खबरले म निकै उत्साहित भएको छु । यति महत्वपूर्ण प्रकाशनको निरन्तरताको कामना गर्दै प्रकाशनको यस सुखद अवसरमा सफलताको हार्दिक शुभकामना समेत व्यक्त गर्दछु ।

शिक्षा समग्र विकासको पूर्वाधार हो । मानव जातिको पहिलो आवश्यकता गाँस, बास र कपाससंगै शिक्षा पनि हामी सबैका लागि पहिलो र महत्वपूर्ण आवश्यकता जस्तै बनिरहेको छ । अन्धकार चिर्ने चाँदनीको रुपमा लिईएको शिक्षाको ज्योतिबाट कुनै पनि नागरिकहरु बञ्चित हुनु हुदैन । त्यसो त नेपालको संविधानले पनि शिक्षा सम्बन्धिको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिसकेको छ । शिक्षा क्षेत्रलाई आर्थिक तथा सामाजिक रुपान्तरणको संम्वाहकको रुपमा विकास गर्नका खातिर हालसम्म सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमहरुले यहाँको दक्ष शैक्षिक जनशक्ति उत्पादन र शैक्षिक गुणस्तर वृद्धिमा निकै नै महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको मैले महसुस गरेको छु । सहज रुपमा सम्पन्न गरिएको दरबन्दी मिलान, गाउँपालिका भित्रका अधिकांश सामुदायिक विद्यालयहरुमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालय भवन निर्माण, साइन्स ल्याव, आइसिटी, पुस्ताकालय व्यवस्थापन र शैक्षिक गुणस्तर अभिवृद्धि जस्ता कार्यक्रमहरुले पनि यहाँको शैक्षिक अवस्था सुधार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

काठेखोला गाउँपालिकाले आफ्नो सुरुवाती बर्षदेखि नै निकै महत्वका साथ शैक्षिक क्षेत्रको बजेट तथा कार्यक्रमलाई उच्च प्राथमिकता दिएको छ । विगतका बर्षहरुमा सञ्चालन गरिएका शैक्षिक योजना तथा कार्यक्रमहरु त्यसको ज्वलन्त उदारहण हुन । सम्पूर्ण विद्यालयहरुमा इन्टरनेटको व्यवस्था, माध्यमिक विद्यालयहरुमा ई-हाँजिरी, स्मार्ट टिभी र स्मार्ट स्कुल एपको व्यवस्था गरी हाम्रा हरेक विद्यालयहरुलाई थप प्रविधिमैत्री बनाउन विगतदेखि नै पहल गरिएको छ । गाउँपालिका स्तरमै विषयविज्ञ प्रशिक्षक तयार गरी उनीहरुबाटै तालिम सञ्चालन गर्ने परम्पराको थालनी, विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्थापन, लेखा व्यवस्थापन तालिम, मन्टेश्वरी तथा लेखन सिप तालिम र विषयगत शिक्षक तालिम जस्ता शैक्षिक कार्यक्रमहरुले काठेखोला गाउँपालिकाको शैक्षिक अवस्था माथि ल्याउन अहम् भूमिका खेलेको छ । निकै प्रभावकारी देखिएको शैक्षिक संस्थाहरुको सघन अनुगमन, शिक्षक विद्यार्थी सिकाइ तालिम, पेशागत सहयोग, क्षमता विकास, अन्तरक्रिया कार्यक्रमहरुबाट पनि यहाँको शैक्षिक गुणस्तर वृद्धिमा अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गरिरहको मैले महशुस गरको छु ।

विगतको शैक्षिक गतिविधिहरुलाई लिपिबद्ध गर्दै आगामी दिनको शैक्षिक लक्ष्य सहितको शैक्षिक प्रोफाइल स्वरुप शैक्षिक योजना एवम पाश्वचित्र प्रकाशन हुनु साच्चिकै सुखद र प्रशसनीय पक्ष हो । मलाई विश्वास छ यस प्रकाशनले काठेखोला गाउँपालिकाको शैक्षिक अवस्थामाथी ल्याउन निकै महत्वपूर्ण भूमिका खेल्नेछ । यति महत्वपूर्ण पुस्तिका प्रकाशन गर्ने काठेखोला गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा परिवारप्रति हार्दिक आभार व्यक्त गर्दै यही प्रकाशनमार्फत सम्पूर्ण काठेखोला गाउँपालिकाबासी आमावुवा दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना समेत व्यक्त गर्दछु ।

..............................

अमर बहादुर थापा
पूर्व अध्यक्ष
काठेखोला गाउँपालिका

# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बिहुँकोट, बागलुङ

पत्र संख्याः- २०७८/७९ गण्डकी प्रदेश, नेपाल।

चलानी नं.-

## शुभकामना



काठेखोला गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाद्धारा गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई चित्रण एवम भोलिको शैक्षिक अवस्था र प्रगतिलाई प्रक्षेपण गरी काठेखोला गाउँपालिकाको पाँचबर्षे ***शैक्षिक योजना*** प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ । प्रकाशनको यस सुखद अवसरमा सफलताको हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

शिक्षा चेतनाको मुहान हो, अन्धकारको लागि ज्योति हो, भविष्यको साहारा हो, अज्ञानताको शत्रु हो, रुपान्तरण र परिवर्तनको सारथी हो अनि समग्र विकासको मेरुदण्ड हो । शिक्षा त्यो हो, जहाँ अन्धकारहरु एकक्षण पनि टिक्न सक्दैनन, असम्भवहरु यसको शब्दकोषमै भेटिदैनन्, यहाँ त सम्भावना, सुनिश्चितता, समृद्धि र सम्पन्नता मात्रै भेटिन्छन् । आज विश्वमा जे, जति, जसरी प्रगति र परिवर्तनहरु भइ)रहेका छन त्यसको मूल श्रेय नै शिक्षा हो । शिक्षाकै जगमा आज विश्वमा कल्पना नै गर्न नसकिने युगान्तकारी परिवर्तनहरु भएका छन । शैक्षिक विकासकै कारण विज्ञान र प्रविधिका नयाँ नयाँ आविष्कारले हाम्रा दैनिक जीवनयापन निकै सहज बन्दै गहिरहेको छ । शैक्षिक प्रगति र शैक्षिक विकासका कारण आज हाम्रा सपनाहरु एकाएक विपनामा परिणत भईरहेका छन त परिकल्पनाहरु यथार्थतामा परिणत हुँदैछन । शैक्षिक विकासको यिनै प्रगति, सर्वप्रियता र सफलताबाट आकर्षित हुँदै र पछ्याउदै  हामी पनि यो शैक्षिक विकासको महान यात्रामा समाहित छौं ।

काठेखोला गाउँपालिकाको शैक्षिक अवस्थालाई नजिकबाट जान्न, बुझ्न र शैक्षिक प्रगतिका लागि यो पुस्तक साँच्चिकै एउटा महत्वपूर्ण दस्तावेज हो । यहाँ काठेखोला गाउँपालिकाको वर्तमान शैक्षिक अवस्था, वस्तुस्थिति र विश्लेषण मात्र होइन, भोलिको शैक्षिक लक्ष्य र प्राप्तिलाई पछ्याउन निकै मेहेनत गरेर तथ्याङ्कगत र विश्लेषणात्मक सामाग्रीहरु कैद गरिएको छ । यो प्रकाशन केवल जानकारी दिने प्रकाशन मात्र होइन समग्र काठेखोला गाउँपालिकाको शैक्षिक योजना तर्जुमा गर्ने एक महत्वपूर्ण आधार पनि हो । यति महत्वपूर्ण पुस्तक प्रकाशन गर्न मिहिनेत गर्नुहुने काठेखोला गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा परिवारप्रति हार्दिक आभार प्रकट गर्दै प्रकाशनको पूर्ण र सार्थक सफलताको शुभकामना ब्यक्त गर्दछु ।

२०७९ असार ३०

..................................

***तेज बहादुर थापा***

उपाध्यक्ष

काठेखोला गाउँपालिका

# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बिहुँकोट, बागलुङ

पत्र संख्या:- २०७८/७९ 　　　　　　　　　　गण्डकी प्रदेश, नेपाल।

चलानी नं.-

---



## शुभकामना

काठेखोला गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले गाउँपालिकाको शैक्षिक योजना पुस्तकका रुपमा प्रकाशन गर्न लागेको खबरले ज्यादै हर्षित भएको छु। जिल्ला सदरमुकामको नजिकको पालिका यस काठेखोला गाउँपालिकाको समग्र रुपमा शिक्षा क्षेत्रमा पाँच वर्षको शैक्षिक मार्गदर्शन गर्नका लागि यो पुस्तक एउटा कोशेढुङ्गा सावित हुनेमा विश्वस्त छु।

सिंगो मानव जगतलाई हिजोको जंगली युगवाट आजको आधुनिक युगमा रुपान्तरण गर्ने माध्यम शिक्षा नै हो भन्दा अत्युक्ति नहोला। **"काठेखोला बासीको ईच्छा, गुणस्तरिय, व्यावहारिक र प्रविधिमैत्री शिक्षा"** भन्ने नाराका साथ यस क्षेत्रको शिक्षालाई वैज्ञानिक तवरले व्यवस्थापन गर्ने नीति अनुरुप निर्माण हुन लागेका यो शैक्षिक योजनाले अवको पाँच वर्षको काठेखोलाको शिक्षाको अग्रिम रुपरेखाको रुपमा चित्रण गर्न सफल हुनेछ भन्ने विश्वास लिएको छु। काठेखोला गाउँपालिकाका ५६ वटा शिक्षण संस्था, ४२ बालविकास केन्द्र र ४ वटा सामुदायिक सिकाई केन्द्रको सञ्चालन सक्षमता विकास र यहाँका नागरिकहरुको शिक्षा आर्जन गर्ने मौलिक हक स्थापित गर्न काठेखोला गाउँपालिका प्रतिवद्ध हुन आवश्यक त छ नै यसका अलावा अन्तराष्ट्रिय जगतमा समेत प्रतिस्पर्धा गर्न सक्ने दक्ष र सक्षम जनशक्ति उत्पादन गर्नु हाम्रो कर्तव्य समेत हो। यसका साथै काठेखोलाका बारेमा विद्यार्थीहरुमा जानकारी गराउदै स्थानिय विषयवस्तुहरुको समावेश गरि **'मेरो पालिका मेरो पाठ्यक्रम'** भन्ने नाराका साथ **स्थानिय पाठ्क्रम** निर्माण गरि कार्यान्वयन गर्नुछ। यस आ.व.वाट गाउँपालिकाले **'अध्यक्षसंग शैक्षिक सुधार कार्यक्रम'** सञ्चालनमा ल्याइ विद्यालयहरुले भोगिरहेका समस्याहरुको प्रत्यक्ष अवलोकनबाट समाधानमा पहल गरिनेछ भने **'उपाध्यक्षसँग विद्यालय सघन तथा नियमित अनुगमन कार्यक्रम'** मार्फत विद्यालयहरुको अवस्थाका बारेमा जानकारी लिदै सुधारका उपायहरुको खोजी गरि सञ्चालन क्षमताको विकासमा ध्यान दिइनेछ।

भनिन्छ एउटा उत्कृष्ट योजना आधा कामको समाप्ति हो। यो शैक्षिक योजनाहरुको सफलतापूर्वक कार्यान्वयनका लागि निरन्तर रुपमा क्रियाशिल हुने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

यो पुस्तक प्रकाशनको क्रममा मिहिनेतका साथ कार्य गर्ने निवर्तमान र वर्तमान सामाजिक विकास समितिका साथीहरु, शिक्षा युवा तथा खेलकुद विकास शाखामा कार्यरत कर्मचारी मित्रहरु, लेखन समिति र ड्राफ्ट निर्माणमा आफ्नो समय र लेखन कौशल दिने विद्वान शिक्षक शंकर कँडेल र महत्वपूर्ण सल्लाह सुझाव प्रदान गरि यसलाई पठनीय र काठेखोला गाउँपालिकाको शिक्षाको मार्गदर्शन पुस्तकका रुपमा निर्माण गर्न सघाउने सरोकारवालाहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यो प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु।

धन्यवाद।

..........................

खड्क वहादुर थापा

संयोजक

सामाजिक विकास समिति

# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बिहुँकोट, बागलुङ

पत्र संख्याः- २०७८/७९ गण्डकी प्रदेश, नेपाल।

चलानी नं.-

## शुभकामना



सात दशक लामो नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष २-२ वटा संविधान सभाको अभ्यासबाट नेपालको संविधान बनेको , संविधानले निर्दिष्ट गरेका ३ तहको सरकार मध्ये (स्थानिय सरकारलाई काठेखोला गाउँपालिकामा ) पहिलो पटक हामी जनताबाट निर्वाचित भै स्थानिय सरकार पहिलो जनप्रतिनिधि, पहिलो अनुभव देशमा भैरहेको शासन प्रणालीमा परिवर्तन , व्यवस्थामा परिवर्तन सारा संरचनामा परिवर्तन ,नीति नियम ,ऐन , कानुन,विधि विधान सबै कुरामा परिवर्तन भै रहेको बेला सबै प्रकारका बेथितिहरुलाई हटाउँदै थिति बसालेर काम गर्नुपर्ने बेलामा हाम्रो उपस्थिति भएको थियो ।

जनताले दिएको जिम्मेवारीलाई बोकेर काम गर्दै गर्दा जनताका सारा अपेक्षाकृत कामहरु पुरा गर्न त पक्कै पनि सकिएन होला तर धेरै कामहरुमा हामीले राम्रो सुरुवात गरेका छौं । काठेखोलालाई सहि ढंगले दिशानिर्देश गर्ने सम्भावना बोकेका जनप्रतिनिधिहरु , प्रविधि आविष्कार र परिवर्तनलाई बुझ्ने नयाँ ढंगले सोच्ने , प्रतिभाशाली कर्मचारीहरु ,निर्जीवतालाई सजीवतामा परिवर्तन गर्ने , खोक्रो दिमागमा देशलाई चाहिने अनुकूल दिमाग निर्माण गर्ने स्वाभिमानी शिक्षकहरु आफ्ना छोराछोरीको भविष्यका लागि आफ्ना सारा खुसीहरुलाई बिर्सेर छोराछोरीको खुसीका लागि स्थानिय विद्यालयमा अहोरात्र खटेर भए भरको लगानी गर्ने विद्यालयलाई जीवन्त राख्न लागि परिरहेका आदरणीय शिक्षाप्रेमी ,बुद्धिजीवि , समाजसेवी अभिभावकहरु आफ्नो , आफ्नो परिवारको जीविकोपार्जनमा सघाउँदै घरधन्दा ,मेलापात ,वनजङ्गल गाउँले परिवेशमा भिज्दै अनुशासित ढङ्गबाट शिक्षा हाँसिल गरिरहेका विद्यार्थी भाइबहिनीहरु तपाईहरुसँग सँगसँगै काठेखोला गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्दागर्दै हामी इतिहास पढ्ने मात्र होइन , जिउँदो इतिहास बनाउने मान्छे पनि हो भन्ने अनुभूति भैरहेको छ ।

काम गर्दै सिक्दै र साच्चिकै अघि बढिरहेको हाम्रो पहिलो कार्यकाल त्यसमाथि झन् दैवी प्रकोप विपत्ति कोरोना महामारी जस्ता कुराहरुले जति काम गर्न सकिन्छ भन्ने लागेको थियो त्यति गर्न हामी सकेनौं तथापि सीमित साधन स्रोतलाई सही ढङ्गले परिचालन गरी काठेखोलाको शैक्षिक स्तर वृद्धिमा हामीले सफलतापूर्वक सम्पन्न गऱ्यौं । जसमध्येमा महत्वपूर्ण कामहरु थिए:

१. सरकारले गर्न खोजेको तर वर्षौंदेखि अल्झिरहेको शिक्षक दरबन्दी मिलान गर्ने काम हामीले सफलतापूर्वक सम्पन्न गऱ्यौं जसको कारण अहिले काठेखोलामा आवश्यकतानुसार शिक्षक दरवन्दी प्राप्त हुने क्रम सुरु भै सकेको छ ।
२. विद्यालयहरुमा भौतिक संरचना निर्माण गर्ने काम (४ कोठे भवन ,२ कोठे भवन निर्माण चर्पी विज्ञान प्रयोगशाला , पुस्तकालय , ICT, खानेपानी , तारबार)
३. कम्प्युटर तालिम विषयगत तालिम ,शिक्षक विद्यार्थी अभिभावक तालिम, अक्षर लेखन तालिम
४. मा.वि. , आ.वि. , मा राहत दरबन्दी थप
५. K.G. शिक्षक व्यवस्थापन
६. विद्यालय र बालविकास केन्द्रमा दिवा खाजाको सुरुवात
७. मा.वि र आ.वि हरुमा SMART TV, E हाजिरी राम्रो विद्यालय APPS कार्यक्रम

८. विद्यालयमा सघन अनुगमन

९. समयानूकूल कर्मचारी , बालविकास सहजकर्ताको तलब वृद्धि

१०. विभिन्न NGO, INGO (BYC,VSO) सँग मिलेर शैक्षिक सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने काम भएको ।

मैले माथि उल्लेख गरेका कार्यहरु उदाहरणका लागि मात्र हो तीबाहेक अन्य धेरै कामहरु सञ्चालन भएका छन् । तिनीहरुलाई निरन्तरता दिंदै अझै धेरै राम्रा राम्रा कामहरु गर्दै अगाडि बढ्नुपर्ने हामी सबैको दायित्व र कर्तव्य छ । राम्रा अभ्यास पहल कदमीलाई अगाडि बढाउने अठोट र सङ्कल्प बोकेर काम गर्दै गर्दा तिता टर्रा विषालु अनुभूतिहरु पनि भोगियो तर कसैका आदेश ,निर्देश र धम्कीहरुका सामु रत्तिभर नझुकिकन परम्परागत सरकारी दुष्चक्रलाई परिवर्तनको सूचकमा बदल्न , नवीनतम सोचका साथ सम्भावनाहरु प्राप्त गर्न प्रविधि र शासकीय विधि दुबै अबलम्बन गर्दै केही राम्रा काम गर्न सकियो खुसी लागेको छ । यतिबेला परम्परागत र झन्झटिलो सरकारी कामकाजी व्यवस्थालाई अत्याधुनिक विधि र प्रविधिमा ढाल्न देखिएको जटिलता छ यसलाई बिस्तारै पूरा गर्नुपर्ने हाम्रो अभिभारा छ । केही हदसम्म यो शैक्षिक योजना र पाश्वचित्र निर्माणले हाम्रो आशालाई पूरा गरेको छ ।अहोरात्र खटेर यसलाई तयार गर्ने हाम्रो सम्पादक मण्डलका सदस्यहरु रामानन्द कंडेल, भिष्म कँडेल, गोबिन्द भण्डारी ,चन्द्र बहादुर खड्का, शङ्कर कँडेल ,मनुदेवी शर्मा लगायत काठेखोला गाउँपालिकाका अध्यक्षज्यू उपाध्यक्षज्यू , प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृत लगायत काठेखोला गाउँपालिकाका अन्य शिक्षक कर्मचारी सहयोगी मित्रहरु सबैमा म सामाजिक विकास समितिको संयोजकको हैसियतले धेरै धेरै धन्यबाद प्रकट गर्न चाहन्छु । यो पाश्वचित्र विद्यालयका लागि एउटा उपयुक्त Tools को रुपमा सधै प्रयोग हुनेछ भन्ने अपेक्षा गर्दछु ।

.......................................

विद्यापती शर्मा

पूर्व संयोजक

सामाजिक विकास समिति

## संक्षिप्त शब्दावलीहरु

| | |
|---|---|
| गा.पा. | गाउँपालिका |
| न.पा. | नगरपालिका |
| आ.वि. | आधारभूत विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| यू.रे.स. | युवा रेडक्रस सर्कल |
| जु.रे.स. | जुनिय रेडक्रस सर्कल |
| पि.सि.एफ | पर चाइल्ड फण्ड |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| आ.व. | आर्थिक वर्ष |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शि.अ. सं. | शिक्षक अभिभावक संघ |
| जि.प्र.का. | जिल्ला प्रशासन कार्यालय |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| प्रा.वि.नि. | प्राथमिक विद्यालय निरीक्षक |
| मा.वि.नी. | माध्यमिक विद्यालय निरीक्षक |
| CTEVT | Council for Technical Education and Vocational Training |
| EGRP | Early Grade Reading Programme |
| EMIS | Education Management and Information System |
| ICT | Information and communication Technology |
| STEAM | Science, Technology, English, Art , Mathematics |
| CC Camera | Closed Curcit Camera |
| TV | Tele Vision |
| MDG | Mellenium Development Goal |
| EFA | Education For All |
| SDG | Sustainable Development Goal |
| KPI | Key Performance Indicators |
| TIP | Teaching Improvement Plan |
| ESP | Education Sector Plan |
| SSDP | School Sector Development Plan |
| SSRP | School Sector Reform Plan |
| ERO | Education Review Office |
| CUG | Corporate User Group |
| TTT | Technical Task Team |

परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

शिक्षा मानव जातिको विकासको सर्वोपरि माध्यम हो । मानव संभ्यतालाई जंगलदेखि मंगलसम्म डोऱ्याउने काम शिक्षाले नै गरेको हो । विकसित एवम् विकासशिल सवै देशहरुको राष्ट्रिय योजनामा प्रमुख विषयवस्तुको रुपमा शिक्षा समाबेश हुने गर्छ । अर्न्तराष्ट्रिय स्तरमा हेर्दा नेपालमा औपचारिक शिक्षा विकासको इतिहास त्यति लामो छैन । वि.सं १९१० तिरबाट प्रारम्भ भएको औपचारिक शिक्षा २००७ साल सम्म आउदा खासै फस्टाउन सकेको थिएन । प्रजातन्त्रको स्थापना पश्चात राज्य स्तरबाट शिक्षालाई हेर्ने दृष्टिकोणमा ब्यापक परिवर्तन आयो । यसै सन्दर्भमा शिक्षा सम्वन्धि विभिन्न आयोग हरु गठन भए, थुप्रै योजना / परियोजनाहरु सञ्चालनमा आए । शिक्षालाई मानिसको नैसर्गिक अधिकारको रुपमा लिन थालियो । निरन्तर एवम् जीवन पर्यन्त शिक्षाका अवधारणा विकास भए । नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । संविधान अनुसार प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क हुने छ भने माध्यमिक तहको शिक्षा नि:शुल्क हुने व्यवस्था छ । साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकहरुलाई कानुन बमोजिम नि:शुल्क उच्च शिक्षा प्राप्त गर्ने हक रहेको छ । राज्यका नीतिहरु अर्न्तगत नागरिकका आधारभूत आवश्यकता सम्वन्धि नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायीक, सीपमूलक एवम् जनमुखि बनाउदै सक्षम प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षा क्षेत्रमा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निशुल्क बनाउदै लैजाने जस्ता नीतिगत व्यवस्थाहरु संविधानले अंगिकार गरेको छ ।

शिक्षा सम्वन्धी वर्तमान संविधानले गरेको व्यवस्थालाई हासिल गर्न पन्ध्रौ योजना (आ.व. २०७६/७७–२०८०/८१) ले गुणस्तरीय शिक्षा मार्फत सिर्जनशिल, दक्ष प्रतिस्पर्धी, उत्पादनशिल र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने दिर्घकालिन लक्ष्य तय गरेको छ । सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल विकासको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क र माध्यमिक शिक्षामा निशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायीक सीप विकासमा समावेशि र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चत गर्ने , पहुँच र गुणस्तर बृद्धि गरी उच्च शिक्षालाईलाई वैज्ञानीक, नवपर्बतनात्मक, अनुसन्धानात्मक र रोजगारमूलक बनाउदै ज्ञानमा आधारीत समाज र अर्थतन्त्र निर्माण गर्ने, सबै नागरिकहरुका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्ने , संघीय संरचना अनुसार सवै तहका शैक्षिक, प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्ने जस्ता उद्देश्यहरु निर्धारण गरेको छ ।

नि:शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र सो सम्वन्धि नियमावली २०७७ ले शिक्षालाई सर्वसुलभ, पहुँचयोग्य, जनमुखी एवम् गुणस्तरीय बनाउने कुराको प्रत्याभूत गरेको छ । बालबालिका सम्वन्धि ऐन २०७५ ले शिक्षालाई बालबालिको नैसर्गिक हकको रुपमा स्थापित गरेको छ । सन् २०१५मा संयुक्त राष्ट्र संघले सन २०३० सम्म हासिल गर्ने गरी निर्धारण गरेका दिगो विकासका १७ वटा लक्ष्यहरु प्रति नेपालले प्रतिबद्धता जनाइसकेको छ । यस अर्न्तगतको चौथो लक्ष्य –***"सबैका लागि समाबेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजिवन सिकाइलाई प्रवर्धन गर्ने"*** कुरालाई पुरा गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा सम्वन्धि वैज्ञानीक योजनाहरु तर्जुमा गर्ने प्रयत्न गरिरहेको छ । हालै मात्र ५ वर्षे (वि.सं. २०७३-२०७८) विद्यालय क्षेत्र विकास योजना ९क्क्ष्ए० कार्यान्वयन सम्पन्नताको अन्तिम चरणमा रहेको छ भने अर्को नयाँ योजनाको रुपमा शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) निर्माण भइ्) लागु हुने अवस्थामा रहेको छ । शिक्षा क्षेत्रको वृहत्तर विकासको लागि सरकारले २५ वर्षे दिर्घकालिन दृष्टिकोण निर्धारण गरी शिक्षालाई विशेष प्राथमिकतामा राखेको छ ।

समय सन्दर्भ अनुसार शिक्षा क्षेत्रमा भित्रिदै गरेका नवपर्वतनहरु, ज्ञान, विज्ञान र प्रविधिमा भएको परिवर्तन र यस्ले सृर्जना गरेका परिस्थितिहरु सँग अनुकूलन हुदै अर्न्तराष्ट्रिय प्रतिस्पर्धामा भाग लिन सक्ने दक्ष र

योग्य जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता एकातर्फ रहेको छ भने अर्को तर्फ राष्ट्रिय अवस्था, समस्या र सम्भाब्यताहरुको पहिचान गरी दुर्ततर आर्थिक विकास मार्फत सन् २०२२ सम्ममा विकासशिल र सन् २०३० सम्ममा मध्यम विकसित देशको दाजोमा मुलुकलाई पुऱ्याई **"सुखी नेपाली, समृद्ध नेपाल"** निर्माण गर्ने नेपाल सरकारको सपना साकार गर्न शिक्षा क्षेत्रमा अग्रगामी योजनाहरु निर्माणको आवश्यकता देखिएको छ । यसै सन्दर्भमा वर्तमान नेपालको राज्य पुर्नसंरचना सगै एकात्मक राज्य प्रणालिमा केन्द्रिकृत रहेका अधिकार र जिम्मेवारी संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विकेन्द्रिकरण भएका छन् । माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन एवम् सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको क्षेत्राधिकार अर्न्तगत आएको छ । संवैधानिक व्यवस्था अनुसार राष्ट्रिय शिक्षा नीति २०७६ ले प्रारम्भिक बाल विकास देखि माध्यमिक तह सम्मको शिक्षा, अनौपचारिक तथा वैकल्पिक शिक्षा, निरन्तर तथा जीवन पर्यन्त शिक्षा, अभिभावक शिक्षा, खुल्ला तथा दूर शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम, आदि लगायत शिक्षा सम्वन्धि विविध विषयमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ ।

नेपाल सरकारले सुरु गरेको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समाजबाद उन्मुख समृद्ध नेपाल निर्माणको अभिइ)ानलाई साकार पार्न संघ, प्रदेश र स्थानीय निकायमा बन्ने शैक्षिक योजनाहरु वैज्ञानिक, ब्यवहारिक र अग्रगामी हुनु आवश्यक छ । अझै पनि विद्यालयको पहुँच बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय शिक्षाको मूल प्रबाहमा समेटदै आधुनिक, गुणस्तरीय शिक्षा प्रदान गर्नु आवश्यक छ । अपौचारीक शिक्षाको अतिरिक्त अनौपचारीक, निरन्तर एवम् जिवन पर्यन्त शिक्षाको विकासबाट नै समुन्नत समाज निर्माण सम्भव छ । यसै सन्दर्भमा नेपालको संविधान २०७२ ले गरेको व्यवस्था अनुरुप स्थानीय शासन सञ्चालन ऐन २०७४, राष्ट्रिय शिक्षा नीति २०७६ समेतले निर्धारण गरेको जिम्मेवारी र अधिकार क्षेत्र भित्र रहेर काठेखोला गाउँपालिकाले पालिका भित्रको शिक्षा प्रणालिलाई सुदृढ र ब्यवस्थित गर्न प्रस्तुत ५ वर्षे गाउँ शिक्षा क्षेत्र योजना २०७८–२०८७ तर्जुमा गरेको छ ।

## १.२. वर्तमान स्थिति

### १.२.१ गाउँपालिकाको भौगोलिक एवम् वातावरणीय अवस्थिति

काठेखोला गाउँपालिका गण्डकी प्रदेश अर्न्तगत पूर्वि वागलुङमा अवस्थित रहेको छ । विश्व मानचित्रमा २८°१५" उत्तर देखि २८°३७" उत्तरी अक्षांश सम्म र ८३° पूर्व देखि ८३°३७" पूर्वी देशान्तर सम्म फैलिएको यस गाउँपालिकाको कूल क्षेत्रफल ८२.८८ बर्ग कि.मि रहेको छ । वागलुङ जिल्ला सदरमुकामबाट झण्डै ८ कि.मी.को दूरीमा रहेको यो गाउँपालिका सामुद्रिक सतहबाट ८५0 देखि २३00 मिटरको उचाइमा पर्छ । यसको पूर्व तर्फ वागलुङ नगरपालिका, पश्चिमममा गल्कोट नगरपालिका र ताराखोला गाउँपालिका, उत्तरमा म्याग्दी जिल्ला र दक्षिण तर्फ जैमिनी नगरपालिका र वागलुङ नगरपालिका सँग सिमा जोडिएको छ । मध्य पहाडी भिरालो किसिमको भू–बनोटमा आधारित यो गाउँपालिका ८ वटा वडाहरुमा विभाजित रहेको छ । वातावरणिय एवम् हावापानीको हिसावले समशितोष्ण पहाडी हावापानी रहेकोले वसोवासको लागि यस क्षेत्र निकै उत्तम रहेको मानिन्छ । नेपालकै वढी पानी पर्ने प्रदेशको रुपमा गण्डकी प्रदेशलाई चिनिन्छ । तसर्थ काठेखोला गाउँपालिका पनि मौसमको हिसावले छिटो छिटो मौसम फेरबदल हुने क्षेत्र अर्न्तगत पर्छ । यस गा.पा.का सबै वडाहरु लेक र वेशीमा आधारित छन् । यहाँको तापक्रम अधिकतम ३५ डिग्री देखि न्यूनतम ३ डिग्री सम्म रहने गर्छ ।

### १.२.२ जनसाङ्ख्यिक अवस्था

काठेखोला गाँउपालिका भित्र बसोबास गर्ने कूल जनसङ्ख्या २६१६४ रहेको छ । जसमध्ये १३४0४ जना (५१.२३ प्रतिशत) पुरुष र १२७६0 जना महिला (४८.७७ प्रतिशत) रहेका छन । पुरुष र महिला बिचको लैङ्गिक अनुपात १.0५ रहेको छ । जम्मा घरधुरी ५२३६ रहेको छ भने परिवारको सदस्य सङ्ख्या औसतमा ५

रहेको देखिन्छ । प्रति वर्ग कि.मि. बसोवास गर्ने जनसङ्ख्या ६३१.०७ रहेको छ । जनसङख्याको वडागत वितरणलाई तालिका नं १.१ मा प्रस्तुत गरिएको छ :

**तालिका नं : १.१**

**वडागत जनसङ्ख्या वितरण**

| वडा नं. | जनसङ्ख्या | | | लैङगिक अनुपात |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| १ | १३४५ | १२५० | २५९५ | १.०८ |
| २ | १९९४ | १८७६ | ३८७० | १.०६ |
| ३ | १२८८ | १२५८ | २५४६ | १.०२ |
| ४ | २२२७ | २१२३ | ४३५० | १.०५ |
| ५ | १५०२ | १४२४ | २९२६ | १.०५ |
| ६ | १५९७ | १४९० | ३०८७ | १.०७ |
| ७ | २१५४ | २०४२ | ४१९६ | १.०५ |
| ८ | १२९७ | १२९७ | २५९४ | १ |
| **जम्मा** | **१३४०४** | **१२७६०** | **२६१६४** | **१.०५** |

*स्रोत : डिजिटल प्रोफाइल, काठेखोला गा.पा, २०७८*

तालिका १.१ मा उल्लेख भए अनुसार काठेखोला गाउँपालिकाको वडागत जनसङ्ख्या वितरणको स्थितिलाई हेर्दा सबै भन्दा वढि जनसङ्ख्या वडा नं ४ मा रहेको देखिन्छ । जुन जम्मा जनसङ्ख्याको १६.६२ प्रतिशत हो । त्यसै गरी सबैभन्दा कम जनसङ्ख्या वडा नं ३ मा रहेको छ । यो कूल जनसङ्ख्याको ९.७३ प्रतिशत हुन आउँछ । लैङ्गिक आधारमा हेर्दा वडा नं ८ मा लैङ्गिक वितरणमा समानता रहेको देखिन्छ भने अन्य वडाहरुमा महिलाको तुलनामा पुरुषको सङ्ख्या बढी रहेको छ ।

### १.२.३ सामाजिक-सांस्कृतिक अवस्था

काठेखोला गाउँपालिका सामाजिक तथा सांस्कृतिक रुपमा महत्वपूर्ण स्थलको रुपमा रहेको छ । यहाँ मौलिक भाषा, धर्म, संकृति बोकेका केही प्रमुख जातजातिका मानिसहरुको बसोबास प्राचीन एवम् ऐतिहासिक काल देखीनै रहदै आएको पाईन्छ । भने पछिल्लो समयमा रोजगारको खोजिमा देशका विभिन्न भूभागबाट भित्रिएका केही जातजातिका मानिसहरु पनि स्थायी वासिन्दाको रुपमा बस्ने गरेका छन् । उनीहरुको सङ्ख्या तुलनात्मक रुपमा न्यून देखिन्छ । पहिचान भएका २६ जातिहरु र अन्य पहिचान हुन नसकेका ६ वटा गरी ३२ वटा जातिगत सम्प्रदायहरु बसोवास गर्छन । प्रमुख जाततातिहरुमा मगर(३३.३३ प्रतिशत), क्षेत्री (१८.६५ प्रतिशत), ब्राह्मण(२१.२७ प्रतिशत), विश्वकर्मा(९.८८ प्रतिशत), परियार(७.४३ प्रतिशत), ठकुरी (१.०७ प्रतिशत) रहेकाछन् भने छन्त्याल (०.९२ प्रतिशत), गुरुङ (०.४४ प्रतिशत), नेवार (०.२३ प्रतिशत), थकालि (०.१४ प्रतिशत), किसान (०.०८ प्रतिशत), सुनुवार (०.०५ प्रतिशत), राई (०.०२ प्रतिशत), जिरेल (०.०१ प्रतिशत), कुँवर (०.०५ प्रतिशत), गन्दर्भ (०.०३ प्रतिशत), तामाङ (०.०२ प्रतिशत), कुशवाडिया (०.०१ प्रतिशत), राजपुत (०.०१ प्रतिशत), पुरी (०.००४ प्रतिशत) बोटे (०.००४ प्रतिशत), बराम् (०.००४ प्रतिशत), वालुङ (०.००४ प्रतिशत), जस्ता जातिहरु न्यून सङ्ख्या (१ प्रतिशत भन्दा कम) मा रहेका छन् । जात पहिचान नभएका अन्य ६ थरीका मानिसहरु २.८ प्रतिशत रहेकाछन् । जातजातिगत तथ्याङ्कलाई समष्टिगत रुपमा हेर्दा पहाडी ब्राह्मण र क्षेत्रीको सङ्ख्या ११३८४, मधेसीमूलका ब्राह्मण तथा राजपुतको सङ्ख्या ४, पहाडी जनजाति आदिबासीको सङ्ख्या ९२७४, मधेसी आदिबासी जनजातिको सङ्ख्या २३, पहाडी दलितको सङ्ख्या ५४६०, पहाडी अन्य जातजातिको सङ्ख्या १६ र मधेसी मूलका अन्य जाततातिको सङ्ख्या १ रहेको छ । जनसङ्ख्याको धार्मिक वितरण अनुसार हिन्दू धर्मावलम्बिहरु ९७.१ प्रतिशत, बौद्ध २.६८ प्रतिशत, क्रिश्चियन ०.१३ प्रतिशत, मुश्लिम ०.०१ प्रतिशत, जैन ०.०१ प्रतिशत, किरॉत ०.००७ प्रतिशत, शिख ०.००३ प्रतिशत र अन्य ०.०३४

रहेको देखिन्छ । गाउँपालिका भरी विभिन्न धर्म धर्मावलम्बीहरुका धार्मिक शक्तिपिठहरुको सङ्ख्या १५३ वटा रहेको छ ।

### १.२.४ आर्थिक तथा पेशागत अवस्था

काठेखोला गाउँपालिकाको अर्थतन्त्र मूलतः ग्रामीण कृषिमा आधारित छ । यहाँका मानिसहरुको जिविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन हो । गाउँपालिकाको कूल जनसङ्ख्या को ३१.५६ प्रतिशत मानिसहरु पूर्णतः कृषि तथा पशुपालन व्यवसाय सँग सम्वन्धित छन् । १०.०४ प्रतिशत मानिसहरु वैदेशिक रोजगारमा संलग्न रहेका छन् । १.३२ प्रतिशत मानिसहरु व्यापार एवम् उद्योग गर्छन । १.५३ प्रतिशत मानिसहरु सरकारी सेवामा संलग्न रहेका छन् । २ प्रतिशत मानिसहरु दैनिक ज्यालादारी गरी आफ्नो जिविकोपार्जन गर्ने गरेकाछन् । झण्डै ८.७ प्रतिशत मानिसहरु बोरोजगार रहेको देखिन्छ ।

यहाँका बहुसंख्यक जनताको आम्दानीको मुख्य स्रोत कृषि तथा पशुपालन रहेता पनि कृषिको आधुनिकिकरण हुन नसक्दा कृषिको उत्पादकत्व न्यून रहेको छ । कृषि अन्तरगत फलफूल खेती बाट केही आम्दानी हुने गरेको छ । त्यस्तै अधिकांश पशुपालक कृषकहरुले दुध उत्पादन तथा विक्रीबाट राम्रै आम्दानी पनि गरेका छन् । कृषिबाट नै वर्षभरी जिविकोपार्जन गर्न कठीन हुदै गएपछि युवा युवतिहरुमा बैदेशिक रोजगार प्रतिको मोह प्रतिदिन बढदो अवस्थामा रहेको देखिन्छ । उद्योग व्यापारमा केही मानिसहरु लागे पनि गाउँघरमा खास ठूलोस्तरको व्यापार सम्भव देखिदैन । केही व्यक्तिहरु नजिकै रहेको बागलुङ नगरपालिकामा गई व्यापार व्यववसाय संचालन गरेकाछन् । यहाँको आम्दानीको दोस्रो ठूलो क्षेत्र बैदेशिक रोजगार हो । वैदेशिक रोजगारीकै कारण तिब्र वसाँइ सराइँको अवस्था र्सजना भएको छ । उच्च बसाइ सराइको प्रत्यक्ष प्रभाव विद्यालयहरुमा पर्ने गरेको छ । सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या निरन्तर ओरालो लागिरेको देखिन्छ ।

### १.२.५ पूर्वाधारको विकास

सामजिक समृद्धि सँग भौतिक पूर्वाधारको सम्वन्ध जोडिएको हुन्छ । आर्थिक विकासको निम्ति पूर्वाधारको विकास अनिवार्य सर्त जस्तै हो । काठेखोला गाँउपालिका प्राकृतिक साधन स्रोतले सम्पन्न रहेर पनि तिनीहरुको पर्याप्त विकास र प्रयोग गर्न सकिएको अवस्था छैन । यातायात पूर्वाधारको अवस्था लाई हेर्दा यस गाउँपालिका भित्र सबै वडाहरुमा सडक सञ्जाल पुगेको देखिन्छ । गाउँपालिका भरी १८७.८ कि.मि स्थानीय सडक रहेको छ । यस मध्ये कालोपत्रे गरिएको खण्ड झण्डै ११ कि.मि. रहेको छ । यस गाउँपालिकालाई ठीक बिच तिरबाट पूर्वदेखि पश्चिम सम्म पुष्पलाल लोक मार्गले चिरेर गएको छ । सबै वडाहरुमा विस्तार गरिएका स्थानीय सडकहरु यसै लोकमार्ग सँग जोडिएका छन् । यस लोकमार्ग को झण्डै २३ कि.मि. खण्ड यस गाउँपालिकामा पर्छ ।

सञ्चार पूर्वाधारको विकास पनि दिनानुदिन वद्धै गइरहेको छ । सरकारी तथा नीजी स्तरबाट सञ्चालित रेडियो/एफ.एम., टेलिभिजन च्यानलहरु, मोबाइल फोन जस्ता विद्युतीय सञ्चार माध्यमको पहुँच प्रायः सबै जनताहरु समक्ष पुगेको छ । इन्टरनेट सेवा विस्तारको क्षेत्रमा सरकारी तथा नीजी कम्पनीहरु क्रियाशील रहेका छन् । प्रायः पालिकाका सबै स्थानहरु इन्टरनेट सञ्जालको पहुँच भित्र रहे पनि फाइबरमा आधारित इन्टरनेटको भरपर्दो र स्थायी पूवार्धार पर्याप्त विकास हुन नसकेको कारण अझै पनि थुप्रै मानिसहरु नेपाल टेलिकम, एनसेल नेपाल, जस्ता सञ्चार कम्पनीले प्रदान गर्ने 2G,3G, 4G नेटवर्कमा आधारित इन्टरनेटमा नै आश्रित रहनुपर्ने अवस्था रहेको छ । तिब्र गतिमा विकास भैरहेको आधुनिक इन्टरनेट प्रणालीको कारण छापा माध्यममा आधारित पत्रपत्रिकाहरु तथा सञ्चारको पुरानो माध्यमको रुपमा रहेको हुलाक सेवा प्रायः निश्क्रिय जस्तै छन् ।

### १.२.६.शैक्षिक अवस्था

काठेखोला गाउँपालिकाको शिक्षाको मौजुदा व्यवस्थापन औपचारीक, अनौपचारिक, सार्वजनिक, संस्थागत, साधारण, प्राविधिक, धार्मिक, गुरुकूल गरी विभिन्न किसिमका अभ्इ)ासहरुमा आधारित रहेको छ । औपचारिक शिक्षा विभिन्न वाल विकास केन्द्र, विद्यालय, क्याम्पस जस्ता शैक्षिक संस्थाहरुबाट प्रदान हुँदै आइरहेको छ । बागलुङ जिल्ला पूर्ण साक्षर जिल्ला घोषणा भैसकेको ले अनौपचारिक शिक्षा कार्यक्रम खास रुपमा सञ्चालनमा नरहे पनि  अनौपचारिक शिक्षा प्रदायक संस्थाको रुपमा ४ वटा सिकाइ केन्द्र अस्तित्व रहेका छन् । त्यस्तै धार्मिक विद्यालयको रुपमा गुरुकूल शिक्षा प्रणाली पनि अस्थित्वमा रहेको छ ।

### क) शैक्षिक संस्थाहरु

सङ्ख्यात्मक रुपमा यस गाउँपालिका भित्र ५0 वटा सामुदायिक र ४ वटा  नीजी  गरी जम्मा ५४ वटा विद्यालयहरु रहेका छन् । यी विद्यालयहरु मध्ये ४२ वटा विद्यालयहरुमा वालविकास केन्द्र रहेकाछन् । त्यसैगरी निम्म आधारभूत तह (कक्षा १-५) को पठनपाठन हुने विद्यालयहरु २९ वटा,  उच्च आधारभूत विद्यालय ( नि.मा.वि) १४ वटा, माध्यमिक विद्यालय (कक्षा ९/१०) ३ वटा,  माध्यमिक विद्यालय (कक्षा ११/१२) ८ वटा रहेका छन्  । त्यसैगरी माहाविद्यालय (क्याम्पस) हरु २ वटा र गुरुकूल शिक्षालय १ वटा सञ्चालनमा रहेका छन् । गाउँपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरुको प्रकार तथा वडागत वितरणको अवस्थालाई तल तालिका नं. १.२ मा देखाइएको छ :

तालिका नं : १.२

शैक्षिक संस्थाहरुको  प्रकार तथा वडागत वितरण

| वडा नं | शैक्षिक संस्थाको प्रकार तथा सङ्ख्या | | | | | | | नमुना विद्यालय | प्राविधिक विद्यालय | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बा.वि केन्द्र | निम्न आ.वि | उच्च आ.वि | मा.वि ९/१० | मा.वि ११/१२ | गुरुकूल | क्याम्पस | | | | |
| १ | ६ | २ | १ | १ | 0 | 0 | 0 | 0 | 0 | ४ | 0 |
| २ | ५ | ६ | ३ | 0 | १ | 0 | 0 | 0 | 0 | ९ | १ |
| ३ | ५ | ३ | १ | १ | १ | 0 | 0 | 0 | 0 | ६ | 0 |
| ४ | ४ | ४ | २ | 0 | २ | 0 | 0 | 0 | 0 | ८ | 0 |
| ५ | ४ | १ | ३ | १ | १ | १ | १ | १ | 0 | ५ | १ |
| ६ | ४ | ३ | १ | 0 | १ | 0 | १ | 0 | १ | ५ | 0 |
| ७ | ९ | ७ | २ | 0 | १ | 0 | 0 | 0 | 0 | ८ | २ |
| ८ | ५ | ३ | १ | 0 | १ | 0 | 0 | 0 | 0 | ५ | 0 |
| जम्मा | ४२ | २९ | १४ | ३ | ८ | १ | २ | १ | १ | ५0 | ४ |

*स्रोत : शिक्षा तथा  सम्बन्धी प्रतिवेदनहरु, काठेखोला गा.पा. २0७८*

शैक्षिक संस्थाहरुको वडागत वितरण लाई हेर्दा सबै भन्दा बढी शैक्षिक संस्थाहरु वडा नं २ र १0 मा रहेका छन् ।  वाल विकास केन्द्र र निम्म आ.वि. (प्रा.वि) सबै भन्दा वढी वडा नं ७ मा रहेका छन् ।  यस वडामा बाल विकास केन्द्रहरु ९ वटा र निम्न आधारभूत विद्यालयहरु (प्रा.वि.) ७ वटा रहेका छन् । उच्च आधारभूत विद्यालय (नि.मा.वि.)  बढी हुने वडाहरुमा वडानं २ र ५ पर्छन । वडा नं ३ र वडा नं ५ मा २/२ वटा माध्यमिक विद्यालय रहेका छन् । भने अन्य वडाहरुमा १/१ वटा मा.वि. रहेका छन् । गाउँपालिकामा (वडा नं ५ मा) १ वटा मात्र गुरुकूलमा आधारित शैक्षिक संस्था रहेको छ । त्यस्तै वडा नं. ५ र ६ मा १/१ वटा उच्च शिक्षा  प्रदायक स्नातक क्याम्पसहरु रहेका छन्।

### ख) जनसङ्ख्या-शैक्षिक संस्था अनुपात

काठेखोला गाउँपालिकामा कूल जनसङ्ख्या २६१६४ र शैक्षिक संस्थाहरुको जम्मा सङ्ख्या ६१ वटा रहेको छ । जसमा ५० वटा सामुदायिक विद्यालयहरु, ४ वटा संस्थागत विद्यालयहरु, १ वटा गुरुकूल, २ वटा क्याम्पस र ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन् । ४ वटा बालविकास केन्द्रहरु सामुदायिक व्यवस्थापन बाट सञ्चालित रहेता पनि वालविकास केन्द्रहरु विद्यालय शिक्षाको संरचना भित्र समावेश भइ) सकेकोले यिनीहरु नजिकको विद्यालयमा समयोजन हुने प्रक्रियामा रहेका छन् । जनसङ्ख्या र शैक्षिक संस्था बिचको अनुपातले समूदायमा शैक्षिक संस्थाको पहुँच, शैक्षिक संस्थामा विद्यार्थीको चाप, शैक्षिक सुविधाको अवस्था लाई इङ्गित गर्छ । गाउँपालिकाको जनसङ्ख्या र शैक्षिक संस्था बिचको अनुपातको स्थितिलाई तालिका नं १.३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं : १.३

वडागत जनसङ्ख्या र शैक्षिक संस्थाको अनुपात

| वडा नं | जनसङ्ख्या | शैक्षिक संस्था | | | | | | | वडामा रहेका औपचारीक शैक्षिक संस्था | जनसङ्ख्या-शैक्षिक संस्था अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बा.वि.के | नि.आ.वि (प्रा.वि) | उच्च आ.वि ( नि.मा.वि) | मा.वि. ९/१० | मा.वि (११/१२) | गुरुकूल | क्याम्पस | | |
| १ | २५९५ | ६ | २ | १ | १ | ० | ० | ० | ४ | टद्धड।ठछ |
| २ | ३८७० | ५ | ६ | ३ | ० | १ | ० | ० | १० | घडठ |
| ३ | २५४६ | ५ | ३ | १ | १ | १ | ० | ० | ६ | द्धद्दद्ध।घघ |
| ४ | ४३५० | ४ | ४ | २ | ० | २ | ० | ० | ८ | छद्धघ।ठछ |
| ५ | २९२६ | ४ | १ | ३ | १ | १ | १ | १ | ८ | घटछ।ठछ |
| ६ | ३०८७ | ४ | ३ | १ | ० | १ | ० | १ | ६ | छज्ञद्ध।छ |
| ७ | ४१९६ | ९ | ७ | २ | ० | १ | ० | ० | १० | द्धज्ञढ।ट |
| ८ | २५९४ | ५ | ३ | १ | ० | १ | ० | ० | ५ | छज्ञड।ड |
| जम्मा | २६१६४ | ४२ | २९ | १४ | ३ | ८ | १ | २ | ५७ | द्धछढ।ण्ज्ञ |

*स्रोत : शिक्षा तथा जनसङ्ख्या सम्वन्धि प्रतिबेदनहरु, काठेखोला गा.पा. २०७८*

जनसङ्ख्या र शैक्षिक संस्था बिचको अनुपात गाउँपालिकामा ४५९.०१ रहेको छ । वडागत रुपमा सबै भन्दा कम वडा नं ५ मा ३६५ र सबै भन्दा बढी वडा नं १ मा ६४८.७५ रहेको छ । वडा नं ३ र ७ मा जनसङ्ख्या र शैक्षिक संस्थाहरुको अनुपात पालिकाको औषत सँग नजिक रहेता पनि अन्य वडाहरुमा रहेको अनुपातमा बढी बिचलन रहेको देखिन्छ ।

*जनसङ्ख्याको आधारमा हेर्दा वडा नं २ र ५ मा शैक्षिक संस्थाहरु बढी स्थापना भएका र वडा नं १,४, ६ र ८ मा कम रहेको देखिन्छ । गा.पा.मा अझै पनि ३ वटा माध्यमिक विद्यालयहरुले कक्षा ११/१२ सञ्चालन गर्न सकेका छैनन् । वडा नं. १ मा कक्षा ११/१२ को पठनपाठ हुने विद्यालयको अभावको कारण विद्यार्थीहरु अर्को वडाको विद्यालयमा जानुपर्ने बाध्यता रहेको देखिन्छ ।*

### ग) विद्यालमा विद्यार्थी सहभागिता/भर्नाको स्थिति

यस गाउँपालिकामा शैक्षिक सत्र २०७७ मा बाल विकास देखि कक्षा १२ सम्म कूल ५८८० जना विद्यार्थीहरु अध्यनरत छन् । छात्राहरुको सङ्ख्या २८८९ (४९.१३ प्रतिशत) र छात्रहरु को सङ्ख्या २९९१ ( ५०.८६ प्रतिशत ) रहेको छ । कक्षागत विद्यार्थी सहभागितालाई हेर्दा बाल विकास र कक्षा १ मा विद्यार्थी सङ्ख्या बढी रहेको देखिन्छ भने अन्य कक्षाहरुमा सापेक्षित रुपमा सन्तुलनको अवस्था रहेको छ । लैङ्गिक हिसावले साना कक्षाहरुहरु मा (निम्न आधारभूत तह सम्म) छात्रहरुको सङ्ख्या वढि रहेको पाइन्छ भने माध्यमिक तहमा छात्राहरुको सङ्ख्या बढी रहेको छ । लैङ्गिक अनुपात आधारभूत तहमा भन्दा माध्यमिक तहमा फराकिलो

हुदै गइरहेको छ । आधारभूत तह सम्म छात्रा-छात्र अनुपात १ भन्दा कम रहेको देखिन्छ भने माध्यमिक तहमा यो अनुपात १ भन्दा बढी रहेको छ । विद्यार्थीहरुको कक्षागत तथा जातजातिगत वितरणको स्थितिलाई तालिका नं १.४ मा उल्लेख गरिएको छ ।

**तालिका नं : १.४**

**कक्षागत तथा जातिगत रुपमा विद्यार्थी सहभागिता**

| कक्षा | छात्रा | छात्र | जम्मा | दलित | | जनजाति | | ब्राह्मण/क्षेत्री | | अन्य | | फरक क्षमता भएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ० | २९० | ३४१ | ६३१ | ८१ | ९४ | ९८ | १११ | १०८ | १२८ | ३ | ८ | १ | ३ |
| १ | ३६४ | ४१८ | ७८२ | ११० | १२९ | १४३ | १६६ | १०५ | ११५ | ६ | ८ | २ | २ |
| २ | २२८ | २३९ | ४६७ | ६९ | ७८ | ७२ | ८० | ८५ | ८० | २ | १ | १ | १ |
| ३ | १९८ | २२७ | ४२५ | ५९ | ६९ | ७० | ६७ | ६६ | ८७ | ३ | ४ | १ | १ |
| ४ | २०० | २१३ | ४१३ | ५९ | ६५ | ७० | ७५ | ६८ | ७० | ३ | ३ | १ | ३ |
| ५ | १६८ | २३३ | ४०१ | ५७ | ७७ | ६२ | ७५ | ४७ | ७५ | २ | ५ | ३ | १ |
| ६ | २१३ | १९८ | ४११ | ७४ | ६५ | ७२ | ७५ | ६१ | ५३ | ६ | ५ | १ | ० |
| ७ | १८२ | २४६ | ४२८ | ४७ | ७० | ७१ | ८७ | ५९ | ८२ | ५ | ७ | १ | ० |
| ८ | २३६ | २३५ | ४७१ | ७८ | ६६ | ६८ | ८६ | ८१ | ७८ | ९ | ५ | ० | ० |
| ९ | २५० | २०५ | ४५५ | ७६ | ७० | ७८ | ७६ | ९५ | ५८ | १ | १ | ० | ० |
| १० | २२८ | १९५ | ४२३ | ६९ | ५२ | ८७ | ६६ | ७१ | ७६ | १ | १ | ० | ० |
| ११ | १७६ | १२६ | ३०२ | ३५ | ३४ | ६५ | ५२ | ७३ | ३९ | ३ | १ | ० | ० |
| १२ | १५६ | ११५ | २७१ | ३६ | २५ | ५४ | ४६ | ६६ | ४४ | ० | ० | ० | ० |
| जम्मा | २८८९ | २९९१ | ५८८० | ८५० | ८९४ | १०१० | १०६२ | ९८५ | ९८५ | ४४ | ४९ | ११ | ११ |

स्रः EMIS 2077

जातजातिगत सहभागिताको हिसाबले सबै भन्दा बढी जनतातिका विद्यार्थीहरु (३५.२३ प्रतिशत) रहेका छन् । ब्राह्मण/क्षेत्री ३३.५२ प्रतिशत, दलित २९.६६ र अन्य जातजाति १.५९ प्रतिशत रहेका छन् । गाउँपालिका भरीमा ११ जना छात्रा र ११ जना छात्र गरी जम्मा १२ जना शारीरिक रुपमा फरक किसिमका विद्यार्थीहरु अध्ययनरत छन् । यस्ता विद्यार्थीहरु साना कक्षाहरुमा(आधारभूत तहमा) रहेका छन् । छात्रा-छात्र अनुपात जातिगत रुपमा क्रमशः दलित ०.९५, जनजाति ०.९५, ब्राह्मण/क्षेत्री १, र अन्य जातिको ०.८९ रहेको छ ।

*प्रारम्भिक कक्षाहरुमा भन्दा माथिल्ला कक्षाहरुमा विद्यार्थी सङ्ख्या न्यून हुदै जानु, तल्ला कक्षाको तुलनामा उपल्ला कक्षाहरुमा छात्रा-छात्र बिचको लैङ्गिक अनुपात फराकिलो हुदै जानु, प्रमुख समस्याका रुपमा देखिएका छन् भने गाउँपालिका भित्र बसोवास गर्ने जातजातिको आधारमा विद्यालयहरुमा जातिगत सहभागिताको अवस्था सन्तुलित रहनु, बालविकास र कक्षा १ बाहेक अन्य कक्षाहरुको विद्यार्थी सङख्याको अनुपात सन्तुतिल देखिनु सबल पक्ष हुन् ।*

### घ) कक्षोन्नती, कक्षा दोहोर्‍याउने र बिचमा कक्षा छोड्ने दर

विद्यार्थीहरुको उत्तीर्ण दर, कक्षा दोहोर्‍याउने दर र कक्षा वा तह पुरा नगरी बिचैमा पढाइ छोड्ने दरले शिक्षाको आन्तरिक सक्षमतालाई निर्धारण गर्छ । काठेखोला गाउँपालिकामा कक्षा १ देखि १० सम्मको समग्र परिणामलाई हेर्दा उत्तीर्ण दर ९१.३ प्रतिशत रहेको छ । कक्षा दोहोर्‍याउने दर ६.८ प्रतिशत छ भने १.२ प्रतिशत विद्यार्थीहरुले पढाई पुरा नगरी बिचमा नै पढाइ छोड्ने गरेको देखिन्छ । शैक्षिक सत्र २०७७ मा काठेखोला गाउँपालिकामा विद्यार्थीहरुको कक्षोन्नती, कक्षा दोहोर्‍याउने दर र बिचैमा कक्षा छोडने दरलाई तल तालिका नं. १.५ मा प्रस्तुत गरिएको छ :

तालिका नं: १.५

कक्षागत रुपमा उत्तिर्ण, दोहोऱ्याउने र कक्षा छोडने दर

| | कक्षा उत्तीर्ण दर | | | कक्षा दोहोऱ्याउने दर | | | बिचैमा कक्षा छोड्ने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ७८.९ | ६६.० | ७१.६ | २०.१ | ३०.७ | २६.१ | १.० | ३.३ | २.३ |
| २ | ९३.३ | ९०.३ | ९१.८ | ५.५ | ५.८ | ५.७ | १.२ | ३.९ | २.५ |
| ३ | ९५.५ | ९५.७ | ९५.६ | ३.२ | ३.५ | ३.३ | १.४ | ०.८ | १.० |
| ४ | ९५.८ | ९२.४ | ९४.१ | ३.४ | ६.७ | ५.० | ०.८ | ०.९ | ०.९ |
| ५ | ९३.८ | ९३.७ | ९३.७ | ५.३ | ५.९ | ५.६ | १.० | ०.४ | ०.६ |
| ६ | ९३.६ | ८८.८ | ९१.२ | ३.८ | ८.४ | ६.२ | २.५ | २.८ | २.७ |
| ७ | ९१.० | ९०.७ | ९०.९ | ६.७ | ७.६ | ७.१ | २.२ | १.७ | २.० |
| ८ | ९२.३ | ९०.७ | ९१.५ | ४.८ | ७.१ | ५.९ | २.९ | २.२ | २.६ |
| ९ | ९४.४ | ९३.३ | ९३.९ | २.३ | ३.२ | २.७ | ३.३ | ३.६ | ३.४ |
| १० | ९९.० | ९८.७ | ९८.८ | ०.० | ०.० | ०.० | १.० | १.३ | १.२ |
| जम्मा | ९२.८ | ९०.०३ | ९१.३ | ५.५ | ७.९ | ६.८ | १.७ | २.१ | १.९ |

*स्रोत : फल्यास रिपोर्ट, शिक्षा तथा मानवस्रोत विकास केन्द्र २०७७*

तालिकामा उल्लेख गरिए बमोजिम कक्षा १ मा कक्षा उत्तीर्ण दर अन्य कक्षाको तुलनामा कमजोर हेको देखिन्छ भने कक्षा २ देखि १० सम्म कक्षा उत्तीर्ण दर ९० प्रतिशत भन्दा माथि नै रहेको छ । छात्रको तुलनामा छात्राको कक्षा उत्तीर्ण दर राम्रो रहेको छ । कक्षा दोहोऱ्याउने स्थितिलाई हेर्दा माध्यमिक तहमा भन्दा आधारभूत तहमा बढी रहेको देखिन्छ । कक्षा १० मा कक्षा दोहोऱ्याउने दर शून्य ( सबै भन्दा राम्रो) र कक्षा १ मा सबै भन्दा बढी २६.१ प्रतिशत (नराम्रो) रहेको छ । छात्राको तुलनामा छात्रहरुले बढी कक्षा दोहोऱ्याउने गरेको देखिन्छ । निर्धारित तह उत्तीर्ण नगरी बिचैमा पढाइ छोडने विद्यार्थीहरुको दर माध्यमिक तहमा केही बढी रहेको छ । बिचैमा कक्षा छोडने दर पनि छात्राहरुको तुलनामा छात्रहरुमा उच्च रहेको देखिन्छ ।

*आधारभूत तहमा कक्षोन्नती दर न्यून रहनु, कक्षा दोहोऱ्याउने दर र कक्षा छोडने दर उच्च हुनु, कक्षोन्नती, कक्षा देहोऱ्याउने र कक्षा छाडने दर मा छात्रको अवस्था कमजोर देखिनु, कक्षा १ मा कक्षा दोहोऱ्याउने दर सबै भन्दा उच्च अवस्थामा रहनु प्रमुख शैक्षिक चुनौतिहरु हुन् भने कक्षा उत्तीर्ण, कक्षा दोहोऱ्याउने र कक्षा छाडने दर छात्राहरुमा उच्च देखिनु, कक्षा १० मा कक्षा दोहोऱ्याउने दर शून्य र बिचैमा कक्षा छोडने दर न्यून रहनु सवल पक्षहरु(अवसरहरु) हुन ।*

### ङ) विद्यालय जाने उमेरको जनसङ्ख्या तथा विद्यालयमा सहभागिता

काठेखोला गाउँपालिकामा विद्यालय जाने उमेर समूहका बालवालिकाको जम्मा सङ्ख्या ७३२६ रहेको छ । यो यहाँको जनसङ्ख्याको झण्डै २८ प्रतिशत हो । तालिका १.६ ले बालविकास केन्द्र देखि कक्षा १२ सम्म अध्यन गर्न योग्य उमेरको जनसङ्ख्यालाई देखाएको छ । तालिका अनुसार बालविकास केन्द्रमा भर्ना हुन उमेर पुगेका बालबालिकाहरुको जम्मा सङ्ख्या १०९६ रहेको छ । जसमध्ये ५०९ जना केटी र ५८७ जना केटाहरु रहेका छन् । त्यस्तै निम्न आधारभूत तह (कक्षा १–५) मा अध्यन गर्न योग्य उमेरका बालवालिकाको सङ्ख्या २२२१ रहेको छ । यस मध्ये केटी १०७२ र केटाहरु ११४९ जना रहेका छन् । आधारभूत तह (कक्षा १–८) को लागि उमेरको योग्यता पुगेका (५–१२ वर्ष उमेरका) बालबालिकाहरुको सङ्ख्या ३६३७ रहेकोमा केटीहरु १७९२ र केटाहरु १८४५ जना छन् । त्यसै गरी माध्यमिक तह (कक्षा ९–१२) पढने उमेर (१३–१६ बर्ष) को जनसङ्ख्या २५९३ रहेको छ । यस्मा केटीहरुको सङ्ख्या १२८८ र केटाहरुको सङ्ख्या १३०५ रहेको देखिन्छ । विद्यालय उमेरको जम्मा जनसङ्ख्यामा केटीको सङ्ख्या ३५८९ जना अर्थात झण्डै ४९ प्रतिशत र केटाहरुको सङ्ख्या ३७३७ अर्थात झण्डै ५१ प्रतिशत रहेको छ ।

तालिका नं. : १.६

गा.पा.भित्र रहेको विद्यालय जाने उमेर समूहको जनसङ्ख्या

| क्र.स. | उमेर समूह | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | ३ वर्ष उमेरको जनसङ्ख्या | २५१ | २९१ | ५४२ |
| २ | ४ वर्ष उमेरको जनसङ्ख्या | २५८ | २९६ | ५५४ |
| ३ | ३–४ वर्ष उमेरको जनसख्या | ५०९ | ५८७ | १०९६ |
| ४ | ५ वर्ष उमेरको जनसङ्ख्या | २३५ | २०६ | ४४१ |
| ५ | ५–९ वर्ष उमेरको जनसङ्ख्या | १०७२ | ११४९ | २२२१ |
| ६ | १०–१२ वर्ष उमेरको जनसङ्ख्या | ७२० | ६९६ | १४१६ |
| ७ | ५–१२ वर्ष उमेरको जनसङ्ख्या | १७९२ | १८४५ | ३६३७ |
| ८ | १३–१४ वर्ष उमेरको जनसङ्ख्या | ६०८ | ४९६ | ११०४ |
| ९ | १५–१६ वर्ष उमेरको जनसङ्ख्या | ६८० | ८०९ | १४८९ |
| १० | १३–१६ वर्ष उमेरको जनसङ्ख्या | १२८८ | १३०५ | २५९३ |

*स्रोत : फल्यास रिपोर्ट, शिक्षा तथा मानवस्रोत विकास केन्द्र २०७७*

गाउँपालिका भित्र विद्यालय जाने उमेरका बालवालिकाहरुको जम्मा सङ्ख्या ७३२६ रहेता पनि सबै बालवालिकाहरु विद्यालयमा सहभागी नभएको देखिन्छ । तर तथ्याङ्कले देखाए अनुसार १४४६ बालबालिकाहरु विद्यालय भन्दा बाहिर रहेको देखिन्छ । तर यस पालिका बाट धेरै बालबालिकाहरु बागलुङ नगरपालिका भित्रका विद्यालयहरुमा पनि जाने हुदां यहाँका स्थानीय विद्यालयहरुमा विद्यार्थी सहभागिताको दर कमजोर देखिएको हो । उमेरगत आधारमा विद्यार्थीहरुको तहगत सहभागिताको स्थितिलाई तल तालिका नं. १.७ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. : १.७

उमेरगत आधारमा विद्यार्थीहरुको तहगत सहभागिता

| क्र.स | उमेर समूह | विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा १ मा ५ वर्ष उमेरका विद्यार्थी सहभागिता | २२८ | २०५ | ४३३ |
| २ | निम्न आधारभूत तहमा ५ – ९ वर्ष उमेर समूहका विद्यार्थी सहभागिता | १०३४ | ११४४ | २१७८ |
| ३ | उच्च आधारभूत तहमा १० – १२ वर्ष उमेर समूहका विद्यार्थीको सहभागिता | ६९३ | ६७२ | १३६५ |
| ४ | आधारभूत तहमा ५ – १२ वर्ष उमेर समूहका विद्यार्थीहरुको सहभागिता | १७२७ | १८१६ | ३५४३ |
| ५ | माध्यमिक तह (९/१०) मा १३ – १४ वर्ष उमेर समूहका विद्यार्थीहरुको सहभागिता | ५०९ | ३९५ | ९०४ |
| ६ | माध्यमिक तह (११/१२) मा १५ –१६ वर्ष उमेर समूहका विद्यार्थीहरुको सहभागिता | १८६ | १९९ | ३८५ |
| ७ | माध्यमिक तहमा १३–१६ वर्ष उमेर समूहका विद्यार्थीहरुको सहभागिता | ६९५ | ५९४ | १२८९ |

*स्रोत : फल्यास रिपोर्ट, शिक्षा तथा मानवस्रोत विकास केन्द्र २०७७*

कक्षा १ मा भर्ना हुनको लागि बालवालिका कम्तिमा ५ वर्ष उमेर पुगेको हुनु पर्छ । गाउँपालिका भर ठीक ५ वर्ष उमेर पुगेका बालबालिकाहरुको सङ्ख्या ४४१ रहेको छ । तर कक्षा १ मा ४३३ जना

बालबालिकाहरु मात्र भर्ना भएको देखिन्छ । सो उमेर समूहका अझै ८ जना बालबालिका ( ७ छात्रा र १ छात्र) हरु कक्षा १ मा भर्ना हुन सकेका छैनन् । त्यस्तै ५ देखि १२ वर्ष उमेरको जनसङ्ख्या ३६३७ (छात्रा १७९२ र छात्र १८४५) रहेको छ तर आधारभूत तहमा सो उमेर समूहका बालबालिकाको सहभागितालाई हेर्दा छात्रा १७२७ र छात्र १८१६ गरी जम्मा ३५४३ जना सहभागी भएको पाइन्छ । आधारभूत तहको लागि योग्य उमेर समूहका बालबालिकाहरु मध्ये ९४ जना (२.५८ प्रतिशत) सो तहमा सहभागी रहेका छैनन् । सहभागी नहुने बालबालिकाहरुमा छात्राहरु ६५ जना (३.६२ प्रतिशत) र छात्रहरु २९ जना (१.५७ प्रतिशत) रहेका छन् । त्यस्तै १३ देखि १६ वर्ष उमेरको जनसङ्ख्या २५९३ (छात्रा १२८८ र छात्र १३०५) रहेको छ भने सो उमेर समूहको माध्यमिक तहमा विद्यार्थी सहभागिता १२८९(छात्रा ६९५ र छात्र ५९४) जना रहेको छ । उक्त तथ्याङ्कले माध्यमिक तहमा खुद भर्नादर अत्यन्त न्यून रहेको देखाउँछ ।

कक्षा ९ र १० मा सहभागी हुने विद्यार्थीहरुको उमेरको योग्यता १३–१५ वर्ष हो । गाउँपालिका भित्र सो उमेर समूहको जनसङ्ख्या ११०४ (छात्रा ६०८ र छात्र ४९६) जना रहेकोमा उक्त तहमा विद्यार्थीको जम्मा सहभागिता ९०४ जना रहेको छ । २०० जना (१८.११ प्रतिशत) बालवालिकाहरु यस तहको शिक्षाबाट बाहिर रहेको देखिन्छ । त्यस्तै कक्षा ११/१२ अध्ययनको लागि उमेरले योग्य (१५–१६ वर्ष उमेरका)जनसङ्ख्या १४८९ जना रहेको छ । तर तहगत सहभागितालाई हेर्दा कक्षा ११/१२ मा यो उमेर समूहका विद्यार्थीहरु जम्मा ३८५ जना सहभागी भएका छन् । यस तहमा खुद भर्ना दर जम्मा २६ प्रतिशत मात्र रहेको छ । अर्थात यो उमेर समूहका झण्डै ७४ प्रतिशत छात्र-छात्रा कक्षा ११/१२ को शिक्षामा सहभागी हुन सकेका छैनन् । लैङ्गिक रुपमा हेर्दा छात्राहरु ७२.६४ प्रतिशत र छात्रहरु ७५.४० प्रतिशत रहेको छ ।

*खास-खास उमेर समूहका बालबालिकाहरु खास-खास तहमा सहभागी हुन नसक्नु, विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयमा सहभागी नहुनु, लैङ्गिक रुपमा छात्राहरुको विद्यालय सहभागिता दर छात्रको तुलनामा कम रहनु, माध्यमिक तहमा खुद सहभागिता दर अत्यन्त न्यून देखिनु, आधारभूत तहसम्मको शिक्षा अनिवार्य हुने नीतिगत ब्यवस्थाको कार्यन्वयन पक्ष कमजोर देखिनु, प्रमुख शैक्षिक समस्याहरु हुन् ।*

समुदायमा रहेको विद्यालय उमेरको सम्पूर्ण जनसङ्ख्यालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन सकेमा मात्र "सबैको लागि शिक्षा" भन्ने नारा पुरा हुन सक्छ । गाउँपालिका भित्रका विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयमा भर्ना हुन सकेको देखिदैन । बालबालिकाहरुको विद्यालय सहभागिताको बर्तमान स्थितिलाई तल तालिका नं. १.८ ले स्पष्ट पारेको छ ।

तालिका नं. : १.८

तहगत रुपमा विद्यार्थीको भर्ना दर

| क्र.स. | सूचक | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | बाल विकास कक्षामा कुल भर्ना दर (३–४ वर्ष उमेर समूहको आधारमा ) | ५९.९ | ६२.० | ६०.९ |
| २ | बाल विकास कक्षामा भर्ना भएका ४ वर्ष उमेरका बालवालिकाहरुको सङ्ख्या | १४७ | १५८ | ३०५ |
| ३ | कक्षा १ मा कूल प्रबेश दर | १०६.० | ११४.१ | १०९.८ |
| ४ | कक्षा १ मा बाल विकासको अनुभव सहित भर्ना भएका विद्यार्थी सङ्ख्या | १९४ | २२१ | ४१५ |
| ५ | कक्षा १ मा बाल विकासको अनुभव सहित भर्ना भएका विद्यार्थी प्रतिशत | ७७.९ | ९४.० | ८५.७ |
| ६ | निम्न आधारभूत तहमा कूल भर्ना दर | १०९.१ | १०८.५ | १०८.८ |
| ७ | उच्च आधारभूत तहमा कूल भर्ना दर | ९८.१ | १०१.७ | ९९.९ |
| ८ | आधारभूत तहमा कूल भर्नादर | १०४.७ | १०६.० | १०५.३ |
| ९ | माध्यमिक तह (९–१०) मा कूल भर्ना दर | ८५.२ | ८७.३ | ८६.१ |
| १० | माध्यमिक तह (११–१२) मा कूल भर्ना दर | ५४.७ | ४८.५ | ५१.३ |

| | | | | |
|---|---|---|---|---|
| ११ | माध्यमिक तह(९–१२) मा कूल भर्ना दर | ६९.१ | ६३.२ | ६६.१ |
| १२ | कक्षा १ मा खुद प्रबेश दर | ९७.२ | ९९.४ | ९८.३ |
| १३ | निम्न आधारभूत तहमा खुद भर्ना दर | ९६.४ | ९९.६ | ९८.० |
| १४ | उच्च आधारभूत तहमा खुद भर्ना दर | ९६.३ | ९६.६ | ९६.४ |
| १५ | आधारभूत तहमा खुद भर्नादर | ९६.४ | ९८.४ | ९७.४ |
| १६ | माध्यमिक तह (९–१०) मा खुद भर्ना दर | ८३.७ | ७९.६ | ८१.७ |
| १७ | माध्यमिक तह (११–१२) मा खुद भर्ना दर | २७.४ | २४.६ | २६.० |
| १८ | माध्यमिक तह (९–१२) मा खुद भर्ना दर | ५५.६ | ५२.१ | ५३.८ |

*स्रोत : फ्ल्यास रिपोर्ट, शिक्षा तथा मानवस्रोत विकास केन्द्र २०७७*

तालिकामा अनुसार बालविकास कक्षामा कूल भर्नादर ६१ प्रतिशत रहेको छ । यो तथ्याङ्कले समूदायमा रहेका बालबिकास कक्षामा भर्ना गर्न उमेर पुगेका सबै बालबालिकाहरु बाल विकास कक्षामा भर्ना नभएको देखाउँछ । त्यस्तै बालबिकास कक्षामा भर्ना भएका ६६९ जना बालबालिकाहरु मध्ये ४ वर्ष उमेरका बालबालिकाहरु ३०५ जना (४५.६० प्रतिशत) मात्र रहेका छन् । कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने विद्यार्थीहरु ५.७ प्रतिशत रहेको देखिन्छ । त्यसमा पनि छात्राहरु ७७.९ प्रतिशत र छात्रहरु ९४ प्रतिशत छन् । आधारभूत तहमा सहजै देखिने भर्नादर (कूल भर्ना दर ) १०५.३ प्रतिशत रहेको छ । यो दर कक्षा ६–८ मा भन्दा कक्षा १–५ मा बढी रहेको पाइन्छ । माध्यमिक तहको सहजै देखिने भर्ना दर जम्मा ६६.१ प्रतिशत छ । खुद भर्नादरको स्थिति हेर्दा कक्षा १ मा ९८.३ प्रतिशत, आधारभूत तहमा ९७.४ प्रतिशत र माध्यमिक तहमा ५३.८ प्रतिशत रहेको छ । कक्षा १ मा कूल प्रवेश दर १०९.८ प्रतिशत र खुद प्रवेश दर ९८.३ प्रतिशत रहेको छ ।

*बालविकास कक्षामा कूल भर्नादर ६१ प्रतिशत रहनुले समूदायमा रहेका सबै बालबालिकाहरु बालबिकास कक्षामा भर्ना हुन नसको कुरालाई देखाउछ । कक्षा १ मा भर्ना हुन आउने सबै बालबालिका बालविकास कक्षाको अनुभव सहितको नहुनु, बालबिकास कक्षामा छात्र भन्दा छात्राको सहभागिता दर कम्जोर रहनु, माध्यमिक तहमा कूल भर्नादर र खुद भर्ना दर दुबै कम्जोर रहनु, कक्षा १ मा कूल प्रवेश दर बढी र खुद प्रवेश दर कम रहनु प्रमुख समस्याको रुपमा रहेका छन् । माध्यमिक तहको तुलनामा आधारभूत तहको खुद भर्नादर राम्रो छ ।*

### च) सिकाइ उपलब्धी

विद्यार्थीको सिकाइ उपलब्धी शिक्षा प्रणालीको सबै भन्दा महत्वपूर्ण पक्ष हो । विद्यालयको भौतिक व्यवस्थापन जतिसुकै राम्रो भएतापनि विद्यार्थीहरुको सिकाइ उपलब्धी सुधार हुन नसकेमा त्यस्को खास अर्थ रहदैन । विद्यार्थीको सिकाइ उपलब्धी समग्र शैक्षिक व्यवस्थापनको सूचक हो । विद्यार्थीको सिकाइ उपलब्धी विद्यालयको भौतिक व्यवस्थापन, शैक्षिक व्यवस्थापन, विद्यालय सुशासन व्यवस्थापन, शिक्षक–कर्मचारी व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप सँग सम्वन्धित रहन्छ । काठेखोला गाउँपालिकाको शैक्षिक सत्र २०७७ को विषयगत औसत सिकाइ उपलब्धिको अंकन मापन लाई तालिका नं. १.९ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. : १.९
मुख्य पाँच विषमा विद्यार्थीको सिकाइ उपलब्धि, २०७७

| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | सामाजिक तथा जनसङ्ख्या | विज्ञान तथा वातावरण | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ६६.२१ | ६६.३० | ६६.५९ | ६५.८८ | ६४.६४ | ६५.९२ |
| २ | ६७.४१ | ६८.५७ | ६७.५१ | ६६.४४ | ६५.१६ | ६७.०२ |
| ३ | ६८.१५ | ६८.१२ | ६३.६२ | ६७.२९ | ६३.२३ | ६६.०८ |
| ४ | ६४.६३ | ६४.१६ | ५८.०७ | ६०.३९ | ५९.९८ | ६१.४५ |

| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | सामाजिक तथा जनसङ्ख्या | विज्ञान तथा वातावरण | जम्मा |
|---|---|---|---|---|---|---|
| ५ | ६५.२५ | ६७.०५ | ५९.८७ | ५८.९८ | ५९.७५ | ६२.१८ |
| १-५ | ६६.३३ | ६६.८४ | ६३.१३ | ६३.८० | ६२.५५ | ६४.५३ |
| ६ | ५८.२० | ५६.९५ | ५३.७३ | ५६.४७ | ५६.७८ | ५६.४३ |
| ७ | ५९.८३ | ५८.५१ | ५४.७१ | ५६.१८ | ५९.२७ | ५७.७० |
| ८ | ४९.९८ | ४८.२४ | ४६.७२ | ४५.८६ | ४७.३० | ४७.६२ |
| ६-८ | ५६.०० | ५४.५७ | ५१.७२ | ५२.८४ | ४५.४५ | ५३.९२ |
| ९ | ४९.४५ | ४९.३४ | ४२.७० | ४६.२७ | ४९.०२ | ४७.३६ |
| १० | ३४.०३ | ३४.१७ | ५५.१४ | ३६.२० | ३३.६१ | ३८.६३ |
| ९-१० | ४१.७४ | ४१.७६ | ४८.९२ | ४१.२४ | ४१.३२ | ४२.९९ |

*स्रोत : EMIS प्रतिबेदन २०७७*

कक्षा गत तथा विषयगत सिकाइ उपलब्धीलाई हेर्दा (मुख्य ५ विषय) कक्षा १-५ मा ६४.५३ प्रतिशत, कक्षा ६-८ मा ५३.९२ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१०) मा ४२.९९ प्रतिशत रहेको छ । विषयगत रुपमा आधारभूत तह (कक्षा १-५)मा सबै विषयमा झण्डै समानता रहेको छ । आधारभूत तह (कक्षा ६-८)मा नेपाली विषयको सबै भन्दा राम्रो (५६ प्रतिशत) र विज्ञान तथा वातावरणको कमजोर (४५.४५ प्रतिशत) रहेको छ । कक्षागत सिकाइ उपलब्धी कक्षा ६ र ७ को तुलनामा कक्षा ८ को कमजोर (४७.६२ प्रतिशत) रहेको देखिन्छ । कक्षा ९-१० मा गणित विषयको सिकाइ स्तर अन्य ४ विषयको तुलनामा राम्रो रहेको छ । गणितमा औसत सिकाइ स्तर ४८.९२ प्रतिशत रहेको छ । अन्य विषयहरु नेपाली, अङ्ग्रेजी, सामाजिक तथा जनसङ्ख्या र विज्ञान तथा वातावरणमा क्रमशः ४१.४७ प्रतिशत, ४१.७६ प्रतिशत, ४१.२४ प्रतिशत र ४१.३२ प्रतिशत रहेको छ । कक्षा १० मा गणित विषयको सिकाइ उपलब्धी तुलनात्मक रुपमा राम्रो (५५.१४ प्रतिशत) रहेको देखिन्छ । अन्य विषयहरुमा कक्षा १० मा भन्दा कक्षा ९ मा सिकाइ स्तर राम्रो रहेको छ ।

*उपल्लो कक्षाहरुमा सिकाइ उपलब्धी स्तर क्रमशः घट्दै जानु, नेपाली, सामजिक जस्ता तुलनात्मक रुपमा कठिनाइ स्तर कम मानिएका विषयहरुमा पनि सिकाइ स्तर कमजोर रहनु मुख्य समस्याहरु हुन् भने कक्षा १-५ मा विषयगत सिकाइ स्तरमा समानता देखिनु, कक्षा १० मा गणित विषयको सिकाइ स्तर राम्रो देखिनु सवल पक्षहरु हुन ।*

### छ) शैक्षणिक तथा खेलकुद सामग्री व्यवस्थापनको स्थिति

शिक्षण सिकाइको प्रभावकारिता धेरै हद सम्म शैक्षणिक सामग्रीहरुको व्यवस्थापन तथा प्रयोगमा निर्भर गर्छ । पाठ्यक्रमले निर्धारण गरेका सबै किसिमका विषयवस्तु तथा सिकाइ क्षेत्रहरुमा प्रशभावकारी नतिजा हासिल गर्न विद्यालयहरु शैक्षणिक साधान स्रोत ले सम्पन्न हुन आवश्यक छ । साथै पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ क्षमताको अतिरिक्त विद्यार्थीहरुमा अर्न्तनिहित अन्य क्षमताहरुको विकास गर्नको लागि विद्यार्थीहरुको उमेर, क्षमता, मनोविज्ञान र रुची अनुसारका खेलकुद सामग्रीहरुको पनि पर्याप्त व्यवस्थापन हुनु जरुरी छ । विद्यालयहरुमा शैक्षणिक तथा खेलकुद सामग्री व्यवस्थापनको स्थितिलाई तालिका नं. १.१० मा देखाइएको छ ।

तालिका नं. : १.१०

शैक्षिक तथा खेलकुद सामग्री व्यवस्थापनको अवस्था

| क्र.स. | शैक्षिक तथा खेलकूल सामग्रीहरु | विद्यालयहरुको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | पर्याप्त भएको | अपर्याप्त मात्रामा भएको | हुँदै नभएको |
| १ | विद्यार्थीहरुका लागि आवश्यक पाठ्य पुस्तकहरु | ५० | ० | ० |
| २ | शिक्षकहरुका लागि विषगत निर्देशिकाहरु | २२ | २८ | ० |
| ३ | विषगत पाठ्यक्रम | ५० | ० | ० |
| ४ | स्थानीय पाठ्यक्रम | ० | ० | ५० |
| ५ | बुक कर्नरको व्यवस्था | १२ | ३८ | ० |
| ६ | सन्दर्भ सामग्रीहरु | १८ | ३२ | ० |
| ७ | विषयगत शैक्षणिक सामग्रीहरु | २५ | २५ | ० |
| ८ | खेलकूद सामग्रीहरु (साना बालवालिका देखि उपल्लो कक्षामा अध्यन गर्ने विद्यार्थीहरुको लागि) | ११ | ३९ | ० |
| ९ | सांगितिक सामग्रीहरु | २ | ४८ | ० |

*स्रोत : विद्यालय सर्वेक्षण २०७७/७८*

गाउँपालिका भित्रका ५० वटा सामुदायिक विद्यालयमा शैक्षिक तथा खेलकुद सामग्री व्यवस्थापनको स्थितिलाई हेर्दा विद्यार्थीहरुको लागि आवश्यक पर्ने पाठ्यक्रमको उपलब्धता सबै विद्यालयहरुमा पर्याप्त रहेको देखिन्छ । २८ वटा विद्यालयहरुमा विषयगत शिक्षक निर्देशिका पर्याप्तमात्रामा रहेका छैनन् । विषयगत पाठ्यक्रम सबै विद्यालयहरुमा उपलब्ध रहेको छ । ३८ वटा विद्यालयहरुमा आवश्यक मात्रामा बुककर्नरको व्यवस्थापन गर्न सकिएको छैन । ३२ वटा विद्यालयहरमा सन्दर्भ सामग्री पर्याप्त छैनन् । २५ वटा विद्यालयहरुमामात्र विषयगत शैक्षिक सामग्रीहरु पर्याप्त रहेको छ । ११ वटा विद्यालयहरुमा मात्र साना-ठूला विद्यार्थीहरुको लागि पर्याप्त खेलकुद सामग्री रहेको छ भने ३९ वटा विद्यालयहरुमा अभाव (अपर्याप्त) रहेको देखिन्छ । सांगितिक सामग्रीले पूर्ण विद्यालय जम्मा २ वटा मात्र रहे का छन् । पालिकामा स्थानीय पाठ्यक्रम निर्माण हुन सकेको छैन ।

*विद्यालयहरुमा पर्याप्त शिक्षक निर्देशिका नहुनु, बुक कर्नरको अभाव हुनु, सन्दर्भ सामग्रीहरुको अभाव हुनु, विषयगत शैक्षणिक सामग्रीहरु पर्याप्त नहुनु, धेरै विद्यालयहरुमा खेलकुद सामग्रीको अभाव रहनु, सांगितिक सामग्रीको पर्याप्त व्यवस्थापन हुन नसक्नु, स्थानीय पाठ्यक्रम निर्माण हुन नसक्नु प्रमुख समस्याहरु हुन् ।*

## ज) शिक्षक व्यवस्थापनको अवस्था

शिक्षा प्रणालिको एउटा महत्वपूर्ण पक्ष शिक्षक हो । विद्यालयमा गुणस्तरीय सिकाइको लागि योग्य एवम् दक्ष शिक्षकको पर्याप्त व्यवस्था हुनु पर्छ । नेपालमा सरकारले शिक्षक व्यवस्थापनमा विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकतालाई आधार मान्ने गरेको छ । कक्षा १-५ मा विद्यार्थी सङ्ख्याको आधारमा र कक्षा ६-१२ मा विद्यार्थी सङ्ख्या एवम् विषयगत आवश्यकताको आधारमा शिक्षक व्यवस्थापन गर्ने प्रणालीको प्रयोग गरी विद्यालय तहमा आवश्यक शिक्षक व्यवस्थापन गर्ने कार्य सरकारले गर्छ । तर नेपालमा सबै विद्यालयहरुमा विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताको आधारमा शिक्षक दरवन्दी वितरणको स्थिति पूर्णत मिलेको अवस्थामा छैन । धेरै विद्यालयहरुमा अझै पनि सरकारी दरबन्दी पर्याप्त मात्रामा रहेको छैन । विद्यालयहरुले समुदाय बाट आर्थिक सहयोग लिएर शिक्षकहरु व्यवस्थापन गर्नु पर्ने बाध्यता रहेको छ । यसले गर्दा माध्यमिक तह सम्मको शिक्षा निशुल्कः हुने संवैधानीक व्यवस्था कमजोर सावित भएको छ । सरकारी वेतन प्राप्त गर्ने शिक्षकहरु पनि नियुक्तिको आधारमा समान छैनन् । यो समस्या काठेखोला गाउँपालिकाको शिक्षा व्यवस्थापनमा पनि विद्यमान छ । यस गाउँपालिकामा रहेको शिक्षक व्यवस्थापनको विवरणलाई तल तालिका नं. १.११ मा देखिइएको छ :

तालिका नं. : १.११

तहगत रुपमा शिक्षक व्यवस्थापनको वर्तमान स्थिति

| क्र.स. | तह | सरकारी | | | | विद्यालयको आन्तरिक स्रोत | जम्मा | पेशागत न्यूनतम तालिम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत/ अनुसदान | सिकाइ अनुदान | | | प्राप्त | अप्राप्त |
| १ | बालविकास केन्द्र | ० | ० | ४२ | ० | २ | ४४ | ३० | १४ |
| २ | निम्न आ.वि (साविक प्रा.वि) | १२० | ३४ | ३७ | ० | ५२ | २४३ | १९० | ५३ |
| ३ | उच्च आ.वि. (साबिक नि.मा.वि) | १६ | ९ | ३२ | ५ | २० | ८२ | ३२ | ५० |
| ४ | माध्यमिक (कक्षा ९/१०) | २० | ७ | १४ | २ | १५ | ५८ | ४१ | १७ |
| ५ | साविक उ.मा.वि. | ० | ६ | १० | ० | ८ | २४ | १५ | ९ |
| जम्मा | | १५६ | ५६ | १३५ | ७ | ९७ | ४५१ | ३०८ | १४३ |

*स्रोत : विविध शैक्षिक प्रतिबेदनहरु (शिक्षा तथा खेलकुद शाखा, काठेखोला गा.पा.)*

तालिकामा उल्लेख गरिए अनुसार हाल जम्मा ४५१ जना शिक्षकहरु कार्यरत छन् । बाल विकास र शिक्षामा ४४ जना, निम्न आधारभूत विद्यालय (प्रा.वि.) मा २४३ जना, उच्च आधारभूत तह (नि.मा.वि.) मा ८२ जना, माध्यमिक तहमा ५८ जना र उच्च माध्यमिक तहमा २४ जना शिक्षकहरु छन् । १५६ जना (३४.५८ प्रतिशत) शिक्षकहरु स्थायी छन् । अस्थायी र राहत/अनुदान दरबन्दीमा क्रमशः ५६ र १३५ जना (१२.४१ प्रतिशत र २९.९३ प्रतिशत), सिकाइ अनुदानमा ७ जना (१.५५ प्रतिशत) शिक्षकहरु कार्यरत छन् । त्यसै गरी ९७ जना (२१.५० प्रतिशत) शिक्षकहरु विद्यालयको आन्तरिक स्रोतबाट बेतन प्राप्त गर्ने गरी नियुक्त भएका छन् । ३०८ जना (६८.२९ प्रतिशत) शिक्षकहरु तालिम प्राप्त छन् । त्यसैगरी आधारभूत तालिम हासिल नगरेका १४३ जना (३१.७० प्रतिशत) शिक्षकहरु शिक्षणमा संलग्न रहेको देखिन्छ ।

*विद्यालयहरुमा स्थायी शिक्षकको व्यवस्था हुन नसक्नु, सरकारी वेतन भोगी शिक्षकहरुको नियुक्तिमा एकरुपता नहुनु, विद्यालयहरुलाई आन्तरिक स्रोतबाट शिक्षक व्यवस्थापन गर्नु पर्ने भार हुनु, कक्षा ११-१२ मा एकजना पनि स्थायी शिक्षकको व्यवस्था नहुनु, अझै पनि धेरै शिक्षकहरु पेशागत आधारभूत तालिम अप्राप्त रहनु शिक्षक व्यवस्थापनका गम्भिर समस्या एवम् चुनौतिहरु हुन् ।*

तालिका नं. : १.१२

विद्यालयमा हाल रहेको तथा आवश्यक पर्ने शिक्षक दरवन्दी विवरण

| क्र.स | तह | विद्यार्थी सङ्ख्या/ विषयगत आवश्यकता अनुसार चाहिने जम्मा दरवन्दी सङ्ख्या | वर्तमान दरवन्दी सङ्ख्या | आवश्यक थप दरवन्दी सङ्ख्या |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ४२ | ४२ | ० |
| २ | निम्न आ.वि (साविक प्रा.वि) | १५८ | १९१ | -३३ -क९ट_ |
| ३ | उच्च आ.वि. (साबिक नि.मा.वि) | ८३ | ६२ | २१ |
| ४ | माध्यमिक (कक्षा ९/१०) | ७८ | ४३ | ३५ |
| ५ | साविक उ.मा.वि. | ३२ | १६ | १६ |
| जम्मा | | ३९३ | ३५४ | ३९ |

### झ) विद्यालयहरुको भौतिक व्यवस्थापन पक्ष

तालिका नं. : १.१३

विद्यालयको भौतिक व्यवस्थापन स्थिति

| क्र.स. | भौतिक पूर्वाधार | विद्यालयहरुको सङ्ख्या | | | भौतिक पूर्वाधारको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | पर्याप्त मात्रामा भएका | अपर्याप्त भएका | हुँदै नभएका | राम्रो (जोखिम प्रतिरोधि पक्की,सुविधायुक्त, राम्रो कन्डीसनको....) | मध्यम | कमजोर |
| १ | कक्षा कोठा (पठनपाठन कक्षा) | ४० | १० | ० | १२ | २८ | १० |
| २ | छुट्टै प्रशासनिक कक्ष ( कार्यालय) | १२ | ५ | ३३ | १० | ५ | २ |
| ३ | छात्रा- छात्र छुट्टा छुट्टै शौचालय | २६ | १४ | १० | २० | १२ | ८ |
| ४ | पर्याप्त सामग्री सहितको बिज्ञान/ प्राविधिक प्रयोगशाला | ७ | ५ | ३८ | ७ | ३ | २ |
| ५ | पर्याप्त पुस्तकहरु सहितको पुस्तकालय | १३ | २७ | १० | ८ | २५ | ७ |
| ६ | कम्प्यूटर प्रयोगशाला | १२ | १९ | १९ | १० | १८ | ३ |
| ७ | शुद्ध पिउनेपानीको व्यवस्था | २२ | २८ | ० | १५ | १२ | २३ |
| ८ | ब्यवस्थित खेल मैदान | ११ | ३९ | ० | ११ | २० | १९ |
| ९ | विद्यालय कम्पाउण्ड घेराबार | १२ | १९ | १९ | ११ | १२ | ८ |
| १० | क्यान्टीन | ४ | ८ | ३८ | ४ | ५ | ३ |
| ११ | प्राथमिक उपचारको व्यवस्था | ० | २९ | २१ | ० | १५ | १४ |
| १२ | छात्राबास | ० | ७ | ४३ | ० | ३ | ४ |
| १३ | करेसाबारी/ वगैचा | १ | १८ | ३१ | १ | १० | ८ |
| १४ | इन्टरनेट सुविधा | ३५ | १५ | ० | ३५ | १५ | ० |
| १५ | फर्निचर (डेक्स, बेञ्च, कुर्सी, टेवल दराज,........आदि) | ४० | १० | ० | ३० | १२ | ८ |
| १६ | विद्युत सुविधा | ५० | ० | ० | ४५ | ५ | ० |

*स्रोत : विद्यालय सर्वेक्षण २०७७/७८*

### ञ) प्रशासनिक तथा व्यवस्थापकीय पक्ष

तालिका नं. : १.१४

विद्यालयको प्रशासनिक तथा व्यवस्थापकीय स्थिति

| क्र.स. | प्रशासनिक तथा व्यवस्थापकिय पक्ष | विद्यालयको सङ्ख्या | |
|---|---|---|---|
| | | भएका | नभएका |
| १ | नियमावली अनुसारको योग्य प्रधानाध्यापक | २२ | २८ |
| २ | सहायक प्रधानाध्यापकको व्यवस्था | २१ | २९ |
| ३ | लेखा कर्मचारी | १० | ४० |
| ४ | स्वास्थ्य सहायक (नर्स) | ० | ५० |
| ५ | कार्यालय सहयोगी | ५० | ० |
| ६ | नियमावली अनुसारको विद्यालय व्यवस्थापन समिति | ४७ | ३ |

| | | | |
|---|---|---|---|
| | गठन | | |
| ७ | शिक्षक अभिभावक संघ | ४७ | ३ |
| ८ | परीक्षा समिति | १० | ४० |
| ९ | विषयगत समितिहरु | १० | ४० |
| १० | अतिरिक्त क्रियाकलाप व्यवस्थापन समिति | १० | ४० |
| ११ | विपद् व्यवस्थापन समिति / सम्पर्क व्यक्ति | १५ | ३५ |
| १२ | सूचना अधिकारी | २२ | २८ |
| १३ | बालक्लव | २८ | २२ |
| १४ | जु.रे.स./यु.रे.स. | ८ | ४२ |
| १५ | ग्रिन क्लव | ३ | ४७ |

*स्रोत : विद्यालय सर्वेक्षण २०७७/७८*

### १.२.७ प्रमुख शैक्षिक समस्या र चुनौतिहरु

गाउँपालिकाको मौजुदा शिक्षा व्यवस्थापनको स्थिति, आवश्यकता एवम् राष्ट्रिय-अन्तराष्ट्रिय शैक्षिक परिदृश्य समेतको आधारमा यहाँको शिक्षा विकासमा रहेका प्रमुख समस्या, चुनौति तथा अवसरहरुलाई निम्नानुसार पहिचान गरिएको छ :

**क) समस्याहरु**

१. सबै वडाहरुमा माध्यमिक तहसम्मको शिक्षा प्रदायक माध्यमिक विद्यालयहरुको स्थापना हुन नसक्नु,
२. समुदायमा रहेका ४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरु बालविकास कक्षामा सहभागी हुन नसक्नु, अर्थात बालविकास तहको कूल भर्नादर अत्यन्त कमजोर अवस्थामा रहनु,
३. प्रारम्भिक बालविकास शिक्षामा छात्रहरुको भन्दा छात्राहरुको सहभागिता दर न्यून रहनु,
४. कक्षा १ मा नर्या भर्नाहुन सबै विद्यार्थीहरु बाल विकासको अनुभव सहितको नहुनु,
५. आधारभूत तहमा छात्रहरुको भन्दा छात्राहरुको सहभागिता दर न्यून रहनु,
६. आधारभूत तह सम्मको शिक्षा अनिवार्य हुनेछ भन्ने संवैधानिक व्यवस्थाको व्यवहारिक कार्यान्वयनको स्थिति कमजोर रहनु,
७. माध्यमिक तहमा कूल भर्नादर र खुद भर्नादर दुबै अत्यन्त कम्जोर रहनु,
८. तल्लो कक्षामा भन्दा माथिल्लो कक्षाहरुमा विद्यार्थीहरुको सङ्ख्या क्रमशः न्यून हुदै जानु,
९. तल्ला कक्षाहरुमा भन्दा उपल्लो कक्षाहरुमा लैङ्गिक समता सूचक कम्जोर हुनु ,
१०. विद्यालयहरुमा वि.व्य.स., स्थानीय शिक्षा कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ लगायतका सम्वन्धित निकायहरुको नियमित र निरन्तर अनुगमनको अभाव रहनु,
११. विद्यार्थीहरुको मूल्याङ्कनको लागि परम्परागत परीक्षा प्रणाली बाहेक अन्य आधुनिक तरिका र साधनहरुको प्रयोग स्तर कम्जोर रहनु,
१२. विद्यालयहरुमा उच्च क्षमताको इन्टरनेट सुविधाको भरपर्दो व्यवस्थापनको अभाव रहनु तथा विद्यार्थीहरु सो सुविधा उपयोग बाट बञ्चित रहनु ।
१३. निरन्तर तथा उपचारात्मक मूल्याङ्कनको प्रयोग प्रभावकारी हुन नसक्नु,
१४. विद्यालयहरुमा जङ्क फूड तथा अन्य अस्वस्थकर खाद्य पदार्थहरुको प्रयोग न्यूनीकरण हुन नसक्नु,
१५. विद्यार्थीहरुको सिकाइ प्रति अभिभावकको चासो एवम् निगरानी कम देखिनु,
१६. माध्यमिक तह सम्मको शिक्षा पूर्णतः निशुल्क हुने नीतिगत व्यवस्था रहेता पनि विद्यालयहरुले विभिन्न बाहनामा विद्यार्थीहरुबाट शुल्क उठाइ रहनु,

१७. माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरु कूलतको शिकार बन्न सक्ने सम्भाव्यता बढ्दै गइरहेको र सो नियन्त्रण सम्वन्धी अभिभावक, शिक्षक, स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुको पर्याप्त ध्यानको अभाव देखिनु,

१८. विद्यार्थी सङ्ख्या र विषयगत आधारमा विद्यालहरुमा शिक्षक दरवन्दी वितरण समतामूलक नरहनु,

१९. माध्यमिक तहमा विषयगत दरबन्दी र शिक्षककको व्यवस्थान हुन नसक्नु,

२०. सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या क्रमशः घट्दै जानु,

२१. सापेक्षिक रुपमा माध्यमिक तहको सिकाइ उपलब्धी कमजोर रहनु,

२२. कक्षा दोहाऱ्याउने दर र बिचमा कक्षा छोडने दर उच्च रहनु,

२३. विद्यालयहरुमा भौतिक पूर्वाधार, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, पोषण तथा स्वास्थ्य, विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय निर्माणको स्थिति कमजोर रहनु ।

**ख) चुनौतिहरु**

१. विद्यालयको पहुँच बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने,

२. प्रारम्भिक बालविकास शिक्षाको लक्ष्य मूलतः ४ वर्ष उमेरका बालबालिकाहरु भर्ना गर्ने रहेता पनि सो भन्दा कम उमेरका बालबालिकाहरु सहभागी हुने अवस्था रहेको,

३. छात्राहरुको सहभागिता दर बढाउने,

४. माध्यमिक तहमा खुद भर्नादर बृद्धि गर्ने,

५. कक्षा ७ सम्म रहेको निरन्तर मूल्याङ्कन प्रणालिको प्रभावकारी कार्यान्वयन,

६. शिक्षकहरुले तालिमा सिकेका कुराहरुलाई कक्षाकोठामा प्रयोग गराउने,

७. माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दी व्यवस्थापन गर्ने,

८. विद्यालयहरुलाई जङ्क फूड, लागुऔषध प्रयोग जस्ता कुराहरुबाट मुक्त गर्ने,

९. विद्यार्थी सङ्ख्याको तथा विषयगत आधारमा शिक्षक कर्मचारीको दरवन्दी पूर्नवितरण/मिलान तथा विद्यालय एकिकरण गर्ने कार्य,

१०. विद्यार्थीहरुमा बढ्दै गइरहेको मोवाइल, टेलिभिजन, सामाजिक सञ्जाल प्रतिको बढ्दो मोह एवम् यिनीहरुको दुरुपयोग र सिकाइमा परेको नकरात्मक असरको नियन्त्रण गर्ने

## १.३ योजना निर्माण प्रक्रिया

नेपालको संविधान २०७२ ले संघयि नेपालको परिकल्पना गरे सँगै शासकीय स्वरुप संघ, प्रदेश र स्थानीय तहमा विभाजित भइ्ा । संविधानतः माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी स्थानीय सरकारको काँधमा आइसके पछि स्थानीय निकायहरुले आफ्नो पालिका भित्रको माध्यमिक तह सम्मको औपचारीक तथा अनौपचारिक शिक्षाको व्यवस्थापनको लागि आवश्यक नीति तथा योजनाहरु तर्जुमा गर्ने परिपाटिको सुरुवात भइ्ा । यसै सन्दर्भमा काठेखोला गाउँपालिकामा पनि सरकारले शिक्षा सुधारको लागि पाँच वर्षीय गुरुयोजना निर्माण कार्यलाई प्राथमिकतामा राख्यो । योजना निर्माणको लागि पालिका स्थित शिक्षा तथा खेलकुद शाखाको सक्रियतामा शिक्षा सँग सम्वद्ध पक्षहरु तथा सरोकारवालाहरु– गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, गाउँ कार्यपालिका अर्न्तगत सामाजिक विकास समितिका पदाधिकारीहरु, आठवटै वडाका वडा अध्यक्षहरु, स्थानीय शिक्षा प्रशासनमा आवद्ध कर्मचारीहरु, गाउँ शिक्षा समितिका पदाधिकारीहरु, USAID अर्न्तगत EGRP का प्रतिनिधि, विभिन्न विद्यालयका प्रधानाध्यापकहरु, शिक्षक प्रतिनिधिहरु, शिक्षकका पेशागत संगठनका प्रतिनिधिहरु, वि.व्य.स. तथा शि.अ.सं प्रतिनिधिहरु, विद्यालय कर्मचारीका प्रतिनिधिहरु, स्थानीय शिक्षाप्रेमी तथा वुद्धिजीबिहरु, अभिभावक तथा विद्यार्थी प्रतिनिधिहरु बीच संयुक्त तथा छुट्टा छुट्टै बैठक गरी शैक्षिक समस्याहरु, चुनौति तथा अवसरहरु पहिचान तथा राय सल्लाह सुझावहरु संकलन गरिएको थियो । वैठक बाट शैक्षिक पाश्वचित्र र योजना निर्माणको लागि सामाजिक विकास समितिका अध्यक्षको संयोजकत्वमा ११ सदस्य योजना निर्माण प्राविधिक कार्य सम्पादन समिति (TTT) गठन

**गरिएको थियो । TTT को वैठकले कार्य विभाजन गरेको थियो जस्मा योजना सम्पादनमा अमर मा.वि.का शिक्षक शंकर प्रसाद कँडेललाई र पाश्वचित्र निर्माणमा तथ्याङ्क सम्पादनमा लक्ष्मि मा.वि का शिक्षक चन्द्र वहादुर खड्का लाई जिम्मेवारी प्रदान गरिएको थियो र प्राविधिक कार्य सम्पादन समूहका अन्य सदस्यहरुले क्षेत्रगत रुपमा तथ्याङ्कहरु संकलन गर्ने गरी कार्य विभाजन गरिएको थियो ।**

**योजना निर्माणको जिम्मेवारी पाएको प्राविधिक  कार्य सम्पादन समूहले सरोकारवालाहरु सँग विभिन्न चरणमा वैठक वसी अर्न्तक्रिया संचालन गरेको थियो । योजना तथा तथ्याङ्क संकलन गर्नको लागि स्थलगत सर्वेक्षण,  संबाद, प्रश्नावली, गुगल फाराम, कार्यशाला सञ्चालन जस्ता विधि र साधनहरुको प्रयोग गरिएको थियो । योजना निर्माणको क्रममा प्राविधिक कार्य सम्पादन समूहले १५ वटा औपचारीक बैठक वसेको छ भने अनौपचारिक रुपमा थुप्रै भेटघाट तथा अर्न्तक्रियाहरु सम्पन्न भएका छन् । प्राविधिक कार्यसम्पादन समूहले योजनाको ड्राफ्ट निमार्ण गरी सरोकारवालाहरु संगको वृहत वैठकमा पेश गरी त्यहाँबाट आएका सुझावहरुलाई समेटी योजनालाई अन्तिम रुप प्रदान गरेको थियो ।**

# परिच्छेद : दुई
# नयाँ शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ र औचित्य

नेपालको संविधानले संघीय गणतन्त्रात्मक संरचना अनुरुप सामाजिक–आर्थिक रुपान्तरण सहितको समाजबाद उन्मुख राज्य निर्माणको परिकल्पना गरेको छ । यस्को लागि मुलुको मौजुदा शिक्षा प्रणाली स्वरुप, संरचना, संचालन, व्यवस्थापन र गुणस्तरीतामा सुधारको आवश्यकता रहेकोले सरकारले विद्यालय तहको शिक्षा सुधारको लागि बिभिन्न योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । विद्याालय क्षेत्र विकास योजना ( २०७३/७४–२०७९/८०) कार्य सम्पन्नताको अन्तिम चरणमा रहेको छ भने अर्को नयाँ योजनाको रुपमा शिक्षा क्षेत्रको योजना (२०२१–२०३०) लागु हुने अवस्थामा रहेको छ । वर्तमान संघीय संरचना अनुसार नेपालको शासकीय स्वरुप संघ, प्रदेश र स्थानीय सरकारको रुपमा विभाजित रहेको र सवैधानिक रुपमा नै विद्यालय तहको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा निहित रहेकोले स्थानीय शिक्षाको सुधार र विकासको लागि स्थानीय तहबाट नै योजना निर्माण गरी लागु गनुपर्ने आवश्यकता रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा , खुल्ला तथा बैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने, सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने, प्रविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन मूल्याङ्कन र नियमन गर्ने, मातृभाषमा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन गर्ने, गाभिएका वा बन्दश गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन गर्ने, गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन गर्ने, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन गर्ने, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन गर्ने, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन गर्ने, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गर्ने, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन, निशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्तिको व्यवस्थापन, ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने, स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण प्रवर्धन र स्तरीकरण गर्ने, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन गर्ने, माध्यमिक तहको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने, सममुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन, नियमन गर्ने अतिरिक्त शैक्षिक क्रियाकलापहरुको सञ्चालन गर्ने अधिकार तथा जिम्मेवारी स्थानीय सरकारको रहेको छ । यसै सन्दर्भमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय शिक्षा नीति २०७६ ले निर्देशित गरेका अधिकार क्षेत्र अन्तर्गत रहेर तथा नेपाल सरकारले राष्ट्रिय दिगो विकासको लागि अघि सारेको महत्वाकाङ्क्षा समेतलाई ध्यानमा राखि काठेखोला गाउँपालिकाले ५ बर्षे शिक्षा क्षेत्र विकास योजना निमार्ण गरेको छ ।

परिच्छेद एकमा शिक्षाको राष्ट्रिय सन्दर्भ एवम् नीतिगत व्यवस्था र काठेखोला गाउँपालिकाको वर्तमान स्थितिको विश्लेषणबाट पहिचान भएका शैक्षिक समस्याहरु, चुनौतिहरु, अवसर र सम्भाव्यताहरुले गाउँपालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्रको विकासको मार्ग चित्र पहिचानका लागि आधार खडा गरेकाछन् । यसै सन्दर्भमा यस गाउँ शिक्षा क्षेत्रको योजना मार्फत गाउँपालिका भित्र रहेका तमाम शैक्षिक समस्या तथा चुनौतिहरुको दिगो समाधान गर्दै मौजुदा अवसर र सम्भाव्यताहरुको अधिकतम सदुपयोग गरी, साथै राष्ट्रिय स्तरमा स्थापित भएका शैक्षिक सोच, लक्ष्य, नीति र मान्यताहरुलाई आत्मसाथ गर्ने र सो प्राप्तिको लागि सहयोग समेत पुग्ने गरी यस परिच्छेदमा दिर्घकालिन राष्ट्रिय सोच, गाउँपालिकाको दीर्घकालीन सोच तथा गन्तब्य, ध्येय,

प्रमुख उद्देश्यहरु, प्राथमिकता, दीर्घकालीन रणनितिक कार्यकलापहरु तथा प्रमुख उपलब्धी सूचकहरु प्रस्तुत गरिएको छ ।

## २.१ दीर्घकालीन राष्ट्रिय सोच

सामाजिक आर्थिक रुपान्तरणको लागि मानव संसाधनको विकास

## २.२ काठेखोला गाउँपालिकाको दीर्घकालीन सोच तथा गन्तब्य

समृद्ध र सुखी काठेखोला गाउँपालिकाको आधार, गुणस्तरीय र व्यवहारिक शिक्षाको अधिकार

## २.३ ध्येय

यस योजनाको मुख्य ध्येय समृद्ध गाउँपालिका निर्माणको लागि योग्य, सक्षम, बैज्ञानिक सोचभएको नेपाली मूल्य मान्यता र संकृति प्रति सचेत तथा समता र समाबेशितालाई आत्मसात गर्ने आफ्नो गाउँपालिका प्रति गौरव गर्न सक्ने नागरिक तयार पार्ने ।

## २.४ प्रमुख उद्देश्यहरु

- काठेखोला गाउँपालिका भित्रका सबै वालवालिकाहरुको लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्ने,
- काठेखोला गाउँपालिका भित्र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा पहुँच, समता र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्ने,
- माध्यमिक शिक्षामा यस पालिका भित्रका सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्ने,
- काठेखोला गाउँपालिका भित्र सञ्चालित प्राविधिक तथा शिक्षामा सबै वर्गका बालवालिकाहरुको पहुँच सुनिश्चित गरी प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउनु,
- गाउँपालिका भित्र कार्यरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरुलाई प्रविधिमैत्री बनाई गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने,
- बालमैत्री वातावरणमा सबै वालवालिकाहरुलाई शिक्षण सिकाइमा सहभागी गराउने,
- गाउँपालिका भित्रका सबै विद्यालयहरुमा विशेष परिस्थितिमा (आपत्कालिन तथा सङ्कटपूर्ण) पनि बालवालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने,
- यस पालिका भित्रका सबै तहका विद्यालयहरुमा प्रविधियुक्त र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,
- राष्ट्रिय पाठ्यक्रम प्रारुपले तोके अनुसार पालिका स्तरमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन मार्फत स्थानीय मूल्य मान्यता प्रविधि र सीप समेतको प्रवर्धन गर्ने,
- शैक्षिक सुशासनको प्रवर्धन गरी सबै विद्यालयका वालवालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालिको विकास गर्ने।
- सबै विद्यालयका कक्षाकोठाहरु लाई सिकाइ अनुकूल बनाउने ।

## २.५ प्राथमिकता निर्धारण

योजनाले निधारण गरेका दिर्घकालिन सोच, ध्येय एवम् प्रमुख उद्देश्यहरुलाई प्रभावकारी रुपमा हासिल गर्नको लागि निम्न कुराहरुलाई प्रमुख प्राथमिकतामा राखिएको छ :

- विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा सहभागिताको सुनिश्चितता,
- विद्यालय शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता बृद्धि,

- विद्यालयमा शिक्षाको सक्षमता, सुशासन तथा व्यवस्थापकीय सुदृढिकरण,
- विद्यालय शिक्षामा उत्तरदायित्व, जिम्मेबारी, क्षमता तथा जवाफदेहिता बृद्धि,
- शिक्षामा सूचना प्रविधिको प्रयोग स्तर वृद्धि,
- भौतिक संरचनागत सुधार एवम्  संस्थागत सुदृढीकरण

## २.६ दीर्गकालिन रणनिति

उल्लेखित लक्ष्य, उद्देश्यहरु सहज रुपमा हासिल गर्न प्राथमिकतामा आधारित रही निम्न रणनितिहरु तय गरिएको छः

१. नेपाल सरकारले निर्धारण गरेको नीतिगत व्यवस्थाको अधिनमा रही स्थानीय तहको क्षेत्राधिकारको भरपुर प्रयोग गरी  स्थानीय आवस्यकता, क्षमता र सम्भाव्यता अनुकूल हुनेगरी गाउँपालिका भित्रको शैक्षिक प्रणालिको सञ्चालन, व्यवस्थापन तथा सुधारका उपायहरु अवलम्वन गरिने छ,

२. वार्षिक रुपमा समुदायको जनसङ्ख्या सर्वेक्षण गरी विद्यालयको लागि उमेरको योग्यता पुगेका बालवालिकाहरुको सङ्ख्या एकिन गरी सम्पूर्ण बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र विद्यालय शिक्षाको सुनिश्चितता प्रदान गरिने  छ,

३. जनसङ्ख्या र भौगोलिक आवश्यकताका आधारमा बालविकास केन्द्रहरुको स्थापना, क्षमता र स्तरलाई लाई वृद्धि गरिने छ,

४. विद्यालय सहभागितामा देखिने लैङ्गिक, जातीय तथा वर्गीय असमानतालाई न्यूनीकरण गर्न भर्ना अभिइ)ान तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ,

५. विद्यालयहरुलाई संघ, प्रदेश र स्थानीय सरकारबाट प्रदान हुने ससर्त अनुदानमा मात्र निर्भर नरहि आन्तरिक तथा दातृ स्रोतहरुको विकास र परिचालन मार्फत आत्मनिर्भर बनाउन प्रोत्साहन गरिने छ,

६. शैक्षिक संस्था एवम्  विद्यालयहरुमा सुशासन तथा पारदर्शिता वृद्धि गर्न, प्रशासनिक प्राणलिमा सुधार, सूचना प्रविधिमा आधारित ब्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व र जिम्मेबारी विकास, नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालिको विकास गरिने छ,

७. विद्यालयहरुको त्रैमासिक प्रगति प्रतिबेदनको आधारमा मूल्याङ्कन तथा प्रोत्साहन गर्ने प्रणालिको विकास गरिने छ।

८. विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन परीक्षा सञ्चालनमा एकरुपता, प्रयोगमा निरन्तरता एवम् व्यापकता, नतिजा विश्लेषण र सिकाइमा त्यस्को प्रयोग गर्ने परिपाटीको विकास गरिने छ,

९. शिक्षक कर्मचारीहरुको क्षमता विकासको लागि पेशागत, सीपमा आधारित, प्रविधिमूलक तालिमको व्यवस्था  गरिने छ,

१०. विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताका आधारमा दरवन्दी मिलान एवम्  पुर्नवितरण, साथै शैक्षिक संस्थाहरुमा आवश्यक अन्य जनशक्ति व्यवस्थापनको लागि प्रदेश सरकार, संघीय सरकार लगायत अन्य संघ संस्था र दात्तृ निकायहरु सँग समन्वय एवम् पहल गरिने छ,

११. विपद् न्युनिकरण तथा सुरक्षित विद्यालय निर्माणको लागि  भौतिक निर्माणमा सजगता, प्रतिकार्य योजना निर्माण, सचेतनामा बृद्धि, सुरक्षित विद्यालय वातावरण निर्माणमा ध्यान दिइने छ,

१२. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण, समानुकूल परिमार्जन, परिवर्तन र प्रयोग गरिने छ,

१३. माध्यमिक विद्यालयहरुलाई आवश्यकताका आधारमा सामाजिक विज्ञान समूहका नयाँ विषयहरु, विज्ञान समूहका विषहरु, प्राविधिक समूहका विषहरुको पठनपाठ सञ्चालन गर्न सक्ने गरी क्षमता विकास गरिने छ,

१४. शिक्षण सिकाइ प्रति शिक्षक विद्यार्थीहरुलाई उत्साहित, जिम्मेबार, र उत्तरदायी बनाउन मनोवल बढने गरी  प्रोत्साहन गरिने छ,

१५. अभिभावकहरुलाई वालवालिकाहरुको सिकाइ प्रति सचेत र जिम्मेबार गराउन, विद्यालयका गति विधिहरु प्रति जागरुक र क्रियाशील गराउन विद्यालय र अभिभावकहरु बीच निरन्तर, नियमित सम्पर्क संयन्त्रको विकास गरिने छ,

१६. आवश्यकताको आधारमा सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना, आधुनिक व्यवस्थापन, गुणस्तर सुधार, विकास गरी निरन्तर र जीवनपर्यन्त शिक्षाको लागि सान्दर्भिकता एवम् पहुँच विस्तार गरिने छ,

१७. विद्यालयहरुमा जङ्क फूड लगातका अस्वस्थकर खाद्य कुराहरु न्यूनीकरण गर्न, बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रवर्धन, आधारभुत स्वास्थ्य सेवा ( घुम्ति नर्सिङ) तथा पोषणमा ध्यान दिइने छ,

१८. गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका, अपाङ्गता भएका बालबालिकाहरु तथा छात्राहरुलाई विद्यालयमा सहज सहभागिता, निरन्तरता र सिकाइ उपलब्धीको सुधारका लागि छात्रवृत्ति प्रणालीलाई थप सुदृढ गरिने छ,

१९. संस्थागत र सामुदायिक विद्यालय बिच देखिने शैक्षिक उपलब्धिको भिन्नतालाई न्यूनीकरण गर्न संस्थागत र सामुदायिक विद्यालयहरु बिच लर्निङ कनेक्टिभिटि कायम गरी, सामुदायिक विद्यालयहरुको सिकाइ स्तर सुधार तथा संस्थागत विद्यालयहरुलाई नाफामुखी बाट सेवामुखी शैक्षिक संस्थाका रुपमा क्रमशः विकास गर्दै लगिने छ,

२०. विद्यार्थीहरुलाई पाठ्यक्रममा आधारित ज्ञानको अलवा सामुदायिक मूल्य र मान्यतामा आधारित नैतिक आचरण सम्वन्धि शिक्षा, शारिरिक ब्यायाम, योग अभ्इ)ास, अतिरिक्त क्रियाकलापहरु, स्थानीय कला, व्यावसायिक सीप आदिको अवसर प्रदान गरी बहु प्रतिभाशालि ब्यक्तित्व विकासमा ध्यान दिइने छ,

२१. विद्यालय उमेर पार भइ)सकेका व्यक्तिहरुको लागि अनौपचारिक तथा जीवनपर्यन्त सिकाइलाई निरन्तरता दिन, सीपमा आधारित तालिमहरुको व्यवस्था गरिने छ ।

२२. वालवालिकाहरुको सिकाइ प्रति अभिभावक तथा समुदायको दायित्व एवम् जिम्मेवारी वृद्धि गर्न, घर तथा समुदायमा सिकाइ वातावरण निर्माण गर्नकोलागि उत्प्रेरणात्मक अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गरिने छ।

२३. सुर्ति एवम् मादक जन्य बस्तुहरुको प्रयोग, विभिन्न कूलतजन्य क्रियाकलापबाट विद्यालयलाई टाढा राख्न विद्यालय देखि २०० मिटरको दुरीमा यी यस्ता वस्तुहरुको विक्रिवितरणलाई पूर्णतः निरुत्साहित गर्ने, विभिन्न बन्द हडताल, द्वन्द लगायतका कुराहरुबाट विद्यालयमा प्रर्ने प्रतिकूल प्रभावबाट विद्यालयलाई जोगाउन विद्यालय शान्ति क्षेत्रको अवधारणलाई कार्यान्वयन गर्ने कुरामा विषेश ध्यान दिइने छ ।

२४. शिक्षा सगै सीप विकास गर्न व्यावसायिक शिक्षा तथा विद्यालय उद्यम कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

## २.६ प्रमुख उपलब्धी सूचकहरु

यस योजनाको कार्यान्वन पश्चात योजनाको अन्त्य (वि.सं. २०८८) सम्म निम्न उपलब्धिहरु हासिल हुने अपेक्षा गरिएको छ :

१. काठेखोला गाउँपालिका भित्रका उमेरको योग्ता पुगेका सबै बालबालिकाहरु लाई गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित हुने छ,

२. आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भइ) गाउँपालिकाका सम्पूर्ण बालबालिकाहरुले माध्यमिक तह सम्मको गुणस्तरीय शिक्षा आफ्नै भूगोल (वडा) मा निःशुल्क रुपमा प्राप्त गर्ने छन्,

३. विद्यालय शिक्षामा लैङ्गिक, जातीय तथा वर्गिय विभेद र असमानताको अन्त्य भइ)) समतामूलक सहभागिता सुनिश्चित हुने छ,

४. विद्यार्थीहरुको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरमा उल्लेख्य कटौति भइ) शिक्षाको सक्षमता (Effeciency) मा उच्च दरले सुधार हुने छ,

५. मूल्याङ्कन प्रणाली व्यवस्थापन, संचालन र प्रयोगमा सुधार भई विश्वशनीय र वैद्धतायुक्त लेखाजोखा मार्फत विद्यार्थीहरुको सिकाई गुणस्तरमा व्यापक सुधार हुने छ,

६. सबै शैक्षिक निकाय तथा विद्यालयहरुमा सुशासन प्रवर्धन भई वालवालिकाहरुको सिकाइमा जवाफदेहिता र उत्तरदायित्वपूर्ण परिपाटिको विकास हुने छ,

७. बालबालिकाहरुको नैतिकता, मनोसामाजिक दृष्टिकोण र अध्ययन प्रति लगनशिलताको वृद्धि भई सिकाई परिणाममा उल्लेख्य सुधार हुने छ,

८. विद्यालयहरुमा जङ्कफुड जन्य अस्वस्थकर खाद्य पदार्थको प्रयोग पूर्णतः नियन्त्रण भई विद्यार्थीहरुको पोषण तथा आधारभूत स्वास्थ्य, सरसफाईको स्थितिमा सुधार हुने छ,

९. विद्यालयहरु आधुनिक सूचना प्रविधि प्रयोगको हिसावले सम्पन्न र सक्षम भै विपद्का वेला वैकल्पिक शिक्षण सिकाई पद्धतिको सहज प्रयोग गर्न सक्ने अवस्थामा पुग्ने छन्,

१०. पाठ्यक्रमको अतिरिक्त अन्य बहुविषयगत ज्ञान,सीप,क्षमतामा वृद्धि भई सवपजउिनेष्ष् आधारभूत क्षमतासहित, योग्य, सृर्जनशील, नैतिकवान,सकरात्मक सोच भएको, राष्ट्रिय समृद्धिमा योगदान गर्न सक्ने नागरिक तयार गर्न सहयोग पुग्ने छ,

११. आधुनिक ज्ञान, सीप र दक्षताले पूर्ण योग्य, तालिम प्राप्त शिक्षक, कर्मचारीहरुको व्यवस्थापन भई शैक्षिक निकाय एवम् विद्यालयहरुको संस्थागत सान्दर्भिकता, पारदर्शिता र विद्यार्थीहरुको सिकाइमा प्रभावकारीता र गुणस्तरीयतामा वृद्धि हुने छ,

## २.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्यहरु

यस योजनाले निर्धारण गरेका प्रमुख कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्यहरु तालिका नं. २.१ मा प्रस्तुत गरिएको छः

तालिका नं.: २.१

मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्यहरु

| क्र.स | सूचकहरु | आधार वर्ष (२०७७)को अवस्था | | २०८२/८३ को लक्ष्य |
|---|---|---|---|---|
| | | राष्ट्रिय | काठेखोला गा.पा | |
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | |
| १.१ | कुल भर्नादर | ८६.४० | ६०.९ | ९० |
| १.२ | चार बर्षका बालवालिकाहरुको भर्ना अनुपात | ६७.२० | ५५ | ८२ |
| १.३ | प्रारम्भिक बाल विकास तथा शिक्षामा आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२० | ६८.१८ | १०० |
| १.४ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रबेश गर्ने बालवालिकाको प्रतिशत | ६८.८० | ८५.७ | १०० |
| २ | **आधारभूत शिक्षा** | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेशदर | १२१.९० | १०९.८ | १०० |
| २.२ | कक्षा १ मा खुदभर्नादर | ९६.८० | ९८.१८ | ९९.३ |
| २.३ | कक्षा १ देखि ५ मा कूल भर्ना दर | ११९.३० | १०८.८ | १०० |
| २.४ | कक्षा १ देखि ५ मा खुदभर्नादर | ९७.१० | ९८.० | ९९.२ |
| २.५ | कक्षा १ देखि ८ मा कुलभर्नादर | ११०.४० | १०५.३ | १०० |
| २.६ | कक्षा १ देखि ८ मा खुदभर्नादर | ९३.८० | ९७.४ | ९९ |
| २.७ | कक्षा १ देखि ८ मा खुदभर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | ०.९५ | ०.९९ |
| २.८ | ५ देखि १२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालवालिकाहरुको प्रतिशत | ६.२० | २.५८ | ०.०० |
| ३ | **माध्यमिक शिक्षा** | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.१ | कुलभर्नादर कक्षा ९ र १० | ९४.६० | ८६.१ | १०० |
| ३.२ | खुदभर्नादर कक्षा ९ र १० | ६८.७० | ८१.७ | ९० |
| ३.३ | कुलभर्नादर कक्षा ९ देखि १२ | ७१.४० | ६६.१ | ८५ |
| ३.४ | खुदभर्नादर कक्षा ९-१२ | ४७.६० | ५३.८ | ६५ |
| ३.५ | कुलभर्नादर कक्षा ११-१२ | ५१.५० | ५१.३ | ८० |
| ३.६ | खुदभर्नादर कक्षा ११-१२ | २५.८० | २६.० | ४० |
| ३.७ | कक्षा १-१२ को खुदभर्नादरको आधारमा लैङ्गिक समता सूचाङ्क | १.०१ | १.०३ | १.०० |
| ४ | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ७८ | ८६.८६ | ९५ |
| ४.२ | १६-३० बर्षको साक्षरता दर | ९२ | ९९.०८ | ९९.९ |
| ४.३ | १५बर्ष माथिको साक्षरता दर | ५८ | ८४.१३ | ९३ |
| ५ | **महिला शिक्षक प्रतिशत** | | | |
| ५.१ | आधारभूत तह | ४३.७० | ४२.४६ | ५० |
| ५.२ | माध्यमिक तह | २०.६० | १७.४६ | ३० |

# परिच्छेद : तीन
# शिक्षाका क्षेत्रहरु

## ३.१ परिचय

यस काठेखोला गाउँपालिकाको शिक्षा क्षेत्रको योजना २०७८-२०८७ ले गाउँपालिकाको समग्र शैक्षिक सुधार र विकासको लागि आगामी १० वर्षको मार्ग निर्धारण गरेको छ । योजनाले पालिकाको मौजुदा शिक्षाको संरचना र व्यवस्थापनको सूक्ष्म विश्लेषण गरी शिक्षाका क्षेत्रगत समस्याहरु, चुनौतिहरु, सम्भाव्यता र अवसरहरु पहिचान गर्दै नेपाल सरकारले परिकल्पना गरेका राष्ट्रिय समृद्धिका लक्ष्यहरु, अन्तराष्ट्रिय सन्धीहरु मार्फत गरेका प्रतिबद्धता एवम् दिगो विकास सम्बन्धी कार्ययोजना, सवैधानिक तथा नीतिगत व्यवस्था र समसामयिक परिवर्तनशिलताको सिद्धान्त लाई मार्ग दर्शकको रुपमा अङ्गिकार गर्दै स्थानीय आवश्यकता र सामर्थ्यको अधिनमा रही आगामी शैक्षिक गन्तब्य निर्धारण गरेको छ ।

पहिलो परिच्छेदमा शिक्षा व्यवस्थापनको दायित्व सम्बन्धी नीतिगत व्यवस्था, शिक्षा सुधारको सन्दर्भमा भएका अभ्)ासहरु, गाउँपालिको शिक्षा क्षेत्रको वर्तमान स्थिति एवम् तुलनाको समिक्षा गरिएको छ । यसबाट शिक्षा क्षेत्रका प्रमुख समस्याहरु, चुनैतिहिरु र अवसरहरु पहिचान भएका छन् । दोस्रो परिच्छेदमा राष्ट्रले निर्धारण गरेको दूर दृष्टि, गाउँपालिकाको दीर्घकालीन गन्तब्य, ध्यय तथा उद्देश्यहरु र यी गन्तब्य तथा लक्ष्य, उद्देश्यहरु प्राप्तिको लागि प्राथमिकताका क्षेत्रहरु, रणनीतिहरु एवम् प्रमुख कार्यसम्पादन सूचकहरु निर्धारण गरिएको छ । यस परिच्छेदमा उल्लेखित लक्ष्यहरु हासिल गर्नको लागि क्षेत्रगत कार्यक्रमहरु र ती कार्यक्रमहरु सम्पादनको लागि आवश्यक रणनितिक कार्यकलापहरु प्रस्ताव गरिएको छ।

## ३.२ प्रारम्भिक बालविकास र शिक्षा

### ३.२.१ परिचय

विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक एवम् संवेगात्मक विकास मार्फत उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गराउनको लागि सञ्चालन गरिएको कार्यक्रम प्रारम्भिक बाल विकास र शिक्षा हो । निशुःल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ एवम् राष्ट्रिय शिक्षा नीति २०७६ मा चारवर्ष उमेर पुगेका बालबालिकाहरुका लागि एक वर्षको प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ । सोही बमोजिम राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले आधारभूत सीप सिकाइ र विषयगत सीप सिकाइका क्षेत्रहरु निर्धारण गरी बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्ने र सिकाइको लागि आधारशिला खडा गर्ने लक्ष्य राखेको छ । नेपाल सरकारले बालविकास र शिक्षालाई औपचारिक शिक्षा प्रवेशको पहिलो र सबैभन्दा महत्वपूर्ण खुड्किलो मान्दै पन्ध्रौ योजनामा यसको व्यवस्थित विकास सम्बन्धी कार्यक्रमहरु निर्धारण गरेको छ ।

काठेखोला गाउँपालिकाले पनि प्रारम्भिक बालविकास र शिक्षालाई थप व्यवस्थित रुपमा सुधार गर्न र गुणस्तरीय बनाउन योजनामा समावेश गरी रणनितिक कार्यकलापहरु निर्धारण गरेको छ । नीतिगत प्रावधान र क्षेत्राधिकार भित्र रही संघ र प्रदेश सरकार, विभिन्न सरकारी तथा गैर सरकारी संघ-संस्था एवम् दातृ निकायहरु सँग समन्वय गर्दै प्रारम्भिक बाल विकास र शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता बृद्धि गरिने छ ।

### ३.२.२ वर्तमान स्थिति

हाल काठेखोला गाउँपालिकामा प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रहरु जम्मा ४२ वटा रहेका छन् जसमध्ये ४ वटा समुदायमा आधारित र ३८ वटा विद्यालयमा आधारित रहेका छन् । गाउँपालिका भरी कूल ६६९ बालबालिकाहरु बालबिकास केन्द्रमा सहभागी रहेका छन् । छात्राहरुको सङ्ख्या ३०५ र छात्रहरुको सङ्ख्या ३६४ रहेको छ । उमेरगत रुपमा ३ वर्ष उमेरका ३६४ जना र चार वर्ष उमेरका ३०५ जना रहेका छन् । चार वर्ष उमेर समूहका भन्दा तीन वर्ष समूहका बालबालिकाहरुको सहभागिता बढी रहेको छ । बालबालिकाहरुको कूल

भर्ना दर ६०.९ रहेको छ । जस्मा छात्रा भर्ना दर ५९.९ र छात्र भर्नादर ६२.० रहेको छ । समुदायमा बालविकास केन्द्रमा जान योग्य बालबालिकाहरुको सङ्ख्या १०९६ जना (केटी ५०९ र केटा ५८७ जना) रहेको छ । तीन-चार वर्ष उमेरका ४२७ जना (झण्डै ३९ प्रतिशत) बालबालिकाहरु अझै पनि बालविकास केन्द्र भन्दा बाहिर रहेका छन् । बालबिकास र शिक्षामा ४२ जना नेपाल सरकारको अनुदान र २ जना विद्यालयको आन्तरिक स्रोतबाट गरी जम्मा ४४ जना सहजकर्ताहरु कार्यरत छन् । यिनी हरु मध्ये ३० जना आधारभूत पेशागत तालिम प्राप्त छन भने १४ जनाले बालविकास र शिक्षा सम्वन्धि कुनै किसिमको तालिम लिएका छैनन् ।

यस कार्यक्रमको प्रमुख तथा साधारण उद्देश्य समुदायमा रहेका सम्पूर्ण बालबालिकाहरुलाई पूर्ण बालमैत्री वातावरणमा गुणस्तरीय बालविकास र शिक्षामा को अवसर सुनिश्चित गर्ने रहेको छ । यसका लागि निम्न विशिष्टिकृत अपेक्षाहरु निर्धारण गरिएको छ :

१. समुदाय भित्र रहेका, उमेरको योग्यता पुगेका सम्पूर्ण बालबालिकाहरुलाई बालविकास र शिक्षामा सहभागी गराउने,
२. बालविकास र शिक्षालाई गुणस्तरीय, पहुँच योग्य र सर्बसुलभ बनाउने,
३. बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक, संबेगात्मक, विकास मार्फत आधारभूत तहको शिक्षाको लागि योग्य,
४. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रबेश गराउने

### ३.२.४ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरु अवलम्बन गरिने छ :

१. सबैधानिक प्राबधान तथा नीतिगत क्षेत्राधिकार भित्र रहेर स्थापित मापदण्ड र ढाँचा अनुसार गाउँपालिका भित्रको प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन, व्यवस्थापन एवम् सुधार गरिने छ,
२. प्रभावकारी भर्ना अभियान एवम् घरदैलो मार्फत समुदायमा रहेका, बालविकास शिक्षाको लागि उमेर पुगेका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा बालविकास केन्द्रमा भर्नाको व्यवस्था गरिने छ,
३. बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापनलाई बालमैत्री , विपत्त प्रतिरोधी, आधुनिक सुविधायुक्त रुपमा सुधार गरिने छ,
४. बालविकास केन्द्रहरुमा कार्यरत सहजकर्ता/ शिक्षकहरुको पेशागत दक्षता बृद्धि गर्न तालिमको व्यवस्था गरीनेछ,
५. भौगोलिक तथा जनघनत्वको आधारमा बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, नयाँ बालविकास केन्द्रहरुको स्थापना, समायोजन तथा पुर्नवितरण, गरिने छ,

### ३.२.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

गाउँपालिका भित्रका उमेरको योग्यता पुगेका सम्पूर्ण बालबालिकाहरुले गुणस्तरीय बालविकास र शिक्षाको अवसर प्राप्त गर्ने छन् ।

#### ख) नतिजा

१. बालविकासको उमेर पुगेका सम्पूर्ण बालबालिकाहरु एक वर्षको गुणस्तरीय बालविकास र शिक्षा मार्फ आधारभूत शिक्षाको लागि योग्य हुनेछन् ।
२. प्रत्येक वडाहरुमा आवश्यकताको आधारमा पूर्ण बालमैत्री , सुविधा सम्पन्न बालविकास केन्द्रहरु पर्याप्त मात्रामा स्थापनाहुने छन ।
३. बालबालिकाहरुको शारीरिक, मानसिक, संबेगात्मक तथा भाषिक क्षमतामा सुधार हुने छ ।
४. पोषणयुक्त खाजा, स्वास्थ्य र नियमित सरसफाइको कारण बालबालिकाहरुको शारीरिक एवम् मानसिक विकासमा सुधार हुने छ ।

५. बालविकास र शिक्षामा योग्य सक्षम र तालिम प्राप्त सहजकर्ताको प्रर्याप्त व्यवस्थापन भई बालविकास र शिक्षा गुणस्तरीय हुने छ ।
६. बालबालिकाहरुमा सामूहिक भावना, सहयोगी पन तथा सिकाइ प्रति रुचि जागृत हुने छ,
७. बालविकास र शिक्षा प्रति सामुदायिक सहभागिता र जिम्मेबारीतामा बृद्धि हुने छ ।

### ३.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित अपेक्षित नतिजाहरु हासिल गर्न निम्न बमेजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छः

तालिका नं : ३.१

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | घर दैलो तथा भर्ना अभिइ)ान सञ्चाल | पटक | १ | २ | ३ | ३ | ३ | १२ |
| २ | पेशागत तथा क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विद्यालय/बा.वि.के नक्साङ्कन, समायोजन तथा स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | सहजकर्ताहरुलाई पेशागत तथा क्षमता विकास तालिम सञ्चालन | जना | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | पाठ्यक्रम परिमार्जन/प्रवोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण तथा भिटामिन वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | अन्तर वालविकास केन्द्र भ्रमण | | १ | १ | २ | २ | २ | ८ |
| ८ | सहजकर्ताहरुको घुम्ति बैठक | पटक | २ | ३ | ३ | ३ | ३ | १३ |
| ९ | शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी | पटक | १ | २ | ३ | ४ | ४ | १४ |
| १० | वालविकास केन्द्रहरुको व्यवस्थापकीय सुधार | सङ्ख्या | ६ | ९ | १५ | ७ | ५ | ४२ |
| ११ | अभिभावकहरु सँग सहजकर्ताहरुको अर्न्तक्रिया कार्यक्रम | पटक | २ | २ | ३ | ३ | ३ | १३ |

## ३.३. आधारभूत तह

### ३.३.१ परिचय

वर्तमान शिक्षा ऐन २०२८ (नवौं संसोधन) ले प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षाको रुपमा ब्याख्या गरेको छ । आधारभूत तहको शिक्षाको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भइ्) मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । नेपालको संविधानले आधरभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रुपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचका साथै अनिवार्य र निशुल्क पाउने हक हुनेछ भनिएको छ । यसै गरी अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धि ऐन २०७५ ले आधारभूत तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्वन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका वालवालिकालाई विद्यालय पठाउने प्रत्यक नागरिकको कर्तब्य हुने छ भन्ने उल्लेख गरिएको छ । प्रचलित ऐनहरुले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा हो । उक्त शिक्षामा पहुँच, गुणस्तर तथा समता र ब्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाको आधारमा चुनौतिहरु पहिचान गरी आगामी ५ वर्षको लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.३.२ वर्तमान स्थिति

यस गाउँपालिकामा ४३ वटा विद्यालयहरुबाट आधारभूत तहको शिक्षा प्रदान भइ्)रहेको छ । यस मध्ये ४० वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयहरु छन् । कक्षा १ देखि ८ सम्म जम्मा ३५४३ जना विद्यार्थीहरु अध्येयनरत छन् । कक्षा १ देखि ५ सम्म २१७८ जना र कक्षा ६–८ मा १३६५ जना विद्यार्थीहरु छन् । यस तहमा कूल भर्ना दर १०५.३ र खुद भर्ना दर ९७.४ प्रतिशत रहेको छ । लैङ्गिक रुपमा हेर्दा यस तहमा छात्राको कूल भर्ना दर १०४.७ प्रतिशत र छात्रको १०६.० प्रतिशत रहेको छ । त्यस्तै खुद भर्ना दर छात्राको ९६.४ र छात्रको ९८.४ प्रतिशत रहेको छ । आधारभूत तहमा सम्बन्धित उमेर समूहका झण्डै ३ प्रतिशत बालबालिकाहरु विद्यालय भन्दा बाहिर रहेका देखिन्छन् । कक्षा १ देखि ८ सम्म जम्मा ३२७ जना शिक्षकहरु कार्यरत रहे का छन् । यस मध्ये २५३ जना सरकारी दरवन्दीमा रहेका छन् । यस तहको शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिको कारणले असमानता रहेको साथै दलित छात्राहरुको अति गरिबीको कारण विद्यालयको पहुँच पुग्न कठिन छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालवालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्ने पोषण स्वास्थ्य, सरसफाइ , दिवा खाजा जस्ता सेवालाई सुधार गर्नु पर्ने अवस्था रहेको छ । पेशागत रुपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेत्रित्व र व्यवस्थापनमा रहेको समस्याले पनि पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । प्रारम्भिक कक्षाको पढाइ र गणितीय सीपको सिकाइस्तर न्यून छ । ऋयखष्म माहमारीको कारणले अवरुद्ध भएको शिक्षण सिकाइले थप समस्या सृर्जना भएको छ । प्रकोप सङ्कट तथा माहामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर हुन सकेको छैन । पाठ्यक्रमको कार्यान्वयन गर्ने कार्यमा सुधार आवश्यक छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेशागत विकास, अनुगमन सुपरिर्वेक्षण व्यवस्थित गर्नु आवश्यक छ । केन्द्र, प्रदेश र स्थानीय तहका कार्य क्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्वन्धमा थप स्पष्टताको साथै थप कानुनी प्रवन्ध आवश्यक छ । विद्यालयको गुणस्तरमा अभिभावकहरुको सहभागिता वढाई वि.व्य.स र शिक्षक अभिभावक संघको विकासमा ध्यान दिनुपर्ने देखिन्छ । माथिको विश्लेषणको आधारमा आधारभूत तहमा निम्न चुनौतिहरु पहिचान गरिएको छः

- आधारभूत शिक्षामा सबै बालवालिककाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याइ विद्यालयलाई बालमैत्री बनाउने,

- अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयनको साथै सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
- सूचना तथा संचार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्ने,
- आवश्यक शिक्षक दरवन्दिको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति (शिक्षक,प्र.अ तथा कर्मचारी) व्यवस्थापन गर्ने,
- पोषण, स्वास्थ्य, दिवा खाजा लगायतका विद्यार्थी सहायता प्रणालिको उचित व्यवस्था गर्ने,
- विद्यालय शिक्षालाई समावेशि समानतामुलक, विविधता अनुकूल बनाउने,
- माहामारी लगायतका परिस्थिति प्रति विद्यालय शिक्षालाई उत्थानशिल बनाउने,
- शिक्षक तथा विद्यार्थीलाई प्रविधिका प्रयोगको पहुँच विस्तार गर्ने,
- शिक्षकको वृत्ति विकासलाई व्यवस्थित गराइ प्रभावकारी, पारदर्शि, नतिजामा आधारित बनाउने,
- विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउने,
- विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा विकास गर्ने साथै आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वासनीय र वैध बनाउने ।

### ३.३.३ उद्देश्य

यस कार्यक्रमको प्रमुख तथा साधारण उद्देश्य समुदायमा रहेका आधारभूत तहको लागि उमेरको योग्यता पुगेका सम्पूर्ण बालबालिकाहरुलाई पूर्ण गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने रहेको छ । यसका लागि निम्न विशिष्टिकृत अपेक्षाहरु निर्धारण गरिएको छ :

- आधारभूत शिक्षालाई अनिवार्य तथा निशुल्क गरी प्रभावकारी कार्यान्वयनको साथै यस तहको शिक्षामा सबैको समानतामूलक पहुँच र सहभागिता सुनिश्चत गर्ने,
- आधारभूत विद्यालय उमेरका सबै बालवालिकाहरुलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्ने,
- आधारभूत शिक्षा पुरा गरेका सबै बालवालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्ने,
- आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउने,
- विद्यालय शिक्षाको व्यवस्थापकीय तथा प्रशासनिक व्यवस्थामा सुधार गरी विद्यालय पद्धतिलाई जवाफदेही, उत्तरदायीत्वपूर्ण, विविधता अनुकूल बनाउने,
- दैनिक जीवन सँग अधारभूत तहको सिकाइलाई सम्वन्धित गराउने र अन्तरसम्वन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

### ३.३.४ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरु अवलम्बन गरिने छ :

१. लैङ्गिक, आर्थिक, भौगोलिक, जातीय, धार्मिक लगायतका आधारमा आधारभूत तहको शिक्षामा विद्यार्थीको समतामूलक सहभागिता सुनिश्चित गरिने छ,

२. विद्यार्थी सङ्ख्या तथा विषय्गगत आवश्यकताको आधारमा शिक्षक दरवन्दीको पूर्नवितरण तथा आवश्यक थप दरवन्दी कायम गर्नको लागि प्रदेश तथा संघीय सरकार सँग समन्वय गरिने छ,

३. विद्यार्थीहरुलाई सिकाइप्रति प्रोत्साहित गर्न, उनीहरुको विशिष्ट क्षमता पहिचान एवम् विकास गर्न गाउँपालिका स्तरमा शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा आधारित प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ,

४. प्रधानाध्यापकहरुलाई विद्यालय प्रति पूर्ण जवाफदेही, जिम्मेबार र क्रियाशील बनाउन सूचकका आधारमा मूल्याङ्कन गरी पुरस्कार तथा नसियतको व्यवस्था गरिने छ,

५. आधारभूत शिक्षा प्रदायक विद्यालयहरुको भौतिक ब्यवस्थापनलाई आवश्यकताको आधारमा सुदृढ गर्दै सिकाइमैत्री रुपमा विकास गरिने छ ।

६. आधारभूत तहमा अध्यापनरत शिक्षकहरुको क्षमता विकासको लागि पुर्नताजगी तथा क्षमता विकास सम्वन्धी तालिमहरुको व्यवस्था गरिनेछ ।

७. विद्यार्थीहरुमा मौलाउदै गरहेको जङ्कफुड तथा अस्वस्थकर खाजा प्रतिको झुकावलाई निरुत्साहित गरी स्वस्थ र पोषणयुक्त खाजाको लागि आधारभूत तह सम्म दिवा खाजा कार्यक्रम सञ्चालन गरिने छ ।

८. विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण तथा भिटामिन विरणको प्रवन्ध गरिने छ ।

९. आर्थिकरुपले विपन्न, शारीरिक रुपमा फरक क्षमता भएका विद्यार्थीहरुको लागि आवश्यकता अनुसार अनुसार थप छात्रवृत्तिको व्यवस्था गरी विद्यालयमा उनीहरुको सहभागितालाई सुनिश्चित गरिनेख छ,

१०. संविधानको मर्म अनुसारको अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयनको लागि आवश्यक नीति तथा स्रोत व्यवस्थापन गरिने छ,

११. आधारभूत तहको पाठ्यक्रमले निर्धारण गरेका विशिष्ट सिकाइ सक्षमताहरु हासिल गर्न आवधिक रुपमा विद्यालयहरुको सिकाइ उपलब्धी स्तर मूल्याङ्कन गरी शिक्षकलाई प्रधानाध्यापक प्रति र प्रधानाध्यापकलाई गाउँपालिका प्रति जवाफदेही गराउने परिपाटीको विकास गरिने छ,

१२. प्रत्यक्ष भौतिक उपस्थितिका अलवा अन्य बैकल्पिक सिकाइ माध्यमहरुको प्रयोग गरी शिक्षण सिकाइलाई निरन्तर सञ्चालन गर्न सक्षम गराउनको लागि विद्यालयहरुलाई भौतिक, आर्थिक, प्राविधि तथा जनशक्तिको हिसावले सक्षम बनाइने छ,

१३. प्राकृतिक प्रकोप, माहामारी लगायतका संकटासन्न अवस्थामा उत्पन्न हुनसक्ने जोखिमबाट बच्न र विद्यालयलाई सामान्य रुपमा सञ्चालन गर्न विद्यालयहरुलाई पूर्व तयारी गर्न एवम् जोखिम प्रतिकार्य योजनाहरु निर्माण गरी कार्यान्वयन गर्न लगाइने छ ।

१४. विद्यार्थीहरुको सिकाइ प्रति अभिभावकलाई जिम्मेबार र सचेत बनाउन आवधिक रुपमा अभिभावक शिक्षा कार्यक्रमहरु सञ्चालन गरिने छ,

१५. निश्चित अन्तरालमा विद्यालयहरुको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारका षेत्रहरु पहिचान गरिने छ,

१६. सिकाइलाई अनुभव, अभ्इ)ास, व्यवहार र मौलिक परिवेश सँग जोडन स्थानीय सामग्री, प्रविधि र अनुभवहरु सँग विद्यार्थीहरुलाई परिचित गराउने गरी शिक्षकहरुलाई प्रोत्साहन गरिने छ,

१७. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरे अनुसार विद्यालय शिक्षा लाई विविधता अनुकूल, समतामुलक र समावेशी गराउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग गरी सिकाइ सामग्री तथा विधिको छनौट, विकास र प्रयोग गरिने छ,

१८. काठेखोला गाउँपालिका र आसपास क्षेत्र भित्र रहेका मौलिक, परम्परागत, सांस्कृति कुराहरु, कला, सीप, प्रविधि, उत्पादन आदिको पहिचान, संरक्षण र प्रवर्धन गर्ने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिने छ ।

### ३.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धी

गाउँपालिका भित्रका आधारभूत तहको शिक्षाको लागि उमेरको योग्यता पुगेका सम्पूर्ण बालबालिकाहरुले गुणस्तरीय आधारभूत शिक्षाको पहुँच प्राप्त गर्नेछन् ।

#### ख) प्रमुख नतिजाहरु

१. गाउँपालिका भित्रका सम्पूर्ण बालबालिकाहरुले पूर्णतः निशुल्क रुपमा आधारभूत तहको शिक्षामा सहभागी हुनेछन् ।
२. राष्ट्रिय स्तरमा निर्धारित आधारभूत तहका सिकाइ सक्षमताहरु हासिल गर्न विद्यार्थीहरु सक्षम हुने छन् ।
३. गा.पा. भित्र आधारभूत तहको शिक्षामा विद्यार्थीहरुको सहभागिता, सिकाइ उपलब्धि, आर्थिक, लैङ्गिक, भौगोलिक, सामाजिक आदि लगायतका विभिन्न समता सूचकहरुमा सुधार हुने छ ।
४. आधारभूत तहमा योग्य, दक्ष तथा कुशल प्रधानाध्यापक एवम् शिक्षकहरुको उचित ब्यववस्थापन भई विद्यार्थीको सिकाइ गुणस्तरीय हुनेछ ।
५. विद्यालयहरु विपत्त, माहामारी लगायतका संकटासन्नटाको हिसावले सुरक्षित रही बैकल्पिक विधि, प्रणालिहरुको प्रयोग गरी शिक्षणसिकाइलाई निरन्तरता प्रदान गर्न सक्षम हुनेछन् ।
६. विद्यालयमा जङ्क फूड, अस्वस्थकर खाद्यबस्तु को प्रयोग पूर्णत निषेध भई पोषणमा आधारित दिवा खाजा कार्यक्रमको कारण विद्यार्थीहरुको स्वस्थ सिकाई गुणस्तरमा सुधार हुने छ ।
७. विद्यालयहरु भौतिक सुविधा तथा प्रविधिको व्यवस्थापन र प्रयोगमा सम्पन्न र सक्षम हुने छन् ।
८. विद्यार्थीहरुमा स्थानीय परम्परागत कला, संस्कृति, पेशा, ब्यावसाय, प्रविधि र मौलिकता प्रति माया गर्ने, संरक्षण र प्रवर्धन गर्ने बानीको विकास हुनेछ ।

#### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित अपेक्षित नतिजाहरु हासिल गर्न निम्न बमेजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.२
मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | आधारभूत तहको शिक्षाको लागि उमेर पुगेका तर विद्यालयको पहुँचबाट बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन/ घरदैलो कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | पेशागत तथा क्षमता विकास तालिम सञ्चालन | जना | ५० | १०० | १०० | १०० | १०० | ४५० |
| ३ | विद्यालय नक्साङ्कन, विद्यालय समायोजन दरबन्दी अध्यावधिक तथा निर्धारण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | अभिभावक शिक्षा कार्यशाला सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | ५० |
| ५ | विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | स्थानीय पाठ्यक्रम निर्माण, परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | तथा प्रवोधीकरण | | | | | | | |
| ७ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण तथा भिटामिन वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सूचना तथा संचार प्रविधिको प्रयोग तथा क्षमता विकास | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ९ | वि.व्य.स. तथा शि.अ.स. पदाधिकारीहरुको क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | विद्यालयको भौतिक सुधार (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खाने पानी, घेराबार, आदि) | विद्यालय | ८ | १२ | १५ | १० | ५ | ५० |
| ११ | विद्यालयमा मानव संसाधन सहयोग व्यवस्थापन (शिक्षक, कर्मचारी, स्वास्थ्य कार्यकर्ता, लेखापाल, द्वारपाल, कार्यालय सहयोगी आदि) | विद्यालय | विद्यालय को आवश्यकताको आधारमा | विद्यालयको आवश्यकताको आधारमा | विद्यालयको आवश्यकताको आधारमा | विद्यालयको आवश्यकताको आधारमा | विद्यालयको आवश्यकताको आधारमा | विद्यालयको आवश्यकताको आधारमा |
| १२ | क्ष्त्रत तथा लेखा तालिम सञ्चालन | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| १३ | विद्यालयमा नियमित तथा सघन अनुगमन | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| १४ | विपत् , माहामारी जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| १५ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम र दिवा खाजाको प्रवन्ध | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| १६ | विद्यालयको कार्य सम्पादन परीक्षण | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| १७ | शैक्षिक तथा खोलकुद सामग्री वितरण | विद्यालय | १० | १० | १० | १० | १० | ५० |
| १८ | शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी | पटक | १ | १ | १ | २ | २ | ७ |
| १९ | विद्यार्थी सत्यापन तथा विद्यालयको विवरण संकलन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २० | शिक्षकहरु द्वारा अन्तर विद्यालय अवलोकन | पटक | १ | १ | २ | ३ | ३ | १० |
| २१ | विद्यालयका खाली जग्गाहरुमा वृक्षारोपण तथा वातावरणीय सरसफाइ | पटक | १ | १ | १ | १ | १ | ५ |
| २२ | लक्षित छात्रवृत्ति वितरण तथा सिकाइ प्रोत्साहन कार्यक्रम सञ्चालन | विद्यार्थी | २००० | २२०० | २५०० | २८०० | ३००० | १२५०० |
| २३ | शिक्षक विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श, योग शिविर सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.४ माध्यमिक शिक्षा

### ३.४.१ परिचय

शिक्षा ऐन २०२८ (नवौं संसोधन) ले कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क हुने र यस तहको शिक्षाको व्यवस्थापन एवम् सञ्चालनमा स्थानीय सरकारको एकल तथा संघ, प्रदेश र स्थानीय तहको संयुक्त जिम्मेवारी रहने व्यवस्था गरिएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले माध्यमिक तहको शिक्षा राज्यले निःशुल्क प्रदान गर्ने उल्लेख गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन किसिमको हुने गरी पाठ्यक्रमको संरचना निर्माण गरेको छ । माध्यमिक तहको शिक्षाको लक्ष्य विद्यार्थीहरुमा मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप तथा दृष्टिकोण तथा व्यवहारहरु आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने रहेको छ । माध्यमिक तह उच्च शिक्षाको आधार हो । यस तहको शिक्षाले एकातर्फ वर्तमन श्रम बजारमा विक्न सक्ने जनशक्ति निर्माणको आधार खडा गर्न आवश्यक छ भने अर्को तर्फ उच्च शिक्षामा विशिष्टिकरण हासिल गर्न सक्ने क्षमतावान विद्यार्थीहरु उत्पादन गर्नु पर्छ । संवैधानिक तथा नीतिगत रुपमा प्रदत्त अधिकारको सिमा भित्र रहेर स्थानीय तहले यस तहको शिक्षा व्यवस्थापन र सञ्चालनमा यथेष्ट ध्यान पुऱ्याउनु आवश्यक रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

काठेखोला गाउँपालिका भित्र माध्यमिक तह सञ्चालित विद्यालयहरु ११ वटा रहेका छन् । यस मध्ये १० वटा सामुदायिक र १ वटा नीजी रुपम सञ्चालनमा रहेका छन् । ८ वटा विद्यालयहरुले कक्षा १ देखि १२ सम्म को शिक्षा प्रदान गरिरहेका छन् । ३ वटा विद्यालयहरु कक्षा १ देखि १० सम्म सिमित रहेका छन् । कक्षा ९-१२ मा जम्मा १७१५ जना विद्यार्थीहरु अध्ययनरत छन् । छात्राहरुको सङ्ख्या ८९० र छात्रहरुको सङ्ख्या ८२६ रहेको छ । भर्ना सहभागितामा छात्रा-छात्र समता सूचक १.०७ रहेको छ । कक्षा ९-१० मा औसत उत्तीर्ण दर ९६.३५ रहेको छ । औसत कक्षा छोड्ने दर (कक्षा ९-१०मा) २.३ रहेको छ । शैक्षिक सत्र २०७७ मा कक्षा ९-१०का प्रमुख पाँच विषय नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक तथा जनसङ्ख्या र विज्ञान विषयहरुमा औसत सिकाइ उपलब्धी क्रमशः ४१.७४, ४१.७६, ४८.९२, ४१.२४, र ४१.३२ रहेको छ । पाँच वटै विषयको समग्र औसत सिकाइ उपलब्धी ४२.९९ रहेको छ । माध्यमिक तहमा कूल र खुद भर्नादर क्रमशः ६६.१ र ५३.८ छ । कक्षा ९-१० को खुद भर्ना दर ८१.७ प्रतिशत छ । तर कक्षा ११-१२मा खुद भर्नादर जम्मा २६.० प्रतिशत मात्र रहेको छ । शिक्षक व्यवस्थापन तर्फ स्थायी २१ जना, अस्थायी ११ जना, राहत २५ जना, सिकाइ अनुदान २ जना र विद्यालयको आन्तरिक स्रोतबाट २३ गरी जम्मा ८२ जना शिक्षकहरु कार्यरत छन् । कक्षा ९-१०मा कार्यरत ५८ जना शिक्षक मध्ये ३६ जना (६२.०६ प्रतिशत) ले पेशागत आधारभूत तालिम प्राप्त गरेका छन् भने २२ जना (३७.९३ प्रतिशत) तालिम अप्राप्त रहेका छन् ।

### ३.४.३ उद्देश्य

यस योजनाले माध्यमिक तहमा गाउँपालिका भित्रका सम्वन्धित उमेर समूहका सम्पूर्णलाई निःशुल्क गुणस्तरीय माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गर्ने प्रमुख तथा साधारण उद्देश्य तय गरेको छ । यसलाई पुरा गर्न निम्न सहायक एवम् विशिष्टिकृत अपेक्षाहरु निर्धारण गरिएको छः

१. आधारभूत तह उत्तीर्ण सबैलाई निःशुल्क गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने,
२. माध्यमिक तहमा खुद भर्नादर बृद्धि गर्ने,
३. माध्यमिक तहमा कक्षा दोहोऱ्याउने, विचैमा कक्षा छोड्ने दर लाई नियन्त्रण गरी विद्यार्थी टिकाउ दर, औसत सिकाइ उपलब्धी दरमा सुधार गर्ने,
४. राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारण गरेका यस तहका विशिष्टिकृत सक्षमता हासिल गर्ने,

५. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुको शैक्षिक, भौतिक, व्यवस्थापकीय तथा सुशासन क्षमतामा सुधार गरी विद्यालयहरुलाई, सुरक्षित, बालमैत्री, समावेशी, सुविधासम्पन्न रुपमा गुणस्तरीय बनाउने,
६. गाउँपालिका भित्र माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच र सान्दर्भिकतामा बृद्धि गर्ने,
७. विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताको आधारमा शिक्षक दरबन्दी कायम गरी योग्य र दक्ष शिक्षकको व्यवस्थापन मार्फत माध्यमिक तहको सिकाइ गुणस्तरलाई सुधार गर्ने,
८. माध्यमिक शिक्षा पुरा गर्ने सबै वालवालिकाहरुलाई आफ्नो दैनिक जीवनयापन, रोजगारी र निरन्तर सिकाइको लागि सक्षम वनाउने,
९. संकटको अवस्थामा पनि सिकाइ प्रक्रिया निरन्तर सञ्चालन गर्न सक्ने गरी विद्यालयहरुलाई सक्षम बनाउने ।

### ३.४.४ रणनीतिहरु

यस तहका उद्देश्यहरु पुरा गर्न निम्न रणनीतिहरु तय गरिएको छ :

१. आधारभूत तह उत्तीर्ण सबै बालबालिकाहरुको तथ्याङ्क एकिन गरी माध्यमिक तहमा अनिवार्य भर्नाको लागि अवसर सुनिश्चित गरिने छ ।
२. गाउँपालिका भित्र रहेका माध्यमिक तहको शिक्षाको उमेर पुगेका बालबालिकाहरुको लगत संकलन गरी विद्यालयको पहुँचबाट बाहिर रहेका विद्यार्थीहरुलाई माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गरिने छ ।
३. शिक्षण सिकाइलाई वातावरण मैत्री, बालमैत्री, प्रविधि मैत्री र विद्यालयहरुलाई रमणीय रुपमा विकास गरी विद्यार्थीहरुको दैनिक सहभागिता र सिकाइको गुणस्तरमा उल्लेख्य सुधार गरिने छ ।
४. बालबालिकाहरुको सिकाइमा अभिभावकको दायित्व र जिम्मेवारी बृद्धि गर्न अभिभावका सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ ।
५. कुलतबाट विद्यार्थीहरुलाई जोगाउन र स्वस्थकर जीवनशैली निर्माण गर्न विद्यार्थी र अभिभावकहरुलाई मनोपरामर्श गर्ने, घरबाट खाजा बोक्ने प्रणालिको विकास गर्ने, विद्यालयहरुलाई लागुपदार्थ, मध्यपान, धुमपान लगायतका कुराहरुबाट सुरक्षित राख्ने कुराहरुमा यथेष्ट ध्यान दिइने छ ।
६. शिक्षकहरुलाई पुर्नताजगी तथा क्षमता विकास सम्वन्धि तालिमको व्यवस्था मिलाइने छ ।
७. विज्ञान, प्रविधि, इन्जिनियरिङ,कला र गणित ध्क्त्ःब्ः० जस्ता विषयहरु प्रति विद्यार्थीहरुलाई आकर्षित गर्दै प्राविधिक तथा व्यावसायिक क्षिक्षाको प्रयोगलाई विस्तार गर्दै लगिने छ ।
८. प्रत्येक शिक्षक तथा विद्यार्थीहरुलाई विद्यार्थीको सिकाइ उपलब्धी प्रति जबाफदेही र जिम्मेबार बनाउने प्रणालिको विकास गरिने छ ।
९. बिद्यार्थीहरुको सिकाइ उपलब्धी र विद्यालय व्यवस्थापनको कार्य सम्पादन परीक्षण गरी सूचकका आधारमा अंकन गरी विद्यालयहरुलाई स्तरीकरण गर्ने र प्रोत्साह तथा नसियतको व्यवस्था गरिने छ ।
१०. योगदानको आधारमा प्र.अ, शिक्षक,कर्मचारी तथा विद्यालय सँग सम्वद्ध पक्षहरुलाई पुरस्कृत एवम् प्रोत्साहन गर्ने परिपाटिको प्रयोग गरिने छ ।
११. शैक्षिक, भौतिक, व्यवस्थापकीय एवम् सुशासन पक्षको मूल्याङ्कन गरी विद्यालयहरुलाई आवश्यकता अनुसार भौतिक निर्माण तथा शैक्षिक र व्यवस्थापकीय सुधारको लागि क्रमशः सहायता उपलब्ध गराइने छ ।
१२. प्रत्येक माध्यमिक विद्यालयहरुमा सम्पूर्ण विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको सहज पहुँच पुग्ने गरी उच्च क्षमताको इन्टरनेट जडान गरिनेछ । साथै विद्यालयका हरेक गतिविधिहरुलाई डिजिटलाइट गर्दै लगिने छ ।
१३. गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा आवश्यकता अनुसार पर्याप्त र सुविधायुक्त विज्ञान प्रयोगशाला, प्रविधिक तथा व्यावसायिक प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, पुस्तकालयको विकास गरिनेछ ।

१४. विद्यार्थीहरुलाई पोषण तथा स्वास्थ्य सेवा प्रदान गर्न दिवा खाजा र नर्स व्यवस्थापनको लागि प्रदेश सरकार, संघीय सरकार तथा अन्य दात्तृ निकायहरु सँग समन्वय र सहयोगको खोजी गरिने छ ।

१५. विद्यार्थीहरुको सिकाइ गुणस्तर बढाउन र विद्यालयहरु बिच अनुभव आदान प्रदान गर्न अन्तर विद्यालय अवलोकन, शिक्षकहरुको अन्तर कक्षा अवलोकन जस्ता कार्यहरुलाई अघि बढाइने छ ।

१६. सबै विद्यालयहरुमा विपत्त् व्यवस्थापन योजना निर्माण गर्न लगाई कार्यान्वयनमा ल्याइने छ ।

१७. संकटको बेला पनि बैकल्पिक माध्यम हरुको प्रयोग गरी सिकाइ सञ्चालन गर्न सक्ने गरी विद्यालयहरुको क्षमता विकास गरिने छ ।

१८. गाउँपालिका भित्र रहेका नमुना र प्रविधिक विद्यालयहरुको क्षमता विस्तार गरी कक्षा ११-१२ मा विज्ञान तथा प्रविधि सम्वन्धी पठनपाठन सञ्चालनको लागि सक्षम बनाइने छ ।

१९. विद्यार्थीहरुमा पाठ्यक्रमका विषयबस्तुका अतिरिक्त अन्य प्रतिभाहरुको पहिचान र विकासका लागि विविध अवसरहरु प्रदान गरिने छ ।

### ३.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धी

गाउँपालिका भित्रका योग्यता पुगेका सबै बालबालिकाहरु लाई नि:शुल्क गुणस्तरीय माध्यमिक शिक्षाको अवसर सुनिश्चित हुने छ ।

#### ख) नतिजा

१. आधारभूत तह उत्तीर्ण सबै बालबालिकाहरु नि:शुल्क माध्यमिक शिक्षामा सहभागी हुने छन् ।

२. माध्यमिक क्षिक्षाको अवसर र गुणस्तरमा सुधार आई खुद भर्ना दर, उत्तीर्ण दर र टिकाउ दरमा बृद्धि हुने छ ।

३. सबै माध्यमिक विद्यालयहरुमा योग्य र तालिम प्राप्त शिक्षकहरुको पर्याप्त व्यवस्था हुने छ ।

४. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरु शैक्षिक, भौतिक तथा व्यवस्थापकीय र सुशासनको हिसाबले सक्षम हुनेछन् ।

५. सबै माध्यमिक विद्यालयहरु सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन र सिकाइमा यसको प्रयोग गर्न सक्षम हुनेछन् ।

६. विपत् तथा माहामारीजन्य परिस्थितिमा विद्यालयहरु सुरक्षित रही सिकाइलाई निरन्तरता प्रदान गर्न सक्ने रुपमा विकसित हुनेछन् ।

७. माध्यमिक शिक्षामा भर्ना, सहभागिता तथा सिकाइ उपलब्धीमा लैङ्गिक, आर्थिक, भौगोलिक तथा सामाजिक समता सूचकमा सुधार हुनेछ ।

८. विद्यार्थीहरुमा पाठ्यक्रमका निर्दिष्ट सक्षमताहरुको अतिरिक्त अन्य विशिष्ट क्षमताहरुको प्रस्फुटन र विकास भई) आफ्नो दैनिक जीवनयापन, रोजगारी र निरन्तर सिकाइको लागि सक्षम हुनेछन् ।

९. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुको शैक्षिक, भौतिक, व्यवस्थापकीय तथा सुशासन क्षमतामा सुधार भई विद्यालयहरु, सुरक्षित, बालमैत्री, समावेशी र सुविधा सम्पन्न रुपमा गुणस्तरीय हुनेछन् ।

#### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित अपेक्षित नतिजाहरु हासिल गर्न निम्न बमेजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छः

तालिका नं : ३.३

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | आधारभूत तहको शिक्षा उत्तीर्ण गरेका एवम् विद्यालयको पहुँचबाट बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गर्ने तथा माध्यमिक तहमा भर्नाको लागि प्रोत्साहन गर्ने | पटक | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर |
| २ | विद्यालय नक्साङ्कन, विद्यालय समायोजन दरबन्दी अध्यावधिक तथा निर्धारण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | तालिम अप्राप्त शिक्षकहरुको लागि आधारभूत पेशागत तथा क्षमता विकास तालिम सञ्चालन । | शिक्षक | ४० | ४० | २२ | ० | ० | १०२ |
| ४ | आधारभूत पेशागत तालिम प्राप्त शिक्षकहरुको लागि क्त्भ्ङ: मा आधारित तालिम | शिक्षक | ८० | ८० | ८० | ४२ | ४० | ३२२ |
| ५ | नमुना तथा प्राविधिक विद्यालयहरुको क्षमता अध्ययन गरी विज्ञान, प्रविधि र व्यावसायिक सीप, कम्प्युटर विज्ञान जस्ता विषयहरु सञ्चालन गर्नको लागि आधार निर्माण | पटक | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित |
| ७ | अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | २ | २ | २ | २ | ९ |
| ८ | विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | कक्षा ११-१२ मा विषय थप | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| १० | विद्यालयको कार्य सम्पादन परीक्षण तथा विद्यालय स्तरीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | शिक्षक विद्यार्थीहरुको स्वास्थ्य परीक्षण , किशोरीहरुको लागि फोलिक एसिड तथा आइरन लगायतका भिटामिनहरु वितरण | पटक | २ | २ | २ | २ | २ | १० |
| १२ | किशोरी आत्म रक्षा तालिम | विद्यालय | १० | १० | १० | १० | १० | ५० |
| १३ | सूचना तथा सञ्चार प्रविधिको | विद्यालय | ४ | ६ | १० | १० | १० | १० |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ वर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | प्रयोग तथा क्षमता विकास ( ध्मदकष्तभ, क्अजययर्ा ?बलबनभ्कभलत कयातधबचभ, कबचत त्ख, ऋत्रृ ऋकभचब, ऋयक्उगतभच आदि व्यवस्थापन सहयोग) | | | | | | | |
| १४ | वि.व्य.स. तथा शि.अ.स. पदाधिकारीहरुको क्षमता विकास तालिम सञ्चालन | जना | ४० | ५० | ६० | ४० | २० | २१० |
| १५ | विद्यालयको भौतिक सुधार ( भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खाने पानी, घेराबार,आदि) | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| १६ | विद्यालयमा मानव संसाधन व्यवस्थापन (शिक्षक, कर्मचारी, स्वास्थ्य कार्यकर्ता, लेखापाल, द्वारपाल, कार्यालय सहयोगी आदि) | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| १७ | भ:क्ष्क, क्ष्ऋत तथा लेखा तालिम सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | १० |
| १८ | विद्यालयहरुको सघन अनुगमन | विद्यालय | १० | १० | १० | १० | १० | १० |
| १९ | विपत् , माहामारी जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | विद्यालय | १० | १० | १० | १० | १० | १० |
| २० | विद्यालयहरुमा जङ्क फुड नियन्त्रण, पोषणयुक्त दिवा खाजाको लागि शिक्षक, विद्यार्थी तथा अभिभावक बीच परामर्श सञ्चालन, | विद्यालय | १० | १० | १० | १० | १० | १० |
| २१ | विद्यालयहरुलाई शैक्षिक तथा खोलकुद सामग्री वितरण | विद्यालय | १० | १० | १० | १० | १० | १० |
| २२ | निजी विद्यालयहरुलाई नियमन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २३ | शैक्षिक सामग्री निर्माण तथा प्रदर्शन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २४ | विद्यार्थी सत्यापन तथा विद्यालयको विवरण संकलन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २५ | शिक्षकहरुद्वारा अन्तर विद्यालय अवलोकन | पटक | २ | ३ | ४ | ४ | ४ | १७ |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| २६ | विद्यालयका खाली जग्गाहरुमा वृक्षारोपण तथा वातावरणीय सरसफाई | पटक | १ | १ | १ | १ | १ | ५ |
| २७ | शिक्षक विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श, नैतिक आध्यात्मिक प्रशिक्षण, योग शिविर सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २८ | व्यावसायिक प्रयोगशाला निर्माण | विद्यालय | ० | १ | ० | १ | ० | २ |

## ३.४ उच्च शिक्षा

### ३.४.१ परिचय

नेपालमा माध्यमिक तहका सिकाइ सक्षमताहरु हासिल गरिसके पछि विशिष्टिकरणको लागि जाने गन्तव्य थलोको रुपमा उच्च शिक्षा लाई लिइन्छ । उच्च शिक्षाको उद्देश्य विशिष्टिकृत क्षमतावान दक्ष जनशक्ति तयार गर्नु हो । नेपालको संविधान २०७२ ले उच्च शिक्षाको व्यवस्थापन र सञ्चालनको अधिकार प्रदेश सरकारको मातहतमा जिम्मा लगाएको छ भने केन्द्रीय विश्वविद्यालय, विश्वविद्यालय मापदण्ड र नियम निर्धारण गर्ने अधिकार संघीय सरकारको मातहतमा रहेको छ । संविधानको धारा ३१, राज्यका नीति अर्न्तगत उच्च शिक्षालाई सहज, गुणस्तरीय, पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउदै जाने व्यवस्था गरिएको छ । यसै सन्दर्भमा अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क उच्च शिक्षा पाउने हकको प्रत्याभूत गरिएको छ । १५ औं योजनाले आधारभूत, माध्यमिक र उच्च शिक्षालाई निर्दिष्ट गर्ने एउटै छाता ऐन निर्माण गर्ने रणनीतिक प्रस्ताव अघि सारेको देखिन्छ ।

नेपालमा उच्च शिक्षा प्रदायक संस्थाको रुपमा विश्व विद्यालयहरु रहेका छन् । हालसम्म नेपालमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुदुर पश्चिमाञ्चल विश्वविद्यालय, नेपाल कृषि तथा बन विश्वविद्यालय, नेपाल खुल्ला विश्वविद्यालय, राजर्षी जनक विश्वविद्यालय र गण्डकी विश्वविद्यालय गरी १२ वटा उच्च शिक्षा प्रदायक विश्वविद्यालयहरु सञ्चालनमा रहेका छन् । उच्च शिक्षाको व्यवस्थापन तथा सञ्चालन को अधिकार स्थानीय सरकार अन्तरर्गत नरहेता पनि विभिन्न विश्वविद्यालयहरुबाट सम्वन्धन लिएर सामुदायिक क्याम्पसहरु सञ्चालन गरी स्थानीय शिक्षाको विकासलाई गति प्रदान गर्ने कुरामा स्थानीय सरकारको अहम भूमिका रहन्छ । यसै सन्दर्भ काठेखोला गाउँपालिका भित्र उच्च शिक्षाको विकास र विस्तारको लागि यस योजनाले महत्वपूर्ण रणनितिक कार्यक्रमहरु अघि सारेको छ ।

### ३.४.२ वर्तमान अवस्था

काठेखोला गाउँपालिकामा उच्च शिक्षा प्रदायक २ वटा स्नातक क्याम्पसहरु सञ्चालनमा रहेका छन् । यी दुबै क्याम्पसहरु त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त छन् । वडा नं ५ मा विहुँकोट अमर क्याम्पस व्यवस्थापन संकायबाट र वडा नं ६ मा भिमसेन क्याम्पस शिक्षाशास्त्र संकायबाट सञ्चालनमा रहेका छन् । दुबै क्याम्पसमा जम्मा १४६ जना विद्यार्थीहरु अध्ययनरत छन् । अमर क्याम्पसमा ५ जना र भिमसेन क्याम्पसमा ७ जना गरी जम्मा १२ जना शिक्षकहरु कार्यरत छन् । यस मध्ये ३ जना पूर्णकालीन र ९ जना आंशिक रहेका छन्

। भिमसेन क्याम्पसमा १ जना पूर्णकालीन कर्मचारीको व्यवस्था रहेको छ । तर अमर क्याम्पसमा सो व्यवस्था हुन सकेको छैन । अमर क्याम्पसमा काठेखोला गा.पा.का वडा नं ५, ६, र ८ को साथै गल्कोट न.पा. र ताराखोला गा.पा.बाट पनि विद्यार्थीहरु अध्ययनको लागि आउने गर्छन । भिमसेन क्याम्पसमा काठेखोला गा.पा.का वडा नं. १, २, ३, ४ र ७ सम्मबाट विद्यार्थीहरु अध्ययनको लागि आउने गर्छन् । अमर क्याम्पसले टाढाका विद्यार्थीहरुका लागि आवासीय सुविधा उपलब्ध गराउँदै आइरहेको छ । दुबै क्याम्पसहरुको आर्थिक स्रोत व्यवस्थापन समुदायबाट हुने गरेको छ । काठेखोला गाउँपालिका बागलुङ जिल्ला सदरमुकाका नजिक रहेकाले यहाँका अधिकांश विद्यालयहरु सदरमुकामका क्याम्पसहरुमा जाने गर्छन् । साथै व्यवस्थापन र शिक्षाशास्त्र बाहेक अन्य समूहका विषयहरु अध्ययनको लागि वर्षेनी धेरै सङ्ख्यामा विद्यार्थीहरुले गाउँ छोडेर देशका विभिन्न शहरहरुमा जाने गर्छन् ।

### ३.४.३ उद्देश्यहरु

यस कार्यक्रमको प्रमुख उद्देश्य तहमा काठेखोला गाउँपालिकामा माध्यमिक तहको शिक्षा हासिल गरिसकेका विद्यार्थीहरुलाई सुलभ रुपमा उच्च शिक्षाको अवसर प्रदान गरी गाउँपालिका र समग्र राष्ट्रको विकासमा नै योगदान गर्न सक्ने आधुनिक शिक्षा द्वारा शिक्षित, चरित्रवान र वैज्ञानिक चिन्तन भएको दक्ष नागरीक तयार गर्नु हो । साथै अन्य विशिष्टिकृत अपेक्षाहरु निम्न रहेका छन् :

१. गाउँपालिका भित्र रहेका उच्च शिक्षाको लागि तयार भएका विद्यार्थीहरुका लागि उच्च शिक्षाको पहुँच र सान्दर्भिकता बृद्धि गर्ने,
२. ग्रामीण विकासको लागि आवश्यक मध्यम स्तरीय जनशक्तिको उत्पादन गरी गाउँपालिका भित्रको जनशक्तिको मागलाई पुरा गर्ने,
३. उच्च शिक्षाको माध्यमबाट क्षमतावान, कुशल, विकास प्रेमी कार्यकर्ता तयार गरी स्थानीय विकासलाई प्रवर्धन गर्ने,
४. आर्थिक रुपले विपन्न, लैङ्गिक, भौगोलक तथा सामाजिक रुपले पछि परेका विद्यार्थीहरुको लागि आफ्नै स्थानीय परिवेशमा सुलभ रुपममा गुणस्तरीय उच्च शिक्षाको अवसर प्रदान गर्ने,
५. गाउँपालिका भित्र नै प्राविधिक तथा व्यावसायिक क्षेत्रमा उच्च शिक्षा सञ्चालनको लागि आधारशिला विकास गर्ने ।
६. सामुदायिक स्वामित्वमा सञ्चालित क्याम्पसहरुको आर्थिक, शैक्षिक तथा व्यवस्थापकीय प्रणालीमा सुधार गरी गुणस्तरीय बनाउने,
७. उच्च शिक्षाको खोजिमा बाहिरिने तथा बसाई सर्ने प्रवृत्तिलाई निराकरण गर्ने ।

### ३.४.४. रणनीतिहरु

१. शैक्षिक, भौतिक तथा व्यवस्थापकीय सुधार गरी गाउँपालिका भित्र सञ्चालनमा रहेका क्याम्पसहरुको क्षमता, सान्दर्भिकता र गुणस्तरमा बृद्धि गरिने छ ।
२. हाल सञ्चालनमा रहेका क्याम्पसहरुमा आवश्यकता अनुसार शिक्षा, व्यवस्थापन र मानविकी संकायहरु थप गरी बहुमुखी क्याम्पसको रुपमा विकास गरिने छ ।
३. क्याम्पसहरुको आर्थिक स्रोत व्यवस्थापनको लागि समुदाय, दात्तृ निकाय, प्रदेश सरकार, संघीय सरकार, विश्वविद्यालय अनुदान आयोग जस्ता निकायहरुसँग सहयोगको लागि समन्वय अघि बढाइने छ ।
४. सर्वसुलभ रुपमा उच्च शिक्षा प्रदान गर्नको लागि क्याम्पसले निर्धारण गर्ने शुल्कलाई वैज्ञानीक र व्यवहारिक रुपमा समायोजन गर्दै लगिने छ ।
५. उच्च शिक्षाको नाममा हुने वसाइसराई लाई नियन्त्रण गर्न क्याम्पसहरुको आवश्यकता अनुसार स्तरोन्नति, सुविधा वृद्धि, पहुँच विस्तार गर्दै लगिने छ ।
६. टाढाका, डेरा गरेर बस्नुपर्ने विद्यार्थीहरुका लागि छात्रबासको प्रवन्ध गरिने छ ।
७. क्याम्पसहरुको व्यवस्थापन तथा स्वामित्व ग्रहणमा समुदायलाई थप जिम्मेबार गराउँदै लगिने छ ।

८. गाउँपालिका भित्र सञ्चालित माध्यमिक तह र उच्च शिक्षामा लम्बीय रुपमा विषयगत सम्वन्ध कायम हुने गरी क्याम्पसहरुमा पठापाठन गरिने विषयहरुको छनौट र व्यवस्थापन गरिने छ ।
९. क्याम्पसहरुमा प्रविधिक तथा व्यावसायिक विषयहरु पठन पाठन सञ्चालन गर्न सकिने गरी क्रमश: आधारशिलाहरु खडा गरिनेछ ।
१०. उच्च शिक्षामा अध्ययनमा सकेसम्म समतामूलक र समावेशी हुनेगरी क्याम्पसहरुको व्यवस्थापन गरिने छ ।
११. क्याम्पसहरुमा विषयगत रुपमा पूर्णकालीन दक्ष शिक्षक तथा कर्मचारीहरुको पर्याप्त व्यवस्था गरिने छ ।
१२. लक्षित छात्रवृत्तिको व्यवस्था गरी उच्च शिक्षामा विद्यार्थीहरुको सहभागितालाई बृद्धि गरिने छ ।

### ३.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धी

गाउँपालिकाका सबै माध्यमिक शिक्षा उत्तीर्ण विद्यार्थीहरुका लागि सुलभ र गुणस्तरीय उच्च शिक्षाको अवसर प्राप्त हुनेछ ।

#### ख) नतिजा

यस कार्यक्रमको कार्यान्वयनबाट निम्न नतिजाहरु हासिल हुने अपेक्षा गरिएको छ :

१. गाउँपालिका भरीका सबै विद्यार्थीहरुका लागि सुलभ र गुणस्तरीय उच्च शिक्षाको पहुँच सुनिश्चित हुनेछ ।
२. हाल सञ्चालित क्याम्पसहरुको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय क्षमता र सक्षमतामा सुधार भइ) शिक्षा गुणस्तरीय हुनेछ ।
३. गाउँपालिका भित्र उच्च शिक्षाको आर्थिक व्यस्थापनको स्रोत भरपर्दो र चिरस्थायी हुनेछ ।
४. विषगत रुपमा पूर्णकालीन दक्ष शिक्षकको पर्याप्त व्यवस्थापन भई सिकाइ गुणस्तरीय हुनेछ ।
५. गाउँक्षेत्रको विकास प्रति प्रतिबद्ध, दक्ष र बैज्ञानिक चरित्रवान जनशक्ति आवश्यक मात्रामा उत्पादन हुनेछ ।

#### ग) प्रमुख क्रियाकलाप

उल्लेखित अपेक्षित नतिजाहरु हासिल गर्न निम्न बमेजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ:

तालिका नं : ३.४
मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | गाउँपालिका भित्र रहेका माध्यमिक तह उत्तीण, उच्च शिक्षा पढन योग्य विद्यार्थीहरुको लगत संकलन तथा भर्ना अभिइ)ान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | पूर्णकालीन शिक्षक/ कर्मचारी व्यवस्थापनको लागि परामर्श | क्याम्पस | २ | २ | २ | २ | २ | २ |
| ३ | प्रदेश सरकार, संघीय सरकार, विश्वविद्यालय अनुदान आयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | तथा अन्य दात्तृ निकायहरु सँग सहयोगको लागि समन्वय, आर्थिक स्रोत संकलन अभिइ)ान सञ्चालन | | | | | | | |
| ४ | गाउँपालिकाबाट क्याम्पसहरुलाई भौतिक पूर्वाधार विकास अनुदान प्रदान | क्याम्पस | २ | २ | २ | २ | २ | २ |
| ५ | संकाय तथा, विषयहरु थप | क्याम्पस | ० | ० | २ | २ | २ | २ |
| ६ | पूर्णकालिन शिक्षक तथा कर्मचारी व्यवस्था (नयाँ थप) | सङ्ख्या | ० | ० | २ | २ | २ | ६ |
| ७ | सूचना तथा सञ्चार प्रविधिको विकास/ सुधार | क्याम्पस | २ | २ | २ | २ | २ | २ |
| ८ | छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | ५ | ७ | १० | १२ | १५ | ४९ |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

### ३.५.१. परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति विद्यार्थी तथा अभिभावकहरुको आकर्षण दिन प्रतिदिन गुणात्मक रुपले बृद्धि हुदै गइरहेको छ । व्यावसायिक संसारमा कामलाई व्यवहार कुशल सीप सँग जोडने शिक्षा प्रणाली प्राविधिक तथा व्यावसायिक शिक्षा हो । नेपाल श्रमको आपूर्ति कर्ता देश हो । वर्षेनी ठूलो सङ्ख्यामा श्रमिकहरु कामको खोजीमा विश्व श्रम बजारमा प्रवेश गर्छन् । प्राविधिक सीप तथा तालिको अभावको कारण नेपाली श्रमिकहरुको सिमान्त उत्पादकत्व न्यून रहेको छ । प्रविधिक ज्ञान सीपको अभावकै कारण न्यून पारिश्रमकका जोखिमपूर्ण काम गर्न बाध्य छन् । देशमा रहेको बेरोजगारी समस्यालाई हल गर्न, सीपयुक्त श्रम निर्यात गर्न तथा घरेलु उत्पादकत्वलाई बृद्धि गर्न नेपालले ढिलो नगरी प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँचमा वृद्धि गर्न आवश्यक छ ।

नेपालमा व्यावसायीक शिक्षाको इतिहास तिर हेर्दा लिच्छवी शासन काल सम्म पुगिन्छ । त्यसै समय देखिनै सिकेका कुराहरुलाई अनौपचारिक रुपमा हस्तकला, मुर्तिकला तथा वास्तुकलाको रुपमा प्रयोग गरेको पाइन्छ । मल्ल तथा शाहकालमा पनि भौतिक संरचना निर्माणमा स्वदेशी एवम् विदेशी प्राविधिज्ञहरुको प्रयोग हुने गरेको देखिन्छ । नेपालमा औपचारीक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको शुरुवात वि.सं.१९९९ सालमा स्थापित प्रविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट भएको हो । प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासकै क्रममा वि.सं. २०१९ सालमा काठमाडौं बालाजुमा स्थापित मेकानिकल प्रशिक्षण केन्द्र र बुटवल टेक्निकल इन्स्टिच्युट बाट व्यवस्थित रुपमा व्यावसायिक तालिम प्रदान गर्ने कार्य शुरु भइ)ो । दोस्रो पञ्चवर्षिय योजना देखि नै नेपालमा बहु उद्देश्यीय विद्यालयहरु स्थापना गरी विद्यालयहरुमा व्यावसायिक शिक्षाको शुरुवात गरियो । तर यो खास प्रभावकारी हुन सकेन । प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ निकै महत्वपूर्ण दस्तावेजको रुपमा देखियो । यस योजनाले माध्यमिक तहमा कम्तिमा पनि एउटा व्यावसायिक विषय अनिवार्य विषयको रुपमा समाबेश गर्ने व्यवस्था गऱ्यो । प्राविधिक तथा व्यावसायिक शिक्षालाई थप ब्यवस्थित र सुलभ गराउँदै जाने सन्दर्भमा वि.सं. २०३७ साल देखि आधुनिक प्राविधिक शिक्षाको शुरुवात भयो । वि.सं २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक

तालिम परिषद् (CTEVT) को स्थापना भयो । वि.सं २०५० साल देखि नीजी स्तरमा पनि प्राविधिक शिक्षा सञ्चालनको अनुमति वितरण शुरु भयो । हाल नेपालमा सरकारी, नीजी र सामुदायिक स्तरमा सञ्चालन भएका विभिन्न प्राविधिक विद्यालय तथा विश्वविद्यालयहरुबाट प्राविधिक शिक्षा व्यावसायिक सीप विकासम्वन्धि शिक्षा/तालिम प्रदान हुने गरेको छ । नेपाल सरकारले क्रमशः प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासमा ध्यान केन्द्रित गर्दै गइरहेको देखिन्छ । प्रत्येक स्थानीय तहमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने माध्यमिक विद्यालय स्थापना गर्ने उद्देश्यका साथ विद्यालयहरुलाई अनुमति तथा आर्थिक-प्राविधिक सहयोग उपलब्ध गराउदै आइरहेको छ । यसै क्रममा काठेखोला गाउँपालिकामा पनि कक्षा ९ देखि १२ सम्म प्राविधिक शिक्षा प्रदान गर्ने गरी एक माध्यमिक विद्यालय सञ्चालनमा रहेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति विद्यार्थीको बढ्दो आकर्षण र आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाले यसको विकास र विस्तारको लागि यस योजनामा समावेश गरेको छ ।

### ३.५.२. वर्तमान अवस्था

काठेखोला गाउँपालिकामा १ वटा प्राविधिक माध्यमिक विद्यालय रहेको छ । वि.सं. २०७० साल देखि नेपाल सरकार शिक्षा तथा मानवस्रोत विकास केन्द्र बाट अनुमति प्रदान भएको ४ वर्षे (कक्षा ९-१२) सिभिल इन्जिनियरिङ विषयको पठनपाठन सञ्चालन हुँदै आइरहेको छ । यस प्राविधिक विद्यालयबाट अहिले सम्म ७४ जना छात्रा र १४५ जना छात्र गरी जम्मा २१९ जना विद्यार्थीहरुले प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गरिसकेका छन् । यी मध्ये अधिकांश प्राविधिक जनशक्ति (सबओभरसियर्स) को रुपमा विभिन्न क्षेत्रहरुमा रोजगार प्राप्त छन् भने केही उच्च शिक्षा हासिल गर्न विश्वविद्यालयहरुमा जोडिएकाछन् । शैक्षिक सत्र २०७८ मा ८७ जना विद्यार्थीहरु कक्षा ९-१२ सम्म उक्त विषयमा प्राविधिक शिक्षा अध्ययन गरिरहेका छन् । यिनीहरु मध्ये २६ जना छात्रा र ६१ जना छात्रहरु रहेका छन् । प्राविधिक शिक्षामा लैङ्गिक समता सूचक ०.४२ रहेको छ । यस विद्यालयमा जम्मा ८ जना शिक्षकहरु प्राविधिक शिक्षामा कार्यरत छन् ।

### ३.५.३ उद्देश्यहरु

यस कार्यक्रमको प्रमुख उद्देश्य गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँचमा विस्तार गर्दै गाउँपालिकाको विकासलाई गुणात्मक रुपमा अघि बढाउनु हो । यसको साथै अन्य विशिष्टिकृत उद्देश्यहरु निम्न रहेकाछन् :

१. प्राविधिक तथा व्यवावसायिक शिक्षा र तालिम मार्फत काठेखोला गाउँपालिका तथा राष्ट्रको लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने,

२. गाउँपालिका भित्र सुलभ रुपमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच र सान्दर्भिकतामा बृद्धि गरी लैङ्गिक, आर्थिक, सामाजिक, जातिगत एवम् भौगोलिक रुपमा सबैको सहभागितामूलक सहभागिता सुनिश्चित गर्ने ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम मार्फत गाउँपालिका भित्र रोजगारी प्रवर्धन, व्यावसायमूलक उद्यमको विकास गरी गरिवी न्यूनीकरण गर्ने ।

### ३.५.४ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरु अवलम्वन गरिने छ :

१. गाउँपालिका भित्र हाल सञ्चालनमा रहेको प्राविधिक विद्यालयको क्षमता र स्तरमा वृद्धि गरी प्राविधिक शिक्षाको पहुँच र गुणस्तरमा बृद्धि गरिने छ ।

२. आधारभूत तह उत्तीर्ण विद्यार्थीहरुलाई कक्षा ९ बाट नै प्राविधिक शिक्षा पढ्न आकर्षित गरिने छ ।

३. आवश्यकताको आधारमा अन्य माध्यमिक विद्यालयहरुमा पनि क्रमशः विभिन्न प्राविधिक धारका विषयहरु पठनपाठन गर्ने व्यवस्था गरिने छ ।

४. विद्यालयहरुमा व्यावसायिक प्रयोगशाला स्थापना गरी आवश्यकताको आधारमा विद्यार्थीहरुलाई विभिन्न स्थानीय व्यावसायिक तालिम एवम् सीपमूलक कार्यक्रमहरु प्रदान गरिने छ ।

५. प्राविधिक शिक्षालाई कम खर्चिलो र सुलभ बनाउन प्रदेश सरकार, संघीय सरकार साथै अन्य दातृ संघ संस्था एवम् निकायहरु सँग आर्थिक एवम् प्राविधिक सहयोगको लागि समन्वय गरिने छ ।
६. प्राविधिक शिक्षा पढ्न चाहने टाढाका विद्यार्थीहरुको लागि आवासीय सुविधा उपलब्ध गराइने छ ।
७. हाल सञ्चालनमा रहेका साधारण धारका क्याम्पसहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न सक्ने गरी पूर्वाधारहरुको विकास गरिने छ ।
८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमबाट उत्पादित जनशक्तिलाई गाउँपालिका भित्र नै रोजगारी प्राप्त गर्ने तथा पेशा व्यावसाय सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

### ३.५.५ उपलब्धी , नतिजा , प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम मार्फत दक्ष प्राविधिक एवम् व्यावसायिक जनशक्ति उत्पादन भई गाउँपालिकाको विकासमा टेवा पुग्ने छ ।

#### ख) नतिजा

१. गाउँपालिकामा हाल संचालनमा रहेको प्राविधिक विद्यालयको क्षमता र स्तरमा सुधार आई प्राविधिक शिक्षाको गुणस्तरमा सुधार हुने छ ।
२. विभिन्न धारका प्राविधिक माध्यामिक विद्यालयहरुको सङ्ख्यामा वृद्धि भई प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर सर्वसुलभ हुनेछ ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास मार्फत गाउँपालका भित्र व्यावसायिक उद्यमशिलताको प्रवर्धन हुँदै जाने छ ।
४. ग्रामिण विकासको लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन हुनेछ ।

#### ग) प्रमुख क्रियाकलाप

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.५

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | माध्यमिक विद्यालयमा प्राविधिक धार थप | विद्यालय | ० | १ | ० | ० | ० | १ |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासको लागि प्रदेश सरकार, संघीय सरकार, तथा अन्य दातृ निकायहरु सँग सहयोगको लागि समन्वय, आर्थिक स्रोत संकलन अभिइ)ान सञ्चालन | पटक | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित |
| ३ | प्राविधिक शिक्षा पढने विद्यार्थीहरुको लागि लक्षित | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | २५ |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | छात्रबृत्ति प्रदान | | | | | | | |
| ४ | व्यावसायिक सीप विकास प्रयोगशाला स्थापना | विद्यालय | ० | १ | ० | १ | ० | २ |
| ५ | प्राविधिक शिक्षा सञ्चालनको लागि विद्यालय तथा क्याम्पसको सम्भाव्यता अध्ययन | विद्यालय / क्याम्पस | ० | १ | ० | ० | १ | २ |

### ३.६.पाठ्यक्रम र पाठ्य सामग्री

### ३.६.१ परिचय

पाठ्यक्रम शिक्षा क्षेत्रको सबै भन्दा महत्वपूर्ण दस्तावेज हो । राज्यले निर्धारण गरेको दिर्गकालीन राष्ट्रिय सोच, उद्देश्य तथा नीतिहरुको प्रत्यक्ष सम्वन्ध पाठ्यक्रमसँग जोडिएको हुन्छ । पाठ्यक्रम समुदायको आवश्यकता, सिकारुको मनोविज्ञान, पूर्व स्थापित दर्शन, समाजको वर्तमा अवस्था जस्ता कुाहरुमा आधारित हुनु पर्छ । पाठ्यक्रम लचिलो र गतिशिल हुनु पर्छ । पाठ्यक्रमले राष्ट्रिय शिक्षा नीतिले तय गरेका समग्र आवशयकताहरु पुरा गर्न सक्नु पर्छ । पाठ्यक्रम समतामूलक, विभेद रहित, सान्दिर्भिक, समसामयिक, विश्वसनीय, सिकारु केन्द्रित, प्रविधिमैत्री हुनुपर्छ । पाठ्यक्रमले विद्यार्थी, शिक्षक, अभिभावक, समाज तथा राष्ट्रले राखेका अपेक्षा पुरा गर्न सक्नुपर्छ । राष्ट्रिय विकासको विश्वस्तरीय प्रतिस्पर्धामा भाग लिन सक्ने आधुनिक ज्ञान विज्ञान, प्रविधि तथा सकरात्मक सोचले योग्य जनशक्ति निर्माणको लागि आवश्यक खुराक पाठ्यक्रमले प्रदान गर्नु पर्छ । स्थानीय स्तरमा रहेका परम्परागत कला, संस्कृति, सीप तथा मौलिकताहरुको संरक्षण गर्ने कार्य पाठ्यक्रको नै हो ।

नेपालमा विद्यालय स्तरको पाठ्यक्रमको विकासक्रमलाई हेर्दा २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाको लागु सगै अघि बढेको देखिन्छ । पाठ्यक्रमको समसामयिक परिमार्जन र सुधारको सन्दर्भमा २०६३ सालको राष्ट्रिय पाठ्क्रम प्रारुपले विद्यालय स्तरको पाठ्यक्रमलाई ब्यवाहरिक, वैज्ञानिक, सार्न्दभिक र वढी समतामूलक बनाउने प्रयत्न गरेको छ । पाठ्क्रम निरन्तर गतिशिल र युगोचित रुपमा अध्यावधिक हुँदै जानु पर्छ । पाठ्यक्रमको निरन्तर सुधार कै सन्दर्भमा आधुनिक संस्करणको रुपमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ । वि.सं २०८० साल सम्ममा कक्षा १ देखि १२ सम्म नै लागु भैसक्ने कार्यतालिका रहेको छ । यस पाठ्यक्रको संरचना कक्षा १-३, ४-५, ६-८, ९-१० र ११-१२ मा फरक फरक किसिमको रहेको छ । आधारभूत शिक्षा (कक्षा -३) मा एकिकृत स्वरुपको पाठ्यक्रमको व्यवस्था गरिएको छ । सिकाइका क्षेत्रहरु पहिचान गरी बहु विषयात्मक तथा अन्तरविषयात्मक ढाँचामा आधारित पाठ्यक्रम प्रस्ताव गरिएको छ । कक्षा १-३ मा अध्ययन गर्ने विद्यार्थीहरुको लागि भाषा, गणित, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, सिर्जनात्मक कला, मातृभाष तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरु कायम गरिएको छ । आधारभूत शिक्षा (४-५) मा विद्यार्थीहरुलाई भाषा गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, स्वास्थ्य-शारीरिक, सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयहरुका सिकाइ क्षेहरुमा शिक्षा प्रदान गर्ने व्यवस्था गरिएको छ । आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीहरुलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरु निर्धारण गरिएको छ ।

माध्यमिक तह ९-१२ मा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन किसिमका शिक्षा प्रणालिमा आधारित पाठ्यक्रमको व्यवस्था गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले शिक्षा प्रणालिमा आमुल परिवर्तनको आधार तयार गरेको छ । शिक्षालाई सिकारुको चाहना, स्थानीय आवश्यकता र विश्वबजार सँग जोड्न खोजेको छ । नयाँ शैक्षिक संरचना सँगै कार्यान्वयनको चरणमा रहेको यस पाठ्यक्रमको कार्यान्वयनमा थुप्रै चुनौतिहरु उत्पन्न हुने निश्चित देखिन्छ । यी चुनौति र समस्याहरुको पहिचान गरी समाधानका उपायहरु अवलम्वन गर्न आवश्यक छ । यस योजनाले काठेखोला गाउँपालिकामा पाठ्यक्रमको कार्यान्वयनमा देखिएका र देखिन सक्ने सम्भावित चुनौतिहरुको पहिचान गरी तिहरुको समाधान गर्दै नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको आधार तयार गरेको छ । साथै स्थानीय पाठ्यक्रम निर्माण एवम् परिमार्जको लागि ठोस रणनीतिक कार्यकलाप निर्धारण गरेको छ ।

### ३.६.२ वर्तमान अवस्था

पाठ्यक्रम समग्र शिक्षा व्यवस्थाको मार्गनिर्देशक दस्तावेज हो । परिवर्तनको सिद्धान्त अनुसार पाठ्यक्रमको समयानुकुल परिवर्तन, परिमार्जन र रुपन्तरण आवश्यक छ । राष्ट्रिय पद्धतिको योजना २०२८ देखि हाल सम्म आइपुग्दा नेपालको विद्यालय तहको पाठ्यक्रममा पटक- पटक परिवर्तन र पमिार्जन हुदै आएको छ । हाल नयाँ पठ्यक्रमको रुपमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ निर्माण भई कार्यान्वयनको क्रममा रहेको छ । वि.सं २०७७ साल देखि कक्षा १ र ११ बाट कार्यान्वयन शुरु भएको पाठ्यक्रम वि.सं २०८० साल सम्ममा आधरभूत र माध्यमिक तहका सबै कक्षाहरुमा लागु हुने समय तालिका निर्धारण भएको छ । यस पाठ्यक्रमले कतिपय पुरानै विषयवस्तुहरुलाई परिमार्जन सहित निरन्तरता दिएको छ भने कतिपय विषयवस्तुहरु नितान्त नयाँ राखिएको छ । पाठ्यक्रमले नवीनतम दृष्टिकोण, व्यवाहार कुशल सीप, सूचना प्रविधिको प्रयोग, खोज तथा अनुसन्धानमा आधारित विषय क्षेत्रहरु लाई समावेश गरेको छ । कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयवस्तुहरुलाई एकीकृत गरिएको छ । व्यवहारिक एवम् जिवनोपयोगी सीपमा आधारित क्रियाकलापहरु निर्धारण गरिएको छ । आधारभुत तहको पाठ्यक्रमले स्थानीय परिवेशमा आधारित एवम् दैनिक जीवन सँग सम्वन्धित सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था गरेको छ । प्रत्येक विषयमा २५ देखि ५० प्रतिशत सम्म भारको स्थानीय स्तरमा आधारित प्रयोगात्मक कार्य, परियोजना कार्य वा अभ्यास गराउने व्यवस्था गरिएको छ । आधारभूत तहको शिक्षण सिकाइमा आवश्यकता अनुसार मातृभाषा प्रयोग गर्न सकिने, सूचना प्रविधिलाई व्यवहारिक सीप सिकाइ सँग जोड्ने, मुल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्नुपर्ने जस्ता कुराहरु पाठ्यक्रममा समावेश गरिएको छ । कक्षा ६-८ मा साधारण शिक्षा, संस्कृत/गुरुकुल/बेदविद्याश्रम शिक्षा र गोल्पा तथा विहार/ मदरसा शिक्षा गरी तीन धारका पाठ्यक्रमहरुको व्यवस्था गरिएको छ । आधारभूत तहमा निरन्तर मूल्याङ्कन, आन्तरिक तथा वाह्यि मूल्याङ्नको व्यवस्था, अक्षराङ्कन पद्धतिको पयोग, केहि कक्षामा स्तरीकृत परीक्षाको प्रारम्भ जस्ता कुराहरुको व्यवस्था वर्तमान पाठ्यक्रमले गरेको छ ।

माध्यमिक तह ९-१२ को पाठ्यक्रम साधारण शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र परम्परागत शिक्षा गरी तीन किसिमका शिक्षा प्रणालिमा आधारित रहेको छ । यस तहका विषयहरुलाई अनिवार्य तथा ऐच्छिक समूमा वर्गीकरण गरी ऐच्छिक समूहबाट विषय रोज्ने स्वतन्त्रता विद्यालयलाई प्रदान गरिएको छ । कक्षा १ देखि १० सम्म पाठ्यक्रम तथा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार गरी छपाइ गर्ने र वितरण गर्ने जिम्मा जनक शिक्षा सामग्री केन्द्रलाई दिएको छ । कक्षा १ देखि १० सम्मका सम्पूर्ण विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गराउनको लागि स्थानीय तहमार्फत खरिद अनुदानको व्यवस्था गरिएको छ । पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम तथा पाठ्यपुस्तकको अतिरिक्त शिक्षक निर्देशिकाहरु, सन्दर्भ सामग्रीहरु, श्रव्य, श्रव्य-दृश्य भर्चुअल सिकाइ सामग्रीहरु निर्माण गरी वेवसाइट मार्फत उपलब्ध गराएको छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रम ९भ्न्चए० लागु भएका जिल्लाहरुमा आवश्यक सन्दर्भ सामग्रीहरु निर्माण गरी वितरण गरिएको छ ।

काठेखोला गाउँपालिका भित्रका सम्पूर्ण आधारभूत तथा माध्यमिक विद्यालयहरुमा पनि पाठ्यक्रम विकास केन्द्रले निर्माण गरी कार्यान्वयनमा ल्यएको नयाँ पाठ्यक्रम २०७६ क्रमश: लागु भइरहेको छ । यस

गाउँपालिकामा पनि प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP) लागु भएकोले सो सम्वन्धि सन्दर्भ सामग्रीहरु पालिका भित्रका सबै विद्यालयहरुमा उपलब्ध भएको छ । आधारभूत तहमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिए पनि हाल सम्म पाठ्यक्रम निर्माण हुन सकेको छैन् । काठेखोला गाउँपालिकामा पाठ्यक्रम, सन्दर्भ सामग्री तथा मूल्याङ्कन प्रणालीको विकास तथा कार्यान्वयनका प्रमुख चुनौतिहरु यस प्रकार पहिचान गरिएको छ :

१. नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्थापन, शिक्षक तालिम, शिक्षण सिकाइ विधि तथा सामग्री निर्माण तथा प्रयोगमा कठिनाई रहनु,
२. प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको लागि पर्याप्त मात्रामा शिक्षक व्यवस्थापन, प्रयोगशाला व्यवस्थापन, प्रयोगात्मक कार्यकलाप सञ्चालन, खर्च व्यवस्थापनमा कठिनाइ हुनु,
३. स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माणका लागि क्षमता विकासमा कठिनाइ हुनु,
४. पाठ्यक्रम कार्यान्वयनमा गाउँपालिकाको प्रदेश सरकार तथा संघीय सरकार सँगको समन्वय विकासमा कठिनाइ उत्पन्न हुनु,
५. शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक रुपमा फरक क्षमता (अपाङ्गता) भएका विद्यार्थीहरुको लागि सिकाइ विधि एवम् सामग्री विकास र प्रयोगमा लचकताको अभाव रहनु,
६. नयाँपाठ्यक्रम कार्यान्वयनको लागि विद्यालयको भौतिक तथा व्यवस्थापकीय क्षमता विकासमा कठिनाइ उत्पन्न हुनु,
७. नियमित अनुगमन एवम् सुपरिवेक्षण संयन्त्र विकास र कार्यान्वयनमा कठिनाई हुनु,
८. माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ बीच सिकाइ समय, मूल्याङ्कन, शिक्षण विधि तथा सामग्री प्रयोगमा समता एवम् समन्वय विकास गर्न कठिनाई हुनु,
९. शिक्षकहरुलाई नयाँ पाठ्रक्रम र पाठ्य सामग्री प्रयोग सम्वन्धी अभिमुखीकरण तथा अध्यावधीकरणमा कठिनाई हुनु,
१०. नयाँ पाठ्यक्रमले व्यवस्था गरे अनुसार विद्यार्थीहरुलाई मातृभाषामा सिक्ने अवसरको व्यवस्थापन गर्न कठिनाइ हुनु,
११. नयाँ पाठ्यक्रम कार्यान्वयनको लागि आवश्यक पाठ्यसामग्री, सन्दर्भ स्रोतहरु तथा अन्य सहयोगी सामग्रीहरु समयमा उपलब्ध गराउने व्यवस्था,

### ३.६.३ उद्देश्य

यस कार्यक्रमको साधारण तथा प्रमुख उद्देश्य गाउँपालिका भित्र नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत सिकाइ गुणस्तरमा बृद्धि गर्नु हो । यसका अतिरिक्त अन्य विशिष्टकृत उद्देश्यहरु निम्न रुपमा निर्धारण गरिएको छ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्धारण गरेको आधारभूत तथा माध्यमिक शिक्षाको पाठ्यक्रमलाई गाउँपालिका भित्रका सबै विद्यालयहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गरी शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्तिमा सहयोग गर्ने,
२. नयाँ पाठ्यक्रम कार्यन्वयनको सन्दर्भमा उत्पन्न हुने चुनौति र अवसरहरु पहिचान गरी तिनीहरुको क्रमशः निराकरण र उपयोग गरी पाठ्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्ने,
३. स्थानीय पाठ्यक्रम मार्फत विद्यार्थीहरुलाई स्थानीय भूगोल, परिवेश, सीप, कला, संस्कृति, मूल्य, मान्यता, नैतिकता, समुदाय, अर्थतन्त्र, धर्म, प्रविधि, पेशा-व्यावसायप्रति जानकार गराउँदै आफ्नो गाउँपालिका प्रति प्रेम र गर्व गर्न सक्ने नागरिकको रुपमा तयार गर्ने,
४. पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम सिकाई कार्यकलाप, मूल्याङ्कन, सिकाइ विधि, प्रविधि तथा सामग्रीहरुको व्यवस्थापन एवम् प्रयोगमा सुधार गरी विद्यार्थीहरुको सिकाइलाई व्यवहारिक र गुणस्तरीय बनाउने,

५. प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति आकर्षित गर्ने,

### ३.६.४ रणनीतिहरु

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लाई निर्धारित समय अनुसार सम्वन्धित तह र कक्षाहरुमा कार्यान्वयन गर्दै लगिने छ । र गाउँपालिकाबाट नियमित अनुगमन गर्ने परिपाटीको व्यवस्था मिलाइने छ ।
२. नयाँ पाठ्यक्रमको सहज कार्यान्वयनकने लागि आवश्यक पर्ने पाठ्य सामग्री, सन्दर्भ सामग्रीहरु तथा सहयोगी सामग्रीहरु विद्यालयमा ठीक समयमा उपलब्ध गराउने व्यवस्था गरिने छ ।
३. पाठ्यक्रमको मर्म अनुसार यसको कार्यान्वयनका लागि स्थानीय स्तरमा उपलब्ध हुनसक्ने तथा खरिद गर्नु पर्ने सामग्रीहरुको व्यवस्थापनको लागि विद्यालयलाई सहयोग गरिने छ ।
४. पाठ्यक्रमलाई सकेसम्म स्थानीय परिवेश र आवश्यकता अनुसार कार्यन्वयन गरिने छ ।
५. पाठ्यक्रमको कार्यान्वयनमा उत्पन्न हुने चुनौति तथा अवसरहरु पहिचान गरी तिनिहरुको समाधान र उपयोग गर्दै पाठ्यक्रमको व्यावहारिक कार्यान्वयनमा जोड दिइने छ ।
६. शिक्षकको पेशागत क्षमता विकासको लागि शिक्षक तालिमको व्यवस्था गरिने छ ।
७. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथमिकता दिइने छ ।
८. विद्यालयहरुलाई बैकल्पिक सिकाई विधिहरुको प्रयोग गरी पाठ्यक्रमको कार्यान्वयन गर्न सक्ने गरी क्षमता विकास गरिने छ ।
९. सबै सामुदायिक विद्यालयहरुलाई सुचना तथा प्रविधिमा आधारित सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्ने गरी क्षमता विकास गरिने छ ।
१०. स्थानीय आवश्यकताको आधारमा कक्षा १ देखि ७ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्यन गरिने छ ।
११. विद्यार्थीहरुको सिकाइ उपलब्धीप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

### ३.६.५ उपलब्धी , नतिजा , प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धी

नयाँ पाठ्यक्रम २०७६ तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत विद्यार्थीहरुको सिकाइ लाई जिवनोपयोगी र व्यवहारिक भएको हुने छ ।

#### ख) नतिजा

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्धारण गरेका तहगत सिकाइ सक्षमताहरु सहज रुपमा हासिल हुने छ ।
२. नयाँ पाठ्यक्रम कार्यन्वयनको सन्दर्भमा उत्पन्न हुने चुनौति र अवसरहरु पहिचान भई तिनीहरुको प्रभावकारी व्यवस्थापन र उपयोग हुनेछ ।
३. स्थानीय पाठ्यक्रम निर्माण भई प्रभावकारी कार्यान्वयन हुने छ ।
४. विद्यालयहरुमा पाठ्य सामग्री, सन्दर्भ सामग्री तथा अन्य आवश्यक सहयोगी सामग्रीहरुको व्यवस्था प्रर्याप्त मात्रामा व्यवस्था हुने छ ।
५. प्राविधिक शिक्षाको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत सिकाइ गुणस्तरमा वृद्धि भई) प्राविधिक तथा व्यवसायिक शिक्षाप्रति विद्यार्थीहरुको आकर्षण बढ्ने छ ।
६. नयाँ पाठ्यक्रम कार्यान्वयन गर्नको लागि विद्यालयहरु भौतिक, व्यवस्थापकीय, जशक्ति तथा सूचना प्रविधिको तहमा सक्षम हुने छन् ।

७. निरन्तर तथा आवधिक, आन्तरिक तथा वाह्यि, प्रयोगात्मक तथा सैद्धान्तिक विविध मूल्याङ्कन तरिकाहरुको प्रयोग भइ) विद्यार्थी मूल्याङ्कन व्यवहारिक र सिकाइको गुणस्तर सुधारको अभिन्न अङ्गको रुपमा विकसित हुने छ ।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.६

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | नयाँ पाठ्यक्रम सम्वन्धी शिक्षकहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण कार्यशाला गोष्ठी सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | प्रदेश सरकार तथा संघीय सरकार सँग पाठ्यक्रम कार्यन्वयनको लागि समन्वय, अन्तरक्रिया | पटक | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित |
| ४ | नयाँ पाठ्यक्रम कार्यन्वयन सहजिकरणको लागि आवश्यकता अनुसार विद्यालयको क्षमता सुधार | पटक | आवश्यकत ा अनुसार नियमित | आवश्यकत ा अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकत ा अनुसार नियमित | आवश्यकता अनुसार नियमित |
| ५ | विद्यालयहरुलाई पाठ्य साममग्री, सन्दर्भ सामग्री निर्माण तथा प्रयोग सम्वन्धी आर्थिक एवम् प्राविधिक सहयोग प्रदान | विद्याल य | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ६ | विद्यालयहरुको अनुगमन तथा सुपरीवेक्षण | पटक | २ | ३ | ४ | ४ | ४ | १७ |
| ७ | शिक्षकहरुलाई विज्ञान, प्राविधिक विषय, अङ्ग्रेजी, कला र गणित विषयको शिक्षण सीप विकास सम्वन्धी तालिमको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | स्थानीय पाठ्यक्रमको विकास एवम् कार्यान्वयन, | पटक | १ | ० | ० | ० | ० | १ |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | नयाँ पाठ्यक्रम कार्यान्वयन, परीक्षा तथा मूल्याङ्न सञ्चालन लगायतका व्यवस्थापनको लागि पाठ्यक्रम निर्माण तथा अनुगमन संयन्त्र विकास | | | | | | | |
| ९ | पाठ्यक्रम विकास केन्द्र द्वारा विकास गरिएका आवश्यक सामग्रीहरु संकलन गरी सबै विद्यार्थीहरुको सहज पहुँच पुग्ने गरी पुस्तकालयमा राख्ने | विद्यालय | २० | ३० | ५० | ५० | ५० | ५० |
| १० | शिक्षक निर्देशिका तथा पाठ्यक्रम प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | १ |
| ११ | शारीरिक, मानसिक तथा मनोवैज्ञानिक क्षमता फरक भएका विद्यार्थीहरुका लागि अनुकूल हुने किसमका पाठ्य सामग्री, शिक्षण विधि, सामग्री र मूल्याङ्कन तरिका विकास र प्रयोग | पटक | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित | आवश्यकता अनुसार नियमित |
| १२ | शिक्षकलाई विद्यार्थीहरुको सिकाइ उपलब्धीप्रति जवाफदेही र जिम्मेवार बनाई सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको आधारको रुपमा विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | १ |
| १३ | आधारभूत तथा माध्यमिक तहको परीक्षा तथा मूल्याङ्कनको लागि विद्यालयहरुको क्षमता विकास गर्ने । | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |

## ३.७. शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

शिक्षक शिक्षा प्रणालिको प्रमुख पात्र हो । प्रसिद्ध दार्शनिक प्लेटोले शिक्षकलाई वालवालिकाको मनोविज्ञान थाहपाउने व्यक्तिको रुपमा मानेका छन् । त्यस्तै जोन एडम्सले शिक्षकलाई मानव निर्माताको रुपमा चित्रण गरेका छन् । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार शिक्षक सिकाइ सहजीकरण प्रक्रियाको केन्द्र हो । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले शिक्षकलाई सिकाइ सहजीकरण प्रक्रियाको सहजकर्ता, उत्प्रेरक, पवर्तक, खोजकर्ताको रुपमा परिभाषित गरेको छ । पाठ्यक्रमको कार्यान्वयनको सफलता–असफलता शिक्षकको योग्यता, क्षमता, क्रियाशील तामा निर्भर गर्छ । विद्यार्थीको सिकाइ गुणस्तर वृद्धि गर्नको लागि शिक्षकको शिक्षण गुणस्तरको सुधार गर्नु आवश्यक पर्छ । पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयनमा शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रमका विषयवस्तुको अतिरिक्त समकालिन राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाहरुको ज्ञान, सिकारुहरुको सिकाइ क्षमता र चाहनालाई वुझेर शिक्षण गर्न सक्ने क्षमता, सिकाइका विधि, प्रविधि र सामग्रीहरुको छनौट एवम् प्रयोग गर्न सक्ने विशिष्ट कला, आफ्नो पेशा प्रति प्रतिवद्ध, जिम्मेबार र उत्तरदायी शिक्षकबाट नै पाठ्यक्रमको सफल कार्यान्वयन सम्भव हुन्छ । यसका लागि शिक्षक व्यवस्थापनमा ध्यान दिनु आवश्यक पर्छ । हाल दक्ष र योग्य शिक्षकको निर्माण र व्यवस्थापन तर्फ राज्यको ध्यान क्रमशः केन्द्रित हुँदै गएको छ । विगतको तुलनामा सक्षम शिक्षक छनौट गर्ने, शिक्षकको क्षमता विकासमा लगानी वृद्धि गर्ने, विद्यार्थीहरुको सिकाइ उपलब्धिको आधारमा शिक्षक मूलयाङ्कन तथा प्रोत्साहन गर्ने, शिक्षकलाई पेशागत र नतिजा प्रति उत्तरदायी गराउने परिपाटीको प्रयोग बढ्दै गइरहेको छ ।

नेपालमा शिक्षक तयार गर्ने काम विश्वविद्यालय तथा विद्यालयहरुबाट हुँदै आइरहेको छ । विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक अनुसारको दरबन्दी निर्धारण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले गर्छ । विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक दरबन्दी सङ्ख्याको आधारमा शिक्षक छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने काम शिक्षक सेवा आयोगले गर्छ । शिक्षकको उम्मेदवार बन्नको लागि आवश्यक पर्ने अध्यापन अनुमतिपत्रको परीक्षा सञ्चालन र अध्यापन अनुमतिपत्र वितरण गर्ने, शिक्षक बढुवा गर्ने जस्ता कार्यहरु शिक्षक सेवा आयोगले गर्दै आइरहेको छ । शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका शिक्षकहरुलाई नियुक्ति तथा पदस्थापन गर्ने, अस्थायी तथा विद्यालयको आन्तरिक स्रोतका शिक्षक नियुक्ति गर्ने, विद्यार्थी सङ्ख्या तथा विषयगत अधारमा शिक्षकको समायोजन तथा पुर्नवितरण गर्ने, स्थायी शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय तहले गर्छ । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुन्छ भने सोही नीति बमोजिम शिक्षक तालिम तथा पेशागत सीप विकास सम्वन्धी सामग्रीको निर्माण शिक्षा तथा मानवस्रोत विकास केन्द्रले गर्छ । तालिमको सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रले गर्छ । अझै पनि विद्यालय तथा विश्वविद्यालयहरुबाट उत्पादन हुने मेधावी जनशक्तिलाई शिक्षण पेशा तर्फ आकर्षित गर्न सकिएको छैन । हाल विद्यालयमा कार्यरत शिक्षकहरुको छनौट, नियुक्ति तथा सेवा सुविधामा एकरुपता देखिँदैन । सरकारको शिक्षक व्यवस्थापन सम्वन्धी पारदर्शी र न्यायोचित नीतिको अभावको कारण हाल विद्यालयमा सरकारी कोषबाट नै तलवभत्ता पाउने शिक्षकहरु पनि स्थायी, अस्थायी, साविक उ.मा.वि. तहमा कार्यत, राहत, अनुदान, पि.सि.एफ, लगायतका थुप्रै किसिमका शिक्षकहरु कार्यत छन् । यी अस्थायी प्रकृतिका शिक्षकहरुलाई व्यवस्थापन गर्ने र उनीहरुको उर्जाशील क्षमतालाई विद्यार्थीहरुको सिकाइ गुणस्तर विकासमा प्रयोग गर्ने कुरा प्रमुख चुनौतिको रुपमा देखिएको छ ।

यस योजनाले काठेखोला गाउँपालिका भित्र शिक्षक व्यवस्थापन र विकासका लागि महत्वपूर्ण रणनीतिक कार्यक्रमहरु तय गरेको छ । आवश्यकता र दक्षताको आधारमा शिक्षक नियुक्ति गर्ने, शिक्षकहरुको पेशागत दक्षता तथा व्यक्तित्व विकासमा लगानी गर्ने,सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताको आधारमा शिक्षक दरवन्दी व्यवस्थापन, मिलान तथा पुर्नवितरण गर्ने, शिक्षकलाई पेशाप्रति

जिम्मेवार र उत्तरदायी बनाउने, सिकारुको सिकाइ उपलब्धीको आधारमा शिक्षकलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु तय गरिएको छ । योजनाले सामुदायिक विद्यालयमा कार्यरत विभिन्न थरिका शिक्षकहरुका व्यावसायिक मुद्दाहरुलाई समावेश गरी प्रदेश सरकार तथा संघीय सरकाको ध्यानाकर्षण गाराउने प्रयत्न गरेको छ । संस्थागत विद्यालयमा कार्यत शिक्षकको लागि न्युनतम शैक्षिक योग्यता, पेशागत क्षमता विकासको अवसर तथा अन्य आधारभूत सर्त र सुविधाहरुको न्यायिक व्यवस्थापन जस्ता कुराहरुमा ध्यान दिइएको छ । शिक्षाको गुणस्तर वृद्धिमा शिक्षक व्यवस्थापन र विकासमा रहेका मुलभूत चुनौति तथा अवसरहरु पहिचान गरी चुनौतिको सामना गर्ने र अवसरहरुको उपयोग गर्दै अग्रगामी गन्तब्य तय गरिएको छ । शिक्षणलाई अरुभन्दा सम्मानित, मर्यादित र आकर्षक पेशाको रुपमा विकास गर्न शिक्षक नियुक्ति, क्षमता विकास, वृत्ति विकास, पेशागत जवाफदेहिता, जिम्मेवारी जस्ता कुराहरुलाई प्राथमिकता दिइएको छ ।

### ३.७.२ वर्तमान अवस्था

#### ३.७.२.१. शिक्षण पेशाप्रति आकर्षण र शिक्षक नियुक्ति

नेपालमा विगत समयमा शिक्षण पेशा खास मर्यादित र आकर्षक बन्न सकेको थिएन । विगतका वर्षहरुमा शिक्षक सेवा आयोगले लामो सय सम्म शिक्षक छनौट तथा नियुक्ति प्रक्रिया सञ्चालन गर्न नसक्नु, शिक्षक छनौट एवम् नियुक्तिमा शिक्षक सेवा आयोग राजनैतिक प्रभावबाट मुक्त हुन नसक्नु, शिक्षक नियुक्तिमा एकद्वार प्रणालीको प्रयोग हुन नसक्नु, शिक्षकका पेशागत संगठनहरु शिक्षकको क्षमता विकास, वृत्ति विकास, विद्यार्थीहरुको सिकाइ गुणस्तर सुधार, विद्यालयको व्यवस्थापकीय सुधारका कुराहरुमा भन्दा बाहिरी कुराहरुमा अलमलिनु, शिक्षक संघ, संगठनहरु राजनैतिक प्रभावबाट मुक्त हुन नसक्नु, अस्थायी प्रकृतिका शिक्षकहरुको न्यायोचित व्यवस्थापनप्रति सरकार उदासिन हुनु जस्ता कुराहरुले शिक्षण पेशाको गरिमा कमजोर बनेको देखिन्छ । विगतमा विद्यार्थीहरुको सिकाइ गुणस्तर सुधारका पक्षमा खास लगानी हुन सकेको थिएन । शिक्षण पेशामा संलग्न हुन खोज्नेका लागि शिक्षण कौशल विशिष्टिकृत क्षमताको आधारमा छनौट गर्ने परिपाटीको अभाव थियो । तर पछिल्लो समयमा शिक्षण पेशालाई हेर्ने दृष्टिकोणमा केही सकरात्मक परिवर्तन देखिन थालेको छ । शिक्षणको लागि अध्यापन अनुमतिपत्रको अनिवार्यता हुनु, शिक्षक सेवा आयोगले नियमित रुपमा शिक्षक छनौट र नियुक्ति प्रक्रिया सञ्चालन गर्नु, शिक्षक सेवा आयोग क्रमशः राजनैतिक प्रभाव र दबावबाट मुक्त हुदै स्वतन्त्र र निश्पक्ष हुदै जानु, शिक्षकको पेशागत दक्षता र वृत्ति विकासप्रति सरकार तथा सरोकारवाला निकायको ध्यान बढदै जानु, विद्यार्थीहरुको सिकाइ गुणस्तरप्रति शिक्षक जिम्मेबार र उत्तरदायी हुदै जानु, सिकाइमा सूचना एवम् सञ्चार प्रविधिको प्रयोग ब्यापक हुदै जानु, विद्यालयहरु क्रमशः सुदर र सिकाइ मैत्री रुपमा विकास हुँदै जानु, विद्यार्थी सिकाइमा अभिभावकको चासो र लगानी बृद्धि हुदै जानु जस्ता सकरात्मक परिवर्तनले शिक्षण पेशा प्रतिको आकर्षण बढदै जाने अवस्था देखिएको छ । भविश्यमा यो पेशालाई अन्य पेशा भन्दा मर्यादित र आकर्षक बनाउन सकेको खण्डमा विद्यालय तथा विश्वविद्यालयहरुबाट उत्पादन हुने प्रतिभावान जनशक्तिलाई शिक्षण पेशामा भित्राई शिक्षाको गुणस्तरमा अपेक्षित सुधार गर्न सकिने सम्भावना रहेको छ ।

अझै पनि शिक्षक नियुक्ति एकल पथीय आधारमा हुन सकेको छैन । कक्षा १ देखि १० सम्मका स्वीकृत शुद्ध दरवन्दीमा शिक्षकको स्थायी छनौट र सिफारिस गर्ने काम शिक्षक सेवा आयोगबाट हुने गर्छ, र नियुक्त स्थानीय निकायले गर्छ । तर अन्य अस्थायी तथा विद्यालयको आन्तरिक स्रोतका शिक्षकको छनौट तथा नियुक्ति सम्वन्धित विद्यालय र स्थानीय निकायबाट हुने गर्छ ।

#### ३.७.२.२ शिक्षक तयारी

शिक्षाको गुणस्तर सुधारको एउटा महत्वपूर्ण पाटो शिक्षक तयारी तथा पेशागत विकास हो । नेपालमा शिक्षक तयारी र विकास विभिन्न किसिमबाट हुदै आएको पाइन्छ । देश विकासको लागि आवश्यक जनशक्ति विकास गर्ने जिम्मा विद्यालय तथा विश्वविद्यालयको हो । विद्यालय तथा विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिलाई गुणस्तरीय बनाउने जिम्मेवारी शिक्षकको हो । शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरमा निर्भर गर्ने हुँदा राज्यको ध्यान शिक्षक तयारी, विकास तथा ब्यवस्थापनमा केन्द्रित हुनु आवश्यक छ । नेपालमा राष्ट्रिय

शिक्षा पद्धतिको योजना २०२८ पछि शिक्षक नियुक्ति, विकास र व्यवस्थापनलाई क्रमशः व्यवस्थित गर्दै लगिएको हो । यस योजनाले विद्यालयको तह अनुसार शिक्षकको योग्यता, तालिम र नियुक्तिको व्यवस्था गरेको थियो । प्राज्ञिक योग्यता र शिक्षक तयारी कोर्स  पुरा गरेका व्यक्तिहरुबाट शिक्षक छनौट गर्ने वा प्राज्ञिक योग्यता धारण गरेका व्यक्तिहरुबाट शिक्षक छनौट गरी शिक्षक तयारी कोर्ष उपलब्ध गराउने भन्ने बहस उठ्ने गरेको छ ।

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार आधारभूत तहको शिक्षक हुनको लागि कक्षा १२ उत्तीर्ण हुनुपर्ने र माध्यमिक तह (कक्षा ९-१०) को शिक्षकको लागि स्नातक हुनुपर्ने प्रावधान रहेको छ । त्यस्तै कक्षा ११ र १२ को लागि स्नातकोत्तर उपाधि हासिल भएको हुनुपर्ने व्यवस्था  गरिएको छ । आधारभूत तथा माध्यमिक दुबै तहमा शिक्षक सेवा आयोगले लिने शिक्षक छनौट परीक्षाको उम्मेदवार हुनको लागि न्यूनतम प्राज्ञिक योग्यताको साथै अध्यापन अनुमतिपत्र लिएको  हुनुपर्ने व्यवस्था  गरिएको छ । अध्यापन अनुमति पत्रको परीक्षा शिक्षक सेवा आयोगले सञ्चालन गर्छ । आधारभूत तहको अध्यापन अनुमति पत्रको परीक्षामा उम्मेदवार हुनको लागि प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी १० महिने शिक्षक तालिम प्राप्त गरेका वा शिक्षा विषय लिइ सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्ने व्यवस्था  रहेको छ । माध्यमिक तहको अध्यापन अनुमति पत्रको लागि शिक्षा शास्त्र संकायबाट स्नातक वा अन्य संकायबाट स्नातक गरी एक बर्षे  बि.एड. गरेको हनु पर्ने प्रावधान रहेको छ । शिक्षक सेवा आयोगबाट छनौट नभइ) स्थानीय निकाय तथा विद्यालयबाट छनौट गरिने अस्थायि प्रकृतिका शिक्षकहरुको लागि पनि न्यूनतम शैक्षिक योग्यता र अध्यापन अनुमति पत्र अनिवार्य गरिएको  । पन्ध्रौं योजनाले शिक्षण पेशामा अब्बल प्रतिभालाई प्रबेश गराउन विश्वविद्यालयबाट उत्कृष्ट अङ्क हासिल गरेका प्रतिभालाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था मिलाउने, शिक्षकको न्यूनतम शैक्षिक योग्यता पुनरावलोकन तथा आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गर्नुका साथै शिक्षकको निरन्तर पेशागत क्षमता विकासका लागि शिक्षक पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यनीतिहरु अघि सारेको छ । विद्यालय क्षेत्रको योजना २०२१-२०३० ले शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गरी शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक आपूर्ति गर्ने, आवश्यक प्रोत्साहन, निरन्तर पेशागत विकास, र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकको व्यवस्था गर्ने लगायतका थुप्रै उद्देश्यहरु निर्धारण गरेको छ । यस योजनाले प्रदेश सरकार र संघीय  सरकारबाट तर्जुमा भइ) कार्यान्वयनमा रहेका विभिन्न शैक्षिक योजनाहरुको मर्मलाई समेत ध्यान दिई गाउँपालिकालाई प्राप्त अधिकार अन्तर्गत रहेर आधारभूत तथा माध्यमिक तहका शिक्षकहरुको पेशागत क्षमता विकास तथा विद्यार्थीहरुको सिकाइ गुणस्तर सुधार सम्बन्धी महत्वपूर्ण कार्यक्रमहरु अघि सारेको छ ।

### ३.७.२.३. शिक्षण सिकाइ क्रियाकलाप

शिक्षण सिकाई क्रियाकलाप शिक्षा पद्धतिको आत्मा हो । पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरु सिकारु समक्ष पुऱ्याउने माध्यम शिक्षण सिकाइ क्रियाकलाप हो । गुणस्तरीय शिक्षण सिकइ क्रियाकलापबाट मात्र गुणस्तरीय सिकाइ सम्भव छ । शिक्षण सिकाइ क्रियाकलापका मुख्य पात्र शिक्षक र विद्यार्थी हुन् । पाठ्यक्रममा उल्लेखित विषयवस्तुहरुको शिक्षकले आफूमा भएको ज्ञान, सीप, अभिवृत्ति, मूल्य र व्यवहारको आधारमा विभिन्न विधि तथा प्रविधिहरुको प्रयोग गरी विद्यार्थीहरु समक्ष पुऱ्याउनु आवश्यक हुन्छ । शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक सिकाइ सहजकर्ता र विद्यार्थी मुख्य अभिनेताको रुपमा रहनु पर्छ ।  राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले शिक्षण सिकाई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूह कार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिइएको छ ।

### ३.७.२.४. शिक्षक पेशागत सहयोग पद्धति

शैक्षिक प्रक्रियामा पाठ्यक्रम कार्यान्वयनको आधारभूत तहमा काम गर्ने व्यक्ति शिक्षक हो । पाठ्यक्रमले निर्दिष्ट गरेका ज्ञान, सीप तथा क्षमता, विद्यार्थीहरुको व्यवहारमा उतार्ने काम शिक्षकको हो । यस सन्दर्भमा आइलाग्ने विभिन्न चुनौति तथा अप्ठ्याराहरुसँग जुध्दै अगाडि बढ्न शिक्षकलाई पेशागत सहयोगको आवश्यकता पर्छ । नेपालमा शिक्षकलाई पेशागत सहयोग वि.सं. १९१० सालमा स्थापना भएको पहिलो विद्यालय दरबार हाइस्कुलका नीरीक्षक मिष्टर रोस (Mr. Ross) नियुक्त भए सँगै शुरु भएको मान्न सकिन्छ । वि.सं १९९८ मा चिफ इन्सपेक्टर अफ स्कुलको स्थापना भयो । वि.सं. २००४ सालमा जनकपुर र पाल्पामा डेपुटि इन्सपेक्टर अफ स्कुलको स्थापना भएको थियो । वि.सं २०१० सालमा सात क्षेत्रमा डिभिजन इन्सपेक्टर अफ स्कुल अफिसरको स्थापनासँगै विद्यालय नीरीक्षणले गति लिएको देखिन्छ । वि.सं. २०२८ सालमा लागु भएको नयाँ शिक्षा योजना पश्चात शिक्षकको पेशागत सहयोग पद्धतिले खास व्यवस्थित रुप धारण गरेको देखिन्छ । विद्यालयको नियमित सुपरीवेक्षण गर्ने परिपाटीको विकास यहीं देखि सुरु भएको हो । प्रा.वि.नि. र मा.वि.नि. को व्यवस्था गरी विद्यालयहरमा सघन अनुगमन गर्ने र शिक्षकलाई शिक्षण सिकाइको क्रममा आएका समस्याहरु हल गर्न सहयोग गर्ने परिपाटीको थालनी भएको थियो । वि.सं. २०३७ साल देखि ग्रामीण विकासका लागि सेती शिक्षा परियोजना लागु भयो यस परियोजनाले विद्यालयहरुलाई समूहगत रुपमा विभाजन गरी समूहमा एउटा विद्यालयलाई स्रोत केन्द्र निर्धारण गर्ने व्यवस्था अघि सार्‍यो । यस परियोजनाको कार्यान्वयन पश्चात नेपालमा शिक्षा क्षेत्रमा थुप्रै परियोजनाहरु सञ्चालनमा आए । प्राथमिक शिक्षा परियोजना, विज्ञान शिक्षा विकास परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो र दोस्रो चरण, शिक्षक शिक्षा योजना, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना यी सबै योजनाहरुमा शिक्षको पेशागत सहयोग पद्धतिलाई महत्व दिएको पाइन्छ । १५ औं योजनाले पनि शिक्षकलाई निरन्तर पेशागत सहयोगको आवश्यकता महसुस गरी प्रधानाध्यापकलाई त्यसप्रति उत्तरदायी बनाउने कुरा उल्लेख गरेको छ । शिक्षा क्षेत्रको योजना २०२१-२०३० ले शिक्षकको पेशागत सहयोगका थुप्रै कार्यक्रमहरु अघि सारको छ ।

नेपालको संविधान २०७२ को अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक तहको शिक्षाको व्यवस्थापन तथा सञ्चालनको जिम्मा स्थानीय तहको काँधमा आएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) (ज) मा शिक्षाको सम्वन्धी स्थानीय तहको अधिकार लाई स्पष्ट गरेको छ । स्थानीय शिक्षा सम्वन्धी नीति,कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र नियमन गर्नेकार्य स्थानीय सरकारको रहने कुरा उल्लेख गरिएको छ । यसबाट विद्यालय अनुगमन तथा सुपरीवेक्षण गर्ने, शिक्षकलाई आवश्यक पेशागत सहयोग उपलब्ध गराउने जिम्मेवारी स्थानीय सरकारको हुन आउँछ । शिक्षकलाई पेशागत सहयोग उपलब्ध गराउने सन्दर्भमा संघीय नीतिगत व्यवस्थाको रुपमा शिक्षक पेशागत सहयोग व्यवस्थापन कार्यविधि २०७७ निर्माण भई कार्यान्वयनमा आएको छ । सोही कार्यविधिको मातहतमा शिक्षक पेशागत सहयोग मार्गदर्शन २०७७ जारी भएको छ ।

यस योजनाले काठेखोला गाउँपालिका भित्र सबै विकसिमका विद्यालयमा कार्यरत शिक्षकहरुको निरन्तर पेशागत सहयोगको लागि प्रधानाध्यापकलाई प्रमुख रुपमा जिम्मेवार गराउने, साथै स्थानीय शिक्षा शाखाबाट विद्यालयहरुको नियमित सुपरीवेक्षण गर्ने, गाउँपालिकाबाट आवधिक रुपमा सघन अनुगमन गर्ने, पालिका स्तरमा विषगत शिक्षक समिति गठन गर्ने, पालिका भित्रका सबै विद्यालयका प्र.अ.हरुको कम्तीमा पनि मासिक एक पटक अनिवार्य वैठक वस्ने, शिक्षकका पेशागत ट्रेड युनियन सँग शैक्षिक गुणस्तर एवम् शिक्षकका पेशागत मुद्दाको बारेमा नियमित अर्न्तक्रिया गर्ने, आवश्यकताको आधारमा शिक्षकहरुलाई विभिन्न किसिमका तालिमहरुको अवसर प्रदान गर्ने जस्ता कार्यक्रमहरु अघि सारेको छ ।

### ३.७.२.५. शिक्षक क्षमता विकास कार्यक्रम

सर्वसुलभ एवम् गुणस्तरीय शिक्षा पाउनु नागरिकको आधारभूत अधिकार हो । शिक्षाको गुणस्तर शिक्षकको क्षमतामा निर्भर गर्छ । योग्य, सक्षम तथा कलाकौशलले निपूर्ण शिक्षकले मात्र शिक्षाको गुणस्तर सुधार गर्न सक्छ । आधुनिक ज्ञान विज्ञान, प्रविधिले युक्त, विषयवस्तुको गहिरो ज्ञान भएको, बाल मनोविज्ञानलाई

वुझेर शिक्षण गर्न सक्ने शिक्षक नै वास्तवमा सक्षम शिक्षक मानिन्छ । एउटा शिक्षकलाई सक्षम र योग्य बनाउनको लागि उसको क्षमता विकासमा ध्यान दिनु आवश्यक हुन्छ । नेपालमा शिक्षकको क्षमता विकासका लागि विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन हुने गरेका छन् । पूर्व सेवाकालीन शिक्षक शिक्षा, सेवाकालीन तालिम, अनुसन्धानमा आधारित शिक्षण सिकाइ अवसर, नेतृत्व तथा क्षमता विकास सम्वन्धि कार्यक्रमहरु, सूचना तथा सञ्चारमा आधारित अन्य वैकल्पिक कार्यक्रम, यी सबै शिक्षकको क्षमता विकाससँग सम्वन्धित कार्यक्रमहरुको रुपमा लिन सकिन्छ ।

नेपालमा शिक्षकको क्षमता विकासलाई रा.शि.प.यो २०२८ देखि नै प्राथमिकता दिँदै आइरहेको पाइन्छ । २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भए पछि सरकारले शिक्षकको क्षमता विकासको लागि ठूलो लगानी गर्दै आएको छ । विभिन्न तालिम केन्द्रहरु मार्फत शिक्षकलाई सेवाकालीन पेशातगत तालिमका अवसर प्रदान गरिँदै आइएको छ । विद्यालय क्षेत्र सुधार योजना (SSRP) २०६६-२०७२, विद्यालय क्षेत्र विकास योजना (SSDP) २०७३/०७४-२०७९/०८० ले शिक्षकको पेशागत क्षमता विकासलाई उच्च महत्व दिएका थिए । हाल कार्यान्वयनमा रहेको पन्ध्रौं राष्ट्रिय योजना २०७६/७७-२०८०/८१ तथा शिक्षा क्षेत्रको योजना (ESP) २०२१-२०३० ले पनि शिक्षाको गरणस्तर सुधारको मुख्य निर्धारक शिक्षकलाई मान्दै शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमितामा राखेको देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले सबै प्रकारका विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेशागत विकास कार्य सञ्चालन गर्ने नीति उल्लेख गरिएको छ । साथै स्थानीय तहले शिक्षक कर्मचारीको क्षमता विकासको लागि  तालिम, अभिमुखिकरण, गोष्ठी, कार्यशाला, सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ ।

यस योजना अवधिमा काठेखोला गाउँपालिमा भित्र सामुदायिक विद्यालयमा बालविकास केन्द्र देखि कक्षा १२ सम्म कार्यरत सम्पूर्ण सहजकर्ता, शिक्षक तथा कर्मचारीहरुलाई आवधिक रुपमा क्षमता विकासको अवसर प्रदान गरिने छ । पेशागत क्षमता विकासको साथै शैक्षिक योग्यता वृद्धि, व्यक्तिव विकास, नेतृत्व विकास, प्राज्ञिक तथा प्रविधिक सीप विकासका अवसरहरु प्रदान गरिने छ । यसको लागि प्रदेश तालिम केन्द्र लगायत अन्य संघ संस्थाहरु सँग समन्वय गरिने छ ।

### ३.७.२. ६.शिक्षक उत्तरदायित्व

विद्यालय एउटा त्यस्तो केन्द्र हो जहाँ प्रत्यक्ष तथा परोक्ष रुपमा धेरै किसिमका मानिसहरुको संलग्नता रहन्छ। विद्यार्थी, शिक्षक, अभिभावक, पाठ्यक्रम विद्, विषय विज्ञ, शिक्षाविद्, योजनाकार, अनुसन्धानकर्ता, सरकार आदिको चासोको जमघट हुने ठाँउ विद्यालय नै हो । तर विद्यालयका मुख्य पात्रको रुपमा विद्यार्थी, शिक्षक र अभिभाक नै रहेका हुन्छन् । शिक्षाका प्रमुख निर्णायक पक्ष यिनीहरु नै हुन । विद्यार्थी सिकाइको पहिलो जिम्मेवार पक्ष हो भने शिक्षक दोस्रो र अभिभावक तेस्रो पक्ष हो । गुणस्तरीय शिक्षाको लागि शिक्षक, विद्यार्थी र अभिभावक एक अर्का पट्टि उत्तरदायी र जवाफदेही हुनु पर्छ । शिक्षा नियमावली २०५९ को परिच्छेद २२ अर्न्तगत धारा १३३ र १३४ मा क्रमशः शिक्षक र विद्यार्थीका आचारसंहिताहरु उल्लेख गरिएको छ । यी आचारसंहिताहरुले शिक्षक विद्यार्थीहरुलाई एक अर्काप्रति उत्तरदायी र जवाफदेहि बनाउन खोजेका छन् । शिक्षकको उत्तरदायित्व विद्यार्थीहरुको सिकाइसँग जोडिएको हुन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु पुरा गर्न शिक्षकले विद्यार्थीको सिकाइलाई गुणस्तरीय बनाउनु पर्छ । विद्यार्थीको सिकाइ स्थितिको बारेमा अभिभावकहरुलाई निरन्तर सूचना प्रदान गर्ने, विद्यार्थीहरुको सिकाइको लागि उपयुक्त सिकाइ वातावरण सिर्जना गर्न अभिभावकहरुलाई जिम्मेबार बनाउने काम पनि शिक्षकले गर्नु पर्छ । आधुनिक शिक्षण कौशलको प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइप्रति रुचि जगाउने, विद्यार्थीहरुको सिकाइको मूल्याङ्कन गर्ने, उनीहरुमा सुधारका क्षेत्रहरु पहिचान गर्ने, विद्यार्थीहरुको सर्व पक्षीय लेखाजोखा गर्ने र त्यसको प्रतिवेदन तयार गरी प्र.अ.लाई पेश गर्ने जस्ता कार्यहरु शिक्षकको उत्तरदायित्व अर्न्तगत पर्छन् । शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको व्यवस्था मार्फत शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धी प्रति जवाफदेही र उत्तरदायी बनाउने प्रावधान राखेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिको लागि विद्यार्थी तथा अभिभावक प्रति जबाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ,

विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तह प्रति जबाफदेही बनाउने नीति अंगिकार गरेको देखिन्छ ।

यस योजनाले आगामी पाँच वर्ष भित्रमा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तमा उल्लेख्य सुधार गरी काठेखोला गाउँपालिकालाई गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गर्दै तीव्र गतिको आर्थिक–सामाजिक रुपान्तरणको माध्यमबाट समृद्धि हासिल गर्ने सोच राखेको छ । यसका लागि बालबालिकाहरुको गुणस्तरीय सिकाइ प्रति शिक्षक पूर्ण जिम्मेबार, जवाफदेही र उत्तरदायी बन्नु आवश्यक छ । शिक्षकलाई पेशाप्रति उत्तरदायी र जवाफदेही बनाउन निम्न नीतिहरु अवलम्बन गरिने छ:

१. गाउँ शिक्षा ऐन/ नियमावली निर्माण गरी शिक्षकका आचारसंहिता तथा दायित्व तोकिने छ ।
२. विद्यार्थीहरुको सिकाइ उपलब्धीको आधारमा शिक्षकलाई प्रोत्साहन गर्ने परिपाटीको विकास गरिने छ ।
३. शिक्षक तथा प्र.अ. को सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षकलाई विद्यार्थीको सिकाइ नतिजा प्रति र प्र.अ. लाई विद्यालय सुशासन तथा व्यवस्थापनप्रति जवाफदेही एवम् उत्तरदायी बनाईने छ ।
४. प्रत्येक १५ दिनको अन्तरालमा शिक्षक वैठक शिक्षण सिकाइमा देखिएका समस्या तथा चुनौतिहरु बारे छलफल गर्ने र सिकाइ सुधार सम्वन्धी योजना बनाई लागु गर्न प्रोत्साहित गरिने छ ।
५. शिक्षकहरुलाई शिक्षण सुधार योजना ९त्क्ए० निर्माण गरी सो अनुसार शिक्षण गर्न प्रोत्साहित गरिने छ ।
६. शिक्षक तथा प्र.अ.को सक्रिय राजनैतिक आवद्धतामा कमी ल्याई विद्यालय र विद्यार्थी प्रति जिम्मेवार बन्न प्रोत्साहित गरिने छ ।
७. पालिकाले प्र.अ. सँग र प्र.अ.ले शिक्षक सँग कार्य सम्पादन सम्झौता गर्ने परिपाटीको अवलम्बन गरिने छ ।
८. शिक्षकहरुलाई आवश्यकता अनुसार पेशागत तथा अभिप्रेरक तालिमहरुको अवसर प्रदान गरिने छ ।

### ३.७.२.७. शिक्षक पुन:वितरण

सामुदायिक विद्यालयमा रहने दरवन्दीको निर्धारण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुने गर्छ । सवैधानिक रुपमा नै माध्यमिक तह सम्मको शिक्षा सञ्चालनको जिम्मा स्थानीय तहलाई आएको छ । तर शिक्षक व्यवस्थापनको सवाल भने नीतिगत रुपमा स्पष्ट देखिदैन । संघीय कानुन लागु भई सकेपछि अहिले सम्म पनि देश भरी नै केन्द्रले नै गर्दै आइरहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थायी दरबन्दीमा शिक्षक छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने कार्य संघीय शिक्षक सेवा आयोगले नै गर्दै आइरहेको छ । शिक्षकको व्यवस्थापनमा संघ र स्थानीय तह बिच जिम्मेवारी वहनमा अस्पष्टता रहेको देखिन्छ । शिक्षा नियमावली २०५९ को प्रावधान अनुसार शिक्षकको व्यवस्थापन कक्षा १–५ मा विद्यार्थी सङ्ख्याको आधारमा र कक्षा ६–१२ मा विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताको आधारमा हुने गर्छ । विद्यार्थी सङ्ख्यालाई आधार मान्दा तराई तथा काठमाडौं उपत्यकामा ५० जना, पहाडी क्षेत्रमा ४० जना र हिमाली क्षेत्रमा ३० जना विद्यार्थी सङ्ख्याको लागि १ जना शिक्षक हुने गरी शिक्षक व्यवस्थापनको मापदण्ड बनाइएको छल । यही मापदण्डलाई आधार मानेर सरकारले शिक्षक दरवन्दी कम भएका विद्यालयहरुलाई विद्यार्थी सङ्ख्या अनुसार अनुदान (पि.सि.एफ.) दिने गरेको छ । शिक्षा नियमावली २०५९ को अनुसूची १२ अनुसार पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएको अवस्थामा कम्तीमा दुई जना सो भन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ मा कम्तीमा ४ जना र माध्यमिक तह ९–१२ मा कम्तीमा ८ जना शिक्षक रहने व्यवस्था छ ।

काठेखोला गाउँपालिकामा हाल कक्षा १ देखि १२ सम्म १५६ जना स्थायी, ५६ जना अस्थायी, ९३ जना राहत तथा अनुदान, ७ जना सिकाइ अनुदान (पि.सि.एफ) र ९४ जना विद्यालयको आन्तरिक स्रोतबाट गरी जम्मा ४०७ जना शिक्षकहरु कार्यरत रहेका छन् । त्यसै गरी बालविकास केन्द्रमा ४२ जना सरकारी अनुदान र २ जना विद्यालयको आन्तरिक स्रोतबाट गरी ४४ जना महिला सहजकर्ताहरु कार्यरत छन् । दरबन्दी वितरणको आधारमा हेर्दा (सरकारी तलव भत्ता पाउने, विभिन्न किसिमका दरवन्दीमा नियुक्त) बालविकास केन्द्रमा ४२

जना सहजकर्ताको आवश्यकता रहेकोमा ४२ जना नै सहजकर्ताहरु नियुक्त भएका छन् । कक्षा १-५ मा १५८ शिक्षक दरवन्दी आवश्यक रहेकोमा १९१ जना शिक्षक हरु नियुक्त भएका छन् । कक्षा १-५ मा ३३ जना शिक्षक दरबन्दी बढी रहेको देखिन्छ । कक्षा ६-८ मा ८३ जना शिक्षक दरवन्दी आवश्यक रहेकोमा हाल जम्मा ६२ वटा मात्र दरबन्दी रहेको छ । २१ वटा दरबन्दी थप गर्नु पर्ने आवश्यकता रहेको छ । आधारभूत तह (कक्षा १-८)मा १२ वटा दरबन्दी वढी छन् । जुन माध्यमिक तहमा मिलान गर्नुपर्ने देखिन्छ । त्यस्तै माध्यमिक तह ( कक्षा ९-१०) मा ७८ वटा दरबन्दी आवश्यक रहेको छ । तर हाल ४३ वटा दरबन्दी मात्र कायम रहेको छ । यस तहमा ३५ थप नयाँ दरबन्दी आवश्यक रहेको छ । माध्यमिक तह (कक्षा ११-१२) मा ३२ वटा दरबन्दीको आवश्यकता रहेकोमा हाल १६ वटा मात्र रहेका छन् । १६ वटा थप नयाँ दरबन्दी आवश्यक रहेको छ । सरकारले निर्धारण गरेको मापदण्डको आधारमा कक्षा १-१२ सम्म ३९३ दरबन्दी आवश्यक रहेकोमा हाल जम्मा ३५४ वटा दरबन्दी रहेका छन् । अझै ३९ वटा नयाँ दरबन्दी थप गर्नु पर्ने आवश्यकता रहेको देखिएको छ । काठेखोला गाउँपालिका भित्र रहेको शिक्षक दरबन्दीको वितरणको वर्तमान अवस्थालाई तालिका नं ३.७ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.७

शिक्षक दरवन्दी वितरणको वर्तमान अवस्था

| क्र.स | तह | विद्यार्थी सङ्ख्या/ विषयगत आवश्यकता अनुसार चाहिने जम्मा दरबन्दी सङ्ख्या | वर्तमान दरबन्दी सङ्ख्या | आवश्यक थप दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ४२ | ४२ | ० |
| २ | निम्न आ.वि (साविक प्रा.वि) | १५८ | १९१ | -३३ -क९ट_ |
| ३ | उच्च आ.वि. (साबिक नि.मा.वि) | ८३ | ६२ | २१ |
| ४ | माध्यमिक (कक्षा ९/१०) | ७८ | ४३ | ३५ |
| ५ | साविक उ.मा.वि. | ३२ | १६ | १६ |
| जम्मा | | ३९३ | ३५४ | ३९ |

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको दरवन्दी मिलान कार्यविधि २०७६ अनुसार आधारभूत तह (कक्षा १-५) मा वढी भएका दरवन्दीलाई कक्षा ६-८ मा समायोजन गर्ने व्यवस्था रहेको छ । सोही कार्यविधि बमोजिम काठेखोला गा.पा. भित्रका सम्पूर्ण विद्यालयहरुमा रहेका कूल दरवन्दी (स्थायी, अस्थायी, करार, अनुदान कोटा) को एकिन गरी आवश्यकता अनुसार संघीय तथा प्रादेशिक शिक्षा ऐन, नियमावलीसँग नबाझिने गरी शिक्षक दरबन्दी समायोजन तथा पुन:वितरण गरिने छ । यसको लागि निम्न कार्यविधि अवलम्वन गरिने छ :

१. काठेखोला गा.पा. भित्रका सबै सामुदायिक विद्यालयहरुका स्थायी, अस्थायी, करार, अनुदान (संघ, प्रदेश र स्थानीय तहबाट स्वीकृत) शिक्षक दरवन्दीहरुको सङ्ख्या एकिन गरी विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताको आधारमा दरवन्दी मिलान तथा पुन:वितरण गरिने छ ।
२. सबै समुदायिक विद्यालयहरुमा बालविकास देखि कक्षा ३ सम्म सञ्चालित विद्यालयका लागि कम्तीमा ३० जना विद्यार्थी भएमा ४ वटा दरबन्दी, बालविकास देखि कक्षा ५ सम्म सञ्चालित विद्यालयमा कम्तीमा ५० जना विद्यार्थीको लागि ६ वटा दरवन्दी, बालविकास देखि कक्षा ८ सम्म कम्तीमा ८० विद्यार्थी भएमा ९ जना शिक्षक दरवन्दी, बालविकास देखि कक्षा १२ सम्म कम्तीमा १७ जना शिक्षक दरवन्दी निर्धारण हुने गरी दरवन्दी समायोजन तथा पुन:वितरण गरिने छ ।
३. बालविकास देखि कक्षा ३ सम्म ३० जना, बालविकास देखि ५ सम्म ५० जना र आधारभूत तहमा ८० जना विद्यार्थी नभएमा त्यस्ता विद्यालयहरुलाई नजिकको सामुदायिक विद्यालयमा मर्ज गरी मातृ विद्यालयको अवधारणा अनुरुप दरवन्दी मिलान गरिने छ । यसरी विद्यालय मर्ज गर्दा विद्यालयको सेवाक्षेत्र, भौगोलिक अवस्था आदिलाई ध्यान दिइने छ ।

४. संघीय, प्रादेशिक ऐन, नीयमावलीहरुको मातहतमा रहेर विद्यालय मर्ज तथा शिक्षक, कर्मचारीको दरवन्दी मिलान एवम् पुन:वितरण सम्वन्धी पालिकाको नीतिगत आधार तयार गरी लागु गरिने छ ।
५. विद्यालयहरुमा अपुग भएका दरवन्दी व्यवस्थापनको लागि प्रदेश तथा संघ सँग माग गरिने छ । दरवन्दीको व्यवस्था नहुने वेलासम्म विद्यालयहरुको आन्तरिक स्रोतबाट र आन्तरिक स्रोत कमजोर भएका विद्यालयहरुमा गाउँपालिकाको अनुदानबाट आवश्यक शिक्षक व्यवस्थापन गरिने छ ।
६. शिक्षकको स्थानान्तरण प्रक्रियालाई सरल र सहज बनाइने छ ।

### ३.७.३ उद्देश्य

यस कार्यक्रमको साधारण तथा प्रमुख उद्देश्य पालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा सक्षम र योग्य शिक्षकहरुको व्यवस्थापन मार्फत विद्यार्थीको सिकाइ गुणस्तरलाई माथि उठाउनु रहेको छ । यसका लागि निम्न विशिष्टिकृत उद्देश्यहरु निर्धारण गरिएको छ :

१. शिक्षणमा सक्षम र मेधावी जनशक्तिलाई आकर्षण गर्ने,
२. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको योग्यता र क्षमतामा वृद्धि गरी विद्यार्थीहरुको सिकाइ गुणस्तरलाई सुधार गर्ने,
३. शिक्षकहरुलाई पेशाप्रति उत्तरदायी र नतिजाप्रति जवाफदेही बनाउने,
४. सामुदायिक विद्यालयहरुमा सन्तुलित एवम् वैज्ञानिक रुपमा शिक्षकको वितरण, पुर्न:वितरण गरी शिक्षक आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउने,
५. शिक्षकको निरन्तर पेशागत विकास र सहयोगको लागि आवश्यक परिपाटी विकास गर्ने,

### ३.७.४ रणनीति

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिक कार्यकलापहरु तय गरिएको छ :

१. विश्वविद्यालयहरुबाट उत्कृष्ट नतिजा हासिल गरेका मेधावी विद्यार्थीहरुलाई शिक्षण पेशामा आकर्षित गरिने छ ।
२. सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरुको पेशागत योग्यता र क्षमता विकासको लागि शिक्षक शिक्षा, तालिम, परियोजना संचालन, अनुसन्धान जस्ता कुराहरुमा पर्याप्त ध्यान दिइने छ ।
३. शिक्षकहरु लाई पेशा प्रति प्रतिबद्ध र जिम्मेवार बनाउन कार्यसम्पादन सम्झौता गरी शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धीसँग जोडिने छ ।
४. नेपाल सरकाले निर्धारण गरेको न्यूनतम पारिश्रमिक भन्दा न्यून पारिश्रमिकका कार्यरत शिक्षकहरुलाई न्यूनतम तथा सम्मानजनक पारिश्रमिकको व्यवस्था गर्न सम्वन्धित सरोकार निकायसँग समन्वय गरिने छ ।
५. शिक्षक विद्यार्थी अनुपात तथा विषयगत आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान, पुर्न:वितरण तथा समयोजन गरिने छ ।
६. शिक्षकका पेशागत हक, हित, सेवा, सर्त, सुविधा, वृत्ति विकास साथै जिम्मेबारी, उत्तरदायित्व तथा जवाफदेहिताको लागि शिक्षकका पेशागत संगठनहरुसँग परामर्श गरिने छ ।
७. प्रारम्भिक वालविकास र शिक्षा तथा कक्षा १-३ मा शिक्षण सिकाइ क्रियाकलापलाई पूर्ण बालमनोविज्ञानमा आधारित तथा पारिवारिक वातावरणमा आधारित बनाउन मन्टेश्वरी विधिको प्रयोगलाई प्रथमिकता दिइने छ ।
८. विद्यालयहरुमा अपुग शिक्षक दरबन्दीको व्यवस्थापनको लागि लगत संकलन गरी केन्द्रीय सरकारसँग दरबन्दी माग गरिने छ ।
९. शिक्षकहरुलाइ प्रत्यक्ष राजनैतिक आवद्धताबाट अलग गरी पेशा प्रति उत्तरदायी र जवाफदेही बनाइने छ ।

१०. महिला शिक्षक सुत्केरी विदामा रहेको अवस्थामा विद्यालयमा देखिने शिक्षक अभावलाई व्यवस्थापन गर्न सम्वन्धित विद्यालयसँगको परामर्शमा अल्पकालीन करार शिक्षकको व्यवस्था गरिने छ ।

११. स्थायी सेवा २० वर्ष पुरा भएका तथा अस्थायी/ राहत दरवन्दीमा रही १२ वर्ष सेवा गरेका शिक्षक स्वेच्छिक अवकास हुन चाहेमा गोल्डेन हेनसेकको व्यवस्था गरिने छ ।

१२. शिक्षकहरुको नयाँ नियुक्ति तथा सरुवा व्यवस्थालाई पुनरावलोकन गरी विद्यार्थीको सिकाइ र विद्यालयको हित अनुकूल गराइने छ ।

### ३.७.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

काठेखोला गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा योग्य र सक्षम शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइ गुणस्तरमा सुधार हुनेछ ।

#### ख) नतिजा

१. शिक्षण सेवामा सक्षम र योग्य शिक्षकको नियुक्त भई विद्यार्थीको सिकाइ गुणस्तर सुधार भएको हुने छ ।

२. सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षकहरु पेशागत क्षमताको हिसावले सक्षम भएका हुनेछन् ।

३. पालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा शिक्षकको आपूर्ति व्यवस्था सहज र सन्तुलित भई शिक्षण सिकाइ प्रभावकारी भएको हुने छ ।

४. बालबालिकाहरुले पूर्ण बालमैत्री र पारिवारिक वातावरणमा सिकाइ अवसर प्राप्त गरेका हुनेछन् ।

५. शिक्षकहरु प्रत्यक्ष राजनैतिक आवद्धताबाट अलग भई विद्यार्थीको सिकाइप्रति प्रतिवद्ध र जवाफदेही भएका हुनेछन् ।

६. शिक्षक उपस्थिति र शिक्षण पद्धतिमा सुधार भई विद्यार्थीको सिकाइ उपलब्धी बृद्धि भएको हुने छ ।

#### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.८

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | विश्वविद्यालयबाट उत्तीर्ण उत्कृष्ट विद्यार्थीहरुलाई शिक्षक सेवामा प्रवेश गराउन नीतिगत व्यवस्थाको लागि प्रदेश तथा संघसँग समन्वय | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | प्र.अ/शिक्षकका लागि पेशागत क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | दरवन्दी पुनरावलोकन, समायोजन तथा पुर्न:वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | प्रधानाध्यापकहरु सँग कार्य सम्पादन सम्झौता | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ५ | शिक्षकका पेशागत ट्रेड | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | युनियन सँग परामर्श | | | | | | | |
| ६ | नतिजामा आधारित शिक्षक प्रोत्साहन (शिक्षक सम्मान तथा पुरस्कृत) | सङख्या | तहगत तथा विषयगत रुपमा १/१ जना | तहगत तथा विषयगत रुपमा १/१ जना | तहगत तथा विषयगत रुपमा १/१ जना | तहगत तथा विषयगत रुपमा १/१ जना | तहगत तथा विषयगत रुपमा १/१ जना | |
| ७ | शिक्षकहरुको लागि स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | शिक्षण पेशामा नब प्रवेशी शिक्षकहरुलाई सेवा प्रवेश विशेष  तालिम सञ्चालन | महिना | १ | १ | १ | १ | १ | ५ |
| ९ | शिक्षकहरुको लागि उत्प्रेरणात्मक तथा रिफ्रेसमेन्ट कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | स्वेच्छिक अवकास चाहने शिक्षकको लागि गोल्डेन हेनसेकको व्यवस्था | सङ्ख्या | अवकास चाहने सङ्ख्याको आधारमा | अवकास चाहने सङ्ख्याको आधारमा | अवकास चाहने सङ्ख्याको आधारमा | अवकास चाहने सङ्ख्याको आधारमा | अवकास चाहने सङ्ख्याको आधारमा | अवकास चाहने सङ्ख्याको आधारमा |
| ११ | शिक्षकहरु राजनैतिक दलको पद धारण गरे नगरेको पहिचान तथा परामर्श | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | मन्टेश्वरी शिक्षण पद्धतिको प्रयोग | कक्षा | बालविकास र शिक्षा | १ | २ | ३ | - | बालविकास, १, २, ३ |
| १३ | पालिका स्तरमा परीक्षाको नतिजा विश्लेषण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | प्र.अ./तथा शिक्षकको सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | असल अभ्यास सिकाइको लागि शैक्षिक भ्रमणको व्यवस्था | विद्यालय | १० | १० | १० | १० | १० | ५० |
| १६ | प्र.अ. र शिक्षक बीच विद्यार्थीको सिकाइ गुणस्तर वृद्धिको लागि कार्यसम्पादन सम्झौता | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| १७ | शिक्षक सरुवा तथा करार शिक्षक नियुक्तिलाई शिक्षण सिकाइको अनुकूल रुपमा व्यवस्थित गर्ने | प्रक्रिया | अवस्था अनुकूल | अवस्था अनुकूल | अवस्था अनुकूल | अवस्था अनुकूल | अवस्था अनुकूल | अवस्था अनुकूल |

## ३.८ विद्यालय व्यवस्थापन

### ३.८.१ परिचय

विद्यालयलाई शैक्षिक, भौतिक, आर्थिक, जनशक्ति, प्रविधि, सामाजिक, आदि किसिमले व्यवस्थित गर्ने कार्य विद्यालय व्यवस्थापन हो । विद्यालयको व्यवस्थापन कुशलताले शिक्षाको उत्पादनको गुणस्तर निर्धारण गर्छ । शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, कर्मचारी, अभिभावक, समुदाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, लेखा, परीक्षा, विद्यालय भवन, कक्षाकोठा, फर्निचर, सूचना प्रविधि, पुस्तकालय, प्रयोगशालाहरु, शौचालय, खेल मैदान, पिउने पानी, स्वस्थकर खाजा, स्वास्थ्य उपचार आदि कुराहरु विद्यालय व्यवस्थापनका अन्तरवस्तु हुन । उल्लेखित कुराहरुको समुचित र सन्तुलित संयोजन गर्नु नै गुणस्तरीय विद्यालय निर्माण हो । दक्ष र योग्य शिक्षकबाट मात्र शिक्षाको गुणस्तर वृद्धि सम्भव छ ।

विद्यालय स्थानीय समाज वा समुदाय सँग प्रत्यक्ष सरोकार राख्ने निकाय हो । राष्ट्रको शैक्षिक जनशक्ति उत्पादनको आधारभूत धरोहरको रुपमा रहेको विद्यालयको सर्वपक्षीय विकासको लागि समयानुकूल परिवर्तन र व्यवस्थापन आवश्यक छ । यसका लागि विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुलाई विद्यालय व्यवस्थापनको जिम्मेवारी दिँदा विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षको उन्नति छिटो छरितो पारदर्शी तथा जिम्मेवारी बोधका साथ सम्पन्न हुन्छ । त्यसकारण नेपालको संविधान २०७२ मा आधारभूत तथा माध्यमिक तह सम्मको शैक्षिक, प्रशासन, नीरिक्षण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी र जवाफदेही बनाउन स्थानीय तहको अधिकार क्षेत्र भित्र समावेश गरिएको छ । विद्यालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षको उन्नयन तथा सुधार स्थानीय तहको प्रदत्व अधिकार कार्यान्वयनका लागि जन अपेक्षा, जनशक्ति तथा स्थानीय पुर्वाधार पहिचान गरी विद्यालय व्यवस्थापन गर्न सकेमा अपेक्षित शैक्षिक गुणस्तर प्राप्त गर्न सकिन्छ ।

स्थानीय क्षेत्र भित्रका विद्यालयको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य दातृ निकायबाट प्राप्त वित्तीय सहायताले मात्र विद्यालयको स्रोत व्यवस्थापनमा रहेको समस्याको स्थायी समाधान हुन सक्दैन । त्यसका लागि दिगो वित्तीय संसाधन तथा व्यवस्थापकीय पक्षको खोजी गरी विद्यालयलाई क्रमशः आत्मनिर्भर बनाउने कुरा तर्फ ध्यान दिनु जरुरी छ । गतिशिल एवम् सक्षम व्यवस्थापन संयन्त्रको विकास र प्रयोगबाट विद्यालय प्रणालीको मौजुदा गुणस्तर सुधार गर्दै वाहिय जगतसँग समेत प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गरी पालिकाको समग्र विकासमा टेवा पुऱ्याउने कुरा तर्फ परिलक्षित भई व्यवस्थापकीय सुधार गर्नु आवश्यक छ ।

पालिका संविधान द्वारा प्रदत्त अधिकारको प्रयोग गर्न नीति विधि, प्रणलिको निर्माण, विकास तथा उपयोग गर्ने स्वतन्त्र निकाय हो ।त्यसकारण पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने सम्पूर्ण क्षेत्रको उन्नयन तथा विकास गर्न एकिकृत विकास योजना निर्माण गर्नु आवश्यक हुन्छ । त्यसमा पनि आफ्नो पालिका भित्र दीर्घकालीन रुपमा जनशक्तिको आवश्यकता पूर्ति गर्न विद्यालयको व्यवस्थापकीय पक्षमा ध्यान दिनु जरुरी छ । त्यसका लागि शिक्षा ऐन, नियमावालिमा विद्यालय व्यवस्थापन समितिको भूमिका स्पष्ट र व्यवस्थित गरिएको छ । विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा वि.व्य.स. लाई जिम्मेवार वनाइएको छ । शिक्षक र अभिभावकलाई विद्यालयप्रति जिम्मेवार बनाउन तथा शिक्षक र अभिभावकका बिच सम्पर्क सेतुको रुपमा काम गर्न विद्यालयमा शिक्षक अभिभावक संघ रहने व्यवस्था शिक्षा ऐन तथा नियमावली मा गरिएको छ । त्यसलाई स्थानीय पालिकाले अझ मजबुद र अधिकार सम्पन्न बनाई विद्यालयको शैक्षिक सवलीकरण एवम् वित्तीय व्यवस्थापनमा परिचालन गर्न सकेमा विद्यालय व्यवस्थापनमा अझ मद्दत पुग्ने देखिन्छ । काठेखोला गा.पा.ले पालिकाको दीर्गकालीन शैक्षिक कार्यदिशा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिकार क्षेत्र तथा मौजुदा शिक्षा ऐन, नियमावली तथा निर्माणोन्मुख संघीय , प्रादेशिक, स्थानीय शिक्षा ऐन, नियमावलीलाई समेत ध्यानमा राखी विद्यालय व्यवस्थापनको योजना अघि सारेको छ ।

### ३.८.२. वर्तमान अवस्था

शिक्षा ऐन २०२८ अनुसार हरेक विद्यालयहरुमा विद्यालयको रेखदेख र सञ्चालनको लागि एक योग्य विद्यालय व्यवस्थापन समिति रहेको हुन्छ । त्यस्तै शिक्षा नियमावली २०५९ ले अभिभावक र शिक्षक विचको सम्वन्ध सेतुको रुपमा प्रत्येक विद्यालयमा एक शिक्षक अभिभावक संघको परिकल्पना गरेको छ । प्रचलित शिक्षा

ऐन, नियम तथा सिद्धान्त एवम् शिक्षा दर्शनले विद्यालयको व्यवस्थापकीय संरचना अर्न्तगत अन्य प्रशासनिक एवम् शैक्षिक जनशक्ति व्यवस्थापन, आर्थिक व्यवस्थापन, भौतिक व्यवस्थापन जस्ता कुराहरुलाई अंगिकार गर्छन् । काठेखोला गाउँपालिकामा विद्यालयको व्यवस्थापकीय पक्षमा प्रशस्त सुधारको आवश्यकता रहेको छ । पालिकमा रहेका ५० वटा सामुदायिक विद्यालयहरु मध्ये ४७ वटा विद्यालयहरुमा शिक्षा नियमावली अनुसारको विद्यालय व्यवस्थापन समिति रहेको छ । ३ वटा विद्यालयहरुले नियमानुसारको समिति गठन गर्न सकेका छैनन् । २२ वटा (४४ प्रतिशत) सामुदायिक विद्यालयहरुमा मात्र नियम अनुसार योग्यता पुगेका प्रधानाध्यापकहरु रहेका छन् भने बाँकी २८ वटा (५६ प्रतिशत) विद्यालयहरुमा नियम अनुसार योग्यता पुगेका प्रधानाध्यापकहरु छैनन् । ३ वटा विद्यालयहरुले शिक्षक अभिभावक संघ गठन गर्न सकेका छैनन् । २१ वटा विद्यालयहरुमा सहायक प्रधानाध्याकको व्यवस्था रहेको छ । त्यस्तै १० वटा माध्यमिक विद्यालयहरुमा मात्र आर्थिक हिसावकिताव राख्ने छुट्टै कर्मचारी (लेखापाल) को व्यवस्था रहेको छ भने अन्य विद्यालयहरुमा प्र.अ. बाट नै विद्यालयको आर्थिक लेखा सञ्चालन गर्ने अवस्था रहेको छ । सबै सामुदायिक विद्यालयहरुमा कार्यालय सहायकको व्यवस्था रहेको छ । २२ वटा विद्यालयहरुले विद्यालयका सूचनाहरु सम्प्रेषण गर्ने सम्पर्क व्यक्ति (सूचना अधिकारी)को व्यवस्था गरेका छन् । परीक्षा समिति, विषयगत समितिहरु, अतिरिक्त क्रियाकलाप व्यवस्थापन समिति, विपद् व्यवस्थापन समिति, बाल क्लव, जु.रे.स./यु.रे.स, ग्रिन क्लव गठन भएका विद्यालयहरु क्रमशः १०, १०, १०, १५, २८, ८ र ३ वटा रहेका छन् । कुनै पनि सामुदायिक विद्यालयहरुमा स्वास्थ्य समस्या समाधानको लागि छुट्टै स्वास्थ्य कार्यकर्ता रहेको अवस्था छैन । गाउँपालिका भित्रको शैक्षिक व्यवस्थापनमा देखिएका प्रमुख चुनैतिहरु यस प्रकार रहेका छन् :

१. संघीय शासन प्रणाली अनुरुप संघीय शिक्षा ऐन, नियमावली तथा कार्यविधि तर्जुमा समयमा हुन सक्दा मौजुदा केन्द्रिकृत शिक्षा ऐन,शिक्षा नियमावली, नेपालको संविधान २०७२ को अनुसूची ८ अनुसार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारण गरेका अधिकार एवम् जिम्मेवारी अनुसार कार्यसम्पादनमा देखिएका नीतिगत तथा व्यवहारिक जटिलता र असपष्टता समाधान गर्ने चुनौति,
२. सम्पूर्ण विद्यालयहरुमा योग्य तथा अनुभवि प्रशासनिक प्रमुख (प्र.अ) व्यवस्थापनको चुनौति,
३. शैक्षिक व्यवस्थापनको लागि आवश्यक स्रोतको व्यवस्थापनको क्षमता विकास गर्ने चुनौति,
४. सामुदायिक विद्यालयहरुमा क्रमशः घट्दो विद्यार्थी सहभागितालाई नियन्त्र गर्ने चुनौति,
५. अस्थायी प्रकृतिका शिक्षकहरुको व्यवस्थापनको चुनौति,
६. विभिन्न किसिमको छनौट तथा नियुक्तिबाट आएका शिक्षकहरु बिच समन्वय संयन्त्र विकासको चुनौति,
७. विद्यालय प्रति अभिभावकको जेम्मेवारी, दायित्व र सहभागिता बृद्धि गर्ने चुनौति,
८. विद्यालयलाई राजनैतिक प्रभावबाट टाढा राख्ने चुनौति,
९. विपत् तथा सङ्कटको अवस्थामा पनि विद्यालयका नियमित गतिविधहरु सुचारु हुन सक्ने गरी विद्यालयको क्षमता विकासको चुनौति ।

### ३.८.३. उद्देश्य

यस कार्यक्रमको साधारण तथा प्रमुख उद्देश्य गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको प्रभावकारी व्यवस्थापन मार्फत विद्यालय शिक्षाको गुणस्तर सुधार गर्नु हो । यसका अतिरिक्त अन्य विशिष्टिकृत उद्देश्यहरु यस प्रकार छन् :

१. विद्यालयहरुलाई व्यवस्थापकीय रुपमा सक्षम र सबल गराउने,
२. गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा योग्य एवम् दक्ष विद्यालय प्रशासकको व्यवस्था गर्ने,
३. गाउँपालिकाका सबै विद्यालयहरुमा सक्षम, जवाफदेही र विद्यालयको विकास प्रति समर्पित विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको व्यवस्था गर्ने,
४. विद्यालयहरुको शैक्षिक, भौतिक, आर्थिक तथा सुशासन पक्षको व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाई विद्यालयहरुको क्षमता विकास तथा सेवा प्रवाहमा गुणस्तर वृद्धि गर्ने ।

### ३.८.४. रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न रणनितिहरु तय गरिएको छ :

१. विद्यालयहरुमा शिक्षा ऐन तथा नियमावली अनुसारको सक्षम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गरी विद्यालयको समग्र व्यवस्थापनप्रति उत्तरदायी र जवाफदेही बनाइने छ ।

२. विद्यालयको शैक्षिक प्रशासनलाई गुणस्तरीय बनाउन योग्य, सक्षम र कुशल प्रधानाध्यापकको व्यवस्थापन गरिने छ ।

३. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सामाजिक लेखा परीक्षण समितिलाई क्षमता विकास तालिम प्रदान गरी व्यवस्थापकीय क्षमता सुदृढ गरीने छ ।

४. माध्यमिक विद्यालयहरुको शैक्षिक तथा सुशासन पक्षलाई सुदृढ गराउन आवश्यकताको आधारमा सहायक प्रधानाध्यापकको व्यवस्था गरीने छ ।

५. विद्यालयमा हुने भौतिक निर्माणलाई व्यवस्थित, पारदर्शी एवम् गुणस्तरीय वनाउन व्यवस्थापन समितिको मातहतमा रहने गरी निर्माण समिति निर्माण गरिने छ ।

६. गाउँ शिक्षा समितिको भूमिकालाई सुदृढ गरी गाउँपालिका भित्रको विद्यालय शिक्षा व्यवस्थापन प्रति जिम्मेबार उत्तरदायी बनाइने छ ।

७. विद्यालय व्यवस्थापन समितिको भूमिका र दायित्वको पुनरावलोकन गरी विद्यालय व्यवस्थापन तथा सञ्चालन सुदृढ गराउन उत्तरदायी गराइने छ ।

८. विद्यालय सुधार योजनालाई विद्यालयहरुको गुणस्तर सुधार योजनाको रुपमा उपयोग गरिने छ ।

९. विद्यालयहरुको वित्तीय क्षमता सुदृढ गरी वीत्तिय स्रोत व्यवस्थापनमा विद्यालयहरुलाई सक्षम र आत्मनिर्भर बनाउँदै लगिने छ।

१०. शिक्षक, कर्मचारी, तथा व्यवस्थापकहरुको प्रत्यक्ष राजनैतिक आवद्धतालाई हटाइ विद्यालयहरु प्रति समर्पित र उत्तरदायी बनाइने छ ।

११. शिक्षक, कर्मचारी तथा व्यवस्थापकहरुलाई राम्रा विद्यालयहरु भ्रमण गरी असल अभ्इ)ासहरु सिक्ने अवसर प्रदान गरिने छ ।

१२. विद्यालयको लेखा व्यवस्थापनलाई सरल र पारदर्शी वनाउन लेखापालहरुलाई कार्यदक्षता अभिवृद्धि हुने किसिमका तालिमहरु प्रदान गरिने छ । साथै विद्यालयहरुको सामाजिक लेखा परीक्षणलाई समयमा नै सम्पन्न गर्ने परिपाटिको व्यवस्था गरिने छ।

१३. मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन, विद्यालयमा सञ्चालन हुने विविध परीक्षा व्यवस्थापन गर्न प्रधानाध्यापकको मातहतमा परीक्षा व्यवस्थापन समिति निर्माण गरी जिम्मेवारी प्रदान गरिने छ ।

१४. सामुदायिक विद्यालयहरुमा बढ्दै गइरहेको विद्यार्थीको अभाव लाई समाधान गर्न छात्रवृत्ति, दिवाखाजा, अतिरिक्त क्रियाकलाप, शैक्षिक गुणस्तरमा सुधार लगायत विद्यालयको समग्र व्यवस्थापनमा ध्यान दिई सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गरिने छ,

१५. विद्यालयहरुमा उत्तरदायित्वको अभिवृद्धिको लागि कार्य सम्पादनमा आधारित व्यवस्थापन तथा स्रोत परिचालनमा ध्यान दिइने छ ।

१६. शिक्षक, प्र.अ, वि.व्य.स. र गाउँपालिका बिच कार्यसम्पादन सम्झौताको लागि आवश्य संयन्त्रको विकास गरिने छ ।

### ३.८.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

काठेखोला गाउँपालिका भित्रका सवै विद्यालयहरु शैक्षिक, भौतिक, आर्थिक तथा सुशासन व्यवस्थापमा सुदृढ भई गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन् ।

### ख) नतिजा

१. गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको शैक्षिक, भौतिक, तथा संगठनात्मक पक्ष मजबुद हुने छ ।
२. गाउँपालिका भित्रका सबै विद्यालयहरुमा सक्षम र योग्य प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ। निर्माण समिति रहने छन् ।
३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, लेखापाल, लेखा समितिको पेशागत क्षमता वृद्धि भई) विद्यालयको व्यवस्थापकीय सक्षमतामा सुधार देखिने छ ।
४. विद्यालयका शिक्षक, कर्मचारी तथा व्यवस्थापकहरुको राजनैतिक आवद्धतामा कमी आई विद्यालयहरु राजनितिक प्रभावबाट अलग स्वतन्त्र शैक्षिक संस्थाको रुपमा विकसित भएका हुने छन् ।
५. सबै विद्यालयहरुले अग्रगामी विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन गरी शैक्षिक गुणस्तरलाई सुधार गरेका हुनेछन् ।
६. विद्यालयहरुको वित्तीय व्यवस्थापन क्षमता क्षमता सबल भएको हुने छ ।
७. विद्यालयहरुको लेखा व्यवस्थापन प्रणाली पारदर्शी रुपमा सुदृढ भएको हुने छ ।
८. विद्यालयहरुको भौतिक व्यवस्थापकीय क्षमता गुणस्तरीय रुपमा विस्तार भएको हुने छ ।
९. विद्यालयहरु विपत् तथा सङ्कटको अवस्थामा पनि सिकाइ कार्यक्रमलाई निरन्तरता प्रदा गर्न सक्ने गरी क्षमतावान रुपमा विकास भएका हुनेछन् ।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.९

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | नियमावली अनुसारको योग्य र सक्षम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन तथा पुर्नगठन | विद्यालय | आवश्यकता अनुसार सबै | आवश्यकता अनुसार सबै | आवश्यकता अनुसार सबै | आवश्यकता अनुसार सबै | आवश्यकता अनुसार सबै | सबै |
| २ | योग्य र सक्षम सहायक प्रधानाध्यापक नियुक्त | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ३ | विद्यालयका लेखापाल लेखा समितिका सदस्यहरुको लागि लेखा सम्बन्धी तालिम सञ्चालन | विद्यालय | २० | ३० | ० | ० | ० | ५० |
| ४ | प्रधानाध्यापक, वि.व्य.स. र शि.अ.सं.को लागि नेतृत्व विकास तथा व्यवस्थापन क्षमता विकास सम्वन्धि विशेष तालिमको व्यवस्था | सङ्ख्या | सबै प्र.अ, वि.व्य.स. अध्यक्ष र शि.अ.स अध्यक्ष | ० | ० | ० | सबै प्र.अ, वि.व्य.स. अध्यक्ष र शि.अ.स अध्यक्ष | सबै प्र.अ, वि.व्य.स. अध्यक्ष र शि.अ.स अध्यक्ष |
| ५ | विद्यालय सुधार योजना निर्माण, अध्यावधिक तथा कार्यान्वयन | विद्यालय | आवश्यकता अनुसार सबै | | | | | ५० |
| ६ | शिक्षक, प्र.अ र | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | व्यवस्थापकहरुलाई सक्रिय राजनितिक आवद्धताबाट अलग गराई विद्यालयको विकास समर्पित हुन प्रोत्साहित गर्ने | | | | | | | |
| ७ | विद्यालयको भौतिक निर्माण कार्यलाई व्यवस्थित गर्न छुट्टै निर्माण समितिको गठन गर्ने | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | ५० |
| ८ | विद्यालयका शिक्षक, कर्मचारी र व्यवस्थापकहरुलाई शैक्षिक भ्रमणको अवसर प्रदान | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | ५० |
| ९ | सामुदायिक विद्यालयहरुमा विद्यालय टिकाउन छात्रवृत्ति, दिवा खाजा, आकर्षक किसिमका अतिरिक्त क्रियाकलापको व्यवस्था जस्ता कार्यक्रमहरु सञ्चालन | विद्यालय | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | ५० |
| १० | विद्यालयहरुको भौतिक सुधार | विद्यालय | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा | आवश्यकताको आधारमा |
| ११ | आर्थिक रुपमा कमजोर विद्यालयहरुको वित्तिय व्यवस्थापनको लागि सहयोग स्रोतको खोजी | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.९ निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा

### ३.९.१ परिचय

शिक्षा जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । यो मानव विकासको आधार हो । ज्ञान, सीप र प्रविधि हस्तान्तरणको माध्यम हो । त्यसकारण सम्पूर्ण मानवहरुको लागि शिक्षा अपरिहार्य र अनिवार्य साधन हो । यसले हरेक मानिसलाई समय सापेक्ष जीवनयापन गर्न सक्षम बनाउँछ । औपचारिक शिक्षाबाट बञ्चित रहेका, बिचमा नै पढाइ छोडेका, सामाजिक, आर्थिक एवम् भौगोलिक रुपमा पछि परी विद्यालय जान नसकेका वर्ग वा समुदायलाई औपचारिक शिक्षाको विकल्पमा लचिलो पद्धतिको अनुसरण गरी आधारभूत सीप विकास गर्न र जीवनयमापनलाई सहज बनाउन अनौपचारिक शिक्षा प्रदान गरिन्छ । यसले सिकारुको जीवनमा आइपर्ने समस्याहरु बारे छलफफल गर्दै समस्या समाधानका उपायहरु खोज्ने र समाधानका उपायहरु कार्यान्वयन गरी समस्या समाधान गर्न सघाउ पुऱ्याउछ । औपचारिक विद्यालय शिक्षाबाट बञ्चित रहेका, विद्यालय प्रवेश नै नगरेका विचैमा पढाइ छोडेका र एउटा तह पार गरी अर्को तहमा अध्ययन गर्न इच्छुक नभएका तथा कार्य व्यस्ततामा संलग्न व्यक्तिहरुको सिकाइलाई निरन्तरताको लागि निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्न आवश्यक छ ।

न्यून सीप कामदारको बाहुल्यता तथा रोजगारी बजारको माग र उच्च शिक्षा बिचको कमजोर सम्वन्ध रहेको नेपाली समाजमा निरन्तर शिक्षा, खुल्ला सिकाइ, जीवन पर्यन्त सिकाइ जस्ता अनौपचारिक प्रकृतिका सिकाइ माध्यमहरुको ठूलो महत्व रहेको छ । यस प्रकारको सिकाइ व्यवस्थाले जीविकोपार्जनलाई दिगो पार्न तथा समाजमा सहभागी हुन आवश्यक पर्ने क्षमताको विकासमा सहयोग पुग्छ । समुदायमा निरक्षर लाई साक्षर बनाउने, साक्षरहरुका लागि साक्षरोत्तर सिकाइ प्रदान गर्ने, ज्ञान–सीप र प्रविधिको खोजिमा रहेकाहरुको लागि त्यसको अवसर प्रदान गर्दै शिक्षा लाई सीप संग, सीपलाई ब्यावसाय सँग जोड्दै गुणस्तरीय, शिक्षित र समुन्नत समाज निर्माणमा अनौपचारिक शिक्षा, खुल्ला सिकाइ, नियमित तथा जीवनपर्यन्त शिक्षाको अहम भूमिका रहन्छ ।

संविधानले व्यवस्था गरे अनुसार शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्वीकार गर्दै, राष्ट्रिय शिक्षा नीत तथा दिगो विकास लक्ष्य अनुसार शिक्षाको अवसरलाई सबैको पहुँच सम्म विस्तार गर्न यस योजनाले काठेखोला गाउँपालिका भित्र औपचारिक शिक्षाको दायरा भित्र समेटिन नसकेका मानिसहरुलाई वैकल्पिक सिकाइ पद्धतिहरु सँग जोड्दै शिक्षित, सम्इ) तथा समुन्नत समाज निर्माणको अभिष्ट अघि सारेको छ । यसको लागि लक्षित समूह पहिचान, निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको व्यवस्थापनका चुनौति तथा अवसरहरु पहिचान गरी प्राप्त चुनौतिहरुको सामना गर्दै अवसरहरुको भरपुर उपयोग गरी अपेक्षित उद्देश्य हासिल गर्न रणनितिक कार्यक्रमहरु तय गरेको छ ।

### ३.९.२. वर्तमान अवस्था

नेपालमा औपचारिक शिक्षाको विकल्पको रुपमा निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ जस्ता शैक्षिक अभ्इ)ासहरु सञ्चालनमा रहेका छन् । धेरै पहिले देखिनै परम्परागत शिक्षा, खुल्ला सिकाइ तथा जीवनपर्यन्त शिक्षाका प्रयास हरु व्यवस्थित वा अव्यवस्थित रुपमा प्रयोग हुदै आएको देखिन्छ । नेपालमा २००७ सालको राजनैतिक परिवर्तन पश्चात साक्षरता अभिइ)ान सञ्चालन भएको हो । २०१३ साल देखि योजनाबद्ध रुपमा पौढ साक्षरता कार्यक्रमको शुरुवात भएको हो । वि.सं. २०२८ सालको राष्टिय शिक्षा पद्धतिको योजनाको मध्यावधि मूल्याङ्कन पछि साक्षरता कार्यक्रमले व्यवपकता पायको देखिन्छ । वि.सं २०३७ सालमा प्रौढ शिक्षा शाखा स्थापना भए पछि साक्षरता शिक्षा लाई संस्थागत संरचना मार्फ अघि वढाइयो । यसै सन्दर्भमा वि.सं २०४५ सालमा राष्ट्रिय साक्षरता अभिइ)ान सञ्चालन गरियो । वि.सं. २०६५ र वि.सं. २०६९ सालमा दुई पटक गरी ६ वर्षको राष्ट्रिय साक्षरता अभिइ)ान सरकारी र गैर सरकारी क्षेत्रको सयोगमा सञ्चालन भइ)ो । यसै शिलसिलामा सरकारले १५ वर्ष देखि ६० वर्ष सम्मका ९५ प्रतिशत मानिसहरु साक्षर भएका गाउँ तथा जिल्लाहरुलाई साक्षर घेषणा गर्न सकिने प्रावधान अघि सारेको छ । वि.सं २०७१ साल देखि गाउँ, नगरपालिका हुदै जिल्लाहरुलाई साक्षरता घोषणा गर्न थालियो ।

प्रत्येक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहको शिक्षा नि:शुल्क हुने संविधानमा भएको व्यवस्था अनुसार सबैलाई शिक्षाको अवसर सुनिश्चित गर्न सरकारले औपचारीक तथा अनौपचारिक दुबै माध्यमबाट विभिन्न उमेर समूहका मानिसहरुलाई शिक्षाको अवसर प्रदान गर्दै आईरहेको छ । सहश्राब्दि विकास लक्ष्य ९:म्ञ्० र सबैका लागि शिक्षा ९ँब्० जस्ता अन्तराष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्र संघीय घोषणा अर्न्तगत वैदेशिक सहायता परिचालन गरी अनौपचारिक कार्यक्रमहरु सम्पन्न भएका छन् । सन् २०१६ देखि आगामी १५ वर्ष सम्मका लागि अन्तराष्ट्रिय प्रतिबद्धताको नयाँ आयामको रुपमा दिगो विकास लक्ष्य (SDG) अन्तर्गत जीवनपर्यन्त शिक्षा र निरन्तर सिकाइमा सबैको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्न विविध वैकल्पिक माध्यम सहित नीति तथा कार्यक्रमहरु अघि सारेको छ ।

हाल सम्म ७७ जिल्लाहरु मध्ये ४७ वटा जिल्लाहरु साक्षर घोषित भएका छन् । अहिले सम्म राष्ट्रिय युवा साक्षरता (१५–२४ बर्ष) दर ९५ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता (१५–६०बर्ष) दर ८२ प्रतिशत हेको छ । हाल संस्थागत संरचनाका रुपमा देशभरी जम्मा २१५१ वटा सामुदायिक अध्ययन केन्द्रहरु, ११३ वटा खुल्ला विद्यालयहरु र १७३ वटा अनौपचारिक पौढ विद्यालयहरु क्रियाशील रहेका छन् । *(साक्षर नेपाल वर्ष २०७६, आधारपत्र)* बागलुङ जिल्ला मिति २०७३/०३/३ मा साक्षर जिल्ला घोषित भइ)सकेको छ । साक्षर जिल्ला

घोषणा हुने अवस्थामा जिल्लाको साक्षरता दर ९६.५७ प्रतिशत उल्लेख भएको देखिन्छ । ११ औं राष्ट्रिय जनगणना २०६८ अनुसार बालगुङ जिल्लाको १५ देखि ६० वर्ष उमेर समूहको निरक्षर सङ्ख्या ३८१८१ रहेको छ ।

काठेखोला गाउँपालिकामा १६ देखि ६० वर्ष उमेर समूहको साक्षरता दर ९१.४४ प्रतिशत रहेको छ । यसमा महिला र पुरुष साक्षरता दर क्रमशः ७.३७ प्रतिशत र ९५.४४ प्रतिशत रहेको छ । ५ देखि १५ वर्ष उमेर समूहको साक्षरता दर ९९.४३ प्रतिशत, १६ देखि ३० वर्ष उमेर समूहको साक्षरता दर ९९.८ प्रतिशत, ३१ देखि ४५ वर्ष उमेर समूहको साक्षरता दर ९३.२७ प्रतिशत, ४६ वर्ष देखि ६० वर्ष उमेर समूहको साक्षरता दर ७३.६४ प्रतिशत र ६० वर्ष माथिको साक्षरता दर ४४.८३ प्रतिशत रहेको छ । ५ वर्ष माथिको साक्षरता दर जम्मा ८६.८६ प्रतिशत रहेको देखिन्छ । १५ वर्ष देखि ६० वर्ष उमेर समूहको ८.५५ प्रतिशत जनसङ्ख्या अझै निरक्षर रहेको छ ।

काठेखोला गाउँपालिकामा हाल निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको लागि खास अभ्इ)ास हुन सकेको छैन । गाउँपालिकाम भित्र रहेका ४ वटा सिकाइ केन्द्रहरु पनि त्यति प्रभावकारी हुन सकेका छैनन् । गाउँपालिका पूर्ण साक्षर घोषणा हुनु पूर्व अनौपचारिक कक्षा, सामुदायिक अध्ययन केन्द्रहरुको माध्यमबाट लक्षित उमेर समूह निर्धारण गरी साक्षर बनाउने कार्यक्रमहरु सञ्चालन भएका थिए । साक्षर, साक्षरोत्तर तथा आजिवन सिकाइ सम्वन्धि थुप्रै कार्यक्रमहरु सञ्चालन भएको भए पनि हाल ति सबै कार्यक्रमहरु निश्क्रिय प्रायः छन् । उमेर, पेशा, भौगोलिक अवस्था, शारिरिक असक्षमता लगायत विविध कारणले औपचारीक शिक्षा लिनबाट बञ्चित भएका, विचमा कक्षा छोडेका व्यक्तिहरुको शिक्षा प्राप्त गर्न पाउने नैसर्गिक अधिकारलाई दृष्टिगत गरी औपचारीक शिक्षा बाहेकका अन्य बैकल्पिक पद्धती बाट निरन्तर तथा आजिवन सिकाइको अवसर प्रदान गर्नु सरकारको दायित्व हो । यस सन्दर्भमा यस योजनाले काठेखाला गाउँपालिका भित्रका लक्षित समूहको लागि निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई जस्ता वैकल्पिक अवसरहरुको विकास र विस्तारको कार्यक्रम अघि सारेको छ ।

### ३.९.३. उद्देश्य

यस कार्यक्रमको प्रमुख उद्देश्य काठेखोला गाउँपालिका भित्र औपचारीक शिक्षाको अवसरबाट वञ्चित रहेका सम्पूर्ण उमेर समूहका मानिसहरुको लागि वैकल्पिक शिक्षाका अवसरहरु प्रदान गरी व्यवावसायिक सीप विकास तथा रोजगारी प्रवर्धन गर्नु हो । यसका अतिरिक्त अन्य विशिष्टिकृत उद्देश्यहरु यसप्रकार रहेका छन् :

१. गाउँपालिका भित्र औपचारीक शिक्षाको पहुँच प्राप्त हुन नसकेको जनसङ्ख्या पहिचान गरी सिकाइ निरन्तरताको अवसर प्रदान गर्ने
२. निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र क्षिक्षा जस्ता वैकल्पिक शिक्षा प्रणालिको व्यवस्था द्वारा जिवनपयोगी सीप, व्यवसायिक कौशलता र रोजगारी प्रवर्धन गरी सामाजिक विकासमा सुधार गर्ने,
३. काठेखोला गाउँपालिकामा साक्षरताको दरमा बृद्धि गर्ने

### ३.९.४. रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरु अवलम्वन गरिने छ :

१. गाउँपालिका भित्र औपाचारिक शिक्षाको अवसरबाट बञ्चित रहेका मासिहरुको लगत संकलन गरी निरन्तर समतामूलक नियमित तथा अनौपचारिक शिक्षाको अवसर प्रदान गरिने छ ।
२. बैकल्पिक शिक्षामा प्रयोग हुने विभिन्न साधन/ माध्यमहरु (रेडियो, मोवाइल, अनलाइन जस्ता जस्ता सञ्चार प्रविधि सामुदायिक सिकाइ केन्द्र, नागरिक समाज) को प्रयोगलाई प्रभावकारी वनाइने छ ।
३. साक्षरताको अवस्था तथा आवश्यकतालाई हेरी विभिन्न वडाहरुमा सिकाइ केन्द्रहरु स्थापना गरिने छ ।
४. गाउँपालिका भित्र सबै क्षेत्रमा इन्टरनेटको सहज आपूर्तिको लागि नेपाल टेलिकम तथा अन्य इन्टरनेट प्रदायक कम्पनीहरु सँग रहयोगको लागि समन्वय गरिने छ ।

५. हाल सञ्चालनमा रहेका सिकाइ केन्द्रहरुको क्षमता तथा गुणस्तर सुधार गरिने छ ।
६. गाउँपालिका भित्र निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र क्षिक्षा सम्वन्धि काम गर्न चाहने नीजी तथा सामुदायिक संस्था, गैर सरकारी संस्थाहरुलाई सहज अनुमति प्रक्रियाको व्यवस्था गरिने छ ।
७. निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षाको पहुँच विस्तारको लागि आवश्यकताको आधारमा प्रदेश तथा संघीय सरकार सँग सहयोगको लागि समन्वय गरिने छ ।

### ३.८.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

काठेखोला गाउँपालिका भित्र औपचारिक शिक्षाको अवसरबाट बञ्चित रहेका व्यक्तिहरुलाई निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ जस्ता वैकल्पिक शिक्षाका आयामहरुको उपयोग मार्फते समग्र शैक्षिक अवस्थामा सुधार भइ गाउँपालिकाको दुर्ततर आर्थिक विकासमा सहयोग पुग्ने छ ।

#### ख) नतिजा

१. गाउँपालिकाको साक्षरता स्थितिमा सुधार देखिने छ ।
२. ब्यवहार कुशल सीपको प्रवर्धन भइ व्यावसायिक उद्यमको विकास भएको हुने छ ।
३. गाउँपालिका भित्र निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ जस्ता वैकल्पिक शिक्षाका माध्यमहरुको पहुँच र सान्दर्भिकतामा सुधार भएको हुने छ ।
४. सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता र गुणस्तरमा सुधार भएको हुने छ ।
५. निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ जस्ता वैकल्पिक शिक्षा पद्धतिहरुको प्रयोगमा गैर सरकारी संघ संस्थाहरुको सहभागिता वृद्धि भएको हुने छ ।

#### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.१०

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | औपचारीक शिक्षाबाट बञ्चित व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता तथा गुणस्तर सुधारको लागि अनुदान प्रदान गर्ने | सामुदायिक सिकाइ केन्द्रहरु | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ३ | वडाहरुमा सामुदायिक सिकाइ केन्द्रको विकासको आवस्यकता पहिचान गर्ने | वडाहरु | १ | २ | २ | २ | १ | ८ |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरु स्थापना | सङ्ख्या | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ५ | गाउँपालिका भित्र आम | पटक | आवश्यकत | आवश्यकत | आवश्यकत | आवश्यकत | आवश्यकत | आवश्यकता अनुसार |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | सञ्चार माध्यमहरु ( रेडियो, मोवाइल, टेलिभिजन, इन्टरनेट आदि) को पहुँच र प्रभावकारीता पहिचान र थप विकासको लागि समन्वय | | ा अनुसार | ा अनुसार | ा अनुसार | ा अनुसार | ा अनुसार | |
| ६ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन ( रेडियो, मोवाइल, टेलिभिजन, इन्टरनेट, अनलाइन तथा अफलाइन डिजिटल सामग्री) | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ७ | पौढ, जेष्ठ नागरिक, पेशामा संलग्न व्यक्तिहरुका लागि निरन्तर सिकाइ वातावरण सृर्जना गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | धार्मिक एवम् गुरुकूल शिक्षा संचालन, व्यवस्थापन तथा क्षमता सुधारको लागि अनुदान उपलब्ध गराउने | संस्था | १ | १ | १ | १ | १ | १ |
| ९ | वैकल्पिक शिक्षाका माध्यमहरुको विकास र प्रयोगको लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग साझेदारी तथा सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.१०. गुणस्तरीय सार्वजनकि शिक्षा

### ३.१०.१ परिचय

गुणस्तरीय क्षिक्षा आजको आवश्यकता हो । आजको युगमा शिक्षालाई असल मानवीय जीवन निर्माणको साधनको रुपमा लिने गरिन्छ । शिक्षा भौतिक विकास तथा सभ्य समाज निर्माणको पूर्वाधार हो । शिक्षाले बालबालिकाको प्रतिभाको पहिचान र उजागर गर्न सक्नु पर्छ । कुनै पनि विषयको आत्म बोध र आतमानुभूति हुन सक्ने शिक्षा गुणस्तरीय शिक्षा हो । गुणस्तरीय शिक्षा पाउनु नागरिकको नैसर्गिक अधिकार हो । नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक अधिकारको रुपमा ग्रहण गरेकोले गुणस्तरीय शिक्षा प्रदान गर्ने दायित्व सरकारको हो । पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सीप र अभिवृत्तिहरुलाई विद्यार्थीहरुको जीवन व्यवहारसँग जोडने शिक्षा गरणस्तरीय शिक्षा हो । ज्ञान, विज्ञान र प्रविधिको अधुनिक युगमा शिक्षाले

विद्यार्थीहरुमा प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न सक्नु पर्छ । शिक्षाले विद्यार्थीहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विकसित खोज, अनुसन्धान, अन्वेषण तथा आविस्कारको ज्ञान प्रदान गर्नुको साथै सिर्जनशिल प्रतिभाको विकासमा ध्यान दिनु पर्छ ।

नेपालमा विद्यार्थीहरुको उपलब्धिको राष्ट्रिय परीक्षणको शुरुवात वि.सं २०५२ साल देखि हुन थालेको हो । वि.सं. २०६६ सालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भए पश्चात विद्यालय शिक्षाको गुणस्तर मापन आधुनिक पद्धतिबाट हुने गर्छ । शैक्षिक गुणस्तर परीक्षणकेन्द्रले हाल सम्म कक्षा ३, ५, ८ र १० को विद्यार्थी सिकाइको गुणस्तर परीक्षण गरिसकेको छ । हाल सम्म १० वटा परीक्षण सम्पन्न भैसकेका छन् र तर ती परीक्षणको नतिजा खास सन्तोषजनक देखिदैन । विद्यालय शिक्षाको गुणस्तरमा सुधार हुन सकेको छैन । नेपाल सरकारले विभिन्न किसिमका शैक्षिक योजनाहरु लागु गर्दै आएको छ । शिक्षामा मा धेरै ठूलो स्तरको लागनी गर्दै आएको भएता पनि शैक्षिक गुणस्तर भने खास सुधार हुन सकेको देखिदैन । सरकारका सबै जसो शैक्षिक योजनहरुको मुख्य उद्देश्य सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्नु रहेको हुन्छ । चालु पन्ध्रौं योजनाले विद्यालय शिक्षालाई गुणस्तरीय, जिवनपयोगी र प्रविधिमैत्री वनाउने उद्देश्य निर्धारण गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ मा संघीय शिक्षा हेर्ने मन्त्रालयले आधारभूत तथा माध्यमिक विद्यालयका गुणस्तरमानक तथा सूचकहरु निर्धारण गरी प्रदेश र स्थानीय तहबाट सोको कार्यान्वयन तथा आवधिक समीक्षा गर्ने कुरा उल्लेख गरिएको छ ।

गुणस्तरीय शिक्षा गुणस्तरीय विद्यालय प्रणालीबाट मात्र सम्भव छ । विद्यालय प्रणाली गुणस्तरीय हुन यसका अंगहरु (शिक्षक, विद्यार्थी, प्रशासन, व्यवस्थापन, पाठ्यक्रम, भौतिक पूर्वाधार, लगानी, नीति) गुणस्तरीय हुन पर्छ । राज्यले गुणस्तरीय विद्यालय प्रणाली विकास गर्ने कुरामा ध्यान दिनु आवश्यक छ । संघीय संरचना अनुसार आधारभूत र माध्यमिक तहको व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको काँधमा आइसकेको अवस्थामा अब सार्वजनीक शिक्षालाई गुणस्तरीय बनाउने दायित्व स्थानीय सरकारको हो । यसै सन्दर्भमा काठेखोला गाउँपालिकाले गाउँपालिका भित्रको सार्वजनिक शिक्षालाई गणस्तरीय बनाउन विभिन्न रणनितिक कार्यकलापहरु तय गरेको छ ।

### ३.१०.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको गुणस्तर, पहुँच र सान्दर्भिकता सुधार गर्ने सवाल नेपालको मात्र नभएर अन्तराष्ट्रिय मुद्दा हो । सन २०१५ मा संयुक्त राष्ट्र संघले अघि सारेका दिगो विकासका १७ वटा लक्ष्यहरुमा नेपालले प्रतिवद्धता जनाइसकेको छ । यस अनुरुप सन २०३० सम्म ती लक्ष्यहरु हासिल गर्नु पर्ने छ । दिगो विकासका १७ वटा लक्ष्यहरु मध्ये चौथो लक्ष्य गुणस्तरीय शिक्षा सँग सम्वन्धित छ । यसले सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्धन गर्ने जस्ता कुराहरुलाई समेट्छ । यो लक्ष्य अनुसार नेपालले सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरु हासिल हुने गरी सबै बालबालिकाहरुलाई आधारभूत तथा माध्यमिक शिक्षा निःशुल्क रुपमा उपलब्ध गराउनु पर्छ । यसै सन्दर्भमा सार्वजनिक शिक्षालाई गुणस्तरीय वनाउन नेपाल सरकारले निकै ठूलो कसरत गर्दै आइरहेको छ । राष्ट्रिय शिक्षा नीति २०७६, पन्ध्रौं योजना, शिक्षा क्षेत्रको योजना २०२१–२०३० ले मुलतः विद्यालय शिक्षाको पहुँच, सार्न्दभिकता र गुणस्तर सुधार गर्ने कुरालाई महत्वको साथ अघि सारेको देखिन्छ ।

नेपालमा विद्यालय शिक्षाको गुणस्तर उल्लेखनीय रुपमा सुधार हुन सकेको देखिदैन । सरकारले शिक्षाक्षेत्रको विकासलाई प्राथमिकताको अग्र सूचीमा राखि लगानी गर्दै आइरहेको छ । विद्यालयहरुको भौतिक तथा व्यवस्थापकीय सुधारमा लगानी वढाउँदै लगिएको छ । शिक्षकको क्षमता विकास सम्वन्धी कार्यक्रमहरुमा ठूलो खर्च हुने गरेको छ । शिक्षक सेवा आयोगले सक्षम र योग्य शिक्षक छनौटको अभ्यास थालनी गरिसकेको छ । यद्यपी सिकाइ उपलब्धीको राष्ट्रिय आँकडालाई हेर्दा खास सुधार हुन सकेको देखिदैन । राष्ट्रिय गुणस्तर परीक्षण केन्द्र (ERO) २०७५/०७६ को प्रतिबेदन अनुसार गणित विषयमा ३२ प्रतिशत र नेपाली विषयमा २० प्रतिशत विद्यार्थीहरुले आधारभूत सक्षमता भन्दा कम सिकाइ उपलब्धी हासिल गरेको देखिन्छ । काठेखोला गाउँपालिकामा कक्षा १–१० को मुख्य पाँच विषयहरु (नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक तथा जनसङ्ख्या,

विज्ञान तथा वातावरण) विषयको औसत सिकाइ उपलब्धी ४२.५९ रहेको छ । त्यसैगरी माध्यमिक शिक्षा परीक्षा (SEE) को नतिजाको आधारमा हेर्दा कक्षा १० को औसत सिकाइ उपलब्धी जम्मा ३८.६३ रहेको देखिन्छ । अझै पनि २० प्रतिशत विद्यालयहरुमा पर्याप्त कक्षाकोठा छैनन् । बालविकास देखि कक्षा १२ सम्म अध्यापन गर्ने ६८.२५ प्रतिशत शिक्षक मात्र तालिम प्राप्त रहेकाछन् । ३० प्रतिशत विद्यालयहरु मात्र स्वस्थकर शुद्ध पिउने पानीको व्यवस्था पर्याप्त मात्रामा रहेको देखिन्छ । ३६ प्रतिशत विद्यालयहरुमा मात्र शिक्षक विद्यार्थीको लागि आवश्यक विभिन्न सन्दर्भ सामग्रीहरु उपलब्ध रहेको छ । ५६ प्रतिशत विद्यालयहरुमा शिक्षकका लागि विषयगत निर्देशिकाहरु पर्याप्त मात्रामा रहेको देखिदैन । ५0 प्रतिशत विद्यालयहरुमा शैक्षणिक सामग्रीहरु पर्याप्त छैनन् । यस योजनाले आगामी पाँच वर्षभित्र काठेखोला गाउँपालिका भित्रको सार्वजनिक शिक्षाको स्तर लाई सुधार गर्न सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय पक्षमा स्पष्ट सुधारका कार्यक्रमहर अघि सारेको छ ।

### ३.५.३. उद्देश्य

यस कार्यक्रमको प्रमुख उद्देश्य काठेखोला गाउँपालिका भित्रको सार्वजनिक शिक्षा प्रणालीलाई समयानुकूल सुधार गर्दै गुणस्तरीय रुपमा विकास गर्नु हो । यसका अतिरिक्त अन्य विशिष्टिकृत उद्देश्यहरु यसप्रकार रहेका छन् :

१. गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको स्तर, क्षमता र गुणस्तरमा सुधार गर्ने ।
२. सार्वजनिक शिक्षालाई समयको आवश्यकता अनुकूल रुपान्तरण गरी विश्व श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति तयार गर्ने ।
३. गुणस्तरीय सार्वजनिक शिक्षाको पहुँच सान्दर्भिकता बृद्धि गर्ने,
४. सार्वजनिक विद्यालयहरुको संरचनात्मक-प्रकार्यात्मक अवस्थामा सुधार ल्याई विद्यार्थीहरुको सिकाइ गुणस्तरमा सुधार गर्ने।

### ३.५.४ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्नरणनीतिहरु तय गरिएको :

१. विद्यालयको भौतिक संरचना मूल्याङ्कन, मर्मत, सवलीकरण तथा निर्माण एवम् पुनर्निर्माणमा ध्यान दिईने छ ।
२. विद्यालयहरुको व्यवस्थापकीय क्षमता सुधार कार्यक्रमहरु सञ्चालन गरिने छ ।
३. शिक्षकहरुको पेशागत तथा अतिरिक्त क्षमता विकास सम्वन्धी तालिमहरु सञ्चालन गरिने छ ।
४. सामुदायिक विद्यालयहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटिको विकास गरी मूल्याङ्कन गर्ने र सोही आधारमा विद्यालयहरु लाई क, ख, ग, श्रेणीमा वर्गीकरण गरी आवश्यक सुधार गरिने छ ।
५. विद्यालयहरुलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा विकास गर्न विद्यालय देखि ३00 मिटर भित्रको क्षेत्रलाई संवेदनशिल क्षेत्रको रुपमा लिई सुर्ति तथा मादक जन्य पदार्थहरुको विक्रि वितरणलाई निरुत्साहित गर्न, वन्द हडतालको प्रभावबाट शिक्षण सिकाइलाई टाढा राख्न सरोकारवालाहरु सँग समन्वय गरिने छ ।
६. पालिका स्तरीय विषयगत समिति गठन गरी विषयगत समस्याहरु उपर छलफल गर्ने परिपाटी अवलम्वन गरिने छ ।
७. विद्यार्थीहरुको सिकाइ गुणस्तर सुधार गर्न सरोकारवालाहरुसँग कार्य सम्पादन सम्झौता गर्ने व्यवस्था गरिने छ।
८. पालिकामा शैक्षिक गुणस्तर मापन तथा परीक्षा व्यवस्थापन समिति गठन गरी विशेष जिम्मेवारी प्रदान गरिने छ।
९. विद्यालयमा सबै किसिमका भौतिक एवम् शैक्षिक पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गमैत्री रुपमा विकास गरिने छ ।

१०. विद्यार्थीहरुको सिकाइ प्रति अभिभावकलाई जिम्मेबार बनाउन उत्प्रेरणात्मक अभिभावक शिक्षामा ध्यान दिइनेछ।
११. विद्यालयहरुमा आवश्यक शैक्षणिक सामग्रीहरु, सनदर्भ सामग्रीहरु, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधिको व्यवस्थापनलाई प्रभावकारी गराइने छ ।
१२. पालिका भित्रका सबै बालबालिकाहरुलाई सार्वजनिक शिक्षाको सहज पहुँच उपलब्ध गराइने छ ।
१३. अनुत्तीर्ण तथा विचैमा कक्षा छोडने समस्यालाई नियन्त्रण गर्न, पुर्न:परीक्षा, सिकाइ सहयोग कार्यक्रम सञ्चालन, विशेष छात्रवृत्ति, दिवा खाजा, आवासीय सुविधाको व्यवस्थापन जस्ता कुराहरुमा ध्यान दिइने छ ।

### ३.९.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

पालिका भित्रका सबै बालबालिकाहरुलाई गुणस्तरीय  सार्वजनिक शिक्षाको सुलभ अवसर उपलब्ध हुने छ ।

#### ख) नतिजा

१. पालिका भित्रका सबै सामुदायिक विद्यालय तथा सामुदायिक सिकाइकेन्द्रहरुको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्ष सुदृढ भइ) गुणस्तरीय शैक्षिक संरचनाको रुपमा विकास भएका हुने छन् ।
२. बालबालिकाहरुको सिकाइ उपलब्धी स्तरमा सुधार भएको हुने छ ।
३. पालिका भित्रका सबै बालबालिकाहरुलाई गुणस्तरीय सार्वजनिक शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

#### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.११

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरुको भौतिक, शैक्षिक तथा ब्यवस्थापकीय पक्षको मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विद्यालयको भौतिक निर्माण, मर्मत एवम् सवलिकरण | विद्यालयहरु | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ३ | विद्यालयहरुको व्यवस्थापकीय सुधार | विद्यालयहरु | १५ | १५ | १० | १० | ० | ५० |
| ४ | कार्यसम्पादन सूचकको आधारमा विद्यालयहरुको वर्गिकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालयलाई शान्त र सुरक्षित क्षेत्रको रुपमा विकास गर्न सरोकारवाला हरुसँग परामर्श | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यार्थीको सिकाइ गुणस्तर सुधारको लागि | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | प्र.अ. हरुसँग कार्य सम्पादन सम्झौता | | | | | | | |
| ७ | सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षकको आधिकारिक ट्रेड युनियनसँग परामर्श | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | पालिका अर्न्तगत शिक्षा तथा खेलकुद शाखामा शैक्षिक गुणस्तर मापन तथा परीक्षा समिति गठन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | पालिका स्तरीय विषयगत समितिहरु गठन | वटा | ७ | ७ | ७ | ७ | ७ | ७ |
| १० | विद्यार्थी, शिक्षक र अभिभावकको लागि उत्प्रेरणात्मक तथा शिक्षा मुलक कार्यक्रम सञ्चालन | पटक | १ | २ | २ | २ | २ | ९ |
| ११ | विद्यालयहरुलाई आवश्यक शैक्षणिक सामग्रीहरु,सन्दर्भ सामग्रीहरु,पुस्तकालय सामग्रीहरु, विज्ञान प्रयोगशालाका सामग्रीहरु , सूचना प्रविधि सम्वन्धी सामग्रीहरु विरतण | विद्यालय | १० | १९ | १० | ११ | ० | ५० |
| १२ | विद्यालय आवासिय कार्यक्रम सञ्चालन | विद्यालय | १ | २ | २ | २ | १ | ८ |
| १३ | घुम्ती नर्सिङ सेवा प्रदान | विद्यालय | ४ | १९ | ३२ | ४५ | ५० | ५० |
| १४ | विद्यालय उद्यम कार्यक्रम सञ्चालन | विद्यालय | २ | २ | २ | २ | २ | १० |

## ३.११. आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्गहरुको पहुँच/ समावेशी शिक्षा

### ३.११.१ परिचय

समाजले विभेद गरेका,विभिन्न अवसर र सुविधाबाट वन्चित रहेका वर्ग, समुदाय क्षेत्रलाई शिक्षाका हरेक अवसरहरुको पहुँचको सुनिश्चिता गर्नु नै समावेशी शिक्षा हो । सामाजमा कुनै वर्ग, सम्प्रदाय, जातिका मानिसहरुलाई असमान व्यवहारहरु गरिएका हुन्छन् । ती सबै प्रकारका असमान व्यवहारहरु को अन्त्य गरी सबैलाई समान अवसर सिर्जना गर्नु समावेशी शिक्षाको मूल उदेश्य हो । वागलुङ जिल्लाको काठेखोला गा. पा. आफै विविधताले भरिपूर्ण गाउँ पालिका हो । यस पालिका भित्र ब्रामण क्षेत्री, मगर, दलित, लगाएत अल्पसंख्यक जातजातिहरुको बाहुल्यता रहेको छ । यसका साथै आर्थिक हिसावले विपन्न, शारीरिक हिसावले

अपाङ्गता भएका मानिसहरुको समेत वाहुल्यता रहेको छ । यस गाउँपालिका भित्र पूरुषहरुको तुलनामा महिलाहरुको संख्या धेरै रहेको छ ।

शिक्षा, स्वास्थ्य, रोजगार, तथा सम्पति माथि महिलाहरुको स्वामित्त्व कम रहेको पाइन्छ । यहाँ दलित समुदाय प्राचिनकाल देखि नै पछाडि पारिएको वर्ग अन्तर्गत पर्दछन् । यस गा.पा.मा सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा जातीय तथा लैङ्गिक विभेद रहेको पाइन्छ । वर्तमान संसारमा प्रविधि र ज्ञानमा भएको आमूल विकासले पृथ्वीलाई नमूनाका रुपमाविकसित भएको अवस्थामा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, मनन गर्न र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्न समावेशी शिक्षाको आवश्यकता पर्दछ । समाजमा भएका सबै प्रकारका असमानताहरुलाई हटाउनका लागि र समावेशी समाज निर्माण गर्नका लागि समावेशी शिक्षा आवश्यक छ । काठेखोला गाउँपालिका आर्थिक सामाजिक तथा भौगोलिक हिसाबले पछाडि परेको गाउँपालिका हो । यो गाउँपालिका भित्र रहेका सबै जातजाति, भाषा, धर्म, लिङ्ग, वर्ण, संस्कृति, परम्परा, जाति, भेषभुषा तथा विविधताहरुको सम्बोधन हुने शिक्षा प्रणाली लागु गरिनु आवश्यक छ । त्यसका लागि विविधताहरुको पहिचान आवश्यक छ । यो गाउँपालिकामा भएका सबै जाती भाषा धर्म लिङ्ग वर्णका व्यक्तीहरुको पहिचान गरी सबैलाई समान अवसर सुनिश्चित गर्नका लागि समावेशी शिक्षा नीति निर्माण गर्न आवश्यक छ ।

विपन्न परिवारमा जन्म भएका र सामाजिक तथा आर्थिक हिसाबले पछाडि पारिएका वर्गहरुलाई समावेशी हिसाबले शिक्षाको पहुँच विस्तार गर्न शिक्षा नीति नितान्त आवश्यक छ । विविधतालाई पहिचान गरि सम्मान गर्नु मनोरञ्जन गर्न र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रसारित हुनबाट जोगाउनका लागि समावेशी शिक्षा आवश्यक छ । बालबालिकामा भएका भिन्नताहरुले सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समतामूलक समाजको निर्माण गर्न र समानताको अवसर सिर्जना गरी असमानतालाई हटाउन योजनाको आवश्यकता पर्दछ । बालबालिकाले स्वीकारेको र महत्व दिएको अवस्था सिर्जना गर्न तथा सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गराउने उदेश्यले निर्माण गरिएको यो योजना काठेखोलाका लागि महत्वपूर्ण सावित हुनेछ । विविधताको सम्मान समावेशिताको अभिवृद्धि र शिक्षामा सबैको पहुँच सिर्जना गर्नका लागि र कक्षाकोठाभित्र सबै बालबालिकाहरुका लागि उपयुक्त सिकाइ वातावरण निर्माण गर्न तथा समाजमा भएका हरेक विविधता र त्यसले पारेको प्रभाव न्यूनीकरण गर्नका लागि समावेशी शिक्षा योजनाको कार्यान्वयले मदत पुग्ने छ । हाम्रो समाज आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएको वर्गहरु आर्थिक हिसाबले विपन्न र सामाजिक हिसाबले तिरस्कृत अवस्थामा रहेका छन् । उनीहरूको उत्थान गरी समाजको मान प्रतिष्ठा बढाउन रउनीहरुको समानुपातिक विकासका निमित्त पनि समावेशी शिक्षा आवश्यक छ । खासगरी काठेखोला गाउँपालिका भित्र रहेका सम्पूर्ण आर्थिक तथा सामाजिक रुपमा पछाडी पारिएका मानिसहरुका लागि समान शैक्षिक अवसरको सुनिश्चितता गर्नु र समाजमा रहेका सबै प्रकारका विविधतालाई अन्त्य गर्दै समुन्नत एवम् समावेशी समाज निर्माण गर्नु योजनाको प्रमुख रणनीतिक लक्ष्य रहेको छ । समावेशी शिक्षाका चुनौतिहरुको पहिचान गरी समामजले नदेखेका तर समाज भित्र लुकेर रहेका चुनौति हटाई विविधता अनुकुलको हुनेगरी शिक्षामा सबैको समान सहभागिता तथा सिकाइका लागि समावेशी वातावरण निर्माण गर्न योजनाले रणनीति तथा क्रियाकलापहरु निर्माण गरी कार्यान्वयन गरिने छन् ।

### ३.११.२ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच समावेशी शिक्षाको वर्तमान अवस्था

काठेखोला गाउँपालिकामा ५४ वटा विद्यालयहरु रहेका छन् । तिनीहरुमध्ये ५० वटा सामुदायिक विद्यालयहरु र ४ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा छन् । त्यसैगरी काठेखोला भित्र ४२ वटा बालविकास केन्द्रहरु रहेका छन् । EMIS Report 2077 अनुसार काठेखोला गाउँपालिकामा शारीरिक तथा मानसिक रुपमा फरक किसिमका (अपाङ्ग) २२ जना विद्यार्थीहरु अध्ययनरत छन् । यसमा छात्र र छात्रा बरावर सङ्ख्यामा ( ११/११ जना) रहेका छन् । कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाहरुको संख्या अभिलेखीकरण नभएकाले यो संख्या कम देखिन आएको देखिन्छ । जातियताको हिसाबले दलित १७४४ (२९.६५ प्रतिशत), जनजाति २०७२ (३५.२३ प्रतिशत) रहेकाछन् । दलित समुदायका अधिकांश विद्यार्थीहरु आर्थिक रुपमा विपन्न

रहेकोले विपन्नताको प्रत्यक्ष प्रभाव सिकाइमा परेको देखिन्छ । अझै पनि गाउँतिर विद्यालय जाने उमेर समूहका बालबालिकाहरू मध्ये बालिकाहरूको संख्या विद्यालय बाहिर रहेको देखिन आउँछ । आर्थिक हिसाबले विपन्न बालवालिका तथा यसपालिका मा बसाइँ सरी आउने र जाने अस्थिर जनसंख्याका कारण शैक्षिक अवसरबाट वञ्चित समूहको लगत र तथ्यांक व्यवस्थित हुन सकेको छैन । शारीरिक हिसाबले अपाङ्ग, मानसिक हिसावले बिचलित बालबालिकाहरूको संख्या समेत एकीन नभएको अवस्थामा तिनीहरू समेत विद्यालय बाहिर रहेको अनुमान गर्न सकिन्छ । शैक्षिक संस्थाहरुले त्यस्ता सबै बालबालिकाहरूको अभिलेख राख्न सकेको अबस्था छैन । विद्यालयमामा भर्ना भएका बालबालिकाहरुलाई आवश्य गैरआवासीय छात्रवृत्तिका रुपमा तोकेको मापदण्डका दरमा प्रदान गर्ने छात्रवृत्ति सबै विद्यार्थीहरूको पहुँचमा पुग्न सकेको अवस्था छैन ।आधारभूत तह १ देखि ८ सम्म अध्ययन गर्ने सबै छात्रा र दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिन्छ तर उक्त रकमले मात्र विद्यार्थीहरुका आधारभूत आवश्यकताहरू परिपूर्ति हुन र शैक्षिक सहभागिताको अवसर सुनिश्चित गर्न सकेको अवस्था छैन । अपाङ्गता भएका बालबालिकाहरुका लागि सिकाइमा सहजीकरण गर्ने कार्यमा थप सहायताको आवश्यकता महसुस भएको छ । खासगरी अल्पदृष्टि र अल्पश्रवण भएका विद्यार्थीहरूका लागि ब्रेललिपि साथै साङ्केतिक भाषाका शिक्षकको अभावका कारण शिक्षा प्रवाह गर्ने प्रवृत्तिको विकास गर्न सकेको अवस्था छैन । सुस्त मनस्थितिका बालबालिकाहरुका लागि छुट्टै कक्षाको व्यवस्था भएको छैन ।यसैगरी काठेखोला गाउँपालिकाबाट कक्षा १० उत्तीर्ण गरी प्राविधिक धार उच्चशिक्षा सुरु गर्ने विद्यार्थीहरूको अभिलेख राखी गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराउन सकिरहेको अवस्था छैन । सम्पूर्ण असहजतालाई सहज बनाउनका लागि शैक्षिक अवसरको सुनिश्चितता गर्न फरक वर्ग र क्षमता भएका व्यक्तिहरूलाई मुलप्रवाहीकरणमा ल्याउन काठेखोला गाउँपालिकाको यस शैक्षिक योजनाले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

### ३.११.३ समस्या तथा चुनौतीहरु

काठेलोला गाउँपालिकाको आर्थिक तथा समाजिक रुपमा पछाडी परेका वर्गको शैक्षिक अवसरको विश्लेषण गर्दा यस पालिका भित्र शैक्षिक पहुँच र सहभागीताको सवालमा देखिएका समस्या तथा चुनौतीहरु यस प्रकार छन् ।

१. अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क संकलन, विश्लेषण र अभिलेखीकरण हुन नसक्नु,
२. विद्यालयमा दमित वर्गका लागि विभेदरहित वातावरण सिर्जना भएको नहुनु साथै चेतना स्तरको विकासका लागि पहल नहुनु,
३. विद्यालयमा अपाङ्गमैत्री र लिङ्गमैत्री भौतिक संरचना तथा सिकाई वातावरण निर्माण नहुनु,
४. काठेखाला गाउँपालिका भित्र अझै पनि छुवाछुत, जातीय विभेद, हेपाई तथा वालमैत्री व्यवहार नहुनु,
५. समाजमा पछाडी पारिएका र परेका वर्गको उत्थानका लागि विशेषरुपमा प्रदान गरिने सेवा सुविधा निकै न्युन रहेको

### ३.११.४ उद्देश्य

- शिक्षामा समातामूलक पहुँच पुऱ्याउने,
- सिकाईमा सबैको पहुँच, अवसर र सहभागिता सुनिश्चित गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने,
- शिक्षा सम्बन्धी सम्पूर्ण सरोकारवाला निकायहरुलाई जवाफदेही बनाई शैक्षिक सुशासन कायम गर्ने
- शिक्षा क्षेत्रमा हुने गरेका सबै प्रकारका विभेद, दुर्व्यवहार तथा हेपाईलाई निराकरण गर्ने

### ३.११.५ रणनीतिहरु

१. पाठेखोला गाउँपालिका भित्र घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको सबै प्रकारका विवरणहरु संकलन गरी अद्यावधिक गरी राखिने छ ।
२. काठेखोला भित्रका सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्ग मैत्री भौतिक संरचनाहरूको निर्माण गरिने छ ।

३. यस पालिका भित्र साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरुका लागि स्रोत कक्षाको व्यवस्था गरिनेछ ।

४. पालिका भित्रका सबै विद्यालयहरुमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गर्न सबै लक्षित विद्यार्थी लगाएत सरोकारवालाहरुलाई अभिमुखीकरण गरिनेछ ।

५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्ति रकम उपलब्ध गराइनेछ ।

६. यस पालिका भित्रका विद्यार्थीहरुलाई खासगरी किशोरीहरुलाई हुने र भई रहेका विभेद हेपाइ आदिलाई न्यून गर्न समतामुलक कार्यक्रम र साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ ।

७. पालिका भित्रका विद्यालयमा हुने सबै गतिविधिहरुमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिनेछ

८. विद्यालयहरूमा विशेष छात्राहरुलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि गुनासो सुन्ने अधिकारीको र गुनासो सुनुवाई समितिको व्यवस्था गरिनेछ ।

### ३.११.६ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप लक्ष्य

#### क)उपलब्धि

काठेखाला गाउँपालिका भित्र रहेका समपूर्ण वडा भित्र पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र साहाराविहिन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने छ ।

#### ख) नतिजा

१. अपाङ्गता, गरिब, विपन्न, अभिभावक विहीन, घरबार विहिन बालबालिकाहरूको अभिलेख गाउँपालिकामा राखिएको हुने छ ।

२. विद्यालय तहको शिक्षामा समतामुलक पहुँच समावेशी शिक्षा र सहभागीता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने छ ।

३. लक्षित समुदायका लागि तोकिए बमोजिम सबै छात्र छात्राहरुले छात्रवृत्ति प्राप्त गरेको हुनेछ ।

४. बिद्यालयहरुमा लैङ्गिक जातीय सामाजिक एवम् सबै प्रकारका विभेदको अन्त्य भएको हुनेछ ।

#### ग) प्रमूख क्रियाकलाप र लक्ष्यहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.१२

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र. स. | प्रमुख क्रियाकलाप काठेखोला भित्र | इकाइ | भैतिक लक्ष्य | | | | | ५बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | शिक्षाको मूल प्रवाह वाहिर रहेका सबै बालबालिकाहरुको तथ्याङ्क संकलन, विश्लेषण र अभिलेखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | अपाङ्गमैत्री भौतिक संरचना व्यवस्थापन | विद्यालय | २० | १५ | १० | ५ | ० | ५० |
| ३ | लक्षित वर्गका लागी छात्रवृति वितरण | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | सबै प्रकारका विभेदको अन्त्यका लागी समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | २ | ३ | ३ | ३ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुनुवाई समिति तथा पालिकामा गुनासो सुनाई अधिकारीको व्यवस्था | विद्यालय/ पालिका | ५०/१ | ५०/१ | ५०/१ | ५०/१ | ५०/१ | ५०/१ |

## ३.१२. शिक्षामा सूचना प्रविधि

### ३.१२.१ परिचय

उत्तर आधुनिक युगको सबैभन्दा ठुलो उपलब्धी सूचना सञ्चार प्रविधि हो । सूचना भन्नाले जानकारीमूलक विषयवस्तु भन्ने बुझिन्छ र सञ्चार भन्नाले एक ठाँउबाट अर्को ठाँउमा सम्प्रेषण गर्नु वा पुऱ्याउनु भन्ने हुन्छ । आजको युग सूचना प्रविधिको युग हो । सूचनाको संकलन, विश्लेषण तथा सम्प्रेशण एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सप्टवेयर, नेटवर्क, इन्टरनेट लगाएतका प्रविधिको समष्टिगत रुपलाई सूचना सञ्चार प्रविधि भन्निछ । वर्तमान समयमा यसको प्रयोग मानव जीवनका हरेक क्षेत्रमा हुने गरेको छ । यसले मानिसलाई आ्फ्नो दास वनाइ रहेको छ । यसको प्रयोग मानवजीवनका हरेक क्षेत्रमा भइ) रहेको छ । यसको माध्यमबाट मानव सभ्इ)ताका प्रारम्भिक चरण देखि समाजमा जरा गाडेर वसेका परम्परागत रुढिवादी विचारधाराहरुको अन्त्य भइ) सभ्इ) समाजको निमार्ण भएको छ । कृर्षि व्यापार, उद्योग, चिकित्सा, खोज अनुसन्धान देखि समाजले विभेद गरेका, विभिन्न अवसर र सुविधाबाट वन्चित रहेका वर्ग, समुदाय र क्षेत्रलाई शिक्षाका हरेक अवसरहरुको पहुँचको सुनिश्चिता गर्न समेत यसको प्रयोग भइ)रहेको छ । वाग्लुङ जिलको काठेखोला गा. पा. आफैमा भौगालिक आर्थिक तथा सामाजिक विविधताले भरिपूर्ण गाउँपालिका हो । यहाँ शिक्षालाई सबैको पहुँचमा पुऱ्याउन सूचना सञ्चार प्रविधि महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

शिक्षा क्षेत्रमा सूचना संचार प्रविधिको प्रयोग नयाँ ज्ञानको खोजी गर्न र शिक्षण सिकाइ क्रियाकलापमा नयाँ प्रविधिको खोजी गर्न गरिन्छ । खासगरी सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान पूँजीवादी संस्कार र पद्धतिलाई चुनौति दिँदै शिक्षण सिकाइ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । हाल यसको प्रयोगबाट पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुको शिक्षण सिकाइ क्रियाकलाप देखि पाठ्यक्रम निर्माण र मूल्यांकनसम्मका सम्पूर्ण कार्य प्रक्रियाहरु सम्भव भएका छन् । कुनै पनि शैक्षिक प्रतिष्ठान एवम् संस्थाहरुले जुन सुकै काम र क्रियाकलापलाई सूचना प्रविधि विना अघि बढाउने प्रयत्न गरेमा त्यो अपुरो हुन्छ भन्ने स्वीकार गरिएको छ । आधुनिक युगमा सूचना सञ्चार प्रविधिले शिक्षण सिकाइको महत्वपूर्ण अङ्गका रूपमा काम गरिरहेको छ । शिक्षा प्रणालीमा प्रविधीको प्रयोग शिक्षाक्षत्रको महत्वपूर्ण उपलब्धी मानिन्छ । कक्षाकोठामा प्रविधिको प्रयोगले पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुहरू शिक्षणमा प्रयोग भईरहेका परम्परागत मूल्य मान्यता र संस्कारलाई विस्तापित गरी आधुनिक प्रविधिहरूको प्रयोग गर्ने परिपाटीको विकास भएको छ । शिक्षा पद्धतिलाई युग अनुसार परिवर्तन गर्न, खोज गर्न, प्रभावकारी कार्यान्वयन गर्न, सूचना र सञ्चार प्रविधिको विकास तथा परिवर्तनमा जोड्नु पर्ने आजको आवश्यकता महसुस गरिएको छ । कुनै पनि देश विकासमा अगाडि बढ्नका लागि त्यहाँको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, पर्यटकीय एवम् शिक्षणमा आधुनिक प्रविधिको प्रयोग हुनु आवश्यक छ । यसका लागि सूचना र सञ्चार प्रविधिको विस्तार गरी मुलुकभर विद्यमान रहेको डिजिटल डिभाइडिङलाई न्यूनीकरण गर्दै समुन्नत समाज र समाजवाद उन्मुख अर्थनीतिको विकास गर्नु आवश्यक छ । आर्थिक,-सामाजिक, शैक्षिक तथा भौतिक लगाएत अन्य समग्र क्षेत्रको विकासको न्यूनताका कारण नेपाल विकासमा पछि परेको छ । देशको समुन्नत विकासका लागि सूचना सञ्चार प्रविधि महत्वपूर्ण साधन वन्न सक्दछ । सामाजिक असन्तुष्टिहरुलाई मध्यनजर गर्दै शिक्षामा सूचना सञ्चार प्रविधिको युगको सिर्जना गरी नेपाली समाजमा रहेको वर्गीय असन्तुलनलाई न्यूनीकरण गर्ने प्रयासको थालनी भएको छ । शैक्षिक संस्था तथा शिक्षकले प्रविधीको प्रयोग मार्फत आफ्ना पठनपाठनका कार्यहरु सञ्चालन गरिरहेको वर्तमान परिप्रेक्ष्यमा काठेखोला गाउँपालिका भित्र सबै क्षेत्रमा यसको प्रयोग हुनु नितान्त आवश्यक छ । महामारी सङ्कटका कारण अस्तव्यस्त भएको देशको शैक्षिक प्रणालीलाई व्यवस्थित बनाउन र विद्यार्थीहरूको सिकाई निरन्तरतालाई

अगाडि वढाउन संकटको मोचक साधनका रुपमा सूचना सञ्चार परिधिले काम गरेको छ । खास गरी विषम परिस्थितिमा रेडियो, टेलिभिजन, कम्प्युटर ,नेट, इन्टरनेट जस्ता सूचना सञ्चार प्रविधिका उपकरणहरू सिकाई सामग्रीका रूपमा प्रयोग गरीसिकारुहरुको सिकाईलाई निरन्तरता दिने प्रयास गरिएको छ ।

शिक्षकको शिक्षण तथा विद्यार्थीहरुको  सिकाई प्रक्रियामा स्वतन्त्र सञ्चार प्रविधिको प्रयोगले शिक्षकहरुमा कार्यवोझ घटाउने र विद्यार्थीहरुमा सिकाइप्रतिको आकर्षित वृद्धि गर्नुका साथै सिकाईमा चित्र, रङ्ग र ध्वनीको  समिश्रण बाट सिकाई हुने हुनाले सूचना सञ्चार प्रविधिको प्रयोग गरी गरिएको शिक्षण प्रभावकारी भनिएको हो । ग्रामीण भेगमा दुर शिक्षाको माध्यमबाट शहरी क्षेत्रको सुविधासम्पन्न विद्यालयमा भएका विविध शैक्षिक क्रियाकलाप र प्राप्त अनुभवहरु आदान प्रदान गरी सिकाइ अनुभव आदानप्रदान गर्ने प्रयासका रूपमा समेत यसको प्रयोग गरिएको छ । भौतिक पूर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुन नसक्ने ठाउँमा  अनेत्र भएका प्रयोगात्मक  कक्षाहरुको श्रव्यदृश्य सामग्रीको प्रयोग गरेर देखाउन सकिन्छ । सूचना सञ्चार प्रविधीको द्रुत विकास कारण शिक्षण सिकाइ क्रियाकलापमा त्यसको प्रयोग दिनानुदिन बढ्दै गइरहेको छ । इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँमा रुपान्तरण गरेको छ साथै प्रत्येक विद्यार्थी वा शिक्षकलाई एक आपसमा जोड्ने पुलको काम गरेको छ । विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरु पनि तुरुन्त प्रदान गर्न सकिने अवस्थाको सिर्जना गरेको छ । यसकारण शैक्षिक संस्थामा आर्थिक  बोझ परे पनि यसको प्रयोगले सिकारुलाई सिक्न छिटो र प्रभावकारी बनाएको छ ।  यसको माध्यमबाट शिक्षकले आफूलाई प्राविधिक रूपमा दक्ष बनाउनु पर्ने देखिन्छ । यसको माध्यमबाट विद्यार्थीहरुमा सामाजिकिकरण भावना विकास भई) सहयोगात्मक  सिकाइ वातावरण निर्माण हुने गर्दछ ।

नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमा सूचना प्रविधिमैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामीण दूरसञ्चार कोषको रकम समेत उपयोग गर्ने गरी सबै सामुदायिक विद्यालयमा उच्चगतिको नि:शुल्क इन्टरनेट सेवा पुर्याउने भनेको भए पनि आशातित सफलता प्राप्त हुन सकेको छैन । काठेखोला गाउँपालिकाको स्थिति हेर्ने हो भने काठेखोला गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुमा सूचना सञ्चार प्रविधिको रुपमा लेखा व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि सबै विद्यालयमा कम्प्युटरको समेत पुग्न सकेको अवस्था छैन । विषम परिस्थितिले निम्त्याएको शैक्षिक क्षतिको न्यूनीकरण गर्न शिक्षाक्षेत्रमा काठेखोला गाउँपालिकाले प्रविधीको प्रयोगलाई जीवन्त बनाउन सकेको अवस्था छैन । शिक्षकहरुमा प्रविधिसम्बन्धी ज्ञानको कमी हुनु भौगोलिक विकटताका कारणले सबै क्षेत्रमा समेत इन्टरनेटको पहुँच कम हुनु, विद्यार्थीहरुसँग सूचना सञ्चार प्रविधिको माध्यमसँग जोडिने साधनको अभाव हुनु, जस्ता विविध कारणहरुले यसको प्रयोगलाई प्रभावकारीरुपमा सञ्चालन गर्न सकिएको अवस्था छैन । शिक्षकहरुले सिक्ने र सिकाउने सवालमा विकसित विधि प्रविधि नियम र तरिकाहरु कुशलतापूर्वक प्रयोग गर्नसक्ने उचित वातावरण सिर्जना गर्दै अन्य विकसित समाजको तुलनामा हाम्रो गाउँपालिकालाई प्रविधिमैत्री बनाउन सकिने आत्मविश्वासका साथ लगानी वृद्धि गरी शिक्षा नीतिको तर्जुमा गर्ने प्रयास गरिएको छ । अबको युग सूचना तथा प्रविधीको युग भएकोले काठेखोला गाउँपालिकालाई सूचना प्रविधि सञ्जालसँग आवद्ध गरी सिकाईविधि सञ्जालको विकासको माध्यमबाट नमुना गाउँपालिका निर्माण गर्न यो योजनाले सहयोग पुर्याउनेछ ।

काठेखोला गाउँपालिका भौगोलिक विकटता र साधन  स्रोतको अभावका कारणले विकासमा खासै गति लिन नसकिएको गाउँपालिका हो । जनसंख्या पलायन यो पालिकाको सबैभन्दा ठूलो समस्या हो । यो अवस्थाले विद्यालयहरु विद्यार्थी विहिनताको अवस्थामा पुग्न थालेका छन् । शिक्षकहरुमा प्रबिधि सम्बन्धी ज्ञानको अभावका कारण प्रगतिमुलक परिवर्तन हुन सकिरहेको अबस्था छैन । आधुनिक विश्व परिवेशमा विकसित भएको सूचना संचार प्रविधि हरेक क्षेत्रको विकासका लागि हरेक व्यक्तिले प्रयोग गरे तापनि यहाँ सिमित व्यक्तिहरुमा मात्रै सीमित भएको देखिन्छ । विभिन्न समस्याहरुका कारण यसको सफलतापूर्वक प्रयोग गरेर शिक्षण प्रविधि मैत्री बनाउन धेरै चुनौतिहरु छन् । बालबालिकाका घरपरिवार तथापि अभिभावकहरुमा समेत सूचना प्रविधि को पहुँच नपुग्नु,  Video, TV, Multimedia, Computer, को प्रयोगबाट शिक्षण गर्न सकिन्छ भन्ने आत्मविश्वास विकास गर्न नसकिनु, कम खर्चमा पनि सूचना प्रविधीको प्रयोगबाट शिक्षण गर्न सकिन्छ भन्ने

विश्वासको कमी हुनु, जस्ता कारणले यसको प्रयोगमा जटिलताहरु थपिदिएको छ । यी सबै समस्याहरुको समाधान गर्दै आगामी दिनमा काठेखोला गाउँपालिकाले निर्माण गर्ने शैक्षिक योजनाको प्रभावकारी कार्यान्वयनको माध्यमबाट यो पालिका भित्र शिक्षण सिकाइका लागि सूचना सञ्चार प्रविधिलाई महत्वबोधका साथ उपलब्धीमूलक तरिकाले प्रयोग गर्न सकिनेछ भन्ने अभिलाषाका साथ यो योजना तयार पारिएको छ

### ३.१२.२. शिक्षणमा सूचना प्रविधिको वर्तमान अवस्था

नेपालको संविधानले संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको सिद्धान्तअनुरुप राष्ट्रको सामाजिक–आर्थिक रूपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्न शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी योग्य नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने उद्देश्य तय गरेको छ । यो उद्देश्य परिपूर्ति गर्नका लागि काठेखोला गाउँपालिकाले नयाँ शैक्षिक योजना निर्माण गरी प्रभावकारी कार्यान्वयनको माध्यमबाट प्रविधिमा पोख्त जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ यो योजना तर्जुमा गरेको छ । राष्ट्रीय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय तहमा सूचना प्रविधिको आवश्यकता औँल्यायदै सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रुपमा विकास गर्ने नीति अवलम्बन गरेको छ । शिक्षाको राष्ट्रिय नीति २०७६ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधीको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति अगाडि बढाएको छ । सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका क्षेत्रमा पहुँच पुऱ्याउने नीति निर्माण गरेको छ भने शिक्षा सूचना तथा संचार प्रविधि सम्बन्धी गुरुयोजना निर्माण गर्ने लगायतका व्यवस्था उक्त नीतिले गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र निजीक्षेत्रको सूचना संचारको सम्बन्धित क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ । नेपाल सरकार शिक्षामन्त्रालयले मिति २०७७/२/१८ मा जारी गरेको बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ का अनुसार बैकल्पिक प्रणाली भन्नाले कोभिड १९ वा त्यस्तै प्रकारको विपत वा महामरी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्था मा रेडियो, एफएम, टेलिभिजन, अनलाइन अफलाइन, परियोजना पाठहरु स्वअध्ययन, दुर तथा खुला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन–अध्यापन सुचारु राख्ने विधि र प्रकृया हो भनिएको छ । वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधीको भूमिका हुने कुरामा यसले जोडदिएको छ ।

काठेखोला गाउँपालिकाको शिक्षामा सूचना तथा प्रविधि प्रयोगको मौजुदा स्थिति पर्याप्त नरहे तापनि विद्यालयहरु सूचना प्रविधिमैत्री रुपमा विकासहुने क्रम तीव्र रुपमा अघि बढेको छ । सन २०१९ को अन्त्य तिरबाट विश्वब्यापि रुपमा उत्पन्न भएको कोभिडको कारण विद्यालयहरुको भौतिक पठनपाठन प्रभावित भएपछि शिक्षा सिकाइको वैकल्पिक माध्यमको खोजी गर्ने सन्दर्भमा विद्यालयहरु सूचना तथा संचार प्रविधिलाई विशेष प्राथमिकतामा राख्न थालेका छन् । हाल पालिकाका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सामान्यतः सूचना तथा संचार प्रणालिको पहुँच पुगेको छ । यद्यपी संचार व्यवस्थापनको वर्तमान स्थिति पर्याप्त भने छैन । पालिका का ५० वटा सामुदायिक विद्यालय मध्ये १२ वटा विद्यालयहरुमा पर्याप्त कम्प्युटर सहितको कम्प्युटर प्रयोगशाला रहेको छ । १९ वटा विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला रहे तापनि पर्याप्त कम्प्युटरहरु छैनन् भने १९ वटा विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला नै छैन । कम्प्युटर प्रयोगशाला रहेका ३१ विद्यालयहरु मध्ये १० वटा प्रयोगशालाहरु राम्रो एवम् आधुनिक सुविधा सम्पन्न रहेका छन् । १८ वटा मध्यम किसिमका छन् भने ३ वटाको अवस्था कमजोर हेको छ । विद्युत आपूर्ति पालिकाका सबै विद्यालयहरुमा रहेको छ । ५ वटा विद्यालयहरुमा विद्युत आपूर्ति व्यवस्थापनमा सुधारको खाचो रहेको छ । त्यसैगरी सबै विद्यालयहरुमा इन्टरनेट कनेक्टिभिटिको अवस्था रहे तापनि १५ वटा विद्यालयहरुमा इन्टरनेटको भरपर्दो आपूर्ति व्यवस्था रहेको देखिँदैन।

शिक्षणमा सूचना प्रविधिको प्रयोगका लागि काठेखोला गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमहरुमा प्रत्येक विद्यालयलाई सूचना प्रविधि क्षेत्रको विकासका लागि निरन्तर रुपमा आर्थिक सहयोग प्रदान गर्दै आइरहेको छ । आधारभूत तह र माध्यमिक विद्यालयहरुमा आइसिटी कार्यक्रम सञ्चालनमा ल्याएको छ । विशेषगरी लेखा शिक्षकहरुलाई आईसीटी तालिमको व्यवस्था गरेको छ । विद्यालयमा पुस्तकालय स्थापना सँगै आइ.सि.टी

ल्यावको निर्माण गर्ने नीति अवलम्बन गरेकोछ । कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर सुव्यवस्थाका लागि बजेट विनियोजन गर्ने प्रयास गरेको छ । विद्यालयले कक्षा ४ देखि कक्षा ८ सम्म कम्प्युटर विषयको पठनपाठन गराउने व्यवस्था मिलाईएको छ । काठेखोला गाउपालिकका विद्यालयहरुमा सूचना प्रविधिको अवस्था सुधारोन्मुख रहे पनि धेरै समस्या र चुनौतिहरु रहेका छन् । खास गरी वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरुले शुरुवात गरे तापनि विभिन्न कारणहरूले यसको प्रगतिमा समस्या देखिएका छन् । त्यस्तै अन्य भौतिक सुविधाको अभाव, सबै विद्यार्थीसँग डिजिटल सामग्री नभएको, वाइफाई तथा डाटा व्यवस्थापनमा कठिनाई भएको, विद्यार्थीसंग मोबाइल सञ्चालन गर्ने सीप अभाव भएको, मोबाइल र रेडियो समेत नभएको, ऋग्न सेवा सहज हुन नसकेको, सूचना सञ्चार प्रविधिमा सबै विद्यार्थीहरुलाई आबद्ध गर्न नसकिएको देखिन्छ । यसको व्यवस्थापनका लागि वित्त समेत अभाव भएको हुनाले चुनौति थपिएको छ।

समग्रमा काठेखाला गाउँपालिका भित्र सूचना तथा सञ्चार प्रविधिमा निम्न समस्या तथा चुनौतीहरु रहेका छन् ।

१. दक्ष जनशक्तिको अभाव हुनु
२. सूचन ातथा प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु
३. सूचना प्रविधि सम्बन्धिका पाठ्यक्रम पाठ्यपुस्तक तथा अन्य सामग्रीहरु उत्पादन गर्न नसकिनु
४. सूचना प्रविधीको प्रयोग गर्न शिक्षकहरुलाई तालिम प्रदान गरी सीप विकास गर्न नसक्नु
५. सूचना प्रविधीको उपयोगका लागि शिक्षकहरुले जागरुक लगनशील र आफूलाई अद्यावधिक बनाउन नसक्नु
६. सूचनाप्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी न्युन हुनु
७. सूचना प्रविधीलाई विशेष प्राथमिकतामा नराख्नु

### ३.१२.३. शिक्षणमा सूचना प्रविधिको वर्तमान अवस्था उद्देश्यहरु

१. विद्यार्थीहरुको सिकाईलाई प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय बनाउन सूचना प्रविधीको प्रयोग सबै विद्यालयमा विस्तार गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्यार्थीलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर बृद्धि गर्ने
३. शिक्षा सेवालाई छिटो, सजिलो र रमाइलो बनाउने
४. शैक्षिक व्यवस्थापन प्रभावकारी उपलब्धीमूलक कुशल तथा पारदर्शी बनाउने

### ३.१२.४. शिक्षणमा सूचना प्रविधिका लागि तय गरिएका रणनीतिहरु

१. सबै विद्यालयमा सूचना प्रविधि आधारभूतको संरचनाको व्यवस्थापन गरिनेछ
२. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ र प्रत्येक शिक्षकलाई ल्यापटप वितरण कार्यक्रम सञ्चालन गरिनेछ
३. विद्यार्थीहरूलाई आवश्यक पर्ने डिजिटल सामग्रीहरू उपलब्ध गराइनेछ
४. कक्षा कोठालाई प्रविधिमैत्री तथा सूचना म मैत्री बनाइने छ
५. अपाङ्गता भएका बालबालिकाहरुका लागि उपयोगी हुने डिजिटल सामग्री वितरण गरिनेछ
६. आइ.इ.एम.आइ.एस लाई थप व्यवस्थित गरिनेछ
७. इन्टरनेट प्रदायक संस्थाहरुसित सँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइनेछ

### ३.१२.५. शिक्षणमा सूचना प्रविधिको रणनैतिक योजनाको उपलब्धी नतिजा, क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

शिक्षक तथा विद्यार्थीको लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइ क्रियाकलापमा यसको अधिकतम प्रयोग भएको हुने छ ।

#### ख) नतिजा

१. सबै विद्यालयमा सूचना प्रविधीको व्यवस्थापन भई शिक्षण city सहस्र उपलब्धीमा वृद्धि भएको हुनेछ
२. सबै विद्यार्थीहरुमा आधारभुत सञ्चार प्रविधिको सुविधामा पहुँच पुगेको हुनेछ

३. विद्यालयमा सूचना संचार प्रविधिको माध्यमबाट सुशासन कायम भएको हुनेछ
४. अनुगमन मूल्यांकन सुपरिवेक्षण सूचना सम्प्रेषणमा सुधार आएको हुनेछ
५. जनशक्ति र समयको बचत भएको हुनेछ
६. शिक्षकहरुमा सूचना प्रविधि शिक्षण क्षमता विकास भएको हुनेछ
७. विद्यार्थीहरुको सिकाइ प्रभावकारी समय सान्दर्भिक र गुणस्तरीय भएको हुनेछ
८. विद्यालय तथा कक्षाकोठाहरू सूचना सञ्चार तथा प्रबिधिमैत्री भएका हुनेछन्
९. शिक्षण सहजीकरणका लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था भएको हुनेछ

## ग) प्रमुख क्रियाकलाप र लक्ष्यहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ३.१३

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | विद्यालयहरुलाई सूचना प्रणालिको व्यवस्थापनको लागि आर्थिक सहयोग उपलब्ध गराउने | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० |
| २ | कम्प्युटर प्रयोगशाला नभएका विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला स्थापना | विद्यालय | ३ | ५ | ५ | ४ | २ | १९ |
| ३ | सामुदायिक विद्यालयका शिक्षक–कर्मचारीहरुको लागि सूचना प्रविधिको प्रयोग सम्वन्धी आधारभूत तालिम सञ्चालन ( सरकारी दरवन्दी तथा स्थानीय स्रोत ) | संख्या | १५० | १५० | १५० | बाँकी सबै | | सबै |
| ४ | विद्यालयहरुमा डिजिटल सिकाइ सामग्री निर्माण सम्वन्धी कार्यशाला सञ्चालन | विद्यालय | १५ | १५ | १० | ५ | ५ | ५० |
| ५ | कम्प्युटर प्रयोगशाला अपर्याप्त रहेका विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला सुधार कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ७ | ७ | ० | ० | १९ |
| ६ | इन्टरनेट सुविधा अपर्याप्त/कमजोर रहेका विद्यालयहरुमा उच्च क्षमताको इन्टरनेट व्यवस्थापन | विद्यालय | ५ | ६ | ४ | ० | ० | १५ |
| ७ | सामुदायिक सिकाइ केन्द्रहरुमा सूचना तथा प्रविधि जडान तथा क्षमता विस्तार | शिक्षक | १ | ३ | ० | ० | ० | ४ |
| ८ | विद्युतीय पूस्तकालयको स्थापना तथा क्षमता सुधार | विद्यालय | १० | १५ | १५ | १० | ० | ५० |
| ९ | सूचना प्रविधिमैत्री कक्षाकोठा निर्माण/ व्यवस्थापन | विद्यालय | २० | ३० | ० | ० | ० | ५० |
| १० | विद्यालय सुशासन, लेखा तथा प्रशासन व्यवस्थापनमा आईसिटीको प्रयोग | विद्यालय | १५ | २० | १५ | ० | ० | ५० |

# परिच्छेद : चार
# संस्थागत संरचना र क्षमता विकास

## ४.१.परिचय

नेपालको वर्तमान संघीय शासन प्राणालिमा आधारित संरचनाले संघ, प्रदेश र स्थानीय तहमा अधिकार र जिम्मेबारीको बाँडफाँड गरेको छ । आधारभूत तथा माध्यमिक तहको शिक्षाको व्यवस्थापन तथा संचालनको अधिकार एकल रुपमा स्थानीय तहलाई प्रदान गरेको छ भने शिक्षालाई स्थानीय तह, प्रदेश र संघको साझा अधिकार अन्तर्गत राखिएको छ । शिक्षाको समग्र व्यवस्थापनलाई तीन वटै तहको दायित्व भित्र बाँडफाँड गरिएकोले संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय र सहकार्यमा मात्र शिक्षाको सुधार सम्भव छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले संघ, प्रदेश र स्थानीय तहमा आवश्यक संस्थागत संयन्त्र विकास गरी संचालन गर्ने नीति अवलम्वन गरेको छ । त्यस्तै शिक्षा क्षेत्र योजना २०२१-२०३० ले संघ, प्रदेश र स्थानीय तह बिच संरचनागत सम्वन्ध विकासको आवश्यकतालाई जोड दिएको छ । ज्ञान विज्ञानको क्षेत्रमा देखिएको तीव्र गतिशिलता सँगै विकास भएका नवप्रवर्तन, अवसर र चुनौतिहरुलाई उपभोग र सामना गर्दै शिक्षा क्षेत्रका आवश्यकता र समस्याहरुलाई समाधान गर्न शिक्षा सँग सरोकार राख्ने विविध पक्ष एवम् निकायहरु सँग समन्वय एवम् सहकार्य गरी अघि बढन आवश्यक छ । संघ, प्रदेश र स्थानीय तहका शिक्षा क्षेत्र सँग सम्वद्ध सरोकारवाला निकायहरु बिचको परस्पर सम्वन्ध र सहयोगबाट नै अपेक्षित उपलब्धी हासिल गर्न सकिन्छ ।

यस योजनाले गाउँपालिका भित्र प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा अनौपचारिक शिक्षा, दूर शिक्षा जस्ता विभिन्न प्रकारका शिक्षा प्रणालिको पहुँच तथा गुणस्तर वृद्धि गर्नको लागि संघ, प्रदेश र स्थानीय तहका साझेदार,सम्बद्ध तथा सरोकारवाला शैक्षिक संस्था एवम् निकायहरु सँग निरन्तर समन्वयात्मक सम्वन्ध विकास मार्फत शिक्षाको सक्षमता सुधार गर्ने कुरा अघि सारेको छ । पालिका भित्रको शैक्षिक विकासमा संस्थागत संरचना विकासको आवश्यकता, चुनौति र अवसरहरु पहिचान गरी चुनौति सामना गर्दै र अवसरहरुको भरपुर उपयोग गरेर आवश्यकताहरु समाधान गर्ने कुरामा कार्यक्रमहरु केन्द्रित गरिएको छ । गाउँपालिका भित्रको औपचारिक शिक्षा , अनौपचारिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, दुर तथा खुल्ला शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकतामा वृद्धि गरी शिक्षालाई निरन्तर एवम् जीवनपर्यन्त बनाउन शिक्षा सँग सम्बन्धित सरकारी एवम् गैर सरकारी संघ संस्था, दातृ निकायहरु सँग निरन्तर सम्वन्ध विकास गर्ने र आवश्यकता अनुसार विभिन्न संस्थागत संरचनाहरु खडा गरी शैक्षिक क्षमता सुदृढ गर्ने कुरालाई प्राथमिकता दिइएको छ ।

## ४.२.वर्तमान अवस्था

नेपालको शिक्षाको संस्थागत संरचना अनुसार राष्ट्रको शिक्षाको समग्र नीति एवम् योजना निर्धारण गर्ने सर्वोच्च निकायको रुपमा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यसकै मातहतमा केन्द्रीय स्तरमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग रहेका छन् । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले शिक्षा मन्त्रालयबाट जारी भएका शैक्षिक नीति तथा योजनाहरुलाई कार्यान्वयनको लागि आवश्य कार्यक्रम हरु तय गर्ने, सामग्री विकास गर्ने, आवश्यक शैक्षिक तथ्याङ्कहरु संकलन तथा प्रकाशन गर्ने, मातहतका अन्य कार्यालय तथा विद्यालयहरुको अनुगमन, विद्यालयहरुलाई प्राविधिक सहायता उपलब्ध गराउने, सहजीकरण प्रदान गर्ने लगायतका कार्यहरु गर्छ । पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहका पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने, विज्ञहरु बाट पाठ्यपुस्तक तथा पाठ्य सामग्री तयार गर्न लगाउने कार्य गर्छ । विद्यालय शिक्षाको गुणस्तर मापन गर्ने कार्य शैक्षिक गुणस्तर मापन केन्द्रले गर्छ । त्यस्तै माध्यमिक तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न राष्ट्रिय परीक्षा वोर्ड गठन भएको छ भने शिक्षक छनौटको लागि शिक्षक सेवा आयोग रहेको छ ।

प्रदेश तहमा सामाजिक विकास मन्त्रालयबाट प्रदेश शिक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी नीति र योजनाहरु निर्माण हुने गर्छन् । सामाजिक विकास मन्त्रालयको मातहतमा प्रदेश शिक्षा निर्देशनालय, प्रदेश शिक्षा तालिम

केन्द्र रहेका छन् । जिल्ला तहमा शिक्षा विकास तथा समन्वय ईकाइहरु रहेका छन् भने स्थानीय तहमा ( गाउँपालिका /नगरपालिका) पालिकाको सामाजिक सेवा विभाग अन्तर्गत एकवटा शिक्षा शाखा रहेको छ । संघीय संचनाको मर्म अनुरुप संघ, प्रदेश र स्थानीय तहमा राज्य शक्तिको वाडँफाँड गरिएको छ । तर अझै पनि कतिपय प्रदेश तथा स्थानीय निकायहरु ऋाफ्नो अधिकारको प्रयोग गर्न सक्ने सामर्थ्य विकास गर्न सकेको देखिदैन । संघ, प्रदेश स्थानीय तहहरु बिच क्षेत्राधिकार एवम् जिम्मेवारी उपयोगमा र एकरुपता पाइदैन । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा संघ, प्रदेश स्थानीय तहमा ऐन, नियमावली निर्माण तथा परिमार्जन हुन नसकोकोले पुरानै ऐन, नियम अनुसार काम गर्नुपर्ने बाध्यताले समस्या पैदा गरेको छ ।संघ, प्रदेश, र स्थानीय तीनवटै तहका नियामक निकायहरु बिच लम्बिय तथा क्षितिजिय समन्वयात्मक सम्वन्ध कायम रहनु आवश्यक छ।

### ४.३. उद्देश्य

यस कार्यक्रमको समग्र उद्देश्य संघ, प्रदेश र स्थानीय तहका नियामक शैक्षिक निकायहरु बिच समधुर समन्वयात्मक संयन्त्रको विकास गरी पालिका भित्रको शिक्षाको शासकीय तथा व्यवस्थापकीय क्षमता विकास गर्नु हो । साथै अन्य विशिष्टिकृत उद्देश्यहरु यस प्रकार निर्धारण गरिएको छ :

१. संघीय संरचना अनुसार शासकीय अधिकार तथा जिम्मेबारीको वाडँफाँड भए अनुरुप विद्यालय तहको शिक्षाको व्यवस्थापन तथा सञ्चालन लाई प्रभावकारी र नतिजामुखी बनाउनको लागि संघ, प्रदेश र स्थानीय तह (गाउँपालिका) बिच समन्वयात्मक अन्तर सम्वन्ध विकास गर्ने,
२. गाउँपालिका भित्रको विद्यालय शिक्षाको गुणस्तर सुधार गर्नको लागि संरचनात्मक क्षमता विकास तथा जनशक्ति परिचालन गर्ने,
३. पालिका भित्रको शिक्षाका नियामक निकाय र विद्यालयहरु बिच नियमित समन्वय संयन्त्र विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाउने,
४. शिक्षक, कर्मचारी तथा व्यवस्थापकहरुलाई कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही बनाउँदै विद्यालय शिक्षाका हरेक तह र क्षेत्रहरुमा समावेशिता र समताको सुनिश्चितता गर्ने,
५. शैक्षिक संस्था र ती संस्थाहरुमा काम गर्ने शिक्षक, प्रधानाध्यापक, व्यवस्थापक, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।

### ४.४. रणनीति

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरु तय गरिएको छ :

१. संघ, प्रदेश र स्थानीय तह बिच निरन्तर समन्वय कायम गरिने छ ।
२. गाउँशिक्षा समितिको भूमिकालाई विस्तार गरी विद्यालयहरुसँग निरन्तर सम्पर्क र सहकार्य गर्ने प्रणालिको अवलम्बन गरिने छ।
३. गाउँपालिका भित्र शिक्षक सहायता प्रणालिको विकास गरिने छ ।
४. प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको पेशागत क्षमता सुधार गरी विद्यालयको प्रशासनिक तथा व्यवस्थापकीय प्रणालीलाई गुणस्तरीय बनाइने छ ।
५. वडा भित्रको शैक्षिक व्यवस्थापक निकायको रुपमा प्रत्येक वडाहरुमा वडा शिक्षा समिति गठन गरी जिम्मेवारी प्रदान गरिने छ।
६. प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, निरन्तर शिक्षा, अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको लागि प्रदेश, संघ जिल्ला, जिल्ला शिक्षा तथा समन्वय इकाइ तथा समुदायसँग समन्वय गरिने छ ।
७. पालिका अन्तर्गत सामाजिक सेवा विभाग र शिक्षा शाखाको क्षमता विस्तार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइने छ ।

८. गाउँपालिकाको शिक्षा नियमावलीको आवश्यक संसोधन, अध्यावधिक, ऐन, निर्देशिका निर्माण गरी लागु गरिने छ।
९. शिक्षकका पेशागत मुद्दा व्यवस्थापन, शिक्षाको गुणस्तर सुधार तथा विद्यालय व्यवस्थापन लगायतका शैक्षिक सवालहरुको समाधान गर्न पालिकाभित्र क्रियाशील शिक्षकहरुका पेशागत ट्रेड युनियन र पालिका बिच समन्वय संयन्त्र विकास गरिनेछ ।
१०. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समिति, गाउँपालिका आदि निकायका परिवर्तित भूमिका अनुरुप विद्यालय सञ्चालन तथा व्यवस्थापन क्षमता सुदृढ गरिने छ ।
११. समावेशी शिक्षा तथा विशेष आवश्यकता भएका बालबालिकाहरुलाई गुणस्तरीय सिकाइ अवसरको व्यवस्था गर्न सम्वन्धित विद्यालयको क्षमता विकास गरिने छ ।
१२. गाउँपालिका भित्र एकै किसिमको मूल्याङ्कन तथा परीक्षा प्रणालिको प्रयोग गर्न गा.पा. स्तरमा परीक्षा व्यवस्थापन समिति गठन गरी जिम्मेवारी प्रदान गरिने छ ।
१३. विद्यालयहरुमा गठन भएका विभिन्न विभागिय तथा विद्यार्थी कल्याण समितिहरुको क्षमता विकासको अवसर प्रदान गरिने छ, साथै आवश्यकता अनुसार अन्य समितिहरु गठन एवम् विकास गरिने छ ।
१४. शिक्षा क्षेत्रको विकासमा देखिएका नविनतम् परिवर्तनहरु, चुनौति तथा समस्याहरु, समस्या समाधानका विकल्पहरु बारे एकल तथा साझा दृष्टिकोण निर्माण गर्न, अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला भित्रका अन्य गा.पा. तथा न.पा. हरु सँग नियमित सम्पर्क र सहकार्यको लागि आवश्यक सम्वन्धको विकास गरिने छ ।

## ४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि

गाउँपालिका भित्र शैक्षिक निकायहरुको संस्थागत संरचना र क्षमता सुदृढ भई औपचारीक तथा अनौपचारिक शिक्षाको गुणस्तरमा व्यापक सुधार भएको हुनेछ ।

### ख) नतिजा

१. संघ, प्रदेश र स्थानीय तह बिच निरन्तर समन्वयात्मक सम्बन्धको विकास भएको हुने छ ।
२. गाउँपालिका भित्रको शिक्षाको विकास तथा व्यवस्थापनको लागि पर्याप्त मात्रामा संस्थागत तथा नीतितगत संरचना निर्माण भएको हुने छ ।
३. शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता विकास भई विद्यालय शिक्षाको गुणस्तरमा सुधार भएको हुने छ ।
४. गाउँपालिका भित्रका प्रत्येक वडाहरुको शिक्षा प्रभावकारी रुपमा व्यवस्थापन भएको हुने छ ।
५. गाउँपालिका भित्र प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, निरन्तर शिक्षा, अनौपचारिक तथा जीवन पर्यन्त सिकाइको व्यवस्थापनमा विभिन्न सरकारी संघ-संस्था, समुदाय तथा अन्य गैर सरकारी दातृ निकायहरुको सहयोग वृद्धि भएको हुने ।
६. गाउँपालिका भित्रका सबै किसिमका बालबालिकाहरुले समावेशिता र समतामा आधारित शिक्षाको अवसर प्राप्त गरेका हुनेछन्।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यकलाप र भौतिक लक्ष्यहरु निर्धारण गरिएको छ :

तालिका नं : ४.१

मुख्य कार्यकलाप तथा भौतिक लक्ष्यहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | प्रदेश र सघं सँग समन्वय | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | गाउँ शिक्षा समितिको बैठक वसी विद्यालय सुधार सम्वन्धि कार्ययोजना निर्माण तथा जिम्मेवारी वाडँफाँड | पटक | १ | २ | २ | २ | २ | ९ |
| ३ | गाउँ शिक्षा समिति तथा शिक्षा शाखाबाट विद्यालय अनुगमन | पटक | २ | ३ | ४ | ४ | ४ | १७ |
| ४ | शिक्षक, कर्मचारी तालिम तथा प्रोत्साहन | पटक | १ | १ | २ | २ | २ | ८ |
| ५ | प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको लागि क्षमता विकास तालिम | पटक | १ | १ | २ | २ | २ | ८ |
| ६ | गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली निर्माण, संसोधन | पटक | १ | ० | ० | ० | ० | १ |
| ७ | वडा शिक्षा समिति गठन | वडा सङ्ख्या | ८ | - | - | - | - | ८ |
| ८ | प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर तथा जीवनपर्यन्त सिकाइ व्यवस्थापनको लागि सहयोगी तथा साझेदार संस्थाहरु सँग समन्वय संयन्त्रको विकास | संस्थाहरुको सङ्ख्या | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर | आवश्यकता अनुसार निरन्तर |
| ९ | विद्यालयहरुमा रहेका विभागीय एवम् विद्यार्थी कल्याण समितिहरुको क्षमता सुधार, अन्य थप समिति स्थापनाको अवसर प्रदान | विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| १० | पालिका स्तमा शैक्षिक मूल्याङ्कन तथा परीक्षा व्यवस्थापन समिति गठन | पटक | १ | - | - | - | - | १ |
| ११ | शिक्षकका पेशागत ट्रेड युनियन सँग शिक्षका पेशागत मुद्दा, विद्यालय सुधार लगायतका शैक्षिक सवालमा छलफल | पटक | १ | १ | २ | २ | २ | ८ |
| १२ | जिल्ला भित्रका अन्य पालिकाहरु सँग शैक्षिक विषयमा छलफल, अनुभव एवम् सहयोग आदान प्रदान | पालिकाको सङ्ख्या | १ | ३ | ५ | ८ | १० | १० |
| १३ | समाबेशी शिक्षा तथा विशेष आवश्यकता भएका विद्यार्थीहरुको लागि गुणस्तरीय सिकाइको व्यवस्था गर्न विद्यालयको क्षमता विकास | विद्यालय | ३० | ५० | ५० | ५० | ५० | ५० |
| १३ | शिक्षा विकास तथा समन्वय इकाइ | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| | सँग शैक्षिक परामर्श, समन्वय | | | | | | | |
| १४ | प्रधानाध्यापक सँग कार्य सम्पादन सम्झौता | प्र.अ. | ५० | ५० | ५० | ५० | ५० | ५० |

# परिच्छेद : पाँच
# लगानी र स्रोत व्यवस्थापन

## ५.१.परिचय

नेपाल सरकारले परिकल्पना गरेको "समृद्ध नेपाल र सुखी नेपाली"को सपनालाई पुरा गर्न शिक्षा क्षेत्रको विकासलाई प्राथमिकता दिनु आवश्यक छ । विकासको लागि सबै भन्दा महत्वपूर्ण खम्बाको रुपमा मानिने मानव पुँजिको पर्याप्त विकास गर्न सकेको खण्डमा मात्र राष्ट्रिय विकासका चौतर्फी ढोकाहरु खुल्न सक्ने देखिन्छ । मानव पुँजी विकासको प्रमुख पुर्वाधार विद्यालय हो । तसर्थ सरकारले बालबालिकाहरुको शिक्षालाई राष्ट्रिय प्रमुख दायित्वको रुपमा ग्रहण गरी शिक्षामा पर्याप्त लगानीको व्यवस्था गर्नु आवश्यक छ । बालबालिकाको शिक्षामा गरिएको लगानीले दीर्घकालीन रुपमा राष्ट्रिय विकासमा टेवा दिन सक्छ । सरकारले शिक्षामा लगानी गर्दा सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच कायम हुने गरी लगानीको प्रबन्ध गर्नु पर्छ । नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक अधिकारको विषय मान्दै माध्यमिक तह सम्मको शिक्षामा राज्यको दायित्व रहने व्यवस्था गरेको छ । संविधान अनुसार माध्यमिक तह सम्मको शिक्षामा पूर्ण लगानी सरकारको रहने छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्न अनिवार्य तथा नि:शुल्क शिक्षा सम्वन्धि ऐन २०७५ जारी भई कार्यान्वयनको अवस्थामा रहेको छ । शिक्षामा लगानीको अन्तराष्ट्रिय अनुभव एवम् आन्तरिक आकांक्षा समेतको आधारमा सरकारले शिक्षा क्षेत्रमा लगानी क्रमशः बढाउँदै जानुपर्ने अवस्था देखिन्छ । विश्व बजारमा देखिएको उच्च प्रतिसपर्धामा भाग लिन सक्ने मानव संसाधनको विकास सरकारको लागि आवश्यक लगानीको व्यवस्थाको लागि सरकारले लगानीका स्रोतहरुको दिगो व्यवस्थापन प्रति ध्यान दिनु पर्छ ।

संघीय व्यवस्था अनुसार देश भित्रको आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारीक, बैकल्पिक शिक्षा तथा आजीवन सिकाइ, सामुदायिक सिकाइ केन्द्र तथा पुस्तकालय , अभिभावक शिक्षा, खुल्ला एवम् दूर शिक्षा आदिको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहलाई तोकेको छ भने समग्र शिक्षा व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा विषयको रुपमा राखिएको छ । त्यसकारण शिक्षामा गर्ने लगानीको व्यवस्था संघ, प्रदेश र स्थानीय तीनै तहबाट हुने देखिन्छ । सबैधानिक रुपमा वित्तीय व्यवस्थापनका स्वरुपहरुमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था रहेको छ । समानीकरण अनुदान प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा हस्तान्तरण हुने गर्छ । विशेष अनुदान र समपुरक अनुदान राष्ट्रिय योजना आयोगबाट हस्तान्तरण हुनेगर्छ । सशर्त अनुदान सम्वन्धित मन्त्रालयबाट हस्तान्तरण हुने गर्छ । स्थानीय सरकारले संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको अलवा आन्तरिक स्रोतबाट शिक्षा बजेटको व्यवस्था गर्न सक्छ । साथै समूदाय तथा दात्तृ निकायहरुको स्वच्छिक सहयोग स्वीकार गरी शिक्षाको वित्तिय व्यवस्थापन गर्न सक्छ । संस्थागत विद्यालयहरु निजी लगानीमा सञ्चालित हुने हुँदा ती विद्यालयहरुको वित्तीय व्यवस्थापनको बोझ सरकारलाई पर्दैन ।

शिक्षालाई राज्यले सामाजिक वस्तुको रुपमा स्वीकार गरे सँगै शिक्षाप्रति राज्यको दायित्व बढेको छ । विद्यालय तहको शिक्षा जनताको आधारभूत आवश्यकता हो । जनताका आधारभूत आवश्यकता पुरा गर्ने जिम्मा सरकारको हो । त्यसकारण माध्यमिक तह सम्मको शिक्षामा लगानीको पूर्ण दायित्व सरकारको रहन्छ । हाल निजी रुपमा सञ्चालन विद्यालयहरु भित्र हुने शिक्षाको व्यापारलाई बन्द गरी सम्पूर्ण बालबालिकाहरुलाई माध्यमिक तह सम्मको शिक्षा सरकारले सुनिश्चित गर्नुपर्छ । हाल विद्यालय शिक्षाको लगानी संघ प्रदेश र स्थानीय सरकारबाट हुने गरेको छ । स्थानीय सरकार आफै स्रोत व्यवस्थापन गरी विद्यालय संचालन गर्न सक्ने अवस्थामा रहेको छैन । संघबाट हस्तान्तरणहुने बजेटलाई विद्यालय सम्म पुऱ्याइदिने शिवाय स्थानीय सरकारले विद्यालय विकासका लागि खास केही गर्न सकेको देखिदैन । संघीय सरकाले हस्तान्तरण गरेको बजेटले शिक्षक-कर्मचारीको तलव भत्ता थेग्न मात्र पुग्ने अवस्था रहेको छ । पालिकाले आन्तरिक स्रोतको खोजी गरी विद्यालयको क्षमता विकासका लागि लगानी गर्नु आवश्यक छ । पालिकाहरुले शिक्षा लाई प्राथमिकतामा राखी लगानी गर्न आवश्यक छ ।

यस योजनामा काठेखोला गाउँपालिका भित्र शिक्षाको वित्तीय व्यवस्थापनको वर्तमान अवस्था विश्लेषण गरी समस्या तथा चुनौतिहरु, सम्भाव्यता तथा अवसरहरुको पहिचान गरिएको छ । प्राप्त चुनौतिहरुको सामना

अवसरहरुको भरपुर उपायोग गर्दै समस्या समाधानका उपायहरुको खोजी गरिएको छ । शिक्षा विकासका लागि आगामी ५ बर्षको लगानीका स्रोतहरु पहिचान गरी विद्यालय सुधारका लागि लगानीको उपयुक्त विनियोजन खाका प्रस्तुत गरिएकोछ ।

## ५.२. वर्तमान अवस्था

नेपालमा शिक्षाको लगानी व्यवस्था लाई हेर्दा विभिन्न समयमा विभिन्न किसिमबाट हुने गरेको देखिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु हुन पूर्व राज्यले शिक्षाको खर्च व्यवस्थापनमा खास जिम्मेवारी बहन गर्न सकेको थिएन । केही रकम विद्यालयहरुलाई सरकारले उपलब्ध गराउँथ्यो र बाँकी विद्यालयहरुले आफै जुटाउनु पर्थ्यो रा.शि.प.यो ले शिक्षाको वित्तीय व्यवस्थापनमा सरकारलाई प्रमुख जिम्मेबार बनाउन खोजेको थियो । यस पश्चात प्राथमिक शिक्षाको सम्पूर्ण खर्च, निम्न माध्यमिक तहको लागि ७५ प्रतिशत र माध्यमिक तहको लागि ५० प्रतिशत खर्चा व्यवस्थापन सरकारले अनुदान मार्फत गर्ने प्रणाली लागु भयो । हाल शिक्षकको तलवभत्ता विद्यालय सञ्चालन, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत केही विविध खर्चहरु सरकारले व्यवस्था गर्छ ।

सरकारले आफ्नो वार्षिक बजेटको झण्डै १० प्रतिशतको हाराहारिमा शिक्षाको लागि बजेटिङ गर्ने गरेको देखिन्छ । आ.व. २०७८/७९ मा शिक्षाको लागि कूल बजेटको १०.९३ प्रतिशत बजेट विनियोजन गरिएको छ । जुन आ.व. २०७७/७८ मा कूल बजेटको ११.६४ प्रतिशत थियो । प्रतिशतका आधारमा अघिल्लो आ.व.मा भन्दा यस आ.व.मा ०.७१ प्रतिशतले बजेट घटेको छ । एकातर्फ संवैधानिक रुपमा माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था गरी सम्पूर्ण लगानी को जिम्मा सरकारको काधमा बोकाउन खोजिएको छ भने यता सरकारको शिक्षा बजेट क्रमश: घट्दै जानुले आशंका पैदा गरेको छ । नेपाल सरकारले अन्तराष्ट्रिय मञ्चहरुमा कुल राष्ट्रिय बजेटको २० प्रतिशत रकम शिक्षा क्षेत्रको लागि छुट्याउने प्रतिबद्धता ब्यक्त गर्दै आएको भए पनि ब्यवहारमा कार्यान्वयन हुन सकेको छैन । आ.व. २०६२/६३ मा कूल राष्ट्रिय बजेको १७ प्रतिशत रकम शिक्षा क्षेत्रको लागि लगानी गरिएको थियो तर त्यस पछिका वर्षहरुमा शिक्षा क्षेत्रमा छुट्टाउने राष्ट्रिय बजेटको हिस्सा घट्दै गएको छ । न्यून वित्त व्यवस्था नेपालको शिक्षा प्रणालीको एउटा प्रमुख समस्या हो । शिक्षाको लागि आवश्यक खचैको स्रोत व्यवस्थापनलाई हेर्दा ७० प्रतिशतको हाराहारिमा आन्तरिक स्रोतबाट र झण्डै ३० प्रतिशत विदेशी सहयोगबाट पुरा हुने गरेको देखिन्छ ।

संघीय संरचना अनुसार शिक्षाको खर्च व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था रहेको छ । संविधानले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन तथा सञ्चालन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । तर स्थानीय तह वित्तीय साधन स्रोतको हिसावले आत्म निर्भर छैनन् । केन्द्रीय सरकारबाट प्राप्त अनुदानबाट नै विद्यालयहरु सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ । काठेखोला गाउँपालिकाले पनि शिक्षामा संघ ले दिएको अनुदान लाई विद्यालयहरु सम्म पुऱ्याउने बाहेक पालिकाको आन्तरिक स्रोतबाट ठूला र महत्वपूर्ण कार्यहरु सम्पन्न हुन सकेको देखिदैन । काठेखोला गा.पा.को शिक्षामा लगानीको स्थितिलाई हेर्दा आ.व. २०७८/७९ पालिकाको कूल बजेटबाट झण्डै ५४,००,००० रुपयाँ (सशर्त बाहेक) शिक्षामा विनियोजन भएको देखिन्छ । पालिका भित्रको शिक्षा सुधार एवं व्यवस्थापनको लागि यो बजेट परिमाण पर्याप्त छैन । शिक्षाको पहुँच र गुणस्तर सुधार गर्न गाउँपालिकाले सम्भाव्य स्रोतहरुको खोजी गरी शिक्षामा लगानी वृद्धि गर्न आवश्यक छ । स्थानीय सरकार समक्ष एकातर्फ मौजुदा शिक्षा व्यवस्थाको पहुँचबाट बाहिर रहेका बालबालिकाहरुलाई शिक्षाको मूल धारमा समावेश गर्दै समावेशी एवम् समतामूलक शिक्षाको अवसर सुनिश्चित गर्नु पर्ने आवश्यकता रहेको छ भने अर्को तर्फ समयको माग र आवश्यकता सँगै विज्ञान तथा प्रविधिमा आधारित शिक्षा, व्यावसायिक तथा सीपमूलक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला शिक्षा, निरन्तर तथा जीवनपर्यन्त सिकाइको पहुँच विस्तार गर्नुपर्ने आवश्यता खडा भएको छ । पुराना जीर्ण भौतिक संरचनाबाट आधुनिक गुणस्तरीय शिक्षा प्रदान गर्न सम्भवप्राय: देखिदैन । बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, प्रविधिमैत्री भौतिक संरचनाहरुको व्यवस्थापनमा ठूलो खर्च लाग्ने देखिन्छ । शिक्षकका पेशागत माग र मुद्दाहरु सम्बोधन गर्ने दायित्व लोकतान्त्रिक सरकारको हो । विद्यालयहरुलाई आधुनिक रुपमा सुविधा सम्पन्न गराउँदै लैजानु पर्ने देखिन्छ । यी सबै कुराहरुको व्यस्थापन गर्न गाउँपालिकाले शिक्षा बजेटलाई क्रमश: बृद्धि गर्दै जानु आवश्यक छ । संघ, प्रदेशबाट आउने अनुदानको बाटो

हेरेर बस्ने अवस्था छैन । गाउँपालिकाले शिक्षाको दीगो वित्तीय व्यवस्थापनका नयाँ स्रोतहरु खोजी गर्दै आत्मनिर्भताको बाटोतर्फ अघि बढ्नु आवश्यक छ ।

### ५.३. उद्देश्य

यस कार्यक्रमको व्यापक उद्देश्य काठेखोला गाउँपालिका भित्र शिक्षाको आधुनिक व्यवस्थापनको लागि आवश्यक लगानीको उचित प्रवन्ध गर्नु हो । यस उद्देश्य लाई हासिल गर्न निर्धारण गरिएका विशिष्टिकृत अपेक्षा निम्न छन् :

१. विद्यालय शिक्षाको लागि आवश्यक वित्तीय स्रोतको खोजी गर्ने
२. विद्यालय शिक्षामा हुने खर्चलाई चुहावटमुक्त र पारदर्शी गराउने,
३. प्राथमिकताको आधारमा बजेट व्यवस्थापन गर्ने,

### ५.४. रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न देहायबमोजिमका रणनीतिहरु अवलम्वन गरिने छ :

१. संघ, प्रदेश तथा विभन्न दातृ सहयोगदाताहरुबाट प्राप्त वित्तीय सहयोगको लगानी समुचित र पारदर्शी रुपमा गरिने छ ।
२. समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानको उपयोग अवस्था र आवश्यकताको आधारमा गरिने छ ।
३. लगानी स्रोत व्यवस्थापनमा सहयोग जुटाउनको लागि विभिन्न किसिमका सरकारी, गैर सरकारी दातृ सहयोग दाताहरुसँग समन्वय कायम गरिने छ ।
४. विद्यालयहरुमा हुने वित्तीय कारोबारलाई बैंकिङ प्रणालीसँग जोडी पारदर्शी बनाइने छ ।
५. वित्तीय कारोवारमा पारदर्शिता, उत्तरदायित्व, जिम्मेवारी तथा वित्तीय अनुशासन कायम गरिने छ ।
६. सेवामूलक एवम् सामाजिक दायित्वको रुपमा शिक्षा क्षेत्रमा सहयोग गर्न चाहने सहयोगदाताहरु लाई प्रोत्साहन गरिने छ ।
७. नीजी विद्यालयमा हुने लगानीलाई क्रमशः नाफामुखीबाट सेवामुखी लगानीमा परिणत गर्नै लगानीकर्ताहरुलाई प्रोत्साहित गरिने छ ।
८. शैक्षिक संस्थाहरुमा हुने सामाजिक लेखा प्रणालिलाई पारदर्शी बनाइने छ ।
९. विद्यालयहरुलाई आन्तरिक वित्तीय स्रोत बृद्धि गर्न प्रोत्साहन गरिने छ ।

### ५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

काठेखोला गाउँपालिका भित्र शिक्षाको लागि आवश्यक वित्तीय लगानीको उचित प्रवन्ध भई शिक्षाको गुणस्तर र पहुँचमा सुधार हुने छ ।

#### ख) नतिजा

१. काठेखोला गाउँपालिकाको वित्तीय व्यवस्थापनमा नयाँ स्रोतहरु पहिचान भई लगानीको आकार बढेको हुने छ ।
२. वित्तिय अनुशासनको पालना भई बजेटको परिचालन तथा वितरण पारदर्शी र प्रभावकारी भएको हुने छ ।
३. समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानको उचित उपयोग भएको हुनेछ ।
४. विद्यालयहरु वित्तीय स्रोत व्यवस्थापनको हिसावले सक्षम भएका हुने छन् ।
५. शिक्षामा सरकारी, गैरसरकारी तथा दातृ निकायको सहयोग र सहभागितामा बृद्धि भएको हुने छ ।

#### ग) वित्तीय स्रोत व्यवस्थापन

योजनामा प्रस्तावित कार्यक्रमहरुको लागि कूल जम्मा २४५६३४००० लाग्ने अनुमान गरिएको छ । लागत अनुमान गर्दा मुद्रा स्फीति लाई स्थिर मानिएको छ । योजना प्रस्तावित कार्यक्रमहरुको लागि बजेटको क्षेत्रगत तथा वर्षगत विनियोजनलाई तालिका नं ५.१ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं ५.१
## क्षेत्रगत तथा वर्षगत खर्चको विनियोजन

| खर्च अनुमान | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | मुख्य कार्यक्रमहरु | वर्षगत लागत अनुमान | | | | | | स्रोतको आँकलन | | | |
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | योजना अवधिको जम्मा | संघ/प्रदेश | स्थानीय सरकार | विद्यालय स्रोत | दातृ सहयोग |
| 1 | प्रारम्भिक वाल विकास र शिक्षा | १३५०००० | १५७०००० | २२८०००० | १९००००० | २१८०००० | ९२८०००० | ४४५०००० | ८२०००० | २०१०००० | २०००००० |
| 2 | आधारभुत शिक्षा | ६१००००० | ६७२०००० | ८०५०००० | ९०४०००० | १०५१५००० | ४०४२५००० | २२०४०००० | ५०४५००० | ४९४०००० | ८४००००० |
| 3 | माध्यमिक शिक्षा | ४७९०००० | ७१२०००० | ६०१०००० | ८९७०००० | ७८००००० | ३४६९०००० | ५७४०००० | १४९६०००० | ८०९०००० | ५९००००० |
| 4 | उच्च शिक्षा | १२२०००० | १४४०००० | ३५७५००० | ५३९५००० | ७०३०००० | १८६६०००० | ९०००००० | ६८९०००० | २३२०००० | ४५०००० |
| 5 | प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिम | ३५०००० | ४४५०००० | २०००००० | ५५५०००० | ५७००००० | १८०५०००० | १५५००००० | १८५०००० | ७००००० | ० |
| 6 | पाठ्यक्रम र पाठ्य सामग्री | १७५०००० | १७५०००० | २०५०००० | १८००००० | २२००००० | ९५५०००० | १४५०००० | २२५०००० | ४५००००० | १३५०००० |
| 7 | शिक्षक व्यवस्थापन | ४२६०००० | ४३१०००० | ४३००००० | ४२६०००० | ४०७५००० | २१२०५००० | ६६७०००० | १७८५००० | १०२५०००० | २५००००० |
| 8 | विद्यालय व्यवस्थापन | ३५०००० | ४००००० | २५०००० | २५०००० | २५०००० | १५००००० | ० | ७५०००० | ५००००० | २५०००० |
| 9 | निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | २२५०००० | १८१०००० | १९१०००० | २०१०००० | २०००००० | ९९८०००० | १०००००० | ३२८०००० | ० | ५७००००० |
| 10 | गुणस्तरीय सार्वजनकि शिक्षा | ४६३०००० | ६६३०००० | ७८३०००० | १०३३०००० | १०६३०००० | ४००५०००० | २७०००००० | ६५०००० | ० | १२४००००० |
| 11 | शिक्षामा सूचना प्रविधि | ४९००००० | ७२००००० | ५४४०००० | २८७०००० | १०७०००० | २१४८०००० | ११४००००० | ३३८०००० | ४२००००० | २५००००० |
| 12 | आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्गको पहुँच/समावेशि शिक्षा | ३३७०००० | ३०७०००० | २५७०००० | २०७०००० | १५७०००० | १२६५०००० | ५००००० | ५१००००० | ५०००० | २५००००० |
| 13 | संस्थागत संरचना र क्षमता विकास | ११७४००० | ११८०००० | १२८०००० | १४००००० | १४८०००० | ६५१४००० | ० | ५०१४००० | १५००००० | ० |
| 14 | अनुगमन, मूल्याङ्कन समन्वय र सहजिकरण | १०२०००० | १०२०००० | ११२०००० | १२२०००० | १२२०००० | ५६००००० | ० | ५६००००० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ३७५१४००० | ४८६७०००० | ४८६६५००० | ५७०६५००० | ५७७२०००० | २४९६३४००० | १०९२५०००० | ५७३७४००० | ३९०६०००० | ४३९५०००० |

## घ) खर्च व्यवस्थापनको स्रोत

प्रस्तावित कार्यक्रमहरुको लागि आवश्यक खर्च व्यवस्थापनको लागि संघ तथा प्रदेश बाट प्राप्त हुने विभिन्न किसिमका अनुदानहरु (सशर्त अनुदान, समानिकरण अनुदान, समपुरक अनुदान तथा विशेष अनुदान), स्थानीय सरकारको लगानी, विद्यालय तथा क्याम्पसहरुको स्रोत र विभिन्न संघ, संस्था तथा दातृ निकायको सहयोगलाई आधार मानिएको छ । नेपाल सरकारबाट हाल प्राप्त हुदै आइरहेको सशर्त अनुदान (तलव भत्ता) लाई विनियोजन गरिएको छैन । आगामी ५ वर्षको खर्च व्यवस्थापनको लागि आवश्यक आम्दानी अनुमानलाई तल तालिका नं ५.२ मा प्रस्तुत गरिएको छ ।

तालिका नं ५.२
आगामी ५ वर्षकोको आम्दानी आंकलन

| आम्दानी अनुमान | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | बजेटका स्रोतहरु | वर्षगत बजेट अनुमान (रु) | | | | | योजना अवधिको जम्मा ( रु) |
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| १ | नेपाल सरकारको सशर्त अनुदान | २१०३६२२५० | २२०८८०३६२.५ | २३१९२४३८०.६ | २४३५२०५९९.७ | २५५६९६६३० | ११६२३८४२२२ |
| २ | संघ/ प्रदेश सरकार बाट प्राप्त अनुदान सहयोग | १३१००००० | २१३५०००० | २०२५०००० | २७२१०००० | २७३४०००० | १०९२५०००० |
| ३ | स्थानीय सरकारको स्रोत | ९८८४००० | १०८००००० | ११६१०००० | १२४४०००० | १२६४०००० | ५७३७४००० |
| ४ | विद्यालय/ क्याम्पस को स्रोत | ७०८०००० | ८०२०००० | ७७५५००० | ७५६५००० | ८६४०००० | ३९०६०००० |
| ५ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | ७४५०००० | ८५००००० | ९०५०००० | ९८५०००० | ९१००००० | ४३९५०००० |
| | *जम्मा* | *२४७८७६२५०* | *२६९५५०३६३* | *२८०५८९३८०.६* | *३००५८५५९९.७* | *३१३४१६६३०* | *१४१२०१८२२२* |
| | सशर्त अनुदान बाहेकको जम्मा | ३७५१४००० | ४८६७०००० | ४८६६५००० | ५७०६५००० | ५७७२०००० | २४९६३४००० |

***योजना खर्चमा सशर्त बाहेको रकम विनियोजन भएको छ ।***

## ङ) बजेटको क्षेत्रगत विनियोजन

योजनामा प्रस्ताव गरिएका क्षेत्रगत कार्यक्रमहरुको लागि खर्चको विनियोजनको विस्तृत बिवरण तल प्रस्तुत गरिएको छ :

तालिका नं. ५.३

## प्रारम्भिक बाल विकास र शिक्षाको लागि खर्च विनियोजन

| १. प्रारम्भिक बाल विकास र शिक्षा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन | | | | | | |
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
| १ | घर दैलो तथा भर्ना अभियान सञ्चाल | १००००० | ११०००० | १२०००० | १३०००० | १४०००० | ६००००० |
| २ | विद्यालय/बा.वि.के नक्साङ्कन, समायोजन तथा स्थापना | २००००० | ५०००० | ५०००० | १००००० | १००००० | ५००००० |
| ३ | सहजकर्ताहरुलाई पेशागत तथा क्षमता विकास तालिम सञ्चालन | १५०००० | २००००० | २५०००० | ३००००० | ३५०००० | १२५०००० |
| ४ | पाठ्यक्रम परिमार्जन/ प्रवोधिकरण | ५०००० | ६०००० | ७०००० | ८०००० | ९०००० | ३५०००० |
| ५ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण तथा भिटामिन वितरण | ३००००० | ३५०००० | ४००००० | ४५०००० | ५००००० | २०००००० |
| ६ | अन्तर वालविकास केन्द्र भ्रमण | ५०००० | ६०००० | ७०००० | ८०००० | १००००० | ३६०००० |
| ७ | सहजकर्ताहरुको घुम्ति बैठक | ५०००० | ६०००० | ७०००० | ८०००० | १००००० | ३६०००० |
| ८ | शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी | ५०००० | ७०००० | १००००० | १२०००० | १३०००० | ४७०००० |
| ९ | वालविकास केन्द्रहरुको व्यवस्थापकीय सुधार | ३००००० | ५००००० | १०००००० | ४००००० | ५००००० | २७००००० |
| १० | अभिभावकहरु सँग सहजकर्ताहरुको अर्न्तक्रिया कार्यक्रम | १००००० | ११०००० | १५०००० | १६०००० | १७०००० | ६९०००० |
| | जम्मा | १३५०००० | १५७०००० | २२८०००० | १९००००० | २१८०००० | ९२८०००० |

तालिका नं. ५.४

### प्रारम्भिक बाल विकास र शिक्षाको लागि खर्च विनियोजन सारांश

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ६५०००० | ७५०००० | १३००००० | ८००००० | ९५०००० | ४४५०००० |
| २ | स्थानीय सरकारको सहयोग | १००००० | १३०००० | १७०००० | २००००० | २२०००० | ८२०००० |
| ३ | विद्यालय स्रोत | ३००००० | ३४०००० | ४१०००० | ४५०००० | ५१०००० | २०१०००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दात्ते निकायको सहयोग | ३००००० | ३५०००० | ४००००० | ४५०००० | ५००००० | २०००००० |
| | जम्मा | १३५०००० | १५७०००० | २२८०००० | १९००००० | २१८०००० | ९२८०००० |

तालिका नं. ५.५
आधारभूत शिक्षाको लागि खर्च विनियोजन

२. आधारभूत शिक्षा

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | आधारभूत तहको शिक्षाको लागि उमेर पुगेका तर विद्यालयको पहुँचबाट बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन/ घरदैलो कार्यक्रम | ५०००० | ५०००० | ६०००० | ६०००० | ७०००० | २९०००० | विद्यालय |
| ३ | विद्यालय नक्साङ्कन, विद्यालय समायोजन दरबन्दी अध्यावधिक तथा निर्धारण | ५०००० | ५०००० | ५०००० | ७०००० | ७०००० | २९०००० | स्थानीय सरकार |
| ४ | अभिभावक शिक्षा कार्यशाला सञ्चालन | १५०००० | १५०००० | १७०००० | १७०००० | २००००० | ८४०००० | स्थानीय सरकार |
| ५ | विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण | २००००० | २००००० | २५०००० | २५०००० | २७५००० | ११७५००० | स्थानीय सरकार |
| ६ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण तथा भिटामिन वितरण | ३००००० | ५००००० | ५००००० | ६००००० | ७००००० | २६००००० | दात्तृ निकाय |
| ७ | सूचना तथा संचार प्रविधिको प्रयोग तथा क्षमता विकास | ५००००० | ७००००० | ८००००० | १०००००० | १२००००० | ४२००००० | संघ/प्रदेश |
| ८ | वि.व्य.स. तथा शि.अ.स. पदाधिकारीहरुको क्षमता विकास तालिम सञ्चालन | २००००० | २००००० | २५०००० | ३००००० | ३००००० | १२५०००० | स्थानीय सरकार |
| १० | विद्यालयमा मानव संसाधन सहयोग व्यवस्थापन (शिक्षक, कर्मचारी, लेखापाल, द्वारपाल, कार्यालय सहयोगी आदि) | १५००००० | १५००००० | २०००००० | २०००००० | २५००००० | ९५००००० | संघ/प्रदेश |
| ११ | ICT तालिम सञ्चालन | २००००० | २००००० | १००००० | १००००० | १५०००० | ७५०००० | स्थानीय सरकार |
| १२ | विद्यालयमा नियमित तथा सघन अनुगमन | १००००० | १२०००० | १५०००० | १७०००० | २००००० | ७४०००० | स्थानीय सरकार |
| १३ | विपत् , माहामारी जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | १००००० | १००००० | १००००० | १५०००० | १५०००० | ६००००० | विद्यालय |
| १४ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम र दिवा खाजाको प्रवन्ध | १०००००० | १२००००० | १५००००० | १८००००० | २०००००० | ७५००००० | संघ/प्रदेश |
| १६ | शैक्षिक तथा खोलकुद सामग्री वितरण | ५००००० | ५००००० | ५००००० | ६००००० | ६००००० | २७००००० | दात्तृ निकाय |
| १७ | शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी | ३००००० | ३००००० | ५००००० | ५००००० | ७००००० | २३००००० | विद्यालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | विद्यार्थी सत्यापन तथा विद्यालयको विवरण संकलन | १५०००० | १५०००० | १७०००० | १७०००० | २००००० | ८४०००० | संघ/प्रदेश |
| १९ | शिक्षकहरु द्वारा अन्तर विद्यालय अवलोकन | २००००० | २००००० | २५०००० | ३००००० | ३००००० | १२५०००० | विद्यालय |
| २० | विद्यालयका खालि जग्गाहरुमा बृक्षारोपण तथा वातावरणिय सरसफाई | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | विद्यालय |
| २१ | शिक्षक विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श, योग शिविर सञ्चालन | ५००००० | ५००००० | ६००००० | ७००००० | ८००००० | ३१००००० | दातृ निकाय |
| | जम्मा | ६१००००० | ६७२०००० | ८०५०००० | ९०४०००० | १०५१५००० | ४०४२५००० | |

तालिका नं. ५.६

**आधारभूत शिक्षाको लागि खर्च विनियोजन सारांश**

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ३१५०००० | ३५५०००० | ४४७०००० | ४९७०००० | ५९००००० | २२०४०००० |
| २ | स्थानीय सरकारको सहयोग | ९००००० | ९२०००० | ९७०००० | १०६०००० | ११९५००० | ५०४५००० |
| ३ | विद्यालय स्रोत | ७५०००० | ७५०००० | १०१०००० | १११०००० | १३२०००० | ४९४०००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | १३००००० | १५००००० | १६००००० | १९००००० | २१००००० | ८४००००० |
| | जम्मा | ६१००००० | ६७२०००० | ८०५०००० | ९०४०००० | १०५१५००० | ४०४२५००० |

तालिका नं. ५.७

**माध्यमिक शिक्षाको लागि खर्च विनियोजन**

**३. माध्यमिक शिक्षा**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन (रु) | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | आधारभूत तहको शिक्षा उत्तीर्ण गरेका एवं विद्यालयको पहुँचबाट बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गर्ने तथा माध्यमिक तहमा भर्नाको लागि प्रोत्साहन गर्ने | १००००० | १००००० | १००००० | १५०००० | १५०००० | ६००००० | विद्यालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालय नक्साङ्कन, विद्यालय समायोजन दरबन्दी अध्यावधिक तथा निर्धारण र समायोजन | २००००० | २००००० | २००००० | २५०००० | २५०००० | ११००००० | स्थानीय सरकार |
| ४ | आधारभूत पेशागत तालिम प्राप्त शिक्षकहरुको लागि STEAM मा आधारित तालिम | ३००००० | ३००००० | ३००००० | १५०००० | १५०००० | १२००००० | संघ/प्रदेश |
| ५ | नमुना तथा प्राविधिक विद्यालयहरुको क्षमता अध्ययन गरी विज्ञान, प्रविधि र व्यावसायिक सीप, कम्प्युटर विज्ञान जस्ता विषयहरु सञ्चालन गर्नको लागि आधार निर्माण | १००००० | १००००० | ५००००० | ८००००० | १०००००० | २५००००० | स्थानीय सरकार |
| ७ | अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन | ३००००० | ३००००० | ४००००० | ४००००० | ५००००० | १९००००० | स्थानीय सरकार |
| ८ | विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण | ३००००० | ३००००० | ३००००० | ४००००० | ४००००० | १७००००० | स्थानीय सरकार |
| ९ | कक्षा ११-१२ मा विषय थप | ० | १००००० | ० | ० | १५०००० | २५०००० | विद्यालय |
| ११ | शिक्षक विद्यार्थीहरुको स्वास्थ्य परीक्षण , किशोरीहरुकोलागि फोलिक एसिड तथा आइरन लगायतका भिटामिहरु वितरण | ५००००० | ५००००० | ६००००० | ७००००० | ८००००० | ३१००००० | दातृ निकाय |
| १२ | किशोरी आत्म रक्षा तालिम | ३००००० | ३००००० | ३५०००० | ३५०००० | ४००००० | १७००००० | दातृ निकाय |
| १३ | सूचना तथा संचार प्रविधिको प्रयोग तथा क्षमता विकास ( Website, School management software, Smart TV, CC Camera, Computer आदि व्यवस्थापन सहयोग) | २००००० | ३००००० | ५००००० | ५००००० | ५००००० | २०००००० | स्थानीय सरकार |
| १४ | वि.व्य.स. तथा शि.अ.स. पदाधिकारीहरुको क्षमता विकास तालिम सञ्चालन | १००००० | १३०००० | १५०००० | १२०००० | १००००० | ६००००० | स्थानीय सरकार |
| १६ | EMIS, ICT तालिम सञ्चालन | १००००० | १००००० | १००००० | ११०००० | ११०००० | ५२०००० | स्थानीय सरकार |
| १७ | विद्यालयहरुको सघन अनुगमन | २००००० | २००००० | २०००० | २५०००० | २५०००० | ९२०००० | स्थानीय सरकार |
| १८ | विपत् , माहामारी जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १२५०००० | विद्यालय |
| १९ | विद्यालयहरुमा जङ्क फूड नियन्त्रण, पोषणयुक्त दिवा खाजाको लागि शिक्षक, विद्यार्थी तथा अभिभावक बीच परामर्श सञ्चालन, | १००००० | १००००० | १००००० | १२०००० | १२०००० | ५४०००० | विद्यालय |
| २० | विद्यालयहरुलाई शैक्षिक तथा खोलकुद सामग्री वितरण | २००००० | २००००० | २००००० | २५०००० | २५०००० | ११००००० | दातृ निकाय |
| २१ | नीजी विद्यालयहरुलाई नियमन | ४०००० | ४०००० | ४०००० | ५०००० | ५०००० | २२०००० | स्थानीय सरकार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | शैक्षिक सामग्री निर्माण तथा प्रदर्शन | ५००००० | ५००००० | ५००००० | ६००००० | ६००००० | २७००००० | विद्यालय |
| २३ | विद्यार्थी सत्यापन तथा विद्यालयको विवरण संकलन | १००००० | १००००० | १००००० | १२०००० | १२०००० | ५४०००० | संघ/प्रदेश |
| २४ | शिक्षकहरु द्वारा अन्तर विद्यालय अवलोकन | ३००००० | ४००००० | ५००००० | ५००००० | ५५०००० | २२५०००० | विद्यालय |
| २५ | विद्यालयका खालि जग्गाहरुमा बृक्षारोपण तथा वातावरणिय सरसफाई | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | विद्यालय |
| २६ | शिक्षक विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श, नैतिक आध्यात्मिक प्रशिक्षण, योग शिविर सञ्चालन | ५००००० | ५००००० | ७००००० | ८००००० | १०००००० | ३५००००० | स्थानीय सरकार |
| २७ | व्यावसायिक प्रयोगशाला निर्माण | ० | २०००००० | | २०००००० | ० | ४०००००० | संघ/प्रदेश |
| | **जम्मा** | ४७९०००० | ७१२०००० | ६०१०००० | ८९७०००० | ७८००००० | ३४६९०००० | |

**तालिका नं. ५.८**

**माध्यमिक शिक्षाको लागि खर्च विनियोजन सारांश**

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ४००००० | २४००००० | ४००००० | २२७०००० | २७०००० | ५७४०००० |
| २ | स्थानीय सरकारको सहयोग | २०४०००० | २१७०००० | २९१०००० | ३६८०००० | ४१६०००० | १४९६०००० |
| ३ | विद्यालय स्रोत | १३५०००० | १५५०००० | १५५०००० | १७२०००० | १९२०००० | ८०९०००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | १०००००० | १०००००० | ११५०००० | १३००००० | १४५०००० | ५९००००० |
| | **जम्मा** | ४७९०००० | ७१२०००० | ६०१०००० | ८९७०००० | ७८००००० | ३४६९०००० |

## तालिका नं. ५.९
## उच्च शिक्षाको लागि खर्च विनियोजन

**४. उच्च शिक्षा**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन (रु) | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | गाउँपालिका भित्र रहेका माध्यमिक तह उर्त्तिण, उच्च शिक्षा पढन योग्य विद्यार्थीहरुको लगत संकलन तथा भर्ना अभियान सञ्चालन | २०००० | २०००० | २५००० | २५००० | ३०००० | १२०००० | क्याम्पस |
| २ | प्रदेश सरकार, संघीय सरकार, विश्वविद्यालय अनुदान आयोग तथा अन्य दात्तृ निकायहरु सँग सहयोगको लागि समन्वय, आर्थिक स्रोत संकलन अभियान सञ्चालन | १००००० | १००००० | १५०००० | १५०००० | २००००० | ७००००० | क्याम्पस |
| ३ | गाउँपालिका बाट क्याम्पसहरुलाई भौतिक पूर्वाधार विकास अनुदान प्रदान | १०००००० | १२००००० | १२००००० | १५००००० | १५००००० | ६४००००० | स्थानीय सरकार |
| ४ | संकाय तथा, विषयहरु थप | ० | ० | ५००००० | ५००००० | ५००००० | १५००००० | क्याम्पस |
| ५ | सूचना तथा सञ्चार प्रविधिको विकास/ सुधार | ५०००० | ५०००० | १००००० | १००००० | १५०००० | ४५०००० | दात्तृ निकाय |
| ६ | छात्रवृत्तिको व्यवस्था | ५०००० | ७०००० | १००००० | १२०००० | १५०००० | ४९०००० | स्थानीय सरकार |
| ७ | शिक्षक /कर्मचारी व्यवस्थापन | ० | ० | १५००००० | ३०००००० | ४५००००० | ९०००००० | संघ/प्रदेश (विश्व विद्यालय अनुदान आयोग) |
| | **जम्मा** | १२२०००० | १४४०००० | ३५७५००० | ५३९५००० | ७०३०००० | १८६६०००० | |

### तालिका नं. ५.१०
### उच्च शिक्षाको लागि खर्च विनियोजन सारांश

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ० | ० | १५००००० | ३०००००० | ४५००००० | ९०००००० |
| २ | स्थानीय सरकारको सहयोग | १०५०००० | १२७०००० | १३००००० | १६२०००० | १६५०००० | ६८९०००० |
| ३ | क्याम्पस स्रोत | १२०००० | १२०००० | ६७५००० | ६७५००० | ७३०००० | २३२०००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | ५०००० | ५०००० | १००००० | १००००० | १५०००० | ४५०००० |
| | जम्मा | १२२०००० | १४४०००० | ३५७५००० | ५३९५००० | ७०३०००० | १८६६०००० |

### तालिका नं. ५.११
### प्राविधिक शिक्षा र व्यावसायिक तालिमको लागि खर्च विनियोजन

**५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन (रु) | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | माध्यमिक विद्यालयमा प्राविधिक धार सञ्चालन | ० | २०००००० | १५००००० | ३०००००० | ५०००००० | ११५००००० | संघ/प्रदेश |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासको लागि प्रदेश सरकार, संघीय सरकार, तथा अन्य दातृ निकायहरु सँग सहयोगको लागि समन्वय, आर्थिक स्रोत संकलन अभियान सञ्चालन | १००००० | १००००० | १५०००० | १५०००० | २००००० | ७००००० | विद्यालय |
| ३ | प्राविधिक शिक्षा पढ्ने विद्यार्थीहरुको लागि लक्षित छात्रबृत्ति प्रदान | २५०००० | ३००००० | ३५०००० | ४००००० | ४५०००० | १७५०००० | स्थानीय सरकार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | माध्यमिक विद्यालयमा व्यावसायिक सीप विकास प्रयोगशाला स्थापना | ० | २०००००० | ० | २०००००० | ० | ४०००००० | संघ/प्रदेश |
| ५ | प्राविधिक शिक्षा सञ्चालनको लागि विद्यालय तथा क्याम्पसको सम्भाव्यता अध्ययन | ० | ५०००० | ० | ० | ५०००० | १००००० | स्थानीय सरकार |
| जम्मा | | ३५०००० | ४४५०००० | २०००००० | ५५५०००० | ५७००००० | १८०५०००० | |

तालिका नं. ५.१२

प्राविधिक शिक्षा र व्यावसायिक तालिमको लागि खर्च सारांश

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ० | ४०००००० | १५००००० | ५०००००० | ५०००००० | १५५००००० |
| २ | स्थानीय सरकारको सहयोग | २५०००० | ३५०००० | ३५०००० | ४००००० | ५००००० | १८५०००० |
| ३ | विद्यालय स्रोत | १००००० | १००००० | १५०००० | १५०००० | २००००० | ७००००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ३५०००० | ४४५०००० | २०००००० | ५५५०००० | ५७००००० | १८०५०००० |

तालिका नं. ५.१३

पाठ्यक्रम र पाठ्यसामग्रीको लागि खर्च विनियोजन

६. पाठ्यक्रम र पाठ्य सामग्री

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन (रु) | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | नयाँ पाठ्यक्रम कार्यान्वयन सम्वन्धी शिक्षकहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | संघ/प्रदेश |
| २ | स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण कार्यशाला गोष्ठि सञ्चालन | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | स्थानीय सरकार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रदेश सरकार तथा संघीय सरकार सँग पाठ्यक्रम कार्यन्वयनको लागि समन्वय, अन्तरक्रिया | ५०००० | ५०००० | ५०००० | ० | ० | १५०००० | स्थानीय सरकार |
| ४ | शिक्षकहरुलाई विज्ञान, प्राविधिक विषय, अङ्ग्रेजी, कला र गणित विषको शिक्षण सीप विकास सम्वन्धि तालिमको व्यवस्था | ३००००० | ३००००० | ३००००० | १५०००० | १५०००० | १२००००० | संघ/प्रदेश |
| ५ | स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण, विकास एवं कार्यान्वयन, | ५००००० | ५००००० | ३००००० | २००००० | १००००० | १६००००० | स्थानीय सरकार |
| ६ | पाठ्यक्रम विकास केन्द्र द्वारा विकास गरिएका आवश्यक सामग्रीहरु संकलन गरी सवै विद्यार्थिहरुको सहज पहुँच पुग्ने गरी पुस्तकालयमा राख्ने | ५००००० | ५००००० | १०००००० | १०००००० | १५००००० | ४५००००० | विद्यालय |
| ७ | शिक्षक निर्देशिका तथा पाठ्यक्रम प्रवोधिकरण | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | स्थानीय सरकार |
| ८ | शारीरिक, मानसिक तथा मनोवैज्ञानिक क्षमता फरक भएका विद्यार्थीहरुका लागि अनुकूल हुने किसिमका पाठ्य सामग्री, शिक्षण विधि, सामग्री र मूल्याङ्कन तरिका विकास र प्रयोग | २५०००० | २५०००० | २५०००० | ३००००० | ३००००० | १३५०००० | दातृ निकाय |
| | जम्मा | १७५०००० | १७५०००० | २०५०००० | १८००००० | २२००००० | ९५५०००० | |

तालिका नं. ५.१४

पाठ्यक्रम र पाठ्यसामग्रीको लागि खर्च सारांश

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ३५०००० | ३५०००० | ३५०००० | २००००० | २००००० | १४५०००० |
| २ | स्थानीय सरकारको सहयोग | ६५०००० | ६५०००० | ४५०००० | ३००००० | २००००० | २२५०००० |
| ३ | विद्यालय स्रोत | ५००००० | ५००००० | १०००००० | १०००००० | १५००००० | ४५००००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | २५०००० | २५०००० | २५०००० | ३००००० | ३००००० | १३५०००० |
| | जम्मा | १७५०००० | १७५०००० | २०५०००० | १८००००० | २२००००० | ९५५०००० |

## तालिका नं. ५.१५
## शिक्षक व्यवस्थापन र विकासको लागि खर्च विनियोजन

**७. शिक्षक व्यवस्थापन र विकास**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन (रु) | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | प्र.अ/शिक्षकका लागि पेशागत क्षमता विकास तालिम सञ्चालन | ३००००० | ३५०००० | २८०००० | २००००० | २५०००० | १३८०००० | संघ/प्रदेश |
| २ | शिक्षकका पेशागत ट्रेड युनियन सँग परामर्श | १०००० | १०००० | १५००० | १५००० | १५००० | ६५००० | स्थानीय सरकार |
| ३ | नतिजामा आधारित शिक्षक प्रोत्साहन (शिक्षक सम्मान तथा पुरस्कृत) | ५०००० | ५०००० | ८०००० | १००००० | १००००० | ३८०००० | स्थानीय सरकार |
| ४ | शिक्षण पेशामा नब प्रवेशी शिक्षकहरुलाई सेवा प्रवेश विशेष तालिम सञ्चालन | ५०००० | ५०००० | ५०००० | ७०००० | ७०००० | २९०००० | संघ/प्रदेश |
| ५ | स्वैच्छिक अवकास चाहने शिक्षकको लागि गोल्डेन हेनसेकको व्यवस्था | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० | संघ/प्रदेश |
| ६ | मन्टेश्वरी तालिम | २५०००० | २५०००० | २५०००० | २५०००० | ० | १०००००० | स्थानीय सरकार |
| ७ | पालिका स्तरमा परीक्षाको नतिजा विश्लेषण गर्ने | ५०००० | ५०००० | ७५००० | ७५००० | ९०००० | ३४०००० | स्थानीय सरकार |
| ८ | प्र.अ./तथा शिक्षकको सूचकमा आधारीत कार्यसम्पादन मूल्याङ्कन | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | विद्यालय |
| ९ | शिक्षकलाई शैक्षिक अनुसन्धान प्रति प्रोत्साहन गर्ने | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | दातृ निकाय |
| १० | असल अभ्यास सिकाइको लागि शैक्षिक भ्रमणको व्यवस्था | २०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० | १०००००००० | विद्यालय, स्थानीय सरकार |
| | **जम्मा** | ४२६०००० | ४३१०००० | ४३००००० | ४२६०००० | ४०७५००० | २१२०५००० | |

### तालिका नं. ५.१६
### शिक्षक व्यवस्थापन र विकासको लागि खर्च सारांश

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | १३५०००० | १४००००० | १३३०००० | १२७०००० | १३२०००० | ६६७०००० |
| २ | स्थानीय सरकारको सहयोग | ३६०००० | ३६०००० | ४२०००० | ४४०००० | २०५००० | १७८५००० |
| ३ | विद्यालय स्रोत | २०५०००० | २०५०००० | २०५०००० | २०५०००० | २०५०००० | १०२५०००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| | जम्मा | ४२६०००० | ४३१०००० | ४३००००० | ४२६०००० | ४०७५००० | २१२०५००० |

### तालिका नं. ५.१७
### विद्यालय व्यवस्थापनको लागि खर्च विनियोजन

**८. विद्यालय व्यवस्थापन**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | विद्यालयका लेखापाल, लेखा समितिका सदस्यहरुको लागि लेखा सम्बन्धी तालिम सञ्चालन | १००००० | १५०००० | ० | ० | ० | २५०००० | स्थानीय सरकार |
| २ | विद्यालय सुधार योजना निर्माण, अध्यावधिक तथा कार्यान्वयन | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | विद्यालय |
| ३ | आर्थिक रुपमा कमजोर विद्यालयहरुको वित्तिय व्यवस्थापनको लागि सहयोग स्रोतको खोजि | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | दातृ निकायको |
| ४ | विद्यालयहरुको कार्यसम्पादन परीक्षण तथा विद्यालय स्तरीकरण | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | स्थानीय सरकार |
| | जम्मा | ३५०००० | ४००००० | २५०००० | २५०००० | २५०००० | १५००००० | |

### तालिका नं. ५.१८
### विद्यालय व्यवस्थापनको लागि खर्च सारांश

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ० | ० | ० | ० | ० | ० |
| २ | स्थानीय सरकारको सहयोग | २००००० | २५०००० | १००००० | १००००० | १००००० | ७५०००० |
| ३ | विद्यालय स्रोत | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| | जम्मा | ३५०००० | ४००००० | २५०००० | २५०००० | २५०००० | १५००००० |

### तालिका नं. ५.१९
### निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको लागि खर्च विनियोजन

**९. निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | औपचारीक शिक्षाबाट बञ्चित व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | २००००० | स्थानीय सरकार |
| २ | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता तथा गुणस्तर सुधारको लागि अनुदान प्रदान गर्ने | १००००० | १००००० | १००००० | २००००० | २००००० | ७००००० | स्थानीय सरकार |
| ३ | वडाहरुमा सामुदायिक सिकाइ केन्द्रको विकासको आवस्यकता पहिचानको लागि सर्वेक्षण गर्ने | १०००० | २०००० | २०००० | २०००० | १०००० | ८०००० | स्थानीय सरकार |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरु स्थापना | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० | संघ/प्रदेश |
| ५ | गाउँपालिका भित्र आम सञ्चार माध्यमहरु (रेडियो, मोवाइल, टेलिभिजन, इन्टरनेट आदि) को पहुँच र प्रभावकारीता पहिचान र थप विकासको लागि समन्वय | ५००००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ७००००० | दातृ निकाय |
| ६ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन ( रेडियो, मोवाइल, टेलिभिजन, इन्टरनेट, अनलाइन तथा अफलाइन डिजिटल सामग्री) | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० | दातृ निकाय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | पौढ, जेष्ठ नागरिक, पेशामा संलग्न व्यक्तिहरुका लागि निरन्तर सिकाइ वातावरण सृर्जना गर्ने | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० | स्थानीय सरकार |
| ८ | धार्मिक एवं गुरुकूल शिक्षा संचालन, व्यवस्थापन तथा क्षमता सुधारको लागि अनुदान उपलब्ध गराउने | २००००० | २००००० | ३००००० | ३००००० | ३००००० | १३००००० | स्थानीय सरकार |
| | **जम्मा** | २२५०००० | १८१०००० | १९१०००० | २०१०००० | २०००००० | ९९८०००० | |

**तालिका नं. ५.२०**

**निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको लागि खर्च सारांश**

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० |
| २ | स्थानीय सरकारको सहयोग | ५५०००० | ५६०००० | ६६०००० | ७६०००० | ७५०००० | ३२८०००० |
| ३ | विद्यालय स्रोत | ० | ० | ० | ० | ० | ० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | १५००००० | १०५०००० | १०५०००० | १०५०००० | १०५०००० | ५७००००० |
| | **जम्मा** | २२५०००० | १८१०००० | १९१०००० | २०१०००० | २०००००० | ९९८०००० |

**तालिका नं. ५.२१**

**गुणस्तरीय सार्वजनिक शिक्षाको लागि खर्च विनियोजन**

**१०. गुणस्तरीय सार्वजनकि शिक्षा**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन (रु) | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरुको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षको मूल्याङ्कन | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | स्थानीय सरकार |
| २ | विद्यालयको भौतिक निर्माण, मर्मत एवं सवलिकरण | २०००००० | २०००००० | २०००००० | ३०००००० | ३०००००० | १२०००००० | संघ/ प्रदेश |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयलाई शान्त र सुरक्षित क्षेत्रको रुपमा विकास गर्न सरोकारवाला हरु सँग परामर्श/अर्न्तक्रिया | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | स्थानीय सरकार |
| ४ | पालिक अर्न्तगत शिक्षा तथा खेलकुद शाखामा शैक्षिक गुणस्तर मापन तथा परीक्षा समिति गठन | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | स्थानीय सरकार |
| ५ | पालिका स्तरीय विषयगत समितिहरु गठन | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | स्थानीय सरकार |
| ६ | विद्यालयहरुलाई आवश्यक शैक्षणिक सामग्रीहरु,सन्दर्भ सामग्रीहरु,पुस्तकालय सामग्रीहरु, विज्ञान प्रयोगशालाका सामग्रीहरु , सूचना प्रविधि सम्वन्धी सामग्रीहरु विरतण | १०००००० | १५००००० | १२००००० | १२००००० | ० | ४९००००० | दात्तृ निकाय |
| ७ | घुम्ती नर्सिङ सेवा प्रदान | ५००००० | १०००००० | १५००००० | २०००००० | २५००००० | ७५००००० | दात्तृ निकाय |
| ८ | विद्यालय उद्यम कार्यक्रम सञ्चालन | १०००००० | २०००००० | ३०००००० | ४०००००० | ५०००००० | १५०००००० | संघ/प्रदेश |
| | जम्मा | ४६३०००० | ६६३०००० | ७८३०००० | १०३३०००० | १०६३०००० | ४००५०००० | |

**तालिका नं. ५.२२**

**गुणस्तरीय सार्वजनिक शिक्षाको लागि खर्च सारांश**

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ३०००००० | ४०००००० | ५०००००० | ७०००००० | ८०००००० | २७०००००० |
| २ | स्थानीय सरकारको सहयोग | १३०००० | १३०००० | १३०००० | १३०००० | १३०००० | ६५०००० |
| ३ | विद्यालय स्रोत | ० | ० | ० | ० | ० | ० |
| ४ | विभिन्न संघ, संस्था लगायत दात्तृ निकायको सहयोग | १५००००० | २५००००० | २७००००० | ३२००००० | २५००००० | १२४००००० |
| | जम्मा | ४६३०००० | ६६३०००० | ७८३०००० | १०३३०००० | १०६३०००० | ४००५०००० |

### तालिका नं. ५.२३

### आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्गको पहुँच/समाबेशि शिक्षाको लागि खर्च विनियोजन

**११. आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्गहरुको पहुँच/ समावेशी शिक्षा**

| क्र.स. | प्रमुख क्रियाकलाप<br>काठेखोला भित्र | वर्षगत बजेट विनियोजन (रु) | | | | | पाँच बर्षको जम्मा | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | शिक्षाको मूल प्रवाह वाहिर रहेका सबै बालबालिकाहरुको तथ्याङ्क संकलन, विश्लेषण र अभिलेखिकरण | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | विद्यालय |
| २ | अपाङ्गमैत्री भौतिक संरचना व्यवस्थापन | २०००००० | १५००००० | १०००००० | ५००००० | ० | ५०००००० | संघ/प्रदेश |
| ३ | लक्षित वर्गका लागी छात्रवृति वितरण | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | दात्तृ निकाय |
| ४ | सबै प्रकारका विभेदको अन्त्यका लागी समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन | ८००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ४८००००० | स्थानीय सरकार |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुनुवाई समिती तथा पालिकामा गुनासो सुनाई अधिकारीको व्यवस्था | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० | ३००००० | स्थानीय सरकार |
| | जम्मा | ३३७०००० | ३०७०००० | २५७०००० | २०७०००० | १५७०००० | १२६५०००० | |

### तालिका नं. ५.२४

### आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्गको पहुँच/समाबेशि शिक्षाको लागि खर्च सारांश

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | २०००००० | १५००००० | १०००००० | ५००००० | ० | ५०००००० |
| २ | स्थानीय सरकारको सहयोग | ८६०००० | १०६०००० | १०६०००० | १०६०००० | १०६०००० | ५१००००० |
| ३ | विद्यालय स्रोत | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दात्तृ निकायको सहयोग | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| | जम्मा | ३३७०००० | ३०७०००० | २५७०००० | २०७०००० | १५७०००० | १२६५०००० |

तालका न. ५.२५

शिक्षामा सूचना प्रविधि व्यवस्थापनको लागि खर्च विनियोजन

१२.शिक्षामा सूचना प्रविधि

| क्र.स. | प्रमुख क्रियाकलाप | वर्षगत बजेट विनियोजन (रु) | | | | | पाँच वर्षको जम्मा | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | कम्प्युटर प्रयोगशाला नभएका विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला स्थापना | १५०००० | २५००००० | २५००००० | २०००००० | १०००००० | ९५००००० | संघ/ प्रदेश |
| २ | शिक्षक–कर्मचारीहरुको लागि सूचना प्रविधिको प्रयोग सम्वन्धि आधारभूत तालिम सञ्चालन (सरकारी दरवन्दी तथा स्थानीय स्रोत ) | ५००००० | ५००००० | ५००००० | ३००००० | ० | १८००००० | स्थानीय सरकार |
| ३ | विद्यालयहरुमा डिजिटल सिकाइ सामग्री निर्माण सम्वन्धि कार्यशाला सञ्चालन | १००००० | १००००० | ९०००० | ७०००० | ७०००० | ४३०००० | स्थानीय सरकार |
| ४ | कम्प्युटर प्रयोगशाला अपर्याप्त रहेका विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला सुधार कार्यक्रम सञ्चालन | ५००००० | ७००००० | ७००००० | ० | ० | १९००००० | संघ/प्रदेश |
| ५ | इन्टरनेट सुविधा अपर्याप्त/कमजोर रहेका विद्यालयहरुमा उच्च क्षमताको इन्टरनेट व्यवस्थापन | २५०००० | ३००००० | ४००००० | ० | ० | ९५०००० | स्थानीय सरकार |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुमा सूचना तथा प्रविधि जडान तथा क्षमता विस्तार | ५०००० | १५०००० | ० | ० | ० | २००००० | स्थानीय सरकार |
| ७ | विद्युतीय पुस्तकालयको स्थापना तथा क्षमता सुधार | ५००००० | ७५०००० | ७५०००० | ५००००० | ० | २५००००० | दात्तृ निकाय |
| ८ | सूचना प्रविधिमैत्री कक्षाकोठा निर्माण/ व्यवस्थापन | १०००००० | १५००००० | ० | ० | ० | २५००००० | विद्यालय |
| ९ | विद्यालय सुशासन, लेखा तथा प्रशासन व्यवस्थापनमा आईसिटीको प्रयोग | ५००००० | ७००००० | ५००००० | ० | ० | १७००००० | विद्यालय |
| जम्मा | | ४९००००० | ७२००००० | ५४४०००० | २८७०००० | १०७०००० | २१४८०००० | |

### तालिका नं. ५.२६
### शिक्षामा सूचना प्रविधि व्यवस्थापनको लागि खर्च सारांश

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | २०००००० | ३२००००० | ३२००००० | २०००००० | १०००००० | ११४००००० |
| २ | स्थानीय सरकारको सहयोग | ९००००० | १०५०००० | ९९०००० | ३७०००० | ७०००० | ३३८०००० |
| ३ | विद्यालय स्रोत | १५००००० | २२००००० | ५००००० | ० | ० | ४२००००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | ५००००० | ७५०००० | ७५०००० | ५००००० | ० | २५००००० |
| | जम्मा | ४९००००० | ७२००००० | ५४४०००० | २८७०००० | १०७०००० | २१४८०००० |

### तालिका नं. ५.२७
### संस्थागत संरचना र क्षमता विकासको लागि खर्च विनियोजन

**१३. संस्थागत संरचना र क्षमता विकास**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन (रु) | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | प्रदेश र सघं सँग समन्वय | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | स्थानीय सरकार |
| २ | गाउँ शिक्षा समितिको बैठक वसी विद्यालय सुधार सम्वन्धि कार्ययोजना निर्माण तथा जिम्मेवारी वाडँफाँड | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | स्थानीय सरकार |
| ३ | गाउँ शिक्षा समिति तथा शिक्षा शाखाबाट विद्यालय अनुगमन | ५०००० | ७०००० | ९०००० | ९०००० | ९०००० | ३९०००० | स्थानीय सरकार |
| ४ | शिक्षक, कर्मचारी प्रोत्साहन | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | स्थानीय सरकार |
| ५ | गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली निर्माण, संसोधन | ४०००० | ० | ० | ० | ० | ४०००० | स्थानीय सरकार |
| ६ | वडा शिक्षा समिति गठन | ८०००० | ० | ० | ० | ० | ८०००० | स्थानीय सरकार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर तथा जीवनपर्यन्त सिकाइ व्यवस्थापनको लागि सहयोगी तथा साझेदार संस्थाहरु सँग समन्वय संयन्त्रको विकास | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | स्थानीय सरकार |
| ८ | विद्यालयहरुमा रहेका विभागिय एवं विद्यार्थी कल्याण समितिहरुको क्षमता सुधार, अन्य थप समिति स्थापना | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | विद्यालय |
| ९ | पालिका स्तमा शैक्षिक मूल्याङ्कन तथा परीक्षा व्यवस्थापन समिति गठन | १०००० | ० | ० | ० | ० | १०००० | स्थानीय सरकार |
| १० | जिल्ला भित्रका अन्य पालिकाहरु सँग शैक्षिक विषयमा छलफल, अनुभव एवं सहयोग आदान प्रदान | ४००० | १२०००० | २००००० | ३२०००० | ४००००० | १०४४००० | स्थानीय सरकार |
| ११ | शिक्षा विकास तथा समन्वय इकाइ सँग शैक्षिक परामर्श, समन्वय | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | स्थानीय सरकार |
| | जम्मा | ११७४००० | ११८०००० | १२८०००० | १४००००० | १४८०००० | ६५१४००० | |

**तालिका नं. ५.२८**

**संस्थागत संरचना र क्षमता विकासको लागि खर्च सारांश**

| क्र.स. | बजेटको स्रोत | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संघ/ प्रदेश सरकारको सहयोग | ० | ० | ० | ० | ० | ० |
| २ | स्थानीय सरकारको सहयोग | ८७४००० | ८८०००० | ९८०००० | ११००००० | ११८०००० | ५०१४००० |
| ३ | विद्यालय स्रोत | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० |
| ४ | विभिन्न संघ, संस्था लगायत दातृ निकायको सहयोग | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ११७४००० | ११८०००० | १२८०००० | १४००००० | १४८०००० | ६५१४००० |

### तालिका नं. ५.२९
### संस्थागत संरचना र क्षमता विकासको लागि खर्च विनियोजन

**१४. योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

| क्र.स. | प्रमुख कार्यकलापहरु | वर्षगत बजेट विनियोजन (रु) | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | कार्यान्वयन संयन्त्र निर्माण | २००००० | २००००० | २००००० | ३००००० | ३००००० | १२००००० | स्थानीय सरकार |
| २ | संयन्त्र परिचालन | ३००००० | ३००००० | ३५०००० | ३५०००० | ३५०००० | १६५०००० | स्थानीय सरकार |
| ३ | समन्वय तथा सहजिकरण | २००००० | २००००० | २५०००० | २५०००० | २५०००० | ११५०००० | स्थानीय सरकार |
| ४ | अनुगमन तथा मूल्याङ्कन | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | स्थानीय सरकार |
| | **जम्मा** | १०२०००० | १०२०००० | ११२०००० | १२२०००० | १२२०००० | ५६००००० | |

## परिच्छेद : छ
## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ६.१. योजनाको कार्यान्वयन
### ६.१.१. परिचय

योजनाको सफलता यसको कार्यान्वयन सँग जोडिएको हुन्छ । संरचनात्मक रुपमा जति सुन्दर भए पनि कार्यान्वय पक्ष कमजोर रहेमा योजनाको कुनै अर्थ हुदैन । योजनामा अपेक्षा गरिएका विभिन्न किसिमका लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित रणनीतिक कार्यकलापहरुको व्यवहारिक प्रयोजनलाई प्रमुख ध्यान दिनुपर्छ । कार्यान्वयनको चरण योजना प्रक्रियाको एकदमै महत्वपूर्ण र संवेदनशिल चरण हो । योजनामा उपलब्धि, रणनिति, समस्या, चुनौतिहरु, सामर्थ्य (साधनस्रोत), जनशक्ति, कार्यान्वयन अवधि, यी सबैकुराहरु प्राय: अनुमानित नै हुन्छन् । यी अनुमानहरुलाई वस्त निष्ठ रुपमा के कति उपयोग गर्न सकिन्छ भन्ने कुरा योजनाको कार्यान्वयन सँग सम्बन्धित छ । योजनाको  कार्यन्वयन साझा दायित्व हो । एकल पक्षबाट यसको कार्यान्वयन सम्भव छैन । सरकारी स्तरमा निर्माण हुने योजनामा सरकार,  निजी  क्षेत्र, समुदाय, गैर सरकारी क्षेत्र, दातृ निकाय सबैको सक्रियता र सकरात्मक सहयोगबाट मात्र कार्यन्यन प्रभावकारी हुन सक्छ । तसर्थ योजनाको व्यवहारिक कार्यान्वयनको लागि प्रभावकारी संयन्त्रको विकास गर्न आवश्यक छ । योजनाको कार्यान्वयनको क्रममा थुप्रै चुनौति तथा अवसरहरु आउने गर्छन । प्राप्त अवसरहरुको भरपुर एवम् उचित उपयोग  तथा चुनौतिहरुको सामना गर्दै लक्षित गन्तव्य तर्फ अघि बढन सक्नु नै योजनाको सफलता हो ।

योजनाको कार्यन्वयन व्यापक क्षेत्र सँग सम्वन्धित छ । योजनाको प्रभावकारी कार्यान्वयनको लागि नीतिगत, सैद्धान्तिक, सामाजिक, आर्थिक, भौगोलिक, मनोवैज्ञानिक आदि पक्षहरु समेटेर व्यवहारिक संयन्त्र निर्माण गर्नु आवश्यक हुन्छ । सूचकहरुको पहिचान, नीति तथा सिद्धान्तहरुको छनौट, सरोकारवाला निकायहरुको भूमिका निर्धारण, स्रोत व्यवस्थापन, समय सीमा निर्धारण, जोखिम न्यूनीकरण व्यवस्था जस्ता कुराहरु योजना कार्यान्वयन संयन्त्रका मुख्य अंङ्ग हुन । योजनाको कार्यान्वयन नियम तथा सिद्धान्त संगत हुनु पर्छ । संविधान, ऐन नियमको परिधि भित्र रहेर योजनाको कार्यन्वयन गर्नु पर्छ । योजना निर्मामा प्रयोग भएका नितिगत तथा सैद्धान्तिक आधार भन्दा बाहिर गएर योजनाको कार्यान्वयन हुन सक्दैन ।

यस योजना स्थानीय सरकार (काठेखोला गाउँपालिका) ले निर्माण गरेको शैक्षिक योजना भएकोले यसको कार्यान्वयन क्षेत्र काठेखोला गाउँपालिका हुनेछ । अर्थात काठेखोला गाउँपालिका भित्रका ८ वटा वडाहरुमा यो योजना लागु हुने छ । यस योजनाको कार्यान्वयनको लागि स्थानीय सरकारको अतिरिक्त संघ, प्रदेश, स्थानीय समुदाय, शिक्षक, विद्यार्थीहरु, अभिभावक, स्थानीय शिक्षाविद्, विषय विज्ञ, अन्य सरकारी तथा गैर सरकारी संघ संस्था, दातृ संघ संस्था आदिको सहयोग र संलग्नता रहने छ ।

### ६.१.२. कार्यान्वयन संयन्त्रको प्रयोग
#### क) नीतिगत एवम् सैद्धान्तिक  संयन्त्रको प्रयोग

यस योजनाको कार्यान्वयन विभिन्न पूर्व स्थापित नीतिगत व्यवस्था  तथा सिद्धान्तहरुको मातहतमा रहेर हुने छ । नेपालको संविधान २०७२ ले शिक्षा व्यवस्था  गरेको अनिवार्य तथा नि:शुल्क शिक्षा सम्वन्धी व्यवस्था अनुसार योजनाका नीति तथा कार्यक्रमहरु परिलक्षित हुनेछन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई तोकेको क्षेत्राधिकार भित्र रहेर योजनाको कार्यान्वयन हुनेछ । योजना निर्माणमा शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, काठेखोला गा.पा.को शिक्षा  नियमावली लाई मार्ग निर्देशक सिद्धान्तको रुपमा स्वीकार गरिएको छ । तसर्थ योजनाको कार्यान्वयन यसै मातहतमा हुने छ । त्यसैगरी राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, पन्ध्रौ योजना (आ.व. २०७६/७७–२०८०/८१), शिक्षा क्षेत्रको योजना (२०२१–२०३०) हरुले निर्दिष्ट गरेको गन्तव्य लाई योजनाले आत्मसात गरेकोले कार्यान्वयनको चरणमा यी कुराहरुलाई आधारभूत रुपमा अंगिकार गरिने छ । योजनामा प्रस्तावित कार्यक्रमहरु अनिवार्य तथा नि:शुल्क

शिक्षा सम्वन्धि ऐन २०७५, अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली २०७७ ले निर्धारण गरेको नीतिगत प्रावधानको मातहतमा रहेर कार्यान्वयन हुनेछन् । योजनामा प्रस्तावित निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र क्षिक्षा सम्वन्धि कार्यक्रमहरु कार्यान्वय अनौपचारिक शिक्षा नीति २०६३, समावेशी शिक्षा नीति २०७३, खुल्ला तथा दूर शिक्षा सम्वन्धी निर्देशिका २०६३ अनुसार हुनेछन् । विपद् तथा संकटपूर्ण अवस्थामा सिकाइ निरन्तरताको लागि तय भएका कार्यक्रमहरु विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ बमोजिम सञ्चालन हुनेछन् । शिक्षकको पेशागगत क्षमता विकास सम्वन्धी कार्यक्रमहरु शिक्षक तालिम नीति २०६१ ले निर्दिष्ट गरेका प्रावधान अन्तरगत रहेर गरिने छ । यस योजना कार्यान्वयनको क्रममा सार्वनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ लगायत अन्य आवश्यक ऐन, नियम तथा सिद्धान्तहरुको भरपुर उपयोग गरिने छ ।

### ख) संस्थागत संयन्त्रको प्रयोग

यस योजना कार्यान्वयनमा विभिन्न संघ संस्था, व्यक्ति तथा समुदायको महत्वपूर्ण सहयोग तथा सहभागिता रहने छ । संघीय स्तरमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शिक्षक सेवा आयोग, शैक्षिक गुणस्तर मापन केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड तथा त्रिभुवन विश्वविद्यालय सँग समन्वय रहने छ । विभिन्न स्थानीय शैक्षिक नीति तथा नियमावली निर्माणमा शिक्षा मन्त्रालय द्वारा निर्देशित संघीय शिक्षा ऐन तथा नियमावलीको सहायता लिइने छ । त्यस्तै सशर्त अनुदान तथा विशेष अनुदान सहयोगको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सँग समन्वय कायम गरिने छ । विद्यालयहरुमा आवश्यक शिक्षक तथा कर्मचारीहरुको व्यवस्थापन, दरवन्दी मिलान तथा पुर्न वितरणको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र सँग समन्वय कायम गरीने छ । प्राविधिक तथा व्यावसायिक शिक्षा, निरन्तर शिक्षा, खुल्ला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा सम्वन्धी कार्यक्रमहरु कार्यान्वयको लागि आवश्यक नीतिगत तथा प्राधिक सहयोगको लागि शिक्षा, विज्ञान तथा प्राविधिक मन्त्रालय र शिक्षा तथा मानवस्रोत विकास केन्द्र सँग हातेमालो गरिने छ । कक्षा १ देखि १२ सम्म नयाँ पाठ्यक्रम लागु गर्न, स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री तयारीको लागि आवश्यक आधार प्राप्त गर्न आवश्यकता अनुसार पाठ्यक्रम विकासकेन्द्रको सहायता लिइने छ । आधारभूत तथा माध्यमिक तहमा शैक्षिक गुणस्तर मापनको लागि शैक्षिक गुणस्तर मापन केन्द्रसँग निरन्तर समन्वय तथा सहकार्य गरिने छ । वोर्ड माध्यमिक तहको अन्त्यमा लिइने परीक्षालाई व्यवस्थित रुपमा सञ्चालन गर्न राष्टिय परीक्षा बोर्डसँग समन्वय कायम गरिने छ । शिक्षक सेवा आयोग संगको समन्वयमा स्थायी शिक्षक नियुक्ति, अध्यापन अनुमतिको व्यवस्था, शिक्षक कार्यसम्पादन मूल्याङ्कन सम्वन्धि कार्यहरु सञ्चालन गरिने छ । गाउँपालिका भित्र संचालित उच्च शिक्षा प्रदायक क्याम्पसहरुको स्तर बृद्धि गर्न तथा संकाय र विषय थप गर्न त्रिभुवन विश्वविद्यालय (डिन कार्यालाय) सँग समन्मवय गरिने छ । क्याम्पसहरुको लागि आर्थिक तथा प्रविधिक सहयोग जुटाउन विश्वविद्यालय अनुदान आयोगसँग सम्पर्क सम्वन्ध विस्तार गरिने छ ।

योजनाको कार्यान्वनको लागि गण्डकी प्रदेश अर्न्तगत सामाजिक विकास मन्त्रालय, प्रदेश शिक्षा निर्देशनालय, प्रदेश तालिम केन्द्र सँग क्रियात्मक सम्वन्ध स्थापित गरिने छ । विभिन्न किसिमका नीतिगत मार्ग निर्देशन तथा अनुदान सहयोगको लागि प्रदेश स्थित सामाजिक विकास मन्त्रालय सँग समवय गरिने छ । शिक्षक, कर्मचारी तथा व्यवस्थापकहरुको लागि क्षमता विकास तालिम सञ्चालन गर्न प्रदेश तालिम केन्द्रको सहायता लिइने छ । यस योजनामा प्रस्तावित कार्यक्रमहरुको कार्यान्वयनको लागि जिल्ला स्तरमा जिल्ला शिक्षा तथा समन्वय इकाइ सँग सहयोगको लागि निरन्तर सम्पर्क संयन्त्र विस्तार गरिने छ ।

योजना कार्यान्वयनको प्रमुख लक्षित क्षेत्र काठेखोला गाउँपालिका हो । त्यसकारण योजनाको कार्यान्वयनमा काठेखोला गाउँपालिका भित्र सञ्चालित शैक्षिक संस्था र ती संस्थाहरुसँग सरोकार राख्ने व्यक्ति तथा निकायहरु यस योजना कार्यान्वयनका साझेदार संस्थाहरु हुन । योजनाको कार्यान्वयनमा गाउँपालिका अर्न्तगत सामाजिक सेवा समिति प्रमुख नेतृत्वदायी तथा नियन्त्रणकारी निकायको रुपमा रहने छ । आवश्यक नीतिगत तथा वित्तीय व्यवस्थापन गर्ने कार्य यही समिति मार्फत हुने छ । यसको मातहतमा गाउँ शिक्षा समिति

तथा शिक्षा शाखा समन्वयकारी संयन्त्रको रुपमा रहने छन् । विद्यालयहरु योजना कार्यान्वयनका आधारभूत इकाइहरु हुन । प्रधानाध्यापक, शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक तथा विद्यार्थीहरु मुख्य योजनाका मुख्य पात्रहरु हुनेछन । प्रस्तावित कार्यक्रमहरुलाई व्यवाहारमा उतार्ने काम यिनै पात्रहरुबाट हुनेछ । सिंगो समुदाय तथा अन्य सहयोगी संघ संस्थाहरुले आ-आफ्नो ठाँउबाट सहयोग गर्ने छन् ।

## ६.२. अनुगमन तथा मूल्याङ्कन

### ६.२. १ परिचय

योजना प्रक्रियामा अनुगमन तथा मूल्याङ्कन महत्वपूर्ण पक्ष हो । योजनाले अपेक्षा गरेका उपलब्धिहरु के कति मात्रमा हासिल भए भनेर नाप्ने माध्यम मूल्याङ्कन हो । योजना कार्यान्वयनको चरणमा प्रवेश गरिसके पछि आधिकारिक निकायबाट यसको नियमित र निरन्तर अनुगमन गरी मूल्याङ्कन गर्न आवश्यक हुन्छ । अनुगमन तथा मूल्याङ्कनबाट साधन स्रोतको प्रयोगको अवस्था, समय अनुसार कार्य सम्पादनको स्थिति, लक्षित परिमाणात्मक सूचकहरुको स्थिति, साधन स्रोतको पर्याप्तता आदि बारे जानकारी प्राप्त हुन्छ । योजनाको कार्यान्वयनको सन्दर्भमा उत्पन्न समस्या तथा चुनौतिहरु पहिचान गरी समाधानका उपयुक्त विकल्पहरु छनौट एवम् प्रयोग गर्नको लागि पनि योजनाको नियमित अनुगमन तथा मूल्याङ्कनको आवश्यकता पर्छ । योजनको अनुगमन तथा मूल्याङ्कनले योजनामा देखिएका कमीकमजोरीहरु हटाउनको लागि आवश्यक पृष्ठपोषण प्रदान गर्छ ।

नेपालमा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न केन्द्रीय स्तर देखि स्थानीय स्तर सम्म विभिन्न संस्थागत तथा संरचनागत व्यवस्था गरिएको छ । केन्द्रीय स्तरमा महालेखा परीक्षकको कार्यालय, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, महालेखा नियन्त्रणको कार्यालय, मन्त्रालयगत तथा विभागगत रुपमा अनुगमन तथा मूल्याङ्कन महाशाखा जस्ता संथागत संयन्त्रको विकास गरिएको छ । प्रादेशिक तहमा विभिन्न मन्त्रालय तथा विभागहरुमा अनुगमन तथा मूल्याङ्कन शाखा रहेका हुन्छन् । त्यसै गरी जिल्ला तहमा जि.प्र.का., जिल्ला समन्वय समितिको कार्यालय आदि संस्थाहरुले सरकारी योजनाको अनुगमन तथा मूल्याङ्कन गर्छन । स्थानीय तहमा सम्वन्धित गा.पा. तथा न.पा. बाट योजनाको अनुगमन तथा मूल्याङ्न हुने गर्छ ।

नेपालमा सरकारी स्तरमा निर्माण भएका विकास योजना र नीति तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कनको लागि विभिन किसिमको संरचनागत संयन्त्र विकास गरिएको छ । राष्ट्रिय स्तरमा राष्ट्रिय विकास समस्या समाधान समिति, राष्ट्रिय विकास समस्या समाधान उपसमिति, मन्त्रालय स्तरीय समस्या समाधान समिति, मन्त्रालय स्तरीय समस्या समाधान उपसमति, सुशासन ऐन २०६४ अनुसार केन्द्रमा मुख्य सचिव, क्षेत्रमा क्षेत्रीय प्रशासक र जिल्लामा प्र.जि.अ को संयोजकत्वमा अनुगमन तथा मुल्याङ्कन समितिको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सम्वन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षलाई स्थानीय योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी प्रतिवेदन तयार गरी पालिकाको वैठकमा पेश गर्ने जिम्मेवारी तोकिएको छ । त्यसै गरी वडा भित्र कार्यान्वयन हुने योजनाको अनुगमन गर्ने जिम्मेवारी वडा अध्यक्षलाई तोकिएको छ । यस योजनाको कार्यान्वयन पक्षको नियमित र निरन्तर अनुगमन तथा मूल्याङन गरी प्रतिबेदन निर्माण गर्ने गरी आवश्यक संयन्त्रको विकास गरिएको छ ।

### ६.२. २ संस्थागत संरचनाको विकास तथा प्रयोग

योजनाको अनुगमन तथा मूल्याङ्कनको लागि संस्थागत संयन्त्रको रुपमा गाउँपालिकाको कार्यालयको भूमिका प्रमुख रहने छ । गाउँपालिका अर्न्तगत उपाध्यक्षको नेतृत्वमा रहेको अनुगमन समितिले योजनाको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी पालिकाको वैठकमा प्रतिवेदन पेश गर्ने छ । योजनाको नियमित एवम् निरन्तर अनुगमन तथा मुल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने अन्य निकायहरुमा स्थानीय शिक्षा तथा खेलकुद शाखा, पालिका मातहतको सामाजिक समिति, गाउँ शिक्षा समिति हरु रहने छन् । यी निकायहरुले गाउँपालिका भित्र योजनाको समष्टिगत कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने छन् । वडा भित्र

**योजनाको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व वडा कार्यालयको हुने छ । ८ वटा वडाभित्र वडा अध्यक्षको नेतृत्वमा मूल्याङ्कन संयन्त्र रहने छ ।**

### ६.३. समन्वय तथा सहजीकरण

**यस योजनाको कार्यान्वयनमा सहजीकरण तथा समन्वयको लागि स्थानीय शिक्षा तथा खेलकुद शाखा समन्वयकारी निकायको भूमिकामा रहने छ । संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न निकायहरु सँग निरन्तर समन्वय, सहकार्य र सहयोग आदान प्रदान गर्न स्थानीय शिक्षा अधिकृतको नेतृत्वमा योजना समन्वय तथा सहजीकरण समिति रहने छ । योजनाको लागि आवश्यक वित्तीय व्यवस्थापनको लागि गाउँपालिका मार्फत संघ तथा प्रदेश स्तरमा समन्वयकायम गर्ने, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग समन्वय कायम गर्ने, अन्य छिमेकी स्थानीय तहहरु सँग सम्वन्ध स्थापना गर्ने, योजना कार्यान्वयनको सन्दर्भमा आवश्यक जनशक्ति परिचालन गर्ने, जिम्मेवारी प्रदान गर्ने सम्वन्धि कार्य शिक्षा शाखाले गर्ने छ । साथै योजनामा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक व्यवस्थापन र सहजीकरण गर्ने कार्य यस कार्यालय मार्फत हुनेछ । विद्यालय, क्याम्पस, सिकाइ केन्द्रहरु, स्थानीय समुदायको परिचालन गर्ने कार्यमा स्थानीय शिक्षा शाखाको प्रमुख सहयोगी साझेदार समन्वयकारी संस्थाको रुपमा वडा कार्यालयहरु रहने छन् ।**

# परिच्छेद : सात
# मुख्य मुख्य क्रियाकलाप र उपलब्धी सूचकहरु

## ७.१ परिचय

यस योजनाले काठेखोला गाउँपालिकाको आगामी पाँच वर्ष (२०७८/७९–२०८२/८३) को शिक्षा क्षेत्रको विकासको स्पष्ट रुपरेखा कोरेको छ । योजनामा दीर्घकालीन गन्तब्य तय गरी त्यसमा पुग्नको लागि विभिन्न अल्पकालिक तथा दीर्घकालिक लक्ष्य, उद्देश्य, प्राथमिकता र रणनीतिहरु निर्धारण गरिएको छ । सुधारको मापदण्डको रुपमा विभिन्न सूचकहरु निर्धारण गरी तिनै सूचकमा आधारित भएर लक्ष्य हासिल गर्नको लागि रणनितिक कार्यकलापहरु प्रस्ताव गरिएको छ । प्रस्तावित कार्यक्रम सम्पादनको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन, जिम्मेवारी प्रदान, कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय तथा सहजीकरणको व्यवस्था र नियमित अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिएको छ ।

योजनाको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित नतिजाहरुलाई मौजुदा मान सँग तुलना गरी योजनाको समग्र प्रतिफल, असर र प्रभावको जानकारी प्राप्त गर्न आवधिक परिमाणात्मक लक्ष्य समावेश गरिएका सूचकहरुको मूल्याङ्कनले योजनाको कार्यान्वयनको प्रभावकारिता पहिचान गर्छ । प्राप्त आवधिक उपलब्धिको स्थितिबाट दिर्गकालिन रुपमा के कति उपलब्धी हासिल हुन सक्छ भन्ने कुरा सहज आंकलन गर्न सकिन्छ । प्राप्त उपलब्धिले योजनालाई अध्यावधिक गर्न, वार्षिक योजनाहरु निर्माण गर्न, साथै योजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको लागि आधार प्रदान गर्छ । मुख्य उपलब्धी सूचक (KPI) हरुको स्थितिको अध्ययनले योजनाको कर्यान्वयनको चरणमा देखिने विभिन्न चुनौतिहरु पहिचान गरी चुनौतिहरुको सामना गर्दै दीर्घकालीन रुपमा अपेक्षित नतिजा प्राप्त गर्न सहयोग पुग्छ ।

यस परिच्छेदमा योजनाको दूर दृष्टि, लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न क्षेत्रगत रुपमा प्रस्ताव गरिएका कार्यक्रमहरमा आधारित रही समग्र उपलब्धी खाका तथा प्रमुख कार्यसम्पादन सूचकहरु प्रस्तुत गरिएको छ ।सम्पादन सूचकहरु र अपेक्षित आवधिक उपलब्धी खाकालाई प्रस्तुत गरिएको छ ।

## ७.२. समग्र उपलब्धी खाका

यस योजनामा समावेश गरिएका प्रमुख विषयगत क्षेत्रहरु प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्रविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम, पाठ्यक्रम र पाठ्य सामग्री, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक व्यवस्थापन सवलीकरण, अनौपचारिक शिक्षा, दुर तथा खुल्ला सिकाइ, गुणस्तरीय सार्वजनिक शिक्षा, शिक्षामा सूचना प्रविधि, शिक्षामा कमजोर वर्गको पहुँच तथा समावेशी शिक्षा, सस्थागत संरचना तथा क्षमता विकास, लगानी तथा स्रोत व्यवस्थापन तथा योजनाको कार्यन्वयन, अनुगमन र मूल्याङ्कन हुन । योजनाको कार्यान्वयन पश्चात यी क्षेत्र तथा उप क्षेत्रहरुमा निश्चित उपलब्धिको अपेक्षा गरिएको छ । योजनाको क्षेत्रगत उपलब्धी खाकालाई तालिका नं. ७.१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं : ७.१

मुख्य कार्यसम्पादन सूचक तथा उपलब्धी खाका

| क्र.स. | विषयगत क्षेत्र | अपेक्षित मुख्य उपलब्धि | मूल्याङ्कन सूचक | सत्यापनको स्रोत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | गाउँपालिका भित्रका उमेरको योग्यता पुगेका सम्पूर्ण बालबालिकाहरुले गुणस्तरीय बालविकास र शिक्षाको अवसर प्राप्त गर्ने छन् । | मुख्य कार्य सम्पादन सूचकहरु (KPI ) | • वार्षिक अनुगमन प्रतिवेदन<br>• विद्यालयहरुका विद्यार्थी विविरण उल्लेखित कागजातहरु (हाजिरी रजिष्टर, विद्यालयका वार्षिक प्रगति प्रतिवेदन) |
| २ | आधारभूत शिक्षा | गाउँपालिका भित्रका आधारभूत तहको शिक्षाको लागि उमेरको योग्यता पुगेका सम्पूर्ण बालबालिकाहरुले गुणस्तरीय | मुख्य कार्य सम्पादन सूचकहरु (KPI) | • वार्षिक अनुगमन प्रतिवेदन<br>• विद्यालयहरुका विद्यार्थी विविरण उल्लेखित |

| क्र.स. | विषयगत क्षेत्र | अपेक्षित मुख्य उपलब्धि | मूल्याङ्कन सूचक | सत्यापनको स्रोत |
|---|---|---|---|---|
| | | आधारभूत शिक्षाको पहुँच प्राप्त गर्नेछन् । | | कागजातहरु (हाजिरी रजिष्टर, विद्यालयका वार्षिक प्रगति प्रतिवेदन |
| ३ | माध्यमिक शिक्षा | गाउँपालिका भित्रका योग्यता पुगेका सबै बालबालिकाहरुलाई नि:शुल्क गुणस्तरीय माध्यमिक शिक्षाको अवसर सुनिश्चित हुने छ । | मुख्य कार्य सम्पादन सूचकहरु (KPI | • वार्षिक अनुगमन प्रतिवेदन<br>• वार्षिक परीक्षाको प्रतिवेदन |
| ४ | उच्च शिक्षा | गाउँपालिकाका माध्यमिक शिक्षा उत्तीर्ण सबै विद्यार्थीहरुका लागि सुलभ र गुणस्तरीय उच्च शिक्षाको अवसर प्राप्त हुने छ । | मुख्य कार्य सम्पादन सूचकहरु (KPI | • क्याम्पसका विद्यार्थी विवरण उल्लेखित डकुमेन्टहरु<br>• वार्षिक परीक्षाको नतिजा प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम | गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम मार्फत दक्ष प्राविधिक एवम् व्यावसायिक जनशक्ति उत्पादन भई) गाउँपालिकाको विकासमा टेवा पुग्ने छ । | • सम्वन्धित शैक्षिक संस्थाहरुको परीक्षाको नतिजा<br>• प्रविधिक जनशक्तिको सङ्ख्या | • प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शैक्षिक संस्थाहरुको वार्षिक प्रगति प्रतिवेदन<br>• पेशागत विवरण, रोजगारी विवरण, प्राविधिक जनशक्ति विवरण उल्लेखित गाउँपालिकाको तथ्याङ्कीय प्रोफाइल |
| ६ | पाठ्यक्रम तथा पाठ्य सामग्री | नयाँ पाठ्यक्रम २०७६ तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत विद्यार्थीहरुको सिकाइ लाई जिवनोपयोगि र व्यवहारिक भएको हुने छ । | मुख्य कार्य सम्पादन सूचकहरु (KPI | • अनुगमन प्रतिवेदन |
| ७ | शिक्षक व्यवस्थापन र विकास | गाउँपालिका भित्रका सबै विद्यालयहरुमा योग्य एवं सक्षम शिक्षकको व्यवस्थापन भई) विद्यालय शिक्षाको गुणस्तर सुधार भएको हुने छ । | मुख्य कार्य सम्पादन सूचकहरु (KPI | • विद्यालयका वार्षिक मूल्याङ्कन प्रतिवेदनहरु |
| ८ | विद्यालय व्यवस्थापन | काठेखोला गाउँपालिका भित्रका सवै विद्यालयहरु शैक्षिक, भौतिक, आर्थिक तथा सुशासन व्यवस्थापमा सुदृढ भइ) गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन् । | मुख्य कार्य सम्पादन सूचकहरु (KPI) | • अनुगमन प्रतिवेदन<br>• विद्यालयहरुको वार्षिक प्रगति प्रतिवेदन |
| ९ | अनौपचारिक तथा वैकल्पिक शिक्षा | काठेखोला गाउँपालिका भित्र औपचारिक तथा वैकल्पिक शिक्षाको अवसरमा विस्तार भइ) गाउँपालिकाको द्रुततर आर्थिक विकासमा सहयोग पुग्ने छ । | पालिकाका आर्थिक सूचकहरु (आम्दानी, रोजगारी, उत्पादन आदि) | • अनुगमन/ अवलोकन प्रतिवेदन |
| १० | गुणस्तरीय सार्वजनिक शिक्षा | पालिका भित्रका सबै बालबालिकाहरुलाई गुणस्तरीय सार्वजनिक शिक्षाको सुलभ अवसर उपलब्ध हुने छ । | विद्यार्थीहरुको सिकाइ उपलब्धि | • विद्यालयका वार्षिक मूल्याङ्कन प्रतिवेदनहरु |
| ११ | आर्थिकतथा सामाजिक रुपमा पछि परेका, कमजोर वर्गको पहुँच/समावेशी शिक्षा | काठेखाला गाउँपालिका भित्र रहेका समपूर्ण वडा भित्र पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र सहाराविहिन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने छ । | मुख्य कार्य सम्पादन सूचकहरु (KPI) | • विद्यालयहरुको वार्षिक प्रगति प्रतिवेदन<br>• अनुगमन प्रतिबेदन |
| १२ | शिक्षामा सूचना प्रविधि | शिक्षक तथा विद्यार्थीको लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइ क्रियाकलापमा यसको | मुख्य कार्य सम्पादन सूचकहरु (KPI) | • विद्यालयका वार्षिक प्रतिवेदनहरु<br>• अनुगमन प्रतिबेदन |

| क्र.स. | विषयगत क्षेत्र | अपेक्षित मुख्य उपलब्धि | मूल्याङ्कन सूचक | सत्यापनको स्रोत |
|---|---|---|---|---|
| | | अधिकतम प्रयोग भएको हुने छ । | | |
| १३ | संस्थागत संरचना र क्षमता विकास | गाउँपालिका भित्र शैक्षिक निकायहरुको संस्थागत संरचना र क्षमता सुदृढ भइ) औपचारिक तथा अनौपचारिक शिक्षाको गुणस्तरमा व्यापक सुधार हुनेछ । | मुख्य कार्य सम्पादन सूचकहरु (KPI) | • अनुगमन प्रतिवेदन,<br>• विद्यालयहरुका प्रगति प्रतिवेदन<br>• बार्षिक परीक्षा प्रतिवेदन |
| १४ | लगानी र स्रोत व्यवस्थापन | काठेखोला गाउँपालिका भित्र शिक्षाको लागि आवश्यक वित्तीय लगानीको उचित प्रवन्ध भई शिक्षाको गुणस्तर र पहुँचमा सुधार हुने छ | मुख्य कार्य सम्पादन सूचकहरु (KPI) | • लेखा परीक्षण प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन<br>• विद्यालयका प्रगति प्रतिवेदन |
| १५ | योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण प्रभावकारी रुपमा सम्पन्न भइ) योजना प्रक्रिया पूर्ण सफल हुनेछ । | -योजना कार्यान्वयन सँग सम्वन्धित संयन्त्रक हरुको सङ्ख्या,<br>-अनुगमन तथा मूल्याङ्नको पटक,<br>-समन्वय तथा सहजिकरणमा संलग्न निकायको कार्य सम्पादन मूल्याङकन | • योजनाको पूर्णावधिक प्रतिवेदन, |

## ७.३. प्रमुख कार्य सम्पादन सूचक

यस योजनामा शिक्षा सँग सम्वन्धित १६ वटा विषयगत क्षेत्रहरु समेटिएको छ । यी विषयगत क्षेत्रहरुमा सम्पादन गरिने कार्यक्रमहरुको कार्य प्रगति तथा नतिजा बारे जानकारी प्राप्त गर्न विभिन्न परिमाणात्मक र गुणात्मक सूचकहरु निर्माण गरी उपलब्धिको प्रक्षेपण गरिएको छ योजनाका विभिन्न विषयगत क्षेत्रसँग सम्वन्धित प्रमुख कार्य सम्पादन सूचकहरुलाई तालिका नं. ७.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं : ७.२**

**मुख्य कार्यसम्पादन सूचक तथा उपलब्धी खाका**

| क्र.स | सूचकहरु | वार्षिक लक्ष्य | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | कुल भर्नादर | ६०.९ | ६५ | ७१ | ७८ | ८४ | ९३ | ९३ |
| १.२ | चार बर्षका बालवालिकाहरुको भर्ना अनुपात | ५५ | ५७ | ६० | ६४ | ६९ | ७५ | ८२ |
| १.३ | प्रारम्भिक बाल विकास तथा शिक्षामा आधारभुत तालिम प्राप्त शिक्षक प्रतिशत | ६८.१८ | ७४.१८ | ८१ | ८७.४ | ९३.८ | १०० | १०० |
| १.४ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने बालवालिकाको प्रतिशत | ८५.७ | ८७ | ९० | ९४ | १०० | १०० | १०० |
| २ | **आधारभूत शिक्षा** | | | | | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेशदर | १०९.८ | १०७ | १०४ | १०१ | १०० | १०० | १०० |
| २.२ | कक्षा १ मा खुदभर्नादर | ९८.८ | ९८.९ | ९९ | ९९.१ | ९९.२ | ९९.३ | ९९.३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | कक्षा १ देखि ५ मा कूल भर्ना दर | १०८.८ | १०७ | १०४ | १०१ | १०० | १०० | १०० |
| २.४ | कक्षा १ देखि ५ मा खुद भर्नादर | ९८.० | ९८.२ | ९८.५ | ९८.९ | ९९.२ | ९९.२ | ९९.२ |
| २.५ | कक्षा १ देखि ८ मा कुल भर्नादर | १०५.३ | १०४ | १०३ | १०२ | १०१ | १०० | १०० |
| २.६ | कक्षा १ देखि ८ मा खुद भर्नादर | ९७.४ | ९७.६ | ९७.९ | ९८.३ | ९८.७ | ९९ | ९९ |
| २.७ | कक्षा १ देखि ८ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | ०.९९ | ०.९९ |
| २.८ | ५ देखि १२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालवालिकाहरुको प्रतिशत | २.५८ | २ | १.५ | १ | ०.५ | ०.०० | ०.०० |
| २.९ | कक्षा १-५ मा प्रमुख पाँच विषयको औसत सिकाइ उपलब्धि | ६४.५३ | ६५.०० | ६६.२० | ६७.५० | ६८..८० | ७०.०० | ७०.०० |
| २.१० | कक्षा ६-८ मा प्रमुख पाँच विषयको औसत सिकाइ उपलब्धि | ५३.९२ | ५४.५० | ५५.७० | ५६.९० | ५८.०० | ६०.०० | ६०.०० |
| ३ | **माध्यमिकशिक्षा** | | | | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९ र १० | ८६.१ | ८८ | ९० | ९३ | ९७ | १०० | १०० |
| ३.२ | खुद भर्नादर कक्षा ९ र १० | ८१.७ | ८३.३६ | ८५.०३ | ८७ | ९० | ९० | ९० |
| ३.३ | कुल भर्नादर कक्षा ९ देखि १२ | ६६.१ | ६९ | ७३ | ७८ | ८५ | ८५ | ८५ |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ५३.८ | ५४.२ | ५६ | ५९ | ६३ | ६८ | ६८ |
| ३.५ | कुल भर्नादर कक्षा ११-१२ | ५१.३ | ५५ | ६१ | ६८ | ७४ | ८४ | ८४ |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | २६.० | २९ | ३३ | ३८ | ४४ | ५२ | ५२ |
| ३.७ | कक्षा ९-१२ मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (छात्रा/छात्र) | १.३७ | १.३२ | १.२५ | १.१७ | १.०८ | १.० | १.० |
| ३.८ | कक्षा १-१२ को खुद भर्नादरको आधारमा लैङ्गिक समता सूचाङ्क | १.०१ | १.०१ | १.०१ | १.०० | १.०० | १.०० | १.०० |
| ३.९ | कक्षा १ उत्तीर्ण दर | ७१.६ | ७८ | ८८ | १०० | १०० | १०० | १०० |
| ३.१० | कक्षा १-१० उत्तीर्ण दर | ९१.३ | ९२ | ९३.८ | ९५ | ९८ | १०० | १०० |
| ३.११ | आधारभूत तहमा औसत उत्तीर्ण दर | ९०.०५ | ९१ | ९३ | ९६ | १०० | १०० | १०० |
| ३.१२ | कभ्भ मा उत्तीर्ण दर | ९८.८ | ९९ | १०० | १०० | १०० | १०० | १०० |
| ३.१३ | कक्षा १-१० औसत उतीण दरमा लैङ्गिक समता सचाङ्क | १.०३ | १.०१ | १.०० | १.०० | १.०० | १.०० | १.०० |
| ३.१४ | कक्षा दोहाऱ्याउने दर | ६.८ | ६ | ५ | ३ | १ | ० | ० |
| ३.१५ | बिचैमा कक्षा छोड्ने दर | १.९ | १.६ | १.२ | ०.५ | ०.०० | ०.०० | ०.०० |
| ३.१६ | माध्यमिक तह(कक्षा ९-१०) मा प्रमुख ५ विषयको औसत सिकाइ उपलब्धि | ४२.९९ | ४४.२० | ४५.५० | ४६.६० | ४८.२० | ५०.०० | ५०.०० |
| ४ | **उच्च शिक्षा** | | | | | | | |
| ४.१ | उच्च शिक्षा पढने विद्यार्थी सङ्ख्या | १४६ | १६० | १८० | २०५ | २५० | ३०० | ३०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.२ | उच्च शिक्षामा छात्रा-छात्रको अनुपात | २.६५ | २.४० | २.१० | १.८० | १.४० | १.०० | १.०० |
| ५ | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | |
| ५.१ | ५ वर्ष माथिको साक्षरता दर | ८६.८६ | ८७.५ | ८९ | ९१ | ९३ | ९५ | ९५ |
| ५.२ | १६-३० बर्षको साक्षरता दर | ९९.०८ | ९९.१ | ९९.४ | ९९.६ | ९९.८ | ९९.९ | ९९.९ |
| ५.३ | १५बर्ष माथिको साक्षरता दर | ८४.१३ | ८५ | ८७ | ८९ | ९१ | ९३ | ९३ |
| ६ | **महिला शिक्षक प्रतिशत** | | | | | | | |
| ६.१ | आधारभूत तह | ४२.४६ | ४४ | ४६ | ४८ | ५० | ५० | ५० |
| ६.२ | माध्यमिक तह | १७.४६ | १८ | २० | २३ | २६ | ३० | ३० |
| ७ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम** | | | | | | | |
| ७.१ | प्राविधिक तथा व्यावसीयक शिक्षा पढ्ने विद्यार्थी प्रतिशत | १.८० | २ | २.८० | ३.५० | ४.१० | ५ | ५ |
| ७.२ | प्राविधिक शिक्षामा पढ्ने छात्रा प्रतिशत | ३७.७३ | ३९ | ४१ | ४४ | ४७ | ५० | ५० |
| ७.३ | प्राविधिक शिक्षामा लैङ्गिक समता सूचक | ०.६० | ०.६५ | ०.७२ | ०.८० | ०.९० | १.०० | १.०० |
| ७.४ | विद्यालय उद्यम कार्यक्रम सञ्चालन भएका विद्यालय प्रतिशत | ० | ४ | ८ | १२ | १६ | २० | २० |
| ८ | **पाठ्यक्रम तथा पाठ्य सामग्री** | | | | | | | |
| ८.१ | नयाँ पाठ्यक्रम लागु भएका कक्षाहरु | १ / ११ | २, ३, ६ / १२ | ४, ७ / ९ | ५, ८ / १० | - | - | १-१२ |
| ८.२ | स्थानीय पाठ्यक्रम लागु भएका कक्षाहरु | ० | १, ६ | २, ७ | ३, ८ | ४ | ५ | १-८ |
| ८.३ | पर्याप्त वुक कर्नरको व्यवस्था भएका विद्यालय प्रतिशत | २४ | ४० | ६० | ८० | १०० | १०० | १०० |
| ८.४ | सन्दर्भ सामग्री पर्याप्त भएका विद्यालय प्रतिशत | ३६ | ५० | ७० | १०० | १०० | १०० | १०० |
| ९ | **शिक्षक व्यवस्थापन तथा विकास** | | | | | | | |
| ९.१ | आधारभूत तहमा तालिम प्राप्त शिक्षक प्रतिशत | ६८.३० | ७६ | ८३.६९ | ९१.३८ | १०० | १०० | १०० |
| ९.२ | माध्यमिक तहमा तालिम प्राप्त शिक्षक प्रतिशत | ६८.२९ | ७४.३९ | ८०.४८ | ८६.५८ | ९२.८६ | १०० | १०० |
| ९.३ | कक्षा १-१२ मा तालिम प्राप्त शिक्षक प्रतिशत | ६८.३० | ७४.४४ | ८०.८३ | ८६.९७ | ९३.३६ | १०० | १०० |
| ९.४ | आधारभूत तहमा सरकारी दरवन्दीमा नियुक्त शिक्षक प्रतिशत ꣸꣸꣸ | ७७.८४ | ८२.१५ | ८६.४६ | ९१.०७ | ९५.३८ | १०० | १०० |
| ९.५ | माध्यमिक तहमा सरकारी दरवन्दीमा नियुक्त शिक्षकको प्रतिशत ꣸꣸꣸ | ७१.९५ | ७५.६० | ८१.७० | ८७.८० | ९३.९० | १०० | १०० |
| १० | **विद्यालय व्यवस्थापन तथा सुशासन** | | | | | | | |
| १०.१ | शिक्षा नियमावली अनुसारको वि.व्य.स. र शि.अ.सं. गठन भएका विद्यालय प्रतिशत | ९४ | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०.२ | शिक्षा नियमावली अनुसारको योग्य प्रधानाध्यापक भएका विद्यालय प्रतिशत | ४४ | ५० | ५८ | ६८ | ७८ | ९० | ९० |
| १०.३ | लेखा कर्मचारी भएका विद्यालय प्रतिशत | २० | २४ | ३२ | ४२ | ५० | ५८ | ५८ |
| १०.४ | परीक्षा समिति गठन भएका विद्यालय प्रतिशत | २० | ६० | १०० | १०० | १०० | १०० | १०० |
| १०.५ | विषयगत समिति गठन भएका विद्यालय प्रतिशत | २० | ८० | १०० | १०० | १०० | १०० | १०० |
| ११ | **भौतिक तथा पूर्वाधार व्यवस्थापन** | | | | | | | |
| ११.१ | पर्याप्त कक्षाकोठा भएका विद्यालय प्रतिशत | ८० | ८६ | ९२ | १०० | १०० | १०० | १०० |
| ११.२ | छुट्टै प्रशासनिक कक्ष भएका विद्यालय प्रतिशत | ३४ | ४० | ५० | ६६ | ८० | १०० | १०० |
| ११.३ | सुविधा सम्पन्न छात्रा-छात्र छुट्टै शौचालय भएका विद्यालय प्रतिशत | ८० | ८४ | ९० | ९६ | १०० | १०० | १०० |
| ११.४ | पर्याप्त सामग्री सहितको विज्ञान प्रयोगशाला भएका विद्यालय प्रतिशत | २४ | ३० | ४० | ४८ | ५२ | ५८ | ५८ |
| ११.५ | पर्याप्त पुस्तकालय भएका विद्यालय प्रतिशत | ८० | ८६ | ९२ | १०० | १०० | १०० | १०० |
| ११.६ | पर्याप्त कम्प्युटर प्रयोगशाला भएका विद्यालय प्रतिशत | ६२ | ७० | ८० | ९० | १०० | १०० | १०० |
| ११.७ | कम्पाउण्ड घेरावारबाट सुरक्षित विद्यालय प्रतिशत | ६२ | ७० | ८० | ९० | १०० | १०० | १०० |
| ११.८ | करेसावारी/बगैचा भएका विद्यालय प्रतिशत | ३८ | ४८ | ६० | ७६ | ८४ | १०० | १०० |
| ११.९ | आवासिय सुविधा भएका विद्यालय प्रतिशत | १४ | १६ | २० | २४ | २८ | ३० | ३० |
| १२ | **स्वास्थ्य तथा पोषण** | | | | | | | |
| १२.१ | प्राथमिक उपचार व्यवस्था भएका विद्यालय प्रतिशत | ५८ | ७० | ८४ | १०० | १०० | १०० | १०० |
| १२.२ | नर्सिङ सेवा प्राप्त विद्यालय | ० | ८ | ३८ | ६४ | ९० | १०० | १०० |
| १३ | **अतिरिक्त क्रियाकलाप व्यवस्थापन** | | | | | | | |
| १३.१ | खेलकूद सामग्री पर्याप्त भएका विद्यालय प्रतिशत | २२ | ४० | ६० | ८० | १०० | १०० | १०० |
| १३.२ | साांगितिक सामग्री पर्याप्त विद्यालय प्रतिशत | ४ | २४ | ४४ | ६४ | ८४ | १०० | १०० |
| १४ | **विद्यार्थी कल्याण तथा नेतृत्व विकास** | | | | | | | |
| १४.१ | बालक्लब गठन भएका विद्यालयहरु | ५६ | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १४.२ | अतिरिक्त क्रियाकलाप व्यवस्थापन समिति गठन भएका विद्यालयहरु | २० | ८० | १०० | १०० | १०० | १०० | १०० |
| १४.३ | विपद् व्यवस्थापन समिति गठन भएका विद्यालयहरु | ३० | ८० | १०० | १०० | १०० | १०० | १०० |

*शिक्षक दरवन्दीको व्यवस्थापनमा तालिका नं. १.११ र तालिका नं १.१२ लाई आधार मानिने छ*